Visit **Dwarkadheeshvastu.com** For

FREE **Vastu Consultancy, Music, Epics, Devotional Videos**
Educational Books, Educational Videos, Wallpapers

———— **** ————

All Music is also available in **CD** format. **CD Cover** can also be print with your Firm Name

———— **** ————

We also provide this whole Music and Data in **PENDRIVE** and **EXTERNAL HARD DISK.**

Contact : Ankit Mishra (+91-8010381364, dwarkadheeshvastu@gmail.com)

AA Jhgfj% AA

lLdr f'k{kk dksjkeck.k

¼ usiky h ½

शारदां सारभूतां त्वां शब्दशक्तिप्रकाशिकाम्
वाग्विभूतिविकासार्थं वन्देऽहं करुणालयाम् ।।

योगेन चित्तस्य पदेन वाचां, मलं शरीस्य तु वैद्यकेन ।
योऽपाकरोत् तं प्रवरं मुनीनां, पतञ्जलिं प्राञ्जलिरानतोऽस्मि ।।

श्रीमन्महागणाधिपतये नमः

नमस्तस्मै गणेशाय ब्रह्मविद्याप्रदायिने ।
यस्यागस्त्यायते नाम विघ्नसागरशोषणे ।।१।।

नमो नेपालराष्ट्राय मातृभूम्यै नमो नमः ।
विश्व-मङ्गलकामाय शेषाय प्रभवे नमः ।।२।।

ज्ञानद ! प्राणद ! बुद्ध ! कल्मषघ्न ! प्रभो मम ।
हे कालीकमलीस्वामिन् ! तुभ्यं मे कोटिशो नमः ।।३।।

दुःखिनां प्राणत्राणाय क्षेत्रमन्नप्रदं त्वया ।
रचितं शोभते भव्यमृषिकेशे मनोहरे ।।४।।

त्वदीया भारते वर्षे भाति कीर्तिः समुज्ज्वला ।
हे कालीकमलीस्वामिन् ! तुभ्यं मे कोटिशो नमः ।।५।।

श्रीगणेशाय नमः

अज्ञानतिमिरान्धस्य ज्ञानाञ्जनशलाकया

चक्षुरुन्मीलितं येन तस्मै श्रीगुरवे नमः ।।

१. प्रस्तावना

अवश्य पनि **या विद्या सा विमुक्तये** यसै सूक्तिको मर्मलाई हृदयङ्गम गरेर पूज्य पिताश्री पं. लक्ष्मीप्रसाद ढकाल, पूज्य माताश्री रुक्मिणादेवी, पूज्य पितामह स्व. चन्द्रकान्त ढकाल एवं हजूरआमाहरूंको मलाई संस्कृत पढाउने तीव्र इच्छानुसार प्राथमिक विद्यालयबाट अक्षरबोध हुनासाथ पिताश्रीकै मुखारविन्दबाट निःसृत

नत्वा सरस्वतीं देवीं शुद्धा गुण्यां करोम्यहम् ।
पाणिनीयप्रवेशाय लघुसिद्धान्तकौमुदीम् ।।

सिद्धिः साध्ये सतामस्तु प्रसादात्तस्य धूर्जटेः ।
जाह्नवीफेनलेखेव यन्मूर्ध्नि शशिनःकला ।।

उक्त दुई मङ्गलश्लोकहरूको उच्चारणबाट मेरो संस्कृताध्ययन प्रारम्भ हुन्छ । हजुरबुबा एवं हजूरआमा, मावल हजुरबुबा एवं हजुरआमा, कान्छी हजुरआमा तथा सानो बुबासहित सम्पूर्ण पारिवारिक मान्यजनहरूको काखमा हुर्केको म संस्कृत पढाउने वातावरण मिलाउनुहुने जन्मदाता र विद्यादाताको दायित्व वहन गर्नुहुने आदरणीय पिताश्री एवं जन्मदायिनी माताश्रीलाई म प्रथम गुरुका रूपमा वन्दना गर्दै यस पुस्तकको विषयमा केही कुरा निवेदन गर्न चाहन्छु । संस्कृतविद्या जसलाई पराविद्या पनि भनिन्छ, त्यसको अध्ययन गर्ने प्रेरणा पाउँदा आफू कृतकृत्य भएको अनुभव गर्दै पितृचरणका असीम आशीर्वादको परिणामस्वरूप नै म आफूलाई संस्कृतका विषयमा दुई चार कुरा लेख्न र बोल्न सक्ने भएको ठान्दछु । बाल्य अवस्थामा उपनयन संस्कार सम्पन्न गरी सुयोग्य विद्वान् दाजु प्रा. श्री वेणीमाधव ढकालज्यूको संरक्षकत्वमा गङ्गातट ऋषिकेशमा अध्ययनार्थ पुग्छु । संस्कृतको उच्चशिक्षा हासिल गरेपछि काठमाण्डौ आउँदा पनि उहाँकै प्रेरणा र पहलमा मेरो तत्कालीन संस्कृत अध्ययन संस्थान एवं वर्तमान नेपाल संस्कृत विश्वविद्यालयमा प्रवेश हुन्छ ।

२. प्रेरणा

नेपाल संस्कृत विश्वविद्यालयको पहलमा तुलसीपुरस्थित पुनरावेदन अदालतका श्रीमान् न्यायाधीशहरूसँग संस्कृत भाषाका सन्दर्भमा विचार-विमर्श गर्ने सुअवसर प्राप्त भयो । त्यतिबेला श्रीमान् मुख्य न्यायाधीश बलिरामकुमार सिंह सहित श्रीमान् केशरीराज पण्डित, श्रीमान् रणबहादुर बम र श्रीमान् कृष्णप्रसाद अर्याल तुलसीपुर पुनरावेदन अदालतमा कार्यरत हुनुहुन्थ्यो । एकदिन संस्कृत शिक्षालाई लिएर विचार-विमर्श भइरहँदा श्रीमान् केशरीराज पण्डितज्यूले संस्कृत भाषा सिक्न आधुनिक पद्धतिसहित सबै कुरा एकै ठाउँमा राखिएको अङ्ग्रेजीको रेपिडेक्स जस्तो पुस्तक विश्वविद्यालयबाट पाउन सकिँदैन भन्ने प्रश्न गर्नुभएको थियो । त्यस प्रश्नको उत्तर दिन खोज्दा म अलि अलि झस्किएँ । हामीहरूले लेखेको व्याकरण प्रवेशिका एवं साहित्य प्रवेशिका वितरण गरियो । उहाँहरूलाई ती पुस्तकहरूले त्यति सन्तुष्टि प्रदान गर्न सकेनन् । यो कुरा मैले विश्वविद्यालयका तत्कालीन उपकुलपति प्रा. माधवराज गौतमज्यूलाई अवगत गराएँ । त्यस किसिमको पुस्तक रचना गर्नुपर्ने औचित्य देखाएँ । उहाँ पुस्तक

रचना गराउन सहर्ष सहमत हुनुभयो । श्रीमान् न्यायाधीश केशरीराज पण्डितज्यूको आवश्यकता-परिचायक अभिव्यक्ति र उपकुलपति प्रा. माधवराज गौतमज्यूको सहर्ष समर्थन यी दुवै कुरा मेरो पुस्तक लेख्ने सङ्कल्पलाई साकार तुल्याउन मल-जल प्रदान गर्ने कारकतत्त्वका रूपमा रहेका छन् ।

३. पुस्तक लेखनको सामान्य उद्देश्य

आदरणीय सज्जनवृन्द ! मुक्तिशब्दको अर्थ आर्थिक, सामाजिक, राजनीतिकशब्दसँग मात्र नभएर सुख-दुःखदेखि पर रहेको आनन्दको प्राप्ति पनि हो । जुन कुरा ज्ञानबाट मात्रै संभव छ । **ऋते ज्ञानान्न मुक्ति** अतः ज्ञान नै ऐहलौकिक समग्र बन्धनबाट मुक्ति दिलाउने प्रमुख साधन हो । यसबाट के सिद्ध हुन्छ भने शिक्षा नै एकमात्र राज्यको सर्वाङ्गीण विकासको मेरुदण्ड हो । शिक्षा कुनै पनि भाषासँग जोडिएको हुँदैन, यो त जुनसुकै भाषाको माध्यमबाट पनि प्राप्त गर्न सकिन्छ भन्ने कुरा ध्रुव सत्य हो । परन्तु आजको एक्काइसौं शताब्दीमा हाम्रो बहुभाषिक र बहुसाँस्कृतिक राष्ट्रलाई जतिमात्रामा अङ्ग्रेजीभाषा ज्ञानको आवश्यकता छ त्यसैको हाराहारीमा संस्कृत शिक्षाको पनि उत्तिकै आवश्यकता रहेको छ । यो तथ्य संस्कृतविद् र भाषाविद्हरूले अवश्य बुझेका छन् । मेरा कुरा पूर्वाग्रहप्रेरित होइनन् । मेरो दृष्टिमा संस्कृतशिक्षा कुनै समूह र पक्ष विशेषको पोषक हुँदैहोइन । मैले जतिसम्म संस्कृतको अध्ययन गर्न सकें, त्यसमा कहीँ पनि सामाजिक, आर्थिक, राजनीतिक, जातीय, लैङ्गिक र क्षेत्रीय विसङ्गतिको कारक तत्त्वका रूपमा संस्कृतलाई पाउन सकिनँ । बरु मैले संस्कृतलाई सहमति, सहकार्य, सौमनस्य, विश्वबन्धुत्व र समताको पोषकका रूपमा पाएको छु । अतः संस्कृत सबैका लागि सुपाच्य र सरल बन्न सकोस् र रुचिपूर्वक पढ्न सकुन्, मेरो आकाङ्क्षा एवं उद्देश्य यही हो । मेरो **संस्कृत शिक्षाको रामबाण** नामक पुस्तकको अध्ययन गरिसकेपछि यसले विभिन्न जातजाति र वर्गका पाठकहरूलाई केही दिन सकेन भने मलाई लज्जाबोध हुनेछ । भनिन्छ एक माघले जाडो जाँदैन । आज असत्य बोलेर तपाईंहरूलाई झुक्याएँ भने भोलि म बर्बाद हुनेछु। तसर्थ असत्य कुरा बोल्न र लेख्न हुँदैन । मानौं कुनै पनि जातजाति, भाषाभाषी, जनजाति, दलित आदि कसैले पनि संस्कृत पढेर जीवनमा केही प्राप्त गर्न सक्नुभएन र छलिनुभयो भने मेरो मात्रै होइन संस्कृतको नै औचित्य समाप्त हुनेछ । परन्तु यस्तो हुनेछैन भन्ने कुरामा म विश्वस्त छु । अतः सरलतापूर्वक सबैलाई संस्कृत सिकाउने विशेषः उद्देश्य र कामनासहित यो पुस्तक तयार गरेको छु ।

४. पुस्तक लेख्नुको विशेष उद्देश्य

संस्कृतवाङ्मय र त्यसमा निहित ज्ञान एवं विज्ञानको समन्वयात्मक अध्ययन गराउने उद्देश्यले संस्कृत विश्वविद्यालयको स्थापना भयो । तर संस्कृतको अध्ययन र अध्यापनमा अपेक्षित तीव्रता र परिवर्तन आउन सकेन। विभिन्न विद्वान्हरूले यस विषयमा आ-आफ्नै किसिमबाट कारण दिनुभए तापनि मेरो अनुभवमा विश्वविद्यालयको पठन-पाठनमा सहजता र सरलता ल्याउन नसक्नु पनि एउटा कारण हो । कतिपय विद्यार्थीहरूले संस्कृतका मूल विषयहरूलाई परीक्षा पास गर्ने मात्र प्रयोजनका लागि अध्ययन गर्ने गरेको पाइन्छ । संस्कृतको अपेक्षित उन्नति नहुनुमा साना-ठूला अनेकौं कारणहरू भए पनि यसको मुख्यकारण संस्कृत भाषाको संरचनागत सामान्य बोध नहुँदै विद्यार्थीहरूलाई माथि-माथिका दार्शनिक ग्रन्थहरूको अध्ययन र अध्यापन गराउनु नै हो । यसमा विश्वविद्यालयको व्याकरण विषयको सहप्राध्यापकको नाताले म पनि दोषी हुनसक्छु । हाम्रो पठन-पाठन राम्रो जग नबनाईकन घरको छानो हाल्न खोज्ने इञ्जिनियरको प्रविधिजस्तो भयो । वाक्यसंरचना गर्ने नियमहरूलाई पढाएर संस्कृत भाषामा बोल्न र लेख्न सक्ने नबनाउँदै हामीहरू विद्यार्थीहरूसँग व्याकरणका स्फोट र वाक्यस्फोटको चर्चा गर्दछौं । साहित्यमा पनि मूल ग्रन्थका गद्य एवं पद्य भागको नेपालीमा सामान्य अर्थ बताई पदको पर्यायवाची

राख्ने क्रीडामात्र गरिरहन्छौं । यस्तो अध्यापनबाट विद्यार्थीहरू दिक्क हुन्छन् र पलायन सुरु हुन्छ । यसरी विद्यार्थीहरूको शास्त्रीय बोध पूर्ण हुन पाउँदैन । यस क्रममा कतै - **अर्धो घटः घोषमुपैति नूनम्** चरितार्थ हुन्छ भने कतै शास्त्रमानै अरुचि पैदा गराउने काम हुन्छ । माथिल्ला कक्षाको अवस्था यस्तो छ-भने उत्तरमध्यमाका विद्यार्थीहरूले पनि अनिवार्य संस्कृतजस्ता विषयहरूमा भाषिक क्षमताको अभावले गर्दा तीन-चार वर्षसम्म आंशिक परीक्षा दिने गरेको पाइन्छ । यी सबै समस्याहरूको निराकरण गर्ने दिशामा केही गर्नु सम्बद्ध क्षेत्रका हामी सबैको दायित्व हो । देशका नागरिकहरू जो जहाँ छौं सबैले आ-आफ्ना ठाउँ र क्षेत्रका समस्या निराकरण गर्न प्रयास गर्नुपर्छ । एक्लै समाधान गर्न सकिने समस्याको समाधान एकाकी नै अगाडि बढेर समाधान गर्नुपर्छ भने सामूहिक निर्णय र प्रयासबाट समाधान गर्न सकिने समस्याको निराकरणका लागि समूहात्मक प्रयास गर्नुपर्छ । यसै विचारलाई मूर्त रूप दिन विश्वविद्यालयको व्याकरण विषयको सहप्राध्यपकको हैसियतले म जुर्मुराएँ । उक्त उद्देश्यको परिपूर्ति गर्ने सन्दर्भमा संस्कृतभाषालाई सरल एवं सरस तरिकाबाट बुझाउने उद्देश्यले यो कृति तयार गरी पाठकसामु प्रस्तुत गरेको छु ।

आदरणीय सज्जनवृन्द ! संस्कृत पठन-पाठनका लागि व्याकरण सिकाउने संसारभरिका मानव मस्तिष्कको सर्वोत्तम कृति पाणिनिको '**अष्टाध्यायी**'सहित व्याख्यान ग्रन्थ लघुकौमुदी, सिद्धान्तकौमुदी आदि हुँदाहुँदै पनि यो प्रयास कसरी उपयोगी हुन्छ भन्ने प्रश्न आउन सक्छ । मुख्य कुरा के हो भने पूर्वोक्त ती महान् ग्रन्थहरूको महत्त्वलाई अक्षुण्ण राखी तिनैको सारदोहन गरेर सम्पूर्ण मानवसमाजलाई सार्वकालिक र सार्वदेशिक रूपमा लाभान्वित गराई तिनलाई निरन्तरता दिनुपर्ने हो, तर किन आज त्यस्ता सरल एवं सारपूर्ण ग्रन्थहरू बोझिला लाग्न थाले र दुरुह मानिन थाले ? यो प्रश्न ज्वलन्तरूपमा खडा भएको छ । मुनि-मस्तिष्कको सर्वोत्तम कृति पनि कहीं दुरूह र बोझिलो हुन सक्छ ? जुन व्याकरणले पुरातन ऋग्वेदकालदेखि आजसम्म लेखिएका ग्रन्थहरूको भाषा समेट्न सक्छ त्यो विषय पनि कहीं अप्ठ्यारो हुन सक्छ ? संस्कृत बोझिलो र दुरूह छ भन्ने आक्षेप निराकरण गर्न शेषावतार पतञ्जलिको निर्देशनमा समयको माग र बालमनोविज्ञानअनुसार प्रविधि तयार गरी संस्कृत व्याकरणशास्त्रका महत्त्वपूर्ण ग्रन्थ पढ्न सक्ने सुपात्र तयार गर्न र सरल एवं सरस विधिद्वारा संसारका सबै जिज्ञासुहरूलाई संस्कृत पढाउन सकिन्छ भन्ने कुरा अवगत गराउन मुनित्रयको निर्देशन र आधुनिक भाषा व्याकरण शिक्षणविधिको अवलोकन गरी प्रस्तुत कृतिको रचना गरिएको हो ।

५. पुस्तक पढ्ने बुझ्ने सन्दर्भमा केही कुरा

आदरणीय पाठकवृन्द ! **एकः शब्दः सम्यक् ज्ञातः सुप्रयुक्तः स्वर्गे लोके कामधुग् भवति** (पस्पशाह्निक-पातञ्जलमहाभाष्य) 'एउटा शब्द राम्रोसँग बुझेर प्रयोग गर्न सकियो भने त्यही एउटै शब्दले स्वर्ग र मर्त्य दुवै लोकमा मनले चिताएको फल प्राप्त गराउन सक्छ ।' यही नै यस वाक्यको तात्पर्य हो । मैले पटक-पटक शेषावतार पतञ्जलिको नाम लिनु पनि सहैतुक छ । मेरो यो पुस्तक पनि यसै वाक्यको मर्मअनुसार लेखिएको छ। पढाउने र पढ्ने विधि पनि यही हो । महामुनि पतञ्जलिको यो भनाइमा धेरै कुरा लुकेको छ । तिनै लुकेका कुराहरूको मर्म प्रकाशित गर्न ४६ दिनभित्र संस्कृत भाषाको अध्ययन एवं अध्यापन गराउने गरी अनुभव र अध्ययनका आधारमा एउटा प्रविधि तयार गर्न समर्थ भएको छु । संस्कृतका विद्यार्थी र जिज्ञासुहरूलाई ४६ दिनमा नै संस्कृत बोल्न सक्ने, लेख्न सक्ने, धारा प्रवाह संभाषण गर्न सक्ने र संस्कृतमा लेखिएका गद्य, पद्य नीति संङ्ग्रह रामायण, महाभारत आदि पनि पढ्न सक्ने बनाउने पुस्तक भनेर विशेषता बताउनुमा पनि मुनिनिर्देशन र गुरुकृपाकै अहम् भूमिका रहेको छ । संस्कृत-भाषाको संरचना जति उच्च छ त्यसबारेमा केही भन्नु सूर्यलाई बत्ती

देखाएजस्तो हो । संस्कृतभाषाको उच्चस्तरीय संरचना बुझ्न गहन अध्ययन र कठोर अध्यवसाय आवश्यक हुने हुँदा यस पुस्तकमा सबै कुरा खोलिएको छैन । व्याकरणका सन्नन्त यङन्त नामधातु र तद्धित आदिलाई यस पुस्तकको विषय बनाइएको छैन । मुख्यरूपमा पतञ्जलिको उपदेशलाई आधार मानेर तयार गरिएको यस पुस्तकमा ४६ दिनको पाठयोजनाभित्र स्तरअनुसार आवश्यक र उपयोगी विषय सिकाउने प्रयास गरिएको छ । यसबाट सिक्ने मानिसहरूले पनि रुचि र परिश्रमपूर्वक संस्कृत सिक्न खोजेमा संस्कृतभावबोधका आधारबारे अवश्य अवगत हुनेछन् भन्ने कुरामा यो लेखक विश्वस्त छ ।

अब विस्तारमा पुस्तकमा समावेश गरिएका विषय र अध्ययनविधिको चर्चा गरौँ । पाठकवृन्द ! यस पुस्तकमा जिज्ञासु मित्रहरू र विद्यार्थी भाइबहिनीहरूलाई संस्कृतभाषामा दक्ष बनाउन ५५ वटा नियम बताइएको छ । तीमध्ये ४ वटा नियमभित्र रहेर अनेकौं आवश्यक क्रियापद निर्माण गर्न सकिन्छ र तिनबाट अनेक किसिमका वाक्यसंरचना गर्न सकिन्छ भन्ने कुरा उदाहरणसहित प्रस्तुत गरी संझाइएको छ ।

आवश्यक शब्दहरूको रूपायन र प्रयोगसम्बन्धी बोधका लागि शब्दरूपायनसम्बन्धी नियमअन्तर्गत १९ नियम बताइएका छन् । यिनै नियमका आधारमा आवश्यक शब्दहरूलाई १९ वर्गमा विभाजित गरी भाषण, लेखन एवं पठन-पाठनका लागि आवश्यक शब्दरूपायन सिकाउन सकिन्छ भन्ने कुरा सप्रमाण प्रष्ट पारिएको छ । आवश्यक क्रियापद निर्माणका लागि ४ क्रियापद रूपायनसम्बन्धी नियम र १९ शब्दरूपायनका नियमहरूको बोध गराई वाक्यरचनाका लागि पर्याप्त सामग्री प्रस्तुत गरिएको छ । सुबन्त र तिङन्त पदहरूको रूपायन प्रस्तुत गरी वाक्यरचनाको लागि ठोस धरातल खडा गरिएको छ । बाँकी ३२ वटा वाक्यरचना नियमअन्तर्गत पदसङ्गति, सन्धि, कारक आदिको राम्रो ज्ञान गराई संस्कृत बोल्ने, लेख्ने, संस्कृतका पुस्तक पढ्ने र पढाउन सक्ने क्षमता विकसित गर्ने प्रविधि प्रस्तुत गरिएको छ ।

६. पाठयोजना

'संस्कृत शिक्षाको रामबाण' शीर्षकमा लेखिएको यस पुस्तकमा प्रस्तुत गरिएका विषयहरूलाई राम्ररी बुझाउन वाक्यरचनासम्बन्धी व्याकरणका नियमहरू प्रकाशित गरी विशेष निर्देशनसहित पाठयोजना तयार गरिएको छ । कुनै पनि नियम बताउँदा प्रयोग, उदाहरण प्रत्युधारणहरूद्वारा विद्यार्थीहरूलाई दक्ष बनाउन सम्पूर्ण कुरा पाठयोजनाभित्र राखिएको छ । आवश्यक ठाउँमा विद्यार्थीहरूले आफ्नो परीक्षा आफैं गरून् र आफ्ना कमी-कमजोरीहरू हटाऊन् भनी निर्देशनसहित संपरीक्षण तालिका दिइएको छ । यसरी संस्कृत शिक्षणको प्राचीन पद्धति र नवीन पद्धतिलाई एकसाथ राखी ४६ दिनका लागि ४६ पाठहरू सुसज्जित पारिएका छन् । तसर्थ प्रत्येक पाठमा दिइएका निर्देशनहरूलाई नै शेषावतार पतञ्जलिको प्रमुख निर्देशन मानी छात्रहरूले पुस्तकको अध्ययन गर्नुपर्ने छ। कुनै पनि मानिस सर्वज्ञ हुँदैन, तसर्थ निर्देशन आदिका सम्बन्धमा कतै शङ्का र जिज्ञासा भएमा आजको सञ्चारमाध्यमबाट लेखकसँग कुनै बेला पनि सम्पर्क गरी आफूलाई लागेका कुरा बताएर उचित उत्तर प्राप्त गर्न अनुरोध गर्दछु । छिटो भन्दा छिटो संस्कृतबोध गर्ने चाहना भएमा संस्कृत विश्वविद्यालयअन्तर्गत विद्यापीठहरूका छात्रछात्राहरूका लागि प्रशिक्षण कार्यको आवश्यकता महसुस भएमा ५-१० दिनसम्म बिदा मिलाई सामग्रीसहित प्रशिक्षार्थीहरूसमक्ष उपस्थित हुने वाचा गर्दछु । कुनै पनि सङ्घ-संस्था र व्यक्तिहरूले कम्तीमा ५० जना प्रशिक्षार्थीहरूको समूह बनाई संस्कृतभाषा प्रशिक्षणका लागि आमन्त्रण गरेमा म सेवामा उपस्थित हुन प्रतिबद्ध छु। यो **संस्कृत शिक्षाको रामबाण** हातमा परेपछि कसैलाई पनि संस्कृतको पठन-पाठन असजिलो लाग्ने छैन भन्ने कुरामा पनि म पूर्ण विश्वस्त छु । संस्कृतमा लेख्न, बोल्न, संभाषणमा सफलता हासिल गर्न यस पुस्तकमा दिइएका अनिवार्य शब्दहरूको ज्ञान पाठकहरूका

निमित्त निकै सहयोगी हुनेछ । विशेषत: यहाँ चुनिएर राखिएको सुबन्तपद र तिङन्तपदले छात्रहरूलाई रामायण, महाभारत आदि ग्रन्थहरू पनि पढ्न सक्ने बनाउने छन् भन्ने कुरा म निवेदन गर्न चाहन्छु ।

७. कृतज्ञता

मैले **संस्कृत शिक्षाको रामबाण** नामक ग्रन्थको तयारी गर्दा मुनित्रय एवं त्यस परम्पराका कृतिहरूको उपयोग गरेको छु । साथै आधुनिक व्याकरणशास्त्रीहरूका अनुवादचन्द्रिका, बृहद् अनुवादचन्द्रिका, संस्कृतरचना, संस्कृतशिक्षणाभ्यास, व्याकरणप्रवेशिका, सुगम धातुरूपावली, सुगम शब्दरूपाली, अंग्रेजी ग्रामर, रेपिडेक्स आदि कृतिहरूको उपयोग गरेको छु । यसका लागि ती मनीषीहरूप्रति नमनपूर्वक कृतज्ञता शब्दसुमन समर्पित गर्न चाहन्छु ।

निरन्तर विषयवस्तुको चिन्तन इष्टको आराधना भगवती सरस्वतीको असीम कृपा र पितृचरण एवं मान्यजनहरूको प्रसादस्वरूप आफूले तयार गरेको पाण्डुलिपि लिएर प्रकाशनार्थ दाजु गुरु प्रा.डा. वेणीमाधव ढकालज्यूसमक्ष काठमाण्डौमा उपस्थित भएँ । आदरणीय गुरुले मेरो पाण्डुलिपिलाई सरसर्ती हेर्नुभयो र निकै प्रसन्नता प्रकट गर्दै भन्नुभयो – 'संस्कृत कृतिहरूको टङ्कण जहाँसुकै गर्न सकिँदैन, यसलाई श्रीमुरारिराज पाण्डेज्यूको क्वालिटी लेजर प्रिन्टमा टङ्कण गराउनुपर्छ भन्नुभयो । तिमीले अति राम्रो कार्य गरेकाछौ । यस पुस्तकमा प्रस्तुत विषय धेरै महत्त्वपूर्ण र समसामयिक छन् । स्तरीय आकर्षक प्रस्तुतिबाट पुस्तक उपयोगी र लोकप्रिय बन्दछ । तिम्रो पुस्तकलाई अंग्रेजीभाषा सिकाउने रेपिडेक्सजस्तो बनाउन मुरारिजीले पनि सहयोग गर्नुहुनेछ । तिमीले यस्तो महत्त्वपूर्ण पुस्तक तयार गरेकाले विषयविन्यास र अन्य प्राविधिक विषयमा म सहयोग गर्नेछु ।' करीब एक-डेढ महिनाजतिको काठमाण्डौको बसाईमा उहाँकै सक्रिय सहयोगमा पुस्तकको स्वरूप निर्धारण र विषयवस्तु विन्यास गरी सुसज्जित गराउने सौभाग्य पाएँ । यस पुस्तकको तयारीको प्रथम चरणदेखि अन्तिम चरणसम्म काठमाण्डौ र पाल्पा बसाईँका क्रममा उहाँले अहोरात्र खटेर स्नेहपूर्वक जति सहयोग गर्नुभएको छ त्यसका लागि म आजीवन ऋणी रहनेछु । तसर्थ उहाँलाई शब्दद्वारा केही व्यक्त गर्न म असमर्थ भए पनि लोकव्यवहार-निर्वाहका लागि सर्वप्रथम कृतज्ञता ज्ञापन गर्दछु ।

नेपाल संस्कृत विश्वविद्यालयका वर्तमान उपकुलपति प्रा. श्रीविदुर पौडेलज्यूले यस पुस्तकको विषयवस्तु अवगत गरी यसलाई प्रकाशित गर्न उत्साहित गर्दै पुस्तकका निमित्त अमूल्य शुभकामना मन्तव्य प्रदान गर्नुभएकोमा उहाँप्रति सश्रद्ध कृतज्ञता प्रकाशन गर्दछु । नेपाल संस्कृत विश्वविद्यालयका पूर्व उपकुलपति प्रा. श्रीमाधवराज गौतमज्यूको कार्यकालमा नै मेरो पुस्तक रचनाको बीजारोपण भएको थियो । उहाँकै प्रेरणाबाट यो पुस्तक तयार गरिएको छ । यस पुस्तकको व्यापक प्रचार-प्रसारबाट सजिलै संस्कृत शिक्षालाई लोकप्रिय बनाउन सकिन्छ भनी शुभाशंसा व्यक्त गर्नुहुने पूर्व उपकुलपति प्रा. श्रीमाधवराज गौतमज्यूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

नेपाल संस्कृत विश्वविद्यालयका शिक्षाध्यक्ष प्रा.डा. भागवतप्रसाद शर्माज्यू एवं नेपाल संस्कृत विश्वविद्यालयका कुलसचिव प्रा. कार्तिकेय झाज्यूले सौहार्दपूर्वक पुस्तकको पाण्डुलिपि अवलोकन गरी यसको व्याप्तिका लागि शुभकामना दिनुभएकोमा उहाँहरू दुवैप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । साथै, सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय, तुलनात्मक धर्मदर्शन विभागका अध्यक्ष डा. हरिप्रसाद अधिकारीज्यूले आफ्नो व्यापक अनुभवका आधारमा समग्र पाण्डुलिपि अध्ययन गरी यसलाई प्रकाशन गर्न प्रोत्साहित गर्नुहुँदै मूल्यवान् मन्तव्य प्रदान गर्नुभएकोमा हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

अन्तमा, यस पुस्तकलाई यस रूपमा तयार गर्ने कार्यमा क्वालिटी लेजर प्रिन्टका प्रोप्राइटर मित्रवर श्रीमुरारिराज पाण्डेजीको अहम् भूमिका रहेको छ । तसर्थ म उहाँप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यस कृतिको निष्पत्तिमा आ-आफ्नो क्षेत्रबाट सघाउनु हुने विद्वज्जन, मित्रजन र परिवारका सदस्यहरूप्रति साधुवाद ज्ञापन गर्दै भगवान् शेषावतार पतञ्जलिको संस्मरणका साथ मेरो भनाइ यहीँ टुङ्गयाउँछु ।

विद्वद्वशंवद

गणेशचतुर्थी, भाद्र, २०६५

(रमेशप्रसाद ढकाल 'उपमन्यु')

विषयसूची

			पृ.सं.
१.	पहिलो दिन	अकारान्त रामशब्दको रूपायन	१
२.	दोस्रो दिन	वर्तमानकालिक क्रियापदका रूपायन	५
३.	तेस्रो दिन	कर्ता र क्रियाको सङ्गति	८
४.	चौथो दिन	नकारात्मक वाक्य रचना र प्रश्नवाचक वाक्य रचना	१२
५.	पाँचौं दिन	अकारान्त नपुंसकलिङ्गी शब्दका रूपायन	२०
६.	छैटौं दिन	भूतकालिक दोस्रो अवस्थाका क्रियापद निर्माण र प्रयोग,	२४
७.	सातौं दिन	आकारान्त स्त्रीलिङ्गी रमाका रूपायन	२९
८.	आठौं दिन	भविष्यत्कालिक क्रियापद तेस्रो अवस्थाका क्रियापदको रूपायन र प्रयोग	३७
९.	नवौं दिन	ह्रस्व इकारान्त हरि आदि शब्दका रूपायन	४३
१०.	दशौं दिन	आज्ञार्थक क्रियापद चौथो अवस्थाका क्रियापदको रूपायन र प्रयोग	४९
११.	एघारौं दिन	दीर्घ इकारान्त भगवती आदि शब्दहरूको रूपायन	५३
१२.	बाह्रौं दिन	अस्धातुका विभिन्न अवस्थाको रूपायन र प्रयोग	५७
१३.	तेह्रौं दिन	अव्ययशब्दहरूको अर्थ र प्रयोग एवं ह्रस्व उकारान्त भानु आदि शब्दको रूपायन	६६
१४.	चौधौं दिन	कर्मकारकको प्रयोग र विधि	७४
१५.	पन्ध्रौं दिन	करणकारकको प्रयोग र विधि एवं दीर्घ उकारान्त वधू आदि शब्दको रूपायन	८१
१६.	सोह्रौं दिन	ऋकारान्त मातृ आदि शब्दका रूपायन र चतुर्थी विभक्तिको प्रयोग	८७
१७.	सत्रौं दिन	अपादान कारक अथवा पञ्चमी विभक्तिको प्रयोग	९४
१८.	अठारौं दिन	शब्दमा जोडिने प्रत्ययहरू, सन्धिको ज्ञान र ऐकारान्त, ओकारान्त एवं प्रधी- आदि शब्दका रूपायन	१००
१९.	उन्नाइसौं दिन	सर्वनामवाची तत्, यत्शब्दका रूपायन र प्रयोग	१०८
२०.	बीसौं दिन	सम्बन्धकारक षष्ठी विभक्तिको प्रयोग	११४
२१.	एक्काइसौं दिन	इदम् शब्दका तीनै लिङ्गका रूपायन र प्रयोग	११९
२२.	बाइसौं दिन	सप्तमी विभक्तिको प्रयोग र विभिन्न उपपद् विभक्तिको चर्चा	१२४
२३.	तेइसौं दिन	युष्मत्, अस्मत् र किम्शब्दका रूपायन एवं कृधातुका विभिन्न अवस्थाका रूपायन	१३४
२४.	चौबीसौं दिन	ण्यन्त क्रियाका रूपायनका साथै आत्मनेपद प्रथम अवस्थाका क्रियापद निर्माण र प्रयोगविधि	१४४

२५.	पच्चीसौं दिन	भवत् आदि शब्दका रूपायन र प्रयोगविधि	१५३
२६.	छब्बीसौं दिन	आत्मनेपद दोस्रो अवस्थाका क्रियापदका **रूपायन र प्रयोगविधि** तथा सुहृत् आदि शब्दका रूपायन	१५९
२७.	सत्ताइसौं दिन	आत्मनेपद लट्लकार तृतीय अवस्थाका **क्रियापद रूपायन** र प्रयोगविधि एवं आत्मनेपद लोट्लकार चतुर्थ अवस्थाका क्रियापदरूपायन र प्रयोगविधि	१६५
२८.	अट्ठाइसौं दिन	क्त्वा, ल्यप्, तुमुन् प्रत्ययान्त शब्दरचना र प्रयोगविधि	१७३
२९.	उनन्तीसौं दिन	वाच्यपरिवर्तनका लागि कर्मवाच्य, भाववाच्य प्रथम अवस्थाका क्रियापद रूपायन र प्रयोगविधि	१७९
३०.	तीसौं दिन	वाच्यपरिवर्तनका लागि कर्मवाच्य, भाववाच्य द्वितीय अवस्थाका क्रियापद रूपायन र प्रयोगविधि	१८६
३१.	एकतीसौं दिन	वाच्यपरिवर्तनका लागि कर्मवाच्य, भाववाच्य तृतीय अवस्थाका क्रियापद रूपायन र प्रयोगविधि	१९१
३२.	बत्तीसौं दिन	वाच्यपरिवर्तनका लागि कर्मवाच्य, भाववाच्य चतुर्थ अवस्थाका क्रियापद-रूपायन र प्रयोगविधि एवं ण्यन्त वाच्यपरिवर्तन	१९६
३३.	तेंत्तीसौं दिन	क्तविधि रचना र प्रयोग एवं समस्तशब्द निर्माणविधि	२०२
३४.	चौंतीसौं दिन	अक्तवतु प्रत्ययान्त शब्द रचना र प्रयोगविधि	२०९
३५.	पैंतीसौं दिन	तव्य, अनीय प्रत्ययान्त शब्दरचना र प्रयोगविधि एवं सकारान्त शब्दको रूपायन	२१६
३६.	छत्तीसौं दिन	निश्चितसङ्ख्यावाचक विशेषण र प्रयोगविधि	२२४
३७.	सैंतीसौं दिन	आवृत्ति, समुदाय, विभाग, अनिश्चित, परिणामवाचक विशेषण र प्रयोगविधि	२३४
३८.	अठ्तीसौं दिन	गुणवाचक, तुलनात्मक, अतिशयबोधक विशेषण र क्रियाविशेषण एवं विभिन्न विशेषणहरूको विभिन्न कारकमा प्रयोग	२४१
३९.	ऊनन्चालीसौं दिन	आत्मन्शब्द र विभिन्न नान्तशब्दहरूको चर्चा र अर्थबोधविधि	२५०
४०.	चालीसौं दिन	सप्तशती, रामायण, महाभारतअन्तर्गत गीताका श्लोकहरूको अर्थबोधको अभ्यास	२५७
४१.	एकचालीसौं दिन	वाक्यपरिचय र वाक्यका भेद	२६३
४२.	बयालीसौं दिन	बुँदाटिपोट, अनुच्छेदलेखन, निबन्धलेखन, बोध-अभिव्यक्ति, प्रतिवेदन र टिप्पणीलेखन	२७०
४३.	त्रिचालीसौं दिन	छन्दपरिचय र केही आवश्यक शब्दहरू	२९०
४४.	चवालीसौं दिन	पत्रलेखन र पत्रका प्रकार	२९८
४५.	पैंतालीसौं दिन	विधिलिङ् र लिङ्लकार क्रमशः पाँचौं र छैठौं अवस्थाका रूपायन र प्रयोग	३०३
४६.	छयालीसौं दिन	गोरखापत्र र कान्तिपुरमा प्रयुक्त संस्कृतका तत्सम शब्द	३१०

श्रीगणेशाय नमः

पहिलो दिन
प्रथमः दिवसः

ॐ नमः शेषाय

संस्कृत अत्यन्त सरल र सरस भाषा हो । यो भाषा सजिलै सिक्न र सिकाउन सकिन्छ । अवश्य नै ४६ दिनमा संस्कृतमा बोलचाल र लेखनकला सिक्न सकिन्छ । यो पुस्तक पाणिनि, कात्यायन र पतञ्जलिका व्याकरणवङ्मयको मन्थनबाट उत्पन्न भएको नवनीत (नौनी) हो । सरल विधिद्वारा जिज्ञासुलाई तुरुन्त संस्कृतज्ञ बनाउनु यस पुस्तकको मुख्य उद्देश्य हो । संस्कृतजिज्ञासु मित्रहरू तथा विद्यार्थी भाइबहिनीहरू ! ४६ दिनमै यस पुस्तकमा दिइएको निर्देशनअनुसार संस्कृत सिक्ने प्रतिज्ञा गर्नुहोस् । म पतञ्जलिकै निर्देशनमा तपाईंहरूलाई संस्कृत सिकाउने प्रतिज्ञा गर्दछु । सफलतामा पुग्न तपाईंहरूले यहाँ सावधानीपूर्वक ४६ पाइला चाल्नु पर्नेछ । तपाईंहरूको सहयोगका लागि यो लेखक तपाईंहरूकै साथमा छ । आउनुहोस्, पहिलो दिन आज रामशब्दको रूपायनमात्र पढौं र बुझौं ।

सुबन्त रूपायन

* संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! तलको तालिकामा सात विभक्ति र सम्बोधन गरी आठ शीर्षकमित्र रहेका रामशब्दका २४ रूप देखाइएको छ। प्रत्येक विभक्तिको अर्थ - अलग अलग छ । रामशब्दका सबै विभक्तिको प्रयोग बोलचालमा अवश्य गर्नुपर्ने हुन्छ । यद्यपि अन्य भाषाहरूमा प्रत्येक विभक्तिलाई धेरै समय लगाएर अलग-अलग सिकाउने प्रचलन छ । संस्कृत शिक्षणमा भने सबै विभक्तिहरूको संयुक्त शिक्षण गर्ने परम्परा रहिआएको छ । यसबाट एकैचोटि विद्यार्थीले सबै विभक्तिको रूपायन र अर्थबोध गर्न सक्ने हुँदा अलग-अलग नपढाई एकैचोटि पढाउनु उपलब्धिमूलक र वैज्ञानिक पनि छ । गहन विषयलाई अति संक्षेपमा सिकाउन सक्ने क्षमता भएका पाणिनि, कात्यायन र पतञ्जलिले एउटा शब्दको रूपायनका माध्यमबाट छात्रहरूलाई लाखौं शब्दका रूपायनमा दक्ष बनाउने प्रविधि हाम्रा सामु राखिदिएका छन् । त्यो प्रविधि अँगालेर आजै हामी रामशब्दका सबै रूपहरू पढौं र बुझौं ।

नियम - '१ क' शब्दरूपायनसम्बन्धी, (अकारान्त पुलिङ्ग) रामशब्द-

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
प्रथमा	रामः	रामौ	रामाः
द्वितीया	रामम्	रामौ	रामान्
तृतीया	रामेण	रामाभ्याम्	रामैः
चतुर्थी	रामाय	रामाभ्याम्	रामेभ्यः

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
पञ्चमी	रामात्	रामाभ्याम्	रामेभ्यः
षष्ठी	रामस्य	रामयोः	रामाणाम्
सप्तमी	रामे	रामयोः	रामेषु
सम्बोधन	हे राम !	हे रामौ !!	हे रामा !!!

सूचना - माथि बताइएका रामशब्दका रूपहरूमा विसर्ग (:) कहाँ छ र कुन अक्षरको खुट्टा काटिएको छ त्योसँग बुझौं । यसरी बुझेमा हामीलाई अरू शब्दहरूको रूपायन बोध गर्न सघाउ पुग्नेछ ।

विभक्तिको अर्थ

प्रथमा- कर्ता- कुनै पनि काम गर्ने स्त्री, पुरुष वा अन्यलाई कर्ता भनिन्छ । जस्तै - **रामः पुस्तकं पठति** अर्थात् राम पुस्तक पढ्छ । यस वाक्यमा राम पुस्तक पढ्ने व्यक्ति भएको हुँदा कर्ता हो । प्रथमा विभक्तिलाई कर्ताकारक भनिन्छ ।

द्वितीया - कर्म - कर्ताले गर्न चाहेको कामलाई कर्म भनिन्छ । जस्तै - **रामं पुस्तकं पठति** अर्थात् राम पुस्तक पढ्छ । यस वाक्यमा कर्ताले गर्न चाहेको काम पुस्तक पढ्नु हो । अतः पुस्तक कर्म हो । द्वितीया विभक्तिलाई कर्मकारक भनिन्छ ।

तृतीया - करण - कर्ताले गर्न चाहेको काम सम्पन्न गर्न अत्यन्त मुख्य सहयोगी साधन नै करण हो । जस्तै - **रामः बसयानेन गच्छति** अर्थात् राम बसबाट जान्छ । यस वाक्यमा जाने काम सम्पन्न गर्न अतिसहयोगी साधन बस करण हो । तृतीया विभक्तिलाई करणकारक भनिन्छ ।

चतुर्थी - सम्प्रदान - कर्ताले कुनै किसिमको कामद्वारा जसलाई सन्तुष्ट र अनुकूल बनाउन चाहन्छ, त्यसलाई सम्प्रदान भनिन्छ । जस्तै - **रामः बालकाय मिष्टान्नानि प्रयच्छति** अर्थात् रामले बालकहरूलाई मिठाइ दिन्छ । यस वाक्यमा मिठाइ लिएर सन्तुष्ट हुने बालक सम्प्रदान हो । चतुर्थी विभक्तिलाई सम्प्रदानकारक भनिन्छ ।

पञ्चमी - अपादान - कुनै स्थान, समय, वस्तु, संस्था अथवा व्यक्तिबाट कुनै वस्तु आदि छुट्टिन्छ, छुट्याइन्छ अर्थात् अलग गरिन्छ भने त्यो अलग गरिने ठाउँ, व्यक्ति वा संस्थालाई अपादान भनिन्छ । जस्तै - **वृक्षात् फलानि पतन्ति** अर्थात् रूखबाट फलहरू खस्छन् । यहाँ रूखबाट फलहरू अलग हुने भएकाले वृक्ष (रूख) अपादान हो । पञ्चमी विभक्तिलाई अपादानकारक भनिन्छ।

षष्ठी - सम्बन्ध - कुनै एउटा शब्दको अर्को शब्दसँगको पारस्परिक सम्बन्ध नै सम्बन्ध हो । जस्तै - **रामस्य पुस्तकम्** अर्थात् रामको पुस्तक । यहाँ रामपछि आएको 'को'ले राम पुस्तकको स्वामी भन्ने सम्बन्ध बताएको छ । अतः राम सम्बन्ध हो । षष्ठि विभक्तिलाई सम्बन्ध भनिन्छ।

सप्तमी - अधिकरण - काम गर्ने आधार अर्थात् ठाउँ र काम गर्ने समयलाई अधिकरण भनिन्छ । वास्तवमा अधिकरणको अर्थ आधार हो । जस्तै - **रामः ग्रामे वसति** अर्थात् राम गाउँमा बस्छ । यस वाक्यमा बस्ने ठाउँ आधार गाउँ हो । अतः गाउँ अधिकरण हो । सप्तमी विभक्तिलाई अधिकरणकारक भनिन्छ ।

सम्बोधन- कर्ता - कसैलाई आकर्षित गर्न वा अभिमुखीकरण गर्न प्रयुक्त विभक्तिविशेषलाई सम्बोधन भनिन्छ। यो कर्ताकारककै एउटा भेद हो । जस्तै - **छात्र ! अत्र आगच्छ** अर्थात् विद्यार्थी यहाँ आऊ। यस वाक्यमा छात्रलाई अभिमुखीकरण गरिएकोले छात्र सम्बोधन हो ।

तुलनात्मक बोध

रामशब्दको सबै विभक्तिका एकवचनका नेपाली, संस्कृत र अंग्रेजीका रूपहरू निम्नानुसार छन् -

विभक्ति	संस्कृत	नेपाली	अंग्रेजी
प्रथमा (कर्ता)	रामः	राम/रामले	Ram (Subject in a sentence)
द्वितीया (कर्म)	रामम्	रामलाई	to Ram (Object in a sentence)
तृतीया (करण)	रामेण	रामद्वारा	with, through, by Ram
चतुर्थी (सम्प्रदान)	रामाय	रामका लागि	to, for Ram
पञ्चमी (अपादान)	रामात्	रामदेखि	them, from Ram
षष्ठी (सम्बन्ध)	रामस्य	रामको	among, of Ram
सप्तमी (अधिकरण)	रामे	राममा	at, in Ram, on Ram
सम्बोधन (सम्बोधन)	हे राम !	हे राम!	O Ram !

* तुलनात्मकरूपले विचार गर्दा अंग्रेजी भाषाभन्दा संस्कृत भाषा अत्यन्त सजिलो छ । अंग्रेजीमा preposition को प्रयोग गर्दा कहाँ in, कहाँ on, कहाँ at आदिको झन्झट छ भने संस्कृतमा मात्र सप्तमी विभक्ति लगाए पुग्छ। आगामी पाठहरूमा उदाहरणसहित सुबन्त रूपायनको प्रयोग देखाइनेछ ।
* रामशब्दको विभक्तिगत अर्थबोध गरी त्यसलाई कण्ठ गर्दा तपाईंहरूलाई एक लाखभन्दा बढी अकारान्त सुबन्तशब्दहरूको ज्ञान हुनेछ, यो कुनै अतिशयोक्ति होइन यथार्थ हो । पुंलिङ्गवाचक सम्पूर्ण अकारान्तशब्दहरूको रूपायन रामशब्दको रूपायनजस्तै हुन्छ । तल प्रस्तुत गरिएका केही शब्दहरूको प्रथमादेखि सप्तमीसम्म सम्बोधनसहितका रूपहरू रामशब्द जस्तै मानेर अभ्यास गर्नुहोस् । जस्तै -

१.	गणेशको	गणेशः	गणेशौ	गणेशाः,	..... ।
२.	कृष्णको	कृष्णः	कृष्णौ	कृष्णाः	..... ।
३.	विशुद्धको	विशुद्धः	विशुद्धौ	विशुद्धाः	..... ।
४.	शेषको	शेषः	शेषौ	शेषाः	..... ।
५.	शिवको	शिवः	शिवौ	शिवाः	..... ।
६.	जनक (बुवा)को	जनकः	जनकौ	जनकाः	..... ।
७.	पितृव्य(काका)को	पितृव्यः	पितृव्यौ	पितृव्याः	..... ।
८.	अध्यापक(गुरु)को	अध्यापकः	अध्यापकौ	अध्यापकाः	..... ।
९.	विद्यालयको	विद्यालयः	विद्यालयौ	विद्यालयाः	..... ।
१०.	हिमालयको	हिमालयः	हिमालयौ	हिमालयाः	..... ।
११.	गज(हात्ती)को	गजः	गजौ	गजाः	..... ।
१२.	सिंहको	सिंहः	सिंहौ	सिंहाः	..... ।
१३.	सागरको	सागरः	सागरौ	सागराः	..... ।
१४.	पर्वतको	पर्वतः	पर्वतौ	पर्वताः	..... ।
१५.	पवन(वायु)को	पवनः	पवनौ	पवनाः	..... ।

१६.	अनल(आगो)को	अनलः	अनलौ	अनलाः	..... ।
१७.	खग(पक्षी)को	खगः	खगौ	खगाः	..... ।
१८.	शिव (भगवान् शंकरको)	शिवः	शिवौ	शिवाः	..... ।
१९.	शेष (शेषनागको)	शेषः	शेषौ	शेषाः	..... ।

* संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! रामशब्द पढ्दा-पढाउँदा कुनै पनि असावधानी नहोस्- सावधान हुनुभएमा तपाईहरू संस्कृतबोधमा पूर्ण सफल हुनुहुनेछ। मैले बताएको बाटो नबिराउनु होला । रामशब्दलाई बुझेर मात्र अगाडि बढ्नु होला ।
* ***प्रत्येक अकारान्त शब्द को रूप जान्न सक्नु नै रामशब्दको रूपायन जान्नुको फल हो ।*** *यसमा जति तपाईं लगनशील बन्नुहुन्छ, त्यति नै तपाईंलाई फाइदा हुनेछ ।*

अभ्यास

१.	राम शब्दको रूपायन -	रामः	रामौ	रामाः	हो भने	दिनेशको के हो ?
२.	अध्यापकको रूपायन	अध्यापकः	अध्यापकौ	अध्यापकाः	हो भने	शिक्षकको के हो ?
३.	गजको रूपायन	गजः	गजौ	गजाः	हो भने	कुञ्जरको के हो ?

शिक्षकहरूलाई सूचना :

१. विद्यार्थीहरूलाई सम्पूर्ण अकारान्त शब्दहरूको रूप चलाउन सक्ने बनाउनुहोस् ।
२. शब्दहरू कसरी अकारान्त, आकारान्त, इकारान्त, ईकारान्त, उकारान्त, ऊकारान्त मानिन्छन् त्यस विषयमा छात्र-छात्राहरूलाई प्रशिक्षित तुल्याउनुहोस् ।

दोस्त्रो दिन
द्वितीयः दिवसः

शेषाय नमः

संस्कृत भाषा सिक्न चाहने मेरा लाखौं मित्रहरू तथा प्यारा विद्यार्थी भाइ-बहिनीहरू ! संस्कृत सिक्ने-सिकाउने क्रममा सर्वप्रथम स-साना वाक्य बनाउन र प्रयोग गर्न-गराउन संवाद एवं प्रश्नोत्तर आवश्यक हुन्छ । तसर्थ यिनै विषय बताउने क्रममा रामशब्दका २४ रूपहरू पढाएपछि वाक्यनिर्माण गर्दा अति आवश्यक मानिएको कर्ताको रूप पनि बुझ्ने र बुझाउने काम भएको छ । अब क्रिया पदका लागि एउटा धातु पढौं । हामी संस्कृत पढ्न चाहन्छौं - तसर्थ पढ्नु भन्ने अर्थ बुझाउने 'पठ्' धातुबाट नै आरम्भ गरौं र कर्ता एवं क्रियाको समन्वय गर्न सिकौं ।

यस पुस्तकमा विद्यार्थीहरूलाई व्याकरणका क्रियापद सजिलोसँग बुझाउन व्याकरणशास्त्रमा प्रयोग गरिएका विभिन्न लकारहरूबाट छानेर केही लकारहरूको मात्र प्रयोग गरिएको छ । वर्तमान कालका लागि प्रयोग गरिने लट्लकारलाई प्रथम अवस्था, भूतकालका लागि प्रयोग गरिने लङ्लकारलाई द्वितीय अवस्था, भविष्यत् कालका लागि प्रयोग गरिने लृट्लकारलाई तृतीय अवस्था र आज्ञा, विधि एवं सम्प्रश्नलाई बताउने लोट्लकारलाई चतुर्थ अवस्था नामकरण गरी प्रस्तुत गरिएको छ ।

तिङन्त रूपायन - वर्तमान काल एवं प्रथम अवस्था

१. पठ् धातु (नेपालीमा - पढ्नु) (अंग्रेजीमा - to read, present tense)

पुरुष	एकवचन	द्विवचन	बहुवचन
प्रथमपुरुष	पठति	पठतः	पठन्ति
मध्यमपुरुष	पठसि	पठथः	पठथ
उत्तमपुरुष	पठामि	पठावः	पठामः

* आउनुहोस्, माथि बताइएको धातुका उक्त ९ रूप कसरी बन्छन्, त्यो बुझौं । बुझ्न केही अप्ठ्यारो छैन । शुद्ध धातु 'पठ्' हो, त्यसमा तल लेखिएअनुसारका प्रत्यय जोडिएका छन् -

पहिलो पङ्क्ति (प्रथमपुरुष) मा क्रमशः-	अति	अतः	अन्ति
	पठति	पठतः	पठन्ति
दोस्त्रो पङ्क्ति(मध्यमपुरुष) मा " -	असि	अथः	अथ
	पठसि	पठथः	पठथ
तेस्त्रो पङ्क्ति (उत्तमपुरुष) मा " -	आमि	आवः	आमः
	पठामि	पठावः	पठामः

नियम - '२' क्रियापद रूपायनसम्बन्धी

अधिकांश धातुका अन्तमा अति, अतः, अन्ति, असि, अथः, अथ, आमि, आवः, आमः जोड्नुभयो भने वर्तमानकालका बोधक क्रियापदका रूपहरू प्रायः तयार हुन्छन् । जस्तै-

पठ् + अति = पठति पठ् + असि = पठसि पठ् + आमि = पठामि

अति आदि प्रत्यय जोडिदिएपछि वर्तमान कालका अर्थात् प्रथम अवस्थाका ९ रूप तयार भए । तपाईंहरूले हेर्नुहोस्, यसमा कुनै त्रुटि त छैन ? यो नियम अधिकांश धातुका लट्लकारका रूपायनमा लागु हुन्छ ।

* जसरी कुनै पनि शब्दका अधिकतम (वैकल्पिक रूप छोडेर) २४ वटा रूप हुन्छन्, त्यसरी नै क्रियापदका पनि ९ रूप हुन्छन् । विद्यार्थी भाइ हो ! माथि बताइएका क्रियापदका ९ रूप, एउटा वर्तमान अथवा यहाँ भनिएको प्रथम अवस्थाका बोधक हुन् । अन्य काल अर्थात् भूत, भविष्यत् आदिमा पनि यसरी नै ९-९ वटा रूप हुन्छन् ।

* उपर्युक्त नौ वटा रूपहरू राम्रोसँग बुझौं- पठतिलाई पठती लेख्यौं भने भयङ्कर त्रुटि हुनेछ । जस्तो छ त्यस्तै लेख्नुपर्दछ। विसर्ग (:) कहाँ छ र कहाँ छैन माथिमा रूपायन हेरेर आजै विचार गरौं । यहाँ बताइएका विषयको बोध ठीक हुनुपर्छ। तपाईंहरूलाई संस्कृतज्ञ बनाउनु मेरो उद्देश्य हो । तपाईंहरूले मिहिनेतमात्र गर्नुहोस् । यस पुस्तकमा बताएअनुसार पढेर तपाईंहरूले ४६ दिनमा नै संस्कृत राम्ररी जान्नुहुनेछ भन्ने कुरामा म पूर्णरूपमा विश्वस्त छु ।

* जसरी तपाईंहरूले रामशब्दका रूप जानेपछि - कृष्णः, मुकुन्दः, हिमालयः आदि अनेकौं शब्दका रूप जान्नु भएको छ त्यसरी नै पठति, पठतः, पठन्ति जस्ता तिङन्त क्रियाका रूप जानेपछि अरू तिङन्त क्रियाका रूप पनि जान्नु हुनेछ। 'एउटा सुबन्त वा तिङन्त शब्दको सिद्धि प्रक्रिया सिकाएर अनेकौं सुबन्त वा तिङन्त शब्दहरूको सिद्धि प्रक्रिया सिकाउनु नै पाणिनीय व्याकरणको विशेषता हो । तलका क्रियाहरूमा अति, अतः, अन्ति, आदि प्रत्ययहरू जोड्दै जानुहोस् । त्यसपछि क्रियाका रूपहरू तयार हुँदै जानेछन् । बुझ्ने प्रयासका साथै अभ्यास पनि गर्नुहोस् ।

२. लिख् (to write)

लिखति	लिखतः	लिखन्ति
लिखसि	लिखथः	लिखथ
लिखामि	लिखावः	लिखामः

३. क्रीड् (खेल्नु) (to play)

क्रीडति	क्रीडतः	क्रीडन्ति
क्रीडसि	क्रीडथः	क्रीडथ
क्रीडामि	क्रीडावः	क्रीडामः

४. पा - पिब् (to drink to take water)

पिबति	पिबतः	पिबन्ति
पिबसि	पिबथः	पिबथ
पिबामि	पिबावः	पिबामः

५. गम् - गच्छ् (जानु) (to go)

गच्छति	गच्छतः	गच्छन्ति
गच्छसि	गच्छथः	गच्छथ
गच्छामि	गच्छावः	गच्छामः

६. आगच्छ् (आउनु) (to come)

आगच्छति	आगच्छतः	आगच्छन्ति
आगच्छसि	आगच्छथः	आगच्छथ
आगच्छामि	आगच्छावः	आगच्छामः

७. वद् (बोल्नु) (to speak)

वदति	वदतः	वदन्ति
वदसि	वदथः	वदथ
वदामि	वदावः	वदामः

८. हस् (हाँस्नु) (to laugh)

हसति	हसतः	हसन्ति
हससि	हसथः	हसथ
हसामि	हसावः	हसामः

९. स्था - तिष्ठ् (रहनु, बस्नु) (to stay)

तिष्ठति	तिष्ठतः	तिष्ठन्ति
तिष्ठसि	तिष्ठथः	तिष्ठथ
तिष्ठामि	तिष्ठावः	तिष्ठामः

१०. क्रन्द् (रुनु) (to weap, to lament)

क्रन्दति	क्रन्दतः	क्रन्दन्ति
क्रन्दसि	क्रन्दथः	क्रन्दथ
क्रन्दामि	क्रन्दावः	क्रन्दामः

११. धाव् (दौड्नु) (to run)

धावति	धावतः	धावन्ति
धावसि	धावथः	धावथ
धावामि	धावावः	धावामः

१२. गै (गाय्) (गाउनु) (to sing)

गायति	गायतः	गायन्ति
गायसि	गायथः	गायथ
गायामि	गायावः	गायामः

१३. नृती (नृत्य्) (to dance)

नृत्यति	नृत्यतः	नृत्यन्ति
नृत्यसि	नृत्यथः	नृत्यथ
नृत्यामि	नृत्यावः	नृत्यामः

१४. प्रच्छ् (पृच्छ्) (सोध्नु) (to ask)

पृच्छति	पृच्छतः	पृच्छन्ति
पृच्छसि	पृच्छथः	पृच्छथ
पृच्छामि	पृच्छावः	पृच्छामः

१५. भू (भव्) (हुनु) (to be)

भवति	भवतः	भवन्ति
भवसि	भवथः	भवथ
भवामि	भवावः	भवामः

१६. कूर्द (कुदनु, उफ्रनु) (to jump)

कूर्दति	कूर्दतः	कूर्दन्ति
कूर्दसि	कूर्दथः	कूर्दथ
कूर्दामि	कूर्दावः	कूर्दामः

१७. चल् (हिंड्नु) (to move)

चलति	चलतः	चलन्ति
चलसि	चलथः	चलथ
चलामि	चलावः	चलामः

१८. जि - जय् (जित्नु) (to win)

जयति	जयतः	जयन्ति
जयसि	जयथः	जयथ
जयामि	जयावः	जयामः

१९. स्मृ-स्मर् (स्मरण गर्नु) (to remember)

स्मरति	स्मरतः	स्मरन्ति
स्मरसि	स्मरथः	स्मरथ
स्मरामि	स्मरावः	स्मरामः

अभ्यास

१. 'खाद्' धातुमा उपयुक्त प्रत्यय लगाएर मध्यमपुरुषका रूप तयार गर्नुहोस् ।

२. 'पद्' धातुको प्रथमपुरुषमा प्रत्यय लगाएर रूप तयार गर्नुहोस् ।

३. 'धाव्' धातुमा उपयुक्त प्रत्यय लगाएर उत्तमपुरुषका रूप तयार गर्नुहोस् ।

समीक्षा

१. रामः, कृष्णः, हिमालयः आदि शब्दलाई सुबन्त भनिन्छ भने पठति, भवति, गच्छति आदि पदलाई तिङन्त भनिन्छ। तपाईंहरूले यो कुरा संझिराख्नुहोस् ।

२. एउटा सुबन्त वा तिङन्त शब्दको रूप जानेर अनेकौं शब्दका रूपहरू छर्लङ्गसँग जान्न सकिने प्रविधिले सम्पन्न संस्कृत व्याकरणलाई कठिन भन्नु त्यसको अन्तस्तलमा पुग्न नसक्नु नै हो ।

३. 'पठति' जस्ता एउटा तिङन्त क्रियाको रूप पढेर जान्न चाहेमा अरू अनेक तिङन्त क्रियाहरूको रूपायन बुझ्न सकिन्छ, आफै चिन्तन गर्नुहोस् ।

४. उक्त विधिबाट संस्कृतको राम्ररी ज्ञान गरेपछि संस्कृतजस्तो सरल भाषालाई कठिन भन्ने मानिसहरूलाई तपाईं आफैले उचित जवाफ दिनसक्नु हुनेछ । प्यारा विद्यार्थीहरू ! पहिलो दिनमा पढिएको रामशब्दका २४ रूप र वर्तमान काल अथवा प्रथम अवस्थाका व्यवहारोपयोगी तिङन्त शब्दका रूपहरू राम्रोसँग पढ्नुहोस् । तेस्रो दिन तपाईंहरूलाई प्रयोगसम्बन्धी जानकारी प्रदान गरिनेछ ।

तेस्रो दिन
तृतीयः दिवसः

शेषाय नमः

संस्कृत भाषा सिक्न इच्छुक मित्रवृन्द एवं विद्यार्थी भाइबहिनीहरू ! पहिलो दिन तपाईंहरूले अकारान्त पुलिङ्गका रूपहरू अध्ययन गर्नुभयो । दोस्रो दिन क्रियापदमा प्रयुक्त लट्लकार प्रथम अवस्थाका लागि अर्थात् वर्तमान कालका वाक्यका लागि आवश्यक केही क्रिया अर्थात् धातुका रूपहरू पनि जान्नुभयो । आफूले जानेका कुरा प्रयोग गर्न पाइयो भने निकै आनन्द आउँछ । अब तपाईंहरूले राम आदि अकारान्त शब्दमा पठति आदि क्रियापदमा केन्द्रित रहेर आनन्दले रमाउँदै स-साना वाक्य बनाउने प्रयास गर्नुहोस् । त्यसका लागि आउनुहोस्, निर्धक्क भएर अगाडि बढौं ।

* नामको सट्टा प्रयोग गरिने शब्दलाई सर्वनाम भनिन्छ । संस्कृत व्याकरणमा सर्वनामको निकै महत्त्व छ । रूपायन प्रक्रियामा सर्वनाम शब्दहरूको रूपायन र नामशब्दहरूको रूपायनमा केही अन्तर रहेको हुन्छ । स-साना वाक्यरचनासम्बन्धी शिक्षणविधिका लागि मुख्य सर्वनामवाची शब्दका प्रथमा विभक्ति अर्थात् कर्ताकारकका रूपहरूको ज्ञान आवश्यक भएकोले तलको तालिकामा मुख्य सर्वनामवाची शब्दहरूका प्रथमाका रूपहरू र तिनीहरूको रूप प्रस्तुत गरिएको छ ।

मुख्य सर्वनामवाची शब्दहरूका प्रथमा विभक्तिका रूपायन र अर्थ

१ सः	२ तौ	३ ते	४ त्वम्	५ युवाम्	६ यूयम्	७ अहम्	८ आवाम्	९ वयम्
१ त्यो	२ ती दुई	३ तिनीहरू	४ तिमी	५ तिमी दुई	६ तिमीहरू	७ म	८ हामी दुई	९ हामीहरू

* संस्कृत वाक्य निर्माणमा नाम वा सर्वनामलाई कर्ताका रूपमा प्रयोग गरिन्छ । माथि तालिकामा बताइएका विभिन्न वाक्यहरूमा प्रयोग गरिने ९ प्रकारका सर्वनाम शब्दहरूलाई प्रथमपुरुष, मध्यमपुरुष र उत्तमपुरुषका कर्ताका रूपमा प्रयोग गरिन्छ । नाम वा सर्वनामका रूपमा प्रयुक्त हुने कर्ताहरू एकवचन, द्विवचन र बहुवचन गरी तीन किसिमका हुन्छन् । यिनलाई अंग्रेजी भाषामा **Person** भनिन्छ ।

तुलनात्मक बोध

प्रथमपुरुष (Third person)			**मध्यमपुरुष (Second person)**			**उत्तमपुरुष (First person)**		
१ सः	२ तौ	३ ते	४ त्वम्	५ युवाम्	६ यूयम्	७ अहम्	८ आवाम्	९ वयम्
१ **She, He**	२ -	३ **They**	४ **You**	५ -	६ **You**	७ **I**	८ -	९ **We**

विशेष - संस्कृतमा एकवचन, द्विवचन र बहुवचनको प्रयोग हुन्छ भने अंग्रेजीमा द्विवचनको प्रयोग हुँदैन । त्यसकारण उक्त तालिकामा अंग्रेजी सर्वनामलाई जनाउँदा द्विवचनको स्थान रिक्त राखिएको छ ।

* **वचनपरिचय** - प्रथमा, द्वितीया आदि विभक्ति र उत्तम, मध्यम आदि पुरुषको संख्या बताउने सङ्केतलाई वचन भनिन्छ । संस्कृतमा विभक्ति र उत्तम आदि पुरुषहरूका वचन ३ - ३ हुन्छन् ।

* **विभक्ति परिचय** - कर्ता, कर्म आदि कारकलाई बताउने सङ्केतलाई विभक्ति भनिन्छ ।

प्रथमपुरुष		
एकवचन	द्विवचन	बहुवचन
सः	तौ	ते
त्यो	ती दुई	तिनीहरू

मध्यमपुरुष		
एकवचन	द्विवचन	बहुवचन
त्वम्	युवाम्	यूयम्
तिमी	तिमी दुई	तिमीहरू

उत्तमपुरुष		
एकवचन	द्विवचन	बहुवचन
अहम्	आवाम्	वयम्
म	हामी दुई	हामीहरू

कर्ता र क्रियाको सङ्गति

प्रथमपुरुष

१ सः	२ तौ	३ ते
१ पठति	२ पठतः	३ पठन्ति

मध्यमपुरुष

४ त्वम्	५ युवाम्	६ यूयम्
४ पठसि	५ पठथः	६ पठथ

उत्तमपुरुष

७ अहम्	८ आवाम्	९ वयम्
७ पठामि	८ पठावः	९ पठामः

नियम - '३ अ' वाक्यरचनासम्बन्धी

* कर्ता र क्रियाको सङ्गति तालिकामा सुबन्त र तिङन्तका नौ-नौ रूप दिइएका छन् । तीमध्ये १ ले अङ्कित कर्तालाई १ सङ्ख्याले अंकित क्रियासँग जोड्नुहोस् । यसैगरी २ लाई २ सँग, ३ लाई ३ सँग, ४ लाई ४ सँग, ५ लाई ५ सँग, ६ लाई ६ सँग, ७ लाई ७ सँग, ८ लाई ८ सँग र ९ लाई ९ सँग जोड्नुपर्छ । जोडिसकेपछि तपाईंहरू सामु ९ वटा स-साना वाक्यहरू तयार हुनेछन् । क्रम बिगारियो (अर्थात् १ सँग २, ३ सँग १ आदि गरियो) भने अर्थको अनर्थ हुन्छ, वाक्य बिग्रन्छ र त्यो अशुद्ध हुन्छ । तयार भएका वाक्यहरू यस प्रकार छन् -

सः पठति ।	ऊ पढ्छ ।	**तौ पठतः ।**	उनी दुई पढ्छन् ।
ते पठन्ति ।	उनीहरू पढ्छन् ।	**त्वम् पठसि ।**	तिमी पढ्छौ ।
युवाम् पठथः ।	तिमी दुई पढ्छौ ।	**यूयम् पठथ ।**	तिमीहरू पढ्छौ ।
अहम् पठामि ।	म पढ्छु ।	**आवाम् पठावः ।**	हामी दुई पढ्छौ ।
वयम् पठामः ।	हामीहरू पढ्छौ ।		

* उपर्युक्त तालिकाले के बुझाउँछ भने १, २, ३ आदि संख्याले अंकित स, तौ, ते आदि कर्तापद र १, २, ३ सङ्ख्याले अंकित पठति, पठतः पठन्ति आदि क्रियापदको योग नै सङ्गति हो । यो सङ्गति नै धारा-प्रवाह संस्कृत बोल्ने र लेख्ने सामर्थ्य दिलाउने आधार हो । प्यारा विद्यार्थीहरू ! यो सङ्गतिलाई राम्ररी बुझ्नुभयो भने तपाईं संस्कृतज्ञ हुनुहुनेछ । ९ क्रियापदका आ-आफ्ना सम्बन्धित व्याकरणसम्मत कर्तापदहरू छन् । १ सङ्ख्याले अंकित कर्तापदको

लागि १ सङ्ख्याले अंकित क्रियापद नै सम्बन्धी हुन्छ, त्यसैगरी अरू सङ्ख्याहरूका सम्बन्धी पदहरू बुझ्नुपर्दछ । यसमा क्रम मिलाइएन भने भयङ्कर त्रुटि हुन्छ । यसतर्फ विद्यार्थीहरू निकै चनाखो हुनुपर्दछ । यसरी गरिने कर्तापद र क्रियापदको संयोग नै सङ्गति हो ।

एकवचन कर्तापदको एकवचन क्रियापदसँग, द्विवचन कर्तापदको द्विवचन क्रियापदसँग, बहुवचन कर्तापदको बहुवचन क्रियापदसँग योग हुनु नै सङ्गति हो । यसैगरी प्रथमपुरुषको कर्ता भए प्रथमपुरुषको वचन अनुसारको क्रिया, मध्यमपुरुषको कर्ता भए मध्यमपुरुषको वचनअनुसारको क्रिया, उत्तमपुरुषको कर्ता भए उत्तमपुरुषको वचनअनुसारको क्रिया हुनुपर्द छ। बस्! तपाईंले यत्तिमात्र बुझ्नुभयो भने यो बुझाई तपाईंका लागि शुभ लक्षण हो।

कर्तापद र क्रियापदको सङ्गतिसूचक तालिका

प्रथमपुरुष

	एकवचन	द्विवचन	बहुवचन
संस्कृतमा -	सः लिखति ।	तौ लिखतः ।	ते लिखन्ति ।
नेपालीमा -	त्यो लेख्छ ।	ती दुईले लेख्छन् ।	तिनीहरू लेख्छन् ।

मध्यमपुरुष

	एकवचन	द्विवचन	बहुवचन
संस्कृतमा -	त्वम् लिखसि ।	युवाम् लिखतः ।	यूयम् लिखत ।
नेपालीमा -	तिमी लेख्छौ ।	तिमी दुई लेख्छौ ।	तिमीहरू लेख्छौ।

उत्तमपुरुष

	एकवचन	द्विवचन	बहुवचन
संस्कृतमा -	अहम् लिखामि ।	आवाम् लिखावः ।	वयम् लिखामः ।
नेपालीमा -	म लेख्छु ।	हामी दुई लेख्छौं ।	हामीहरू लेख्छौं ।

याद गर्नुहोस् -

प्रथमपुरुषको कर्तालाई प्रथमपुरुषकै क्रिया चाहिन्छ । जस्तै - **रामः पठति** ।

मध्यमपुरुषको कर्तालाई मध्यमपुरुषकै क्रिया चाहिन्छ । जस्तै - **त्वम् लिखसि** ।

उत्तमपुरुषको कर्तालाई उत्तमपुरुषकै क्रिया चाहिन्छ । जस्तै - **अहम् लिखामि** ।

जिज्ञासु मित्रहरू ! तपाईंहरूले योभन्दा पहिले राम आदि १९ शब्दका रूपायन र पठ् आदि १९ तिङन्त क्रियापदका रूपायन पनि पढिसक्नुभएको छ । तिनीहरूलाई वाक्यमा प्रयोग गर्ने जमकों गर्नुहोस् । जस्तै -

रामः पठति । गोविन्दः गच्छति । सः क्रीडति ।

त्वम् पठसि । अहम् पिबामि ।

अभ्यास

निम्न अशुद्ध वाक्यहरूलाई शुद्ध गर्नुहोस्

क) स गच्छतः । ख) त्वं लिखति । ग) अहं पिबति ।

घ) रामा गच्छति । ङ) गोपालौ पिबसि । च) त्वम् भवामि ।

२. **तलका वाक्यहरूको नेपालीमा अनुवाद गर्नुहोस्**

क) सः पठति । ख) दिनेशः गच्छति । ग) अहं लिखामि ।

घ) श्यामः क्रीडति । ङ) मुकुन्दः हसति । ङ) त्वम् धावसि ।

३. **तलका वाक्यहरूको संस्कृतमा अनुवाद गर्नुहोस्**

क) गोपाल खेल्दछ । ख) मुकुन्द रुन्छ । ग) ऊ हाँस्छ ।

घ) छात्रहरू जान्छन् । ङ) हामीहरू पढ्छौं । च) तिमी खेल्छौ ।

* संस्कृतजिज्ञासु मित्रहरू तथा विद्यार्थी भाइबहिनीहरू ! तपाईंहरूले पढेका विषयवस्तुहरू राम्रोसँग बुझ्नुभयो अथवा बुझ्नुभएन भन्ने कुरा परीक्षण गर्न अगाडि संपरीक्षण तालिका प्रस्तुत गरिएको छ । उक्त तालिकाका आधारमा तल दिइएका निर्देशनअनुसार सबै वाक्य बनाउने प्रयास गर्नुहोस् । निर्देशनअनुसार सबै वाक्यहरू शुद्ध बनाउन सक्नुभयो भने आफूले राम्रोसँग बुझेर पढेको संझी ढुक्क हुनुहोस् । कहीँ कतै थोरै पनि आफूमा कमी-कमजोरी पाउनुभयो भने पुनः विषयवस्तुको बोध गरी गल्ती सच्याई अगाडि बढ्ने प्रण गर्नुहोस् ।

संपरीक्षण तालिका - १

	समूह 'क'			समूह 'ख'		
प्रथमपुरुष	सः	तौ	ते	पठति	पठतः	पठन्ति
	रामः	रामौ	रामाः	क्रीडति	क्रीडतः	क्रीडन्ति
	मुकुन्दः	मुकुन्दौ	मुकुन्दाः	गच्छति	गच्छत	गच्छन्ति
	शिवः	शिवौ	शिवाः	लिखति	लिखत	लिखन्ति
	विशुद्धः	विशुद्धौ	विशुद्धाः	भ्रमति	भ्रमतः	भ्रमन्ति
मध्यमपुरुष	त्वम्	युवाम्	यूयम्	पठसि	पठथः	पठथ
				क्रीडसि	क्रीडथः	क्रीडथ
				गच्छसि	गच्छथः	गच्छथः
				लिखखि	लिखथः	लिखथ
				भ्रमसि	भ्रमथः	भ्रमथ
उत्तमपुरुष	अहम्	आवाम्	वयम्	पठामि	पठावः	पठामः
				क्रीडामि	क्रीडावः	क्रीडामः
				गच्छामि	गच्छावः	गच्छामः
				लिखामि	लिखावः	लिखामः
				भ्रमामि	भ्रमावः	भ्रामामः

१. समूह 'क'का कर्तावाचक शब्दहरूसँग समूह 'ख'का मिल्दा क्रियापदवाचक शब्दहरूको प्रयोग गरी वाक्य बनाउनुहोस्। जस्तै - प्रथमपुरुषबाट - सः पठति । मध्यमपुरुषबाट - त्वम् पठसि । उत्तमपुरुषबाट - अहम् पठामि ।

२. प्रथमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाएर ७५ वाक्य बनाउनुहोस् ।

३. मध्यमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाएर १५ वाक्य बनाउनुहोस् ।

४. उत्तमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाएर १५ वाक्य रचना गर्नुहोस् ।

चौथो दिन
चतुर्थः दिवसः

शेषाय नमः

आज चौथो दिन हो । तपाईहरूले संस्कृत भाषा अति सरल छ सजिलै सिक्न सकिन्छ भन्ने कुरा अलि अलि बुझ्नुभयो । किनभने तपाईहरूले रामशब्दका रूप पढ्नुभयो, रामशब्दजस्तै अनेकौं शब्द रहेछन्, जुन शब्दहरूलाई रामशब्दमात्रै बुझेपछि बुझिंदो रहेछ । त्यस्तै पठ् धातुको लट् लकार (प्रथम अवस्था) बुझेपछि पनि नरटीकन अनेकौं क्रियापद जान्न सकिने रहेछ । यो त सरलै लाग्यो होला । अर्को कुरा तेस्रो दिनको पाठमा रहेका - रामः, रामौ, रामाः जस्ता कर्तापदको प्रयोग र पठति, पठतः, पठन्ति जस्ता क्रियापदको प्रयोगद्वारा वाक्य बनाउने विधि पनि सजिलै जस्तो लागे होला । सः, तौ, ते आदि सर्वनाम र पठति, पठतः, पठन्ति आदि क्रियापदको प्रयोग पनि अब बुझिँदै गयो होला । अब चतुर्थ सोपानमा यिनै पढेका शब्द र क्रियापदका विविध प्रयोगहरूको अध्ययन गर्ने निधो गरौं । परिश्रम तपाईंहरूको, निर्देशन- पाणिनि, कात्यायन र पतञ्जलि नामक सिद्धमुनिहरूको। आउनुहोस्, चौथो दिनमा पनि पुनरावृत्तिको माध्यमबाट केही आवश्यक विषयवस्तुलाई मनमा धारण गरौं ।

पुनरावृत्ति

१	२	३
सः	तौ	ते
१	२	३
क्रीडति	क्रीडतः	क्रीडन्ति

४	५	६
त्वम्	युवाम्	यूयम्
४	५	६
क्रीडसि	क्रीडथः	क्रीडथ

७	८	९
अहम्	आवाम्	वयम्
७	८	९
क्रीडामि	क्रीडावः	क्रीडामः

* कर्ताका लागि उपयोग गरिने प्रथमपुरुषभित्र रामः, गोपालः, शिवः, हिमालयः, सागरः, वानरः, सिंहः, व्याघ्रः, विशुद्धः, कच्छपः आदि नामपदका प्रथमा विभक्तिका रूप र सर्वनाममध्ये केही शब्दका प्रथमा विभक्तिका रूपहरू पर्दछन् । मध्यमपुरुषभित्र युष्मत्शब्दका प्रथमा विभक्तिका रूपहरू पर्दछन् भने उत्तमपुरुषभित्र अस्मत्शब्दका प्रथमा विभक्तिका रूपहरू पर्दछन् । जस्तै –

तत्शब्द	युष्मद्शब्द	अस्मद्शब्द
सः क्रीडति ।	त्वम् क्रीडसि ।	अहम् क्रीडामि ।
तौ क्रीडतः ।	युवाम् क्रीडथः ।	आवाम् क्रीडावः ।
ते क्रीडन्ति ।	यूयम् क्रीडथ ।	वयम् क्रीडामः ।

जिज्ञासु मित्रहरू ! पटक पटक एउटै कुरा दोहोऱ्याउनुको अर्थ पढेका विषयलाई तपाईंहरूको मस्तिष्कमा दृढ तुल्याउनु नै हो । जति संस्कार सुदृढ हुँदै जान्छ, त्यति तपाईंहरूको रुचि बढ्दै जानेछ र मन पनि आनन्दित हुँदै जानेछ।

शुद्ध वाक्य विचार

१.	रमेशः लिखति ।	रमेश लेख्छ ।	६.	त्वम् नृत्यसि ।	तिमी नाच्छौ ।
२.	दिनेशः गच्छति ।	दिनेश जान्छ ।	७.	सः धावति ।	ऊ दौडिन्छ ।

३.	गोपालौ पठतः ।	दुवै गोपाल पढ्छन् ।	८.	ते गच्छन्ति ।	उनीहरू जान्छन् ।
४.	सुरेशाः क्रीडन्ति ।	सुरेशहरू खेल्छन् ।	९.	वयम् क्रीडामः ।	हामीहरू खेल्छौं ।
५.	अहम् वदामि ।	म बोल्छु ।	१०.	यूयम् हसथ ।	तिमीहरू हाँस्छौ ।

माथिका वाक्यहरू किन शुद्ध मानिएका छन् ? विचार गरौं ।

* **तलका वाक्यहरूको नेपालीमा अर्थ लेख्नुहोस् -**

क)	त्वम् क्रीडसि ।	ख)	वयम् पठामः ।	ग)	स हसति ।
घ)	अहम् चरामि ।	ङ)	यूयम् लिखथ ।	च)	आवाम् पठावः ।

संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! अब कर्ता र क्रियाको संयोगबाट निर्माण गरिने वाक्यहरूलाई नकारात्मक बनाउन जानौं । संस्कृतमा नकारात्मक वाक्य बनाउन सबैभन्दा सजिलो छ । क्रियापदका अगाडि न राखिदिएपछि नकारात्मक वाक्य बन्दछ । त्यसमा कुनै झन्झट हुँदैन । अंग्रेजी भाषामा ठीक ठाउँमा उचित शब्द राख्नैपर्ने झन्झटिलो व्यवस्था छ। तर संस्कृतमा भने क्रियाको अगाडि 'न' मात्र राखिदिए पुग्यो । सजिलो भएन त संस्कृत ? जस्तै - 'श्यामः लिखति' यो एउटा सामान्य वाक्य हो, यसमा श्याम कर्ता र लिखति क्रिया हो । कर्तापछि क्रियाभन्दा अगाडि न लेखिदिएमा नकारात्मक वाक्य बन्दछ । जस्तै श्यामः र लिखतिको बीचमा न लेख्यौं भने, श्यामः न लिखति (श्याम लेख्दैन) नकारात्मक वाक्य भयो । अब तपाईंहरूलाई नकारात्मक वाक्य बनाउन विधि राम्ररी बुझाउन केही उदाहरणहरू प्रस्तुत गरिएको छ । ध्यान दिएर पढ्नुहोस् -

सकारात्मक वाक्यहरू		नकारात्मक वाक्यहरू	
अहम् गच्छामि ।	म जान्छु ।	अहम् न गच्छामि ।	म जान्न (जाँदिन) ।
सुरेशः गायति ।	सुरेशले गाउँछ ।	सुरेशः न गायति ।	सुरेशले गाउँदैन ।

* माथिका सबै प्रयोग वर्तमान काल (प्रथम अवस्था) का हुन्, खूब विचार गरौं ।

नियम - '४' वाक्यरचनासम्बन्धी

संस्कृतभाषाका सामान्य वाक्यहरूलाई नकारात्मक वाक्य बनाउन कर्ता र क्रियाको बीचमा 'न', 'नो' जस्ता निषेधवाचक शब्द राख्नुपर्छ । ठूला र लामो वाक्य भएमा क्रियापद अगाडि 'न' राख्नु उपयुक्त हुन्छ । जस्तै - श्याम खेल्दैन - श्यामः न क्रीडति ।

वाक्यको संरचना

कर्ता	निषेधवाचक शब्द	क्रिया
श्यामः	न	क्रीडति

अभ्यास

क) नेपालीमा अनुवाद गर्नुहोस्

१.	रामः क्रीडति ।	रामः न क्रीडति ।	६.	वयम् हसामः ।	वयम् न हसामः ।
२.	सुरेशः गच्छति ।	सुरेशः न गच्छति ।	७.	युवाम् पठथः ।	युवाम् न पठथः ।
३.	गोपालः पठति ।	गोपालः न पठति ।	८.	आवाम् लिखावः ।	आवां न लिखावः ।

४. अहम् गायामि । अहम् न गायामि ।
५. त्वम् क्रीडसि । त्वम् न क्रीडसि ।
९. ते भ्रमन्ति । ते न भ्रमन्ति ।
१०. यूयम् गच्छथ । यूयं न गच्छथ ।

ख) संस्कृतमा अनुवाद गर्नुहोस्

१. गोपाल खेल्दैन ।
२. दिनेश पढ्दैन ।
३. तिमी जाँदैनौं ।
४. म खेल्दिन ।
५. तिनीहरू पढ्दैनन् ।
६. हामीहरू खाँदैनौं । (खाद्)
७. हामी दुई जाँदैनौं ।
८. तिमी दुई पढ्दैनौं ।
९. ऊ खेल्दैन ।
१०. तिमीहरू नाच्दैनौं ।

जाने अति सजिलो – नजानेको भए पुनः जान्ने प्रयास गरौं ।

* संस्कृतजिज्ञासु मित्रहरू तथा विद्यार्थी भाइबहिनीहरू ! तपाईंहरूले पढेका विषयवस्तुहरू राम्रोसँग बुझ्नुभयो अथवा बुझ्नुभएन भन्ने कुरा परीक्षण गर्न अगाडि संपरीक्षण तालिका प्रस्तुत गरिएको छ । उक्त तालिकाका आधारमा तल दिइएका निर्देशनअनुसार सबै वाक्य बनाउने प्रयास गर्नुहोस् । निर्देशनअनुसार सबै वाक्यहरू शुद्ध बनाउन सक्नुभयो भने आफूले राम्रोसँग बुझेर पढेको संझी ढुक्क हुनुहोस् । कहीँ कतै धोरै पनि आफूमा कमी-कमजोरी पाउनुभयो भने पुनः विषयवस्तुको बोध गरी गल्ती सच्याई अगाडि बढ्ने प्रण गर्नुहोस् ।

संपरीक्षण तालिका - २

	समूह 'क'			समूह 'ख'	समूह 'ग'		
प्रथमपुरुष	सः	तौ	ते		पठति	पठतः	पठन्ति
	रामः	रामौ	रामाः		क्रीडति	क्रीडतः	क्रीडन्ति
	मुकुन्दः	मुकुन्दौ	मुकुन्दाः		गच्छति	गच्छत	गच्छन्ति
	शिवः	शिवौ	शिवाः		लिखति	लिखत	लिखन्ति
	विशुद्धः	विशुद्धौ	विशुद्धाः		भ्रमति	भ्रमतः	भ्रमन्ति
मध्यमपुरुष	त्वम्	युवाम्	यूयम्		पठसि	पठथः	पठथ
					क्रीडसि	क्रीडथः	क्रीडथ
				न	गच्छसि	गच्छथः	गच्छथः
					लिखसि	लिखथः	लिखथ
					भ्रमसि	भ्रमथः	भ्रमथ
उत्तमपुरुष	अहम्	आवाम्	वयम्		पठामि	पठावः	पठामः
					क्रीडामि	क्रीडावः	क्रीडामः
					गच्छामि	गच्छावः	गच्छामः
					लिखामि	लिखावः	लिखामः
					भ्रमामि	भ्रमावः	भ्रमामः

१. संपरीक्षण तालिकाअन्तर्गत समूह 'क'का कर्तावाचक शब्दहरूसँग समूह 'ख'का मिल्दा क्रियापदवाचक शब्दहरूको प्रयोग गरी दुवैको बीचमा 'न' राखेर नकारात्मक वाक्य बनाउनुहोस् । जस्तै - प्रथमपुरुषबाट - सः न पठति । मध्यमपुरुषबाट - त्वम् न पठसि। उत्तमपुरुषबाट - अहम् न पठामि ।

२. प्रथमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाई बीचमा न राखी ७५ वाक्य बनाउनुहोस् ।

३. मध्यमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाई बीचमा न राखी १५ वाक्य बनाउनुहोस् ।

४. उत्तमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाई बीचमा न राखी १५ वाक्य रचना गर्नुहोस् ।

संस्कृतजिज्ञासु मित्रहरू तथा विद्यार्थी भाइबहिनीहरू ! तपाईंहरूले सकारात्मक वाक्य र नकारात्मक वाक्य बनाउने विधि खेल-खेलमै सिक्नुभयो । आजसम्म जे पढ्नुभएको छ त्यसको प्रयोग पनि गर्नुभएको छ। अब आउनुहोस्, प्रश्नवाचक वाक्य बनाउने विधि सिक्नेतर्फ लागौं । कुनै पनि वाक्यको आदिमा अपिशब्द र वाक्यको अन्तमा आएको पूर्णविरामको ठाउँमा प्रश्नसूचक चिह्न राखेपछि प्रश्नवाचक वाक्य तयार हुन्छन् । जस्तै - श्यामः लिखति । यो वाक्यको आदिमा अपिशब्द र वाक्यको अन्तमा भएको पूर्णविरामको ठाउँमा प्रश्नसूचक चिह्न प्रयोग गरेपछि उक्त वाक्य प्रश्नवाचक वाक्यमा बदलिन्छ । जस्तै - अपि श्यामः लिखति ? (के श्याम लेख्छ ?) अब तपाईंहरूलाई राम्ररी बुझाउन केही उदाहरणहरू प्रस्तुत गरिएको छ, ध्यान दिएर पढौं।

सकारात्मक	नकारात्मक	प्रश्नवाचक
श्यामः लिखति ।	श्यामः न लिखति ।	अपि श्यामः लिखति ?
दिनेशः पठति ।	दिनेशः न पठति ।	अपि दिनेश पठति ?
		अपि श्यामः न लिखति ?
		अपि दिनेश न पठति ?

नियम - '५ क' वाक्यरचनासम्बन्धी

कुनै पनि वाक्यको आरम्भमा 'अपि'शब्द राखी वाक्यको अन्तमा भएको पूर्णविराम चिह्नलाई प्रश्नसूचक चिह्नमा परिवर्तन गरेपछि प्रायः संस्कृतका सबै किसिमका सामान्य र नकारात्मक वाक्यहरू प्रश्नवाचक वाक्यमा परिणत हुन्छन् ।

प्रश्नवाचक वाक्यको संरचना

अपि	कर्ता	क्रिया	प्रश्नसूचक चिह्न
अपि	श्यामः	लिखति	?

नियम - '५ ख' वाक्यरचनासम्बन्धी

'किम्', 'कदा', 'कुत्र' आदि शब्दहरू प्रयोग भएको अवस्थामा अर्थात् 'किम्'शब्दबाट बनेका विभिन्न शब्दहरूको प्रयोग भएमा त प्रश्नसूचक चिह्नले मात्र प्रश्नवाचक वाक्य बनाउन सकिन्छ ।

प्रश्नवाचक वाक्यको संरचना

कर्ता	किम्/कदा	क्रिया	प्रश्नसूचक चिह्न
श्यामः	किम्/कदा	लिखति	?

अभ्यास

क) नेपालीमा अनुवाद गर्नुहोस्

१) अपि रामः पठति ?
२) अपि वयम् क्रीडामः ?
३) अपि ते गच्छन्ति ?
४) अपि यूयम् पठत ?
५) यूयम् कुत्र क्रीडथ ?
६) तौ कुत्र पठथः ?
७) अपि यूयम् गच्छथ ?
८) ते किम् खादन्ति ?
९) अपि वयम् पठामः ?
१०) मुकुन्दः किम् न क्रीडति ?

ख) संस्कृतमा अनुवाद गर्नुहोस्

१) के राम खेल्छ ?
२) के मुकुन्दले पढेन ।
३) तिमीहरू कहाँ जान्छौ ?
४) तिनीहरू कहिले आउँछन् ?
५) के म लेख्छु ?
६) शिला कहिले आउँछिन् ?
७) मुकुन्दले के खान्छ ?
८) हामीहरू कहाँ खेल्छौं ?
९) विमला कहाँ जान्छिन् ?
१०) के तिनीहरू खेलेनन् ?

सर्वनाम शब्दको प्रयोग

अब राम आदि अकारान्त शब्दसँग केही मिल्दाजुल्दा रूप र थोरैमात्र भिन्न रूप भएको सबै भन्ने अर्थ बताउने सर्वनाम अन्तर्गतको सर्वशब्दको रूपायन सिकौं । यो सर्वशब्द प्रायः रामशब्द जस्तै हो । यस शब्दका २४ रूपमध्ये कुन-कुन विभक्ति र वचनका रूप रामशब्दको रूपभन्दा भिन्न छन्, त्यत्तिमात्र बुझौं ।

नियम - '१ ख' शब्दरूपायनसम्बन्धी, सर्वशब्द

सर्वशब्द

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
प्रथमा	सर्वः	सर्वौ	सर्वे
द्वितीया	सर्वम्	सर्वौ	सर्वान्
तृतीया	सर्वेण	सर्वाभ्याम्	सर्वैः
चतुर्थी	सर्वस्मै	सर्वाभ्याम्	सर्वेभ्यः

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
पञ्चमी	सर्वस्मात्	सर्वाभ्याम्	सर्वेभ्यः
षष्ठी	सर्वस्य	सर्वयोः	सर्वेषाम्
सप्तमी	सर्वस्मिन्	सर्वयोः	सर्वेषु
सम्बोधन	हे सर्वः !	हे सर्वौ !!	हे सर्वे: !!!

राम आदि अकारान्त शब्द र सर्वशब्दका रूपायनको संरचनागत भिन्नता

* राम आदि शब्दको र सर्वशब्दको रूपायनमा प्रथामाको बहुवचन, चतुर्थीको एकवचन, पञ्चमीको एकवचन, षष्ठीको बहुवचन र सप्तमीको एकवचनका रूपहरूमा भिन्नता रहेको छ । त्यसलाई तलको तालिकाबाट बुझ्न सकिन्छ ।

विभक्ति	भिन्नता	रामशब्द	सर्वशब्द
प्रथमा	बहुवचन	रामाः	सर्वे
चतुर्थी	एक वचन	रामाय	सर्वस्मै
पञ्चमी	एक वचन	रामात्	सर्वस्मात्
षष्ठी	बहुवचन	रामाणाम्	सर्वेषाम्
सप्तमी	एक वचन	रामे	सर्वस्मिन्

* उक्त भिन्न रूपहरूको बोधबाट अकारान्त राम आदि शब्दका चौबीस रूपमध्ये पाँच रूपमा मात्र सर्वशब्दसँग भिन्नता रहेको तथ्य प्रष्ट भएको छ । विद्यार्थी भाइ हो ! यो भिन्नतालाई तपाईंहरूले राम्ररी बुझ्नु होला ।

* संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! रामजस्तै जस्तै भएकाले तपाईंहरूलाई सर्वशब्दको रूपायन यही नै बुझाउन खोजिएको छ। यो पुल्लिङ्ग बोधक सर्वनाम हो । जति पनि पुल्लिङ्गबोधक नामशब्दहरू छन्, प्रायः सबै नामको ठाउँमा यो शब्द प्रयोग हुन सक्छ । बालक, पर्वत, सिंह आदि शब्दका स्थानमा सर्वनामसंज्ञक सर्वशब्दको प्रयोग हेरौं -

बालकाः गच्छन्ति - बालकहरू जान्छन् । सर्वे बालकाः गच्छन्ति - सबै बालक जान्छन् ।

पर्वताः उन्नताः सन्ति - पर्वतहरू अग्ला छन् । सर्वे पर्वताः उन्नताः सन्ति - सबै पर्वत अग्ला छन् ।

सिंहाः भयानकाः सन्ति - सिंहहरू डरलाग्दा छन् । सर्वे सिंहाः भयानकाः सन्ति - सबै सिंह डरलाग्दा छन् ।

नामशब्दका स्थानमा सर्वशब्दको प्रयोग - सर्वे गच्छन्ति - सबै जान्छन् ।

* सर्वशब्द जानेपछि तपाईंलाई धेरै कुरा जान्न सजिलो हुनेछ । तसर्थ राम्रोसँग सर्वशब्द बुझ्नुहोला ।

समीक्षा

१. रामशब्द पढियो र रामशब्दजस्ता अनेकौं अकारान्त शब्दको रूप चलाउन जानियो ।

२. पठ् धातुको लट् लकार अथवा प्रथम अवस्था पढियो र पठ् धातुकै आधारमा अरू धातुका लट् लकारका रूप चलाउन र प्रयोग गर्न सिकियो ।

३. सः, तौ, ते, त्वम्, युवाम्, यूयम्, अहम्, आवाम्, वयम् जस्ता शब्दहरू पढियो र प्रयोग गर्न सिकियो ।

४. कर्तृपद र क्रियापदको सङ्गति मिलाउन जानियो ।

५ वर्तमानकालिक क्रियापद भएका साधारण वाक्य, नकारात्मक वाक्य, प्रश्नवाचक र प्रश्नवाचक नकारात्मक वाक्य बनाउन सिकियो ।

६. सर्वशब्दको रामशब्द सँग कहाँ भिन्नता छ भन्ने कुरा बुझियो ।

* संस्कृतजिज्ञासु मित्रहरू तथा विद्यार्थी भाइबहिनीहरू ! तपाईंहरूले पढेका विषयवस्तुहरू राम्रोसँग बुझ्नुभयो अथवा बुझ्नुभएन भन्ने कुरा परीक्षण गर्न अगाडि संपरीक्षण तालिका प्रस्तुत गरिएको छ । उक्त तालिकाका आधारमा तल दिइएका निर्देशनअनुसार सबै वाक्य बनाउने प्रयास गर्नुहोस् । निर्देशनअनुसार सबै वाक्यहरू शुद्ध बनाउन सक्नुभयो भने आफूले राम्रोसँग बुझेर पढेको संझी दुक्क हुनुहोस् । कहीं कतै थोरै पनि आफूमा कमी-कमजोरी पाउनुभयो भने पुनः विषयवस्तुको बोध गरी गल्ती सच्याई अगाडि बढ्ने प्रण गर्नुहोस् ।

संपरीक्षण तालिका - ३

	समूह 'क'	समूह 'ख'			समूह 'ग'	समूह 'घ'		
प्रथमपुरुष	अपि	सः	तौ	ते	न	पठति	पठतः	पठन्ति
		रामः	रामौ	रामाः		क्रीडति	क्रीडतः	क्रीडन्ति
		मुकुन्दः	मुकुन्दौ	मुकुन्दाः		गच्छति	गच्छत	गच्छन्ति
		शिवः	शिवौ	शिवाः		लिखति	लिखत	लिखन्ति
		विशुद्धः	विशुद्धौ	विशुद्धाः		भ्रमति	भ्रमतः	भ्रमन्ति
मध्यमपुरुष		त्वम्	युवाम्	यूयम्		पठसि	पठथः	पठथ
						क्रीडसि	क्रीडथः	क्रीडथ
						गच्छसि	गच्छथः	गच्छथः
						लिखसि	लिखथः	लिखथ
						भ्रमसि	भ्रमथः	भ्रमथ
उत्तमपुरुष		अहम्	आवाम्	वयम्		पठामि	पठावः	पठामः
						क्रीडामि	क्रीडावः	क्रीडामः
						गच्छामि	गच्छावः	गच्छामः
						लिखामि	लिखावः	लिखामः
						भ्रमामि	भ्रमावः	भ्रमामः

१. समूह 'क'को अपिशब्द सुरुमा राखी समूह 'ख'को कर्तावाचक शब्दसँग समूह 'घ'का मिल्दा क्रियापदवाचक शब्दहरूको प्रयोग गरी प्रश्नवाचक वाक्य बनाउनुहोस् । जस्तै - प्रथमपुरुषबाट - अपि सः पठति ? मध्यमपुरुषबाट- अपि त्वम् पठसि ? उत्तमपुरुषबाट - अपि अहम् पठामि ?

२. प्रथमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाई बीचमा समूह 'ग' प्रयोग गरी बनेको नकारात्मक वाक्यको सुरुमा समूह 'क' प्रयोग गरी ७५ निषेधमूलक प्रश्नवाचक वाक्य बनाउनुहोस् ।

३. मध्यमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाई बीचमा समूह 'ग' प्रयोग गरी बनेको नकारात्मक वाक्यको सुरुमा समूह 'क' प्रयोग गरी १५ निषेधमूलक प्रश्नवाचक वाक्य बनाउनुहोस् ।

४. उत्तमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाई बीचमा समूह 'ग' प्रयोग गरी बनेको नकारात्मक वाक्यको सुरुमा समूह 'क' प्रयोग गरी १५ निषेधमूलक प्रश्नवाचक वाक्य बनाउनुहोस् ।

५. समूह 'ग' को प्रयोग नगरी तीनै पुरुषबाट प्रश्नवाचक वाक्य बनाउनुहोस् ।

* संस्कृतजिज्ञासु मित्रहरू तथा विद्यार्थी भाइबहिनीहरू ! मैले यस पुस्तकमा अकारान्त १९ शब्दहरूको उल्लेख तपाईंहरूको उत्साहको लागि हो । रामशब्दको रूपायन बुझेपछि यस किसिमका लाखौं शब्दको रूपायन बुझ्न सकिन्छ भन्ने आशयले प्रस्तुत गरेको छु । एउटा रामशब्दको रूपायन सिकेपछि कृष्ण, मुकुन्दः, सागरः, अनलः, पावकः आदि अकारान्त शब्दको रूपायन बुझ्न सिकिन्छ । किनकि यिनीहरू सबैको रूपायन प्रक्रिया एउटै हो ।

यसरी १९ समूहमा विभाजित शब्दहरूको ज्ञान प्रत्येक समूहको एक-एक शब्दका रूपायन पढाएर तपाईंहरूलाई आवश्यक शब्दराशिको रूपायनमा विज्ञ गराई संस्कृतज्ञ बनाउन खोजेको छु । यस पुस्तकमा बताइएका उक्त १९ वर्गका रूपायनको ज्ञानबाट संस्कृत धारा प्रवाह बोल्नसकिन्छ भन्ने कुरा मैले मेरा आदरणीय ऋषि पाणिनि, कात्यायन र पतञ्जलिको शास्त्रीय निर्देशन र प्रत्यक्ष सङ्केतको आधारमा भनेको छु । विशेषतः शेषावतार पतञ्जलिको यस विषयमा अपूर्व योगदान रहेको छ । संस्कृत वाङ्मयको अध्ययन-अध्यापनमा कमी आयो भने संसारमा अशान्ति बढ्न थाल्छ । त्यसकारण संस्कृत वाङ्मयको अध्ययन-अध्यापनलाई हामी सबैले गतिशील तुल्याउनुपर्दछ । यसै भाषाको माध्यमबाट संसारलाई **'सत्यम् शिवम् सुन्दरम्'** अर्थात् सत्य तत्त्व, कल्याण तत्त्व र सुन्दर तत्त्वको सन्देश दिन सकिन्छ । **'सर्वे भवन्तु सुखिनः'** अर्थात् सबै सुखी होऊन् भन्ने सन्देश संस्कृत भाषाले आफ्नो जन्मदेखि नै दिँदै आएको छ । संसारको शासक हुने इच्छा गर्ने पुरुषार्थीले संस्कृत पढ्नै पर्दछ, यो ऋषिहरूको उपदेश हो । संसारका सबै देश, जात-जाति एवं सबै वर्गका मानिसहरू संस्कृतको ज्ञानबाट लाभान्वित हुनसक्छन् । त्यसैले संस्कृतलाई विश्वभाषा भनिएको छ । जुनकुनै व्यवसायमा लागेका मानिसहरू संस्कृतको ज्ञानबाट आफ्नो लक्ष्यमा पुग्न सक्छन् । अझ राजनीति गर्नेहरूका लागि त संस्कृतमा ज्ञानको अपार भण्डार छ । संस्कृतको महत्त्व बुझेर संसारका नर-नारीहरूले संस्कृत पढिदिएमा पूरै संसारको कल्याण हुने थियो त्यसैले **'सबैको लागि संस्कृत'** यही नारा लिएर भगवान् पाणिनि तथा शेषावतार पतञ्जलिको निर्देशनमा सबैका लागि संस्कृत वाङ्मयमा प्रवेश सजिलो होस् भनेर यो पुस्तक तयार गरिएको छ । यसलाई पढेर मात्र लघुसिद्धान्तकौमुदी र सिद्धान्तकौमुदीको ज्ञानका साथै संस्कृत वाङ्मयमा निहित रत्नहरूको खोजी गर्न सकिन्छ ।

ॐ

पाँचौं दिन
पञ्चमः दिवसः

शेषाय नमः

संस्कृतजिज्ञासु साथीहरू एवं मेरा अत्यन्त प्रिय विद्यार्थी भाइबहिनीहरू ! हामीहरूले चार दिनसम्म रामशब्द, पठ् धातुको वर्तमानकालको बोधक लट्लकार (प्रथम अवस्था) र सर्वशब्द पढ्यौं र वाक्य बनाउने अभ्यास पनि गर्‍यौं । आज पाँचौं दिनमा नपुंसकलिङ्गी पुस्तकशब्दका रूपायनको बोध गर्नेछौं । यसरी नपुंसकलिङ्गको उक्त शब्दको रूपायनबोधबाट तपाईंहरूलाई संस्कृत भाषामा प्रयोग गरिएका अकारान्त नपुंसकलिङ्गी शब्दहरूको अर्थबोध र रूपायनबोध गर्न सजिलो हुनेछ । हुनत धेरै जसो भाषाहरूमा पुंलिङ्ग र स्त्रीलिङ्गको मात्र प्रयोग पाइन्छ । तर संस्कृतमा पुंलिङ्ग, स्त्रीलिङ्ग र नपुंसकलिङ्ग गरी ३ लिङ्ग मानिएको हुँदा यसको आफ्नै विशेषता छ । संस्कृतका तीन लिङ्गका शब्दहरूको स्वरूप नजान्ने हो भने हामीले संस्कृतको पूरा स्वाद चाख्न पाउनेछैनौं । अतः संस्कृत भाषाको मर्म बुझ्न तीनै लिङ्गका रूपायनबोध गरौं र प्रयोग सिकौं ।

* अब रामशब्द र सर्वशब्दको रूपायन प्रक्रियासँग प्रथमा र द्वितीया विभक्तिमा मात्र भिन्नता भएको पुस्तकशब्दको रूपायन सिकाईँदैछ ।

नियम - '१ ग' शब्दरूपायनसम्बन्धी, (अकारान्त नपुंसकलिङ्ग) पुस्तकशब्द-

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
प्रथमा	पुस्तकम्	पुस्तके	पुस्तकानि
द्वितीया	पुस्तकम्	पुस्तके	पुस्तकानि
तृतीया	पुस्तकेन	पुस्तकाभ्याम्	पुस्तकैः
चतुर्थी	पुस्तकाय	पुस्तकाभ्याम्	पुस्तकेभ्यः

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
पञ्चमी	पुस्तकात्	पुस्तकाभ्याम्	पुस्तकेभ्यः
षष्ठी	पुस्तकस्य	पुस्तकयोः	पुस्तकानाम्
सप्तमी	पुस्तके	पुस्तकयोः	पुस्तकेषु
सम्बोधन	हे पुस्तक	हे पुस्तके	हे पुस्तकानि

* पुस्तकशब्दको विभक्तिगत रूपायनबोध गर्दा तपाईंहरूलाई एक लाखभन्दा बढी अकारान्त नपुंसकलिङ्गी शब्दहरूको ज्ञान हुनेछ, यो कुनै अतिशयोक्ति होइन यथार्थ हो । नपुसकलिङ्गी सम्पूर्ण अकारान्त शब्दहरूको रूपायन पुस्तकशब्दको रूपायनजस्तै हुन्छ –

१.	धन शब्दको	धनम्	धने	धनानि,	..... ।
२.	वन "	वनम्	वने	वनानि	..... ।
३.	स्थल "	स्थलम्	स्थले	स्थलानि	..... ।
४.	नयन "	नयनम्	नयने	नयनानि	..... ।
५.	मुख "	मुखम्	मुखे	मुखानि	..... ।
६.	कानन "	काननम्	कानने	काननानि	..... ।

७.	मनन "	मननम्	मनने	मननानि	..... ।
८.	स्नान "	स्नानम्	स्नाने	स्नानानि	..... ।
९.	ध्यान "	ध्यानम्	ध्याने	ध्यानानि	..... ।
१०.	कमल "	कमलम्	कमले	कमलानि	..... ।
११.	चिन्तन "	चिन्तनम्	चिन्तने	चिन्तनानि	..... ।
१२.	गमन "	गमनम्	गमने	गमनानि	..... ।
१३.	हसन "	हसनम्	हसने	हसनानि	..... ।
१४.	पत्र "	पत्रम्	पत्रे	पत्राणि	..... ।
१५.	लेखन "	लेखनम्	लेखने	लेखनानि	..... ।
१६.	वाचन "	वाचनम्	वाचने	वाचनानि	..... ।
१७.	भ्रमण "	भ्रमणम्	भ्रमणे	भ्रमणानि	..... ।
१८.	नर्तन "	नर्तनम्	नर्तने	नर्तनानि	..... ।
१९.	प्रमाण "	प्रमाणम्	प्रमाणे	प्रमाणानि	..... ।

* संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! पुस्तकशब्द रामशब्दभन्दा अलिकति भिन्न छ । पुस्तकशब्दका प्रथमा र द्वितीयाका विभक्तिका रूपहरू रामशब्दका रूपहरूभन्दा भिन्न छन् । किनकि पुस्तकशब्द नपुंसकलिङ्गी भएकाले व्याकरणको नियमअनुसार यसमा भिन्नता देखिएको हो ।

रामशब्द र पुस्तकशब्दको संरचनागत भिन्नता

	एकवचन	द्विवचन	बहुवचन
प्रथमा	रामः	रामौ	रामाः
	पुस्तकम्	पुस्तके	पुस्तकानि
द्वितीया	रामम्	रामौ	रामान्
	पुस्तकम्	पुस्तके	पुस्तकानि
तृतीया	रामेण	रामाभ्याम्	रामैः
	पुस्तकेन	पुस्तकाभ्याम्	पुस्तकैः

निष्कर्ष – उपर्युक्त पुस्तकशब्दको रूपायन र रामशब्दको पुस्तकशब्दसँग भिन्नताबोधक तालिकाको अध्ययनबाट पुस्तकशब्दका रूपायनमा प्रथमा विभक्ति र द्वितीया विभक्तिका रूपायनमा मात्रै संरचनागत भिन्नता भएको प्रष्ट देखिन्छ । अझै भन्नुपर्दा सम्बोधनको एक वचनमा पनि पुस्तकशब्द रामशब्दजस्तै छ, द्विवचन र बहुवचनमा भने हे पुस्तके ! र हे पुस्तकानि ! यी दुई पदमात्र फरक छन् ।

नियम – '१ घ' शब्दसम्बन्धी, (अकारान्त नपुंसकलिङ्ग) सर्वशब्द

* पुस्तक, पुष्प, धनजस्ता नामशब्द र यत्, तत्, आदि सर्वनामशब्दको रूपायनबोधमा सघाउन तल सर्वशब्दको नपुंसकलिङ्गका रूपहरू प्रस्तुत गरिन्छ । यिनीहरूको राम्रो मनन गरौं –

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
प्रथमा	सर्वम्	सर्वे	सर्वाणि
द्वितीया	सर्वम्	सर्वे	सर्वाणि
तृतीया	सर्वेण	सर्वाभ्याम्	सर्वैः
चतुर्थी	सर्वस्मै	सर्वाभ्याम्	सर्वेभ्यः

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
पञ्चमी	सर्वस्मात्	सर्वाभ्याम्	सर्वेभ्यः
षष्ठी	सर्वस्य	सर्वयोः	सर्वेषाम्
सप्तमी	सर्वस्मिन्	सर्वयोः	सर्वेषु
सम्बोधन	हे सर्व !	हे सर्वौ !!	हे सर्वाः !!!

* सर्वशब्दको नपुंसकलिङ्गमा प्रथमा विभक्तिको बहुवचन, द्वितीयाको बहुवचन र तृतीयाको एकवचनमा क्रमशः सर्वाणि, सर्वाणि र सर्वेण रूप रहेका छन् । किन 'सर्वानि'को सट्टा 'सर्वाणि' लेखियो ? अर्थात् किन 'न'को सट्टा 'ण' लेखियो ? प्रश्न हुनसक्छ । संस्कृत व्याकरणमा 'न' लाई 'ण' बनाउने, 'र्' (रेफ) लाई विसर्ग (:) बनाउने, पातलो 'स' लाई 'ष' बनाउने जस्ता अनेकौं नियम छन् । ती नियमको बारेमा तपाईंहरूलाई पछि जानकारी हुँदै जानेछ । तिनै नियमअनुसार 'न'लाई 'ण' बनाइएको हो । अहिलेलाई यत्तिमात्र बुझे हुन्छ ।

पुंलिङ्ग सर्वशब्द र नपुंसकलिङ्गी सर्वशब्दको संरचनागत भिन्नता

	एकवचन	द्विवचन	बहुवचन
प्रथमा	सर्वः	सर्वौ	सर्वे
	सर्वम्	सर्वे	सर्वाणि
द्वितीया	सर्वम्	सर्वौ	सर्वान्
	सर्वम्	सर्वे	सर्वाणि
तृतीया	सर्वेण	सर्वाभ्याम्	सर्वैः
	सर्वेण	सर्वाभ्याम्	सर्वैः

निष्कर्ष -- नपुंसकलिङ्गी सर्वशब्दको रूपायन र पुंलिङ्गी सर्वशब्दसँग संरचनागत भिन्नताबोधक तालिकाको अध्ययनबाट पुंलिङ्गी सर्वशब्द र नपुंसकलिङ्गी सर्वशब्दको रूपायनमा प्रथमा, द्वितीया विभक्तिका रूपायनमा मात्रै संरचनागत भिन्नता भएको प्रष्ट देखिन्छ । अझै भन्नुपर्दा सम्बोधनको एक वचनमा पनि समानता छ, द्विवचन र बहुवचनमा भने हे सर्वे ! हे सर्वाणि नै छन् ।

अभ्यास

१. रामशब्द र पुस्तकशब्दका रूपायनहरूमा कहाँ - कहाँ भिन्नता छ र ती भिन्न रूपहरू के के हुन् ?

२. पुस्तकशब्दका रूपायनहरूका आधारमा काननशब्दको रूपायन तयार गर्नुहोस् ।

३. नपुंसकलिङ्गी सर्वनाम सर्वशब्दका रूपायनको आधारमा नपुंसकलिङ्गी सर्वनाम विश्वशब्दको रूपायन तयार गर्नुहोस्।

४. पुंलिङ्गी रामशब्दको आधारमा पुंलिङ्गी श्यामशब्दको रूपायन तयार गर्नुहोस् ।

५. पुस्तकशब्दका तृतीया विभक्तिदेखि सप्तमीसम्मका रूपहरू रामशब्दज[illegible] हुन्छन् भन्ने कुरामा स्पष्ट हुनुहोस्।

विशेष -

* चौथो दिनमा पुंलिङ्गी सर्वशब्दको रूपायन र पाँचौं दिनमा त्यही नपुंसकलिङ्गी सर्वशब्दका रूपायन भनेर पढ्यौं। शब्द उही हो, अर्थ पनि उही हो, नामको स्थानमा प्रयोग हुने हो, रूपायनमा पनि खासै भिन्नता देखिँदैन, किन पटक पटक पढाइरहेको होला भन्ने जिज्ञासा हुनसक्छ । यस्तो जिज्ञासा हुनु तपाईंहरूको राम्रो लक्षण पनि हो । नामको सट्टामा प्रयोग हुने शब्दलाई सर्वनाम भन्दछन् भन्ने कुरा बुझ्नुभएकै छ । नामशब्द जुन लिङ्गमा प्रयोग भएको छ, त्यसलाई बताउने सर्वनाम शब्द पनि त्यसै लिङ्गमा राख्नुपर्छ भन्ने संस्कृत व्याकरणको नियमअनुसार वाक्यबोध राम्रो र स्पष्ट होस् भन्ने आशयले सर्वशब्दका तीनै लिङ्गका रूपहरूको बोध आवश्यक भएको छ । जस्तै – बालकः पुलिङ्गी नाम हो। बालकका ठाउँमा सर्वशब्द प्रयोग गर्नुपर्‍यो भने **सर्वे बालकाः** लेख्नुपर्दछ । पुस्तकशब्द नपुंसकलिङ्गी नाम हो। पुस्तकका ठाउँमा पुस्तकको विशेषता बताएर सर्वशब्दको प्रयोग गर्नुपरेमा **सर्वाणि पुस्तकानि** लेख्नुपर्छ । यसैगरी बालिकाशब्द स्त्रीलिङ्गी नाम हो । बालिकाको सम्बन्धमा सर्वशब्दको प्रयोग गर्नुपर्दा **सर्वाः बालिकाः** लेख्नुपर्छ । यी कुरा वाक्यरचना गर्दा भविष्यमा आवश्यक हुने भएकाले यहाँ बताइएका छन् ।

छैठौं दिन
षष्ठः दिवसः

शेषाय नमः

संस्कृतजिज्ञासु साथीहरू एवं विद्यार्थी भाइ-बहिनीहरू ! हामीहरूले पाँच दिनसम्म पुंलिङ्ग एवं नपुंसकलिङ्गका अकारान्त शब्दहरूको रूपायन र पठ आदि धातुहरूको वर्तमानकालको बोधक लट्लकार (प्रथम अवस्था) पढ्यौं, वाक्य बनाउने अभ्यास गर्‍यौं । भगवती सरस्वती र शेषावतार पतञ्जलिका कृपाले वर्तमानकालिक स-साना वाक्य निर्माण गर्ने दक्षता हामीमा आयो । यो दक्षता क्रमशः विस्तृत हुँदै जानेछ। बालक जन्मदा सानै हुन्छ तर पछि गएर त्यसको विकास हुन्छ त्यस्तै तपाईंहरूले प्राप्त गर्नुभएको दक्षता पनि अभ्यासको क्रममा सुदृढ र विस्तृत हुँदै जानेछ । तपाईंहरूलाई दक्ष बनाउने मेरो प्रतिज्ञा पूर्ण गराउन शेषावतार भगवान् पतञ्जलिनै लाग्नुभएको छ । आउनुहोस्, आज भूतकाल लङ्लकार (दोस्रो अवस्था) क्रियापदका रूपायन बोध गरी भूतकालका वाक्य बनाउने विधि सिकौं ।

* संस्कृतजिज्ञासु मित्र एवं विद्यार्थी भाइबहिनीहरू ! क्रिया नै कालसूचक हुन् । तसर्थ भूतकालका क्रियाका रूपहरू सर्वप्रथम सिकौं ।

* वाक्यनिर्माण प्रक्रिया एउटै हो । भूतकालको अर्थ बुझाउने वाक्यहरूको निर्माण गर्न भूतकालबोधक क्रियाहरूका रूपायन विधि र उक्त रूपायनको अर्थ बुझे पर्याप्त हुन्छ ।

* संस्कृत व्याकरणको अध्ययनमा आजभन्दा भोलिको पाठ सजिलो हुन्छ । सजिलो भएन भने पढ्ने र पढाउने मध्ये कुनै एकबाट त्रुटि भएको हुनुपर्दछ । अब हामी संस्कृत व्याकरणका भूतकालका क्रियापद पढ्न खोज्दैछौं, सावधान भएर ध्यान केन्द्रित गरौं ।

पठ् धातु - लङ् लकार - भूतकाल (दोस्रो अवस्था)

पुरुष	एकवचन	द्विवचन	बहुवचन
प्रथमपुरुष	अपठत्	अपठताम्	अपठन्
मध्यमपुरुष	अपठः	अपठतम्	अपठत
उत्तमपुरुष	अपठम्	अपठाव	अपठाम

* भूतकालका क्रिया बनाउँदा शुद्ध धातुमा के गर्नुपर्दोरहेछ भन्ने कुरा बुझौं ।

* हामीले पठ् धातुको प्रथम अवस्था वर्तमान कालको लागि धातुमा अति, अतः, अन्ति आदि जोडेका थियौं । अब दोस्रो अवस्था भूतकालमा के जोडिन्छ त ? हेर्नुहोस् ।

* अब हेरौं, माथि बताइएका पठ् धातुका ९ रूप कसरी बन्छन्, त्यो बुझौं । बुझ्न केही अप्ठ्यारो छैन । शुद्ध धातु 'पठ्'

हो, त्यसमा तल लेखिएअनुसारका प्रत्यय जोडिएका छन् -

पहिलो पङ्क्ति (प्रथमपुरुष) मा क्रमशः-	अत्	अताम्	अन्
दोस्रो पङ्क्ति(मध्यमपुरुष) मा	" -	अः	अतम्	अत
तेस्रो पङ्क्ति (उत्तमपुरुष) मा	" -	अम्	आव	आम

नियम - '६' क्रियापदरूपायनसम्बन्धी

यसरी कुनै पनि धातुका अन्तमा अत्, अताम्, अन्, अः, अतम्, अत, अम्, आव, आम जोड्नुभयो भने र धातुको आरम्भमा 'अ' थप्नुभयो भने भूतकालका बोधक क्रियापदका रूप प्रायः तयार हुन्छन् । जस्तै- पठ् धातुको प्रथम पुरुषको एक वचनमा अ राखौं अपठ् - भयो त्यसपछि त्यसमा अत् प्रत्यय जोडौं अपठ् + अत् भयो । अपठत् र अत् लाई परस्पर जोडौं अपठत् भयो । यसैगरी अताम्, अन्, अः, अतम्, आदि प्रत्यय जोड्दै जानुपर्छ । जस्तै -

	एकवचन	द्विवचन	बहुवचत
प्रथमपुरुष प्रथमपङ्क्ति	अपठ् + अत् = अपठत्	अपठ् + अताम् = अपठताम्	अपठ् + अन् = अपठन्
मध्यमपुरुष द्वितीयपङ्क्ति	अपठ् + अः = अपठः	अपठ् + अतम् = अपठतम्	अपठ् + अत = अपठत
उत्तमपुरुष तेस्रो पङ्क्ति	अपठ् + अम् = अपठम्	अपठ् + आव = अपठाव	अपठ् + आम = अपठाम

* संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! ऋषिहरूले एउटा धातुको रूपायनका माध्यमबाट त्यस अवस्थाका सबै क्रियाका रूपायन जान्ने विधि सिकाएका छन् । यो एउटामात्र धातु रूपायनको प्रयोग बुझ्नुभयो भने अधिकांश धातुका रूपायन बुझिन्छ । के होला, कसो होला भन्ने चिन्ता मात्रु नै पर्दैन ।

* अब अपठत्कै आधारमा १९ वटै क्रियाका भूतकालका क्रियापद पढौं -

१.	पठ्को	अपठत्	अपठताम्	अपठन्	..... ।
२.	लिख्को	अलिखत्	अलिखताम्	अलिखन्	..... ।
३.	क्रीडको	अक्रीडत्	अक्रीडताम्	अक्रीडन्	..... ।
४.	पा (पिब्)को	अपिबत्	अपिबताम्	अपिबन्	..... ।
५.	गम् (गच्छ्) को	अगच्छत्	अगच्छताम्	अगच्छन्	..... ।
६.	आगच्छ्को	आगच्छत्	आगच्छताम्	आगच्छन्	..... ।
७.	वद्को	अवदत्	अवदताम्	अवदन्	..... ।
८.	हस्को	अहसत्	अहसताम्	असहन्	..... ।
९.	स्था-तिष्ठ्को	अतिष्ठत्	अतिष्ठताम्	अतिष्ठन्	..... ।
१०.	क्रन्द्को	अक्रन्दत्	अक्रन्दताम्	अक्रन्दन्	..... ।
११.	धाव्को	अधावत्	अधावताम्	अधावन्	
		अधावः	अधावताम्	अधावत	
		अधावम्	अधावाव	अधावाम	
१२.	गै (गाय्)गाउनुको	अगायत्	अगायताम्	अगायन्	
		अगायः	अगायतम्	अगायत	
		अगायम्	अगायाव	अगायाम	

१३.	नृत्य् - नाच्नु	अनृत्यत्	अनृत्यताम्	अनृत्यन्
		अनृत्यः	अनृत्यतम्	अनृत्यत
		अनृत्यम्	अनृत्याव	अनृत्याम
१४.	पृच्छ्को	अपृच्छत्	अपृच्छताम्	अपृच्छन्
		अपृच्छः	अपृच्छतम्	अपृच्छत
		अपृच्छम्	अपृच्छाव	अपृच्छाम
१५.	मूको भव्	अभवत्	अभवताम्	अभवन्
		अभवः	अभवतम्	अभवाम
		अभवम्	अभवाव	अभवाम
१६.	चल्को	अचलत्	अचलतम्	अचलन्
		अचलः	अचलतम्	अचलाम
		अचलम्	अचलाव	अचलाम
१७.	क्रुध् (रिसाउनु)को	अकुप्यत्	अकुप्यताम्	अकुप्यन्
		अकुप्यः	अकुप्यतम्	अकुप्यत
		अकुप्यम्	अकुप्याव	अकुप्याम
१८.	नश् (नष्ट हुनु)	अनश्यत्	अनश्यताम्	अनश्यन्
		अनश्यः	अनश्यतम्	अनश्यत
		अनश्यम्	अनश्याव	अनश्याम
१९.	सिध् (सिद्ध हुनु)	असिध्यत्	असिध्यताम्	असिध्यन्
		असिध्यः	असिध्यतम्	असिध्यत
		असिध्यम्	असिध्याव	असिध्याम

* एउटा धातु पढौं त्यसपछि सबै बुझौं यही नै मूल मन्त्र हो । यो मन्त्र बिर्सनु हुँदैन ।

* अब त हामीले भूतकालका क्रियापद् पनि बोलचाललाई आवश्यक जति पढ्यौं । माथि लेखिएका धातुबाहेक अरू कुनै धातुको द्वितीय अवस्थाका रूपायनको प्रयोग गर्नुपरेमा अपठत् आदि जस्तै हो भन्ने बुझी वाक्यमा प्रयोग गर्नुपर्दछ। यो कुरा बिर्सनु हुँदैन । जस्तै- खाद् धातु माथि परेको छैन, भूतकाल द्वितीय अवस्थाको रूपायनको प्रयोग गर्नुपऱ्यो भने हामीले अपठत् जस्तै अखादत् बनाउनु पर्दछ । यसैगरी अरू धातुहरूमा पनि यो नियम लागु हुन्छ ।

कर्ता र क्रियाको सङ्गति

१	२	३
सः	तौ	ते
१	२	३
अपठत्	अपठताम्	अपठन्

४	५	६
त्वम्	युवाम्	यूयम्
४	५	६
अपठः	अपठतम्	अपठत

७	८	९
अहम्	आवाम्	वयम्
७	८	९
अपठन्	अपठाव	अपठाम

नियम - '२ आ' वाक्यरचनासम्बन्धी

* माथि सुबन्त र तिङन्तका नौ-नौ रूप दिइएका छन् । तीमध्ये १ ले अङ्कित कर्तालाई १ सङ्ख्याले अंकित क्रियासँग जोड्नुहोस् । यसैगरी २ लाई २ सँग, ३ लाई ३ सँग, ४ लाई ४ सँग, ५ लाई ५ सँग, ६ लाई ६ सँग, ७ लाई ७ सँग, ८ लाई ८ सँग र ९ लाई ९ सँग जोड्नुपर्छ । जोडिसकेपछि तपाईंहरू सामु ९ वटा स-साना वाक्यहरू तयार हुनेछन् । क्रम बिगारियो (अर्थात् १ सँग २, ३ सँग १ आदि गरियो) भने अर्थको अनर्थ हुन्छ, वाक्य बिग्रन्छ र त्यो अशुद्ध हुन्छ । यसलाई उदाहरणबाट यसरी बुझ्न सकिन्छ -

सः अपठत् ।	उसले पढ्यो ।	**यूयम् अपठत ।**	तिमीहरूले पढ्यौ ।
तौ अपठताम् ।	तिनी दुईले पढे ।	**अहम् अपठम् ।**	मैले पढें ।
ते अपठन् ।	तिनीहरूले पढे ।	**आवाम् अपठाव ।**	हामी दुईले पढ्यौं ।
त्वम् अपठः ।	तिमीले पढ्यौ ।	**वयम् अपठाम ।**	हामीहरूले पढ्यौं ।
युवाम् अपठतम् ।	तिमी दुईले पढ्यौ ।	**छात्रौ अपठताम्**	दुई छात्रले पढे ।

* हे विद्यार्थी भाइबहिनीहरू हो ! अब के बुझेनौ, नबुझेको भए गुरुलाई सोध्नुहोस् ।

निम्नलिखित उदाहरणहरू पढौं र विचार गरौं -

१. **रामः अगच्छत्** - राम गयो ।
२) **त्वम् अलिखः** - तिमीले लेख्यौ ।
३. **अहम् अपठम्** - मैले पढें ।
४) **ते अक्रीडन्** - तिनीहरूले खेले ।
५. **वयम् अक्रीडाम** - हामीहरूले खेल्यौं ।

अभ्यास

क) नेपालीमा अनुवाद गर्नुहोस्

१. रामः अपिबत् ।
२. त्वम् अलिखः ।
३. अहम् अगच्छम् ।
४. यूयम् अपठत ।
५. ते अक्रीडन् ।
६. आवाम् अपठाव ।
७. तौ अगच्छताम् ।
८. युवाम् अधावतम् ।
९. वयम् अवदाम ।
१०. रामः अहसत् ।

ख) संस्कृतमा अनुवाद गर्नुहोस्

१. सुरेश गयो ।
२. हात्ती आयो ।
३. म खेलें ।
४. तिमीले पढ्यौ ।
५. हामीहरूले खायौं ।
६. हामी दुई रोयौं ।
७. तिनीहरू हाँसे ।
८. तिमी दुईले खेल्यौ ।
९. हामी दुईले पियौं ।
१०. मुकुन्द नाच्यो ।

* संस्कृतजिज्ञासु मित्रहरू तथा विद्यार्थी भाइबहिनीहरू ! तपाईंहरूले पढेका विषयवस्तुहरू राम्रोसँग बुझ्नुभयो अथवा बुझ्नुभएन भन्ने कुरा परीक्षण गर्न अगाडि संपरीक्षण तालिका प्रस्तुत गरिएको छ । उक्त तालिकाका आधारमा तल दिइएका निर्देशनअनुसार सबै वाक्य बनाउने प्रयास गर्नुहोस् । निर्देशनअनुसार सबै वाक्यहरू शुद्ध बनाउन सक्नुभयो भने आफूले राम्रोसँग बुझेर पढेको संज्ञी ढुक्क हुनुहोस् । कहीँ कतै थोरै पनि आफूमा कमी-कमजोरी पाउनुभयो भने पुनः विषयवस्तुको बोध गरी गल्ती सच्याई अगाडि बढ्ने प्रण गर्नुहोस् ।

संपरीक्षण तालिका - ४

	समूह 'क'			समूह 'ख'		
प्रथमपुरुष	सः	तौ	ते	अपठत्	अपठताम्	अपठन्
	रामः	रामौ	रामाः	अक्रीडत्	अक्रीडताम्	अक्रीडन्
	मुकुन्दः	मुकुन्दौ	मुकुन्दाः	अगच्छत्	अगच्छताम्	अगच्छन्
	शिवः	शिवौ	शिवाः	अलिखत्	अलिखताम्	अलिखन्
	विशुद्धः	विशुद्धौ	विशुद्धाः	अभ्रमत्	अभ्रमताम्	अभ्रमन्
मध्यमपुरुष	त्वम्	युवाम्	यूयम्	अपठः	अपठतम्	अपठत
				अक्रीडः	अक्रीडतम्	अक्रीडत
				अगच्छः	अगच्छतम्	अगच्छत
				अलिखः	अलिखतम्	अलिखत
				अभ्रमः	अभ्रमतम्	अभ्रमत
उत्तमपुरुष	अहम्	आवाम्	वयम्	अपठम्	अपठाव	अपठाम
				अक्रीडम्	अक्रीडाव	अक्रीडाम
				अगच्छम्	अगच्छाव	अगच्छाम
				अलिखम्	अलिखाव	अलिखाम
				अभ्रमम्	अभ्रमाव	अभ्रमाम

१. समूह 'क'का कर्तावाचक शब्दहरूसँग समूह 'ख'का मिल्दा क्रियापदवाचक शब्दहरूको प्रयोग गरी वाक्य बनाउनुहोस्। जस्तै - प्रथमपुरुषबाट - सः अपठत् । मध्यमपुरुषबाट - त्वम् अपठः । उत्तमपुरुषबाट - अहम् अपठम् ।

२. प्रथमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाएर ७५ वाक्य बनाउनुहोस् ।

४. मध्यमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाएर १५ वाक्य बनाउनुहोस् ।

५. उत्तमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाएर १५ वाक्य रचना गर्नुहोस् ।

सातौं दिन
सप्तमः दिवसः

शेषाय नमः

संस्कृत भाषा सिक्ने क्रममा आज हामीहरू सातौं दिनमा प्रवेश गर्दैछौं । विगत ६ दिनहरूमा हामीहरूले जे सिक्यौं त्यसलाई धारण गरी व्यवहारमा प्रयोग गर्दै अब सातौं दिनमा आकारान्त रमाशब्दका रूपायन बुझ्ने सम्बन्धमा क्रियापदका भूतकाल अथवा दोस्रो अवस्थाका रूपायनहरूलाई प्रयोग गर्ने विभिन्न विधिहरूसँग परिचित हुँदैछौं । आउनुहोस्, उत्साह र उमङ्गका साथ विषयबोध गर्नेतर्फ अगाडि बढौं ।

नियम - '७ क' शब्दरूपायनसम्बन्धी, (आकारान्त स्त्रीलिङ्ग) रमाशब्द

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
प्रथमा	रमा	रमे	रमाः
द्वितीया	रमाम्	रमे	रमाः
तृतीया	रमया	रमाभ्याम्	रमाभिः
चतुर्थी	रमायै	रमाभ्याम्	रमाभ्यः

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
पञ्चमी	रमायाः	रमाभ्याम्	रमाभ्यः
षष्ठी	रमायाः	रमयोः	रमाणाम्
सप्तमी	रमायाम्	रमयोः	रमासु
सम्बोधन	हे रमे !	हे रमे !!	हे रमाः !!!

× संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! जसरी रामशब्दका रूप तपाईंले कण्ठ गर्नुभयो त्यसरी नै रमाशब्दका रूप पनि कण्ठ गर्नुहोस्। रामशब्द पढेर एक लाख अकारान्त शब्द बुझ्न सकियो भने **रमाशब्द पढेपछि पनि एक लाखभन्दा बढी आकारान्त शब्द बुझ्न सकिन्छ** । कुन शब्दको कहाँ कस्तो रूप हुन्छ र कुन रूपको कहाँ प्रयोग गर्नुपर्छ भनी सिकाउने शास्त्र नै व्याकरण हो । तसर्थ निकै जागरूक भएर भनिएका शब्दहरूका रूपहरू जस्ताका तस्तै कण्ठस्थ गरौं । रमाशब्दका रूप जानेपछि आकारान्त अरू त्यस्तै शब्दका रूपहरू पनि सादृश्यमूलक अनुमानद्वारा नै जान्न सकिनेछ । तसर्थ कराई-कराई एक दिन लगाएर भए पनि एउटा शब्द सिकौं । त्यसैबाट सबैथोक प्राप्त हुनेछ ।

× रमाशब्द जानेपछि जानिने प्रमुख शब्दहरू हुन् - कमला, निर्मला, विमला, यशोदा, गंगा, यमुना, जया, भद्रा, शिवा, ग्रीवा, रीता, अयोध्या आदि आ अन्तमा हुने सम्पूर्ण स्त्रीलिङ्गवाची शब्दहरू । जस्तै -

१.	रमा	रमे	रमाः	.....।	११.	सत्ता	सत्ते	सत्ताः .....।
२.	कमला	कमले	कमलाः	.....।	१२.	उपादेयता	उपादेयते	उपादेयताः .....।
३.	निर्मला	निर्मले	निर्मलाः	.....।	१३.	दीर्घता	दीर्घते	दीर्घताः .....।
४.	सीता	सीते	सीताः	.....।	१४.	क्रिया	क्रिये	क्रियाः .....।
५.	गंगा	गंगे	गंगाः	.....।	१५.	प्रतिक्रिया	प्रतिक्रिये	प्रतिक्रियाः .....।
६.	यशोदा	यशोदे	यशोदाः	.....।	१६.	अयोध्या	अयोध्ये	अयोध्याः .....।
७.	आवश्यकता	आवश्यकते	आवश्यकताः	.....।	१७.	सभ्यता	सभ्यते	सभ्यताः .....।
८.	विधायिका	विधायिके	विधायिकाः	.....।	१८.	लोकसभा	लोकसभे	लोकसभाः .....।

९. न्यायपालिका न्यायपालिके न्यायपालिकाः .....। १९. राज्यसभा राज्यसभे राज्यसभाः .....।
१०. कार्यपालिका कार्यपालिके कार्यपालिकाः .....।

* यी शब्दहरूका रूपायन बुझेपछि जुनसुकै आकारान्त शब्दका रूप चलाउन सक्छौ हैन त ?
* किताब नहेरी प्रत्येक शब्दका २४ वटै रूपायन बोलेर भन्नुहोस् ।
* आजसम्म प्रथमपुरुषको प्रयोग गर्दा – सः, तौ, ते एवं राम, रामौ, रामाः आएका थिए भने अब वाक्यरचनामा रमा, रमे, रमाःजस्ता शब्द पनि थपिने छन् । जस्तै –

वर्तमानकालिक प्रयोग (पाँचौं दिनसम्म पढेका आधारमा)

रामः गच्छति –	राम जान्छ ।	रमा गच्छति –	रमा जान्छिन् ।
सीता नृत्यति –	सीता नाच्छिन् ।	रामौ गच्छतः –	दुई राम जान्छन् ।
रमे गच्छतः –	दुइटी रमा गए ।	सीते नृत्यतः –	दुइटी सीता नाच्छन् ।
मुकुन्दः गच्छति –	मुकुन्द जान्छ ।	नर्मदा आगच्छति –	नर्मदा आउँछिन् ।
त्वं लिखसि –	तिमी लेख्छौ ।	वयं क्रीडामः –	हामीहरू खेल्छौं ।
नर्मदा नृत्यति –	नर्मदा नाच्छिन् ।	ते गच्छन्ति –	तिनीहरू जान्छन् ।

भूतकालिक प्रयोग (छैठौं दिनसम्म पढेका आधारमा)

रामः अगच्छत् –	राम गयो ।	रमा अगच्छत् –	रमा गइन् ।
सीता अनृत्यत् –	सीता नाचिन् ।	शकुन्तला अपठत् –	शकुन्तलाले पढिन् ।
गोविन्दः अपठत् –	गोविन्दले पढ्यो ।	रमा अनृत्यत् –	रमा नाचिन् ।
वयम् अगच्छाम –	हामीहरू गयौं ।	ते आगच्छन् –	तिनीहरू आए ।
शीला अक्रीडत् –	शीला खेलिन् ।	मुकन्दः अहसत् –	मुकुन्द हाँस्यो ।
गोविन्दः अलिखत् –	गोविन्दले लेख्यो ।	हरिहरः अपठत् –	हरिहरले पढ्यो ।

* उपर्युक्त वाक्यजस्ता अरू वाक्यहरू तपाईंहरूले सजिलैसँग बनाउन सक्नु हुन्छ । त्यसमा पनि केही शंका भएमा आफ्ना शिक्षकसँग सोध्नुहोस् ।

अभ्यास

क) नेपालीमा अनुवाद गर्नुहोस्

१. रामः अगच्छत् ।
२. मुकुन्द अनृत्यत् ।
३. विमला अक्रीडत् ।
४. शैलजे अगच्छः ।
५. गोविन्दः आगच्छत् ।
६. गङ्गा अक्रीडत् ।
७. रमा अपठत् ।
८. सीता अगायत् ।
९. त्वम् अलिखः ।
१०. रमा अनृत्यत् ।
११. सुरेशः अनृत्यत् ।
१२. नर्मदा अधावत् ।

ख) संस्कृतमा अनुवाद गर्नुहोस्

१. विमला गई ।
२. म गएँ ।
३. रामले खायो ।
१०. सीताले पढी ।
११. सुरेश आयो ।
१२. तिमी गयौ ।

४. हामीहरूले खेल्यौं ।
५. शीला हाँसी ।
६. तिमीहरू गयौ ।
७. शैलजा नाचिन् ।
८. गोविन्दले पढ्यो ।
९. घोडाहरू गए ।
१३. तिमीहरूले पियौ ।
१४. सीता नाची ।
१५. तिनीहरूले खेले ।
१६. नर्मदा हाँसिन् ।
१७. मुकुन्दले गायो ।
१८. बाँदरहरू आए ।

भूतकालिक नकारात्मक वाक्यरचना

* नकारात्मक वाक्य बनाउँदा क्रियाको अगाडि 'न' थपेमात्र पुग्छ भन्ने कुरा तपाईंहरूले वाक्यरचना नियम ४ बुझिसक्नुभएको छ । उक्त नियमको आधारमा रामः अपठत् (रामले पढ्यो) भूतकालको वाक्यलाई नकारात्मक बनाउँदा कर्ता र भूतकालिक क्रियाको माझमा न राख्दा रामः न अपठत् (रामले पढेन) भन्ने अर्थ हुने वाक्यरचना गरिन्छ । जस्तै –

१. रामः न अगच्छत् – राम गएन ।
२. सीता न अनृत्यत् – सीता नाचिनन् ।
३. अहम् न अपठम् – मैले पढिनँ ।
४. गोविन्दः न अगायत – गोविन्दले गाएन ।
५. ते न अक्रीडन् – तिनीहरू खेलेनन् ।

नकारात्मक वाक्यको संरचना

कर्ता	निषेध.श.	क्रिया
रामः	न	अगच्छत्

अभ्यास

क) नेपालीमा अनुवाद गर्नुहोस्

१. राम न अगच्छत् ।
२. शकुन्तला न अगायत् ।
३. त्वम् न अगच्छः ।
४. वयम् न अलिखाम ।
५. तौ न अक्रीडताम् ।
६. ते अधावन् ।
६. विमला न अनृत्यत् ।
७. सुरेशः न अपठत् ।
८. यूयम् न अक्रीडत ।
९. ते न अवदन् ।
१०. आवाम् न अगच्छाव ।
वयम् अपठाम ।

ख) संस्कृतमा अनुवाद गर्नुहोस्

१. राम गएन ।
२. शकुन्तला नाचिन ।
३. तिनीहरू गएनन् ।
४. ती दुईले गरेनन् ।
५. मैले गाइन ।
६. म हाँसे ।
७. मुकुन्दले पढेन ।
८. तिमीहरूले पढेनौं ।
९. किसानहरू आएनन् ।
१०. बालिकाहरू नाचेनन् ।
११. ती दुईले खेलेनन् ।
१२. तिमी रोयौ ।

* संस्कृतजिज्ञासु मित्रहरू तथा विद्यार्थी भाइबहिनीहरू ! तपाईंहरूले पढेका विषयवस्तुहरू राम्रोसँग बुझ्नुभयो अथवा बुझ्नुभएन भन्ने कुरा परीक्षण गर्न अगाडि संपरीक्षण तालिका प्रस्तुत गरिएको छ । उक्त तालिकाका आधारमा तल दिइएका निर्देशनअनुसार सबै वाक्य बनाउने प्रयास गर्नुहोस् । निर्देशनअनुसार सबै वाक्यहरू शुद्ध बनाउन सक्नुभयो भने आफूले राम्रोसँग बुझेर पढेको संझी ढुक्क हुनुहोस् । कहीँ कतै थोरै पनि आफूमा कमी-कमजोरी पाउनुभयो भने पुनः विषयवस्तुको बोध गरी गल्ती सच्याई अगाडि बढ्ने प्रण गर्नुहोस् ।

संपरीक्षण तालिका - ५

	समूह 'क'			समूह 'ख'	समूह 'ग'		
प्रथमपुरुष	सः	तौ	तें	न	अपठत्	अपठताम्	अपठन्
	रामः	रामौ	रामाः		अक्रीडत्	अक्रीडताम्	अक्रीडन्
	रमा	रमे	रमाः		अगच्छत्	अगच्छताम्	अगच्छन्
	बालिका	बालिके	बालिकाः		अलिखत्	अलिखताम्	अलिखन्
	सीता	सीते	सीताः		अभ्रमत्	अभ्रमताम्	अभ्रमन्
मध्यमपुरुष	त्वम्	युवाम्	यूयम्		अपठः	अपठतम्	अपठत
					अक्रीडः	अक्रीडतम्	अक्रीडत
					अगच्छः	अगच्छतम्	अगच्छत
					अलिखः	अलिखतम्	अलिखत
					अभ्रमः	अभ्रमतम्	अभ्रमत
उत्तमपुरुष	अहम्	आवाम्	वयम्		अपठम्	अपठाव	अपठाम
					अक्रीडम्	अक्रीडाव	अक्रीडाम
					अगच्छम्	अगच्छाव	अगच्छाम
					अलिखम्	अलिखाव	अलिखाम
					अभ्रमम्	अभ्रमाव	अभ्रमाम

१. समूह 'क'का कर्तावाचक शब्दहरूसँग समूह 'ख'का मिल्दा क्रियापदवाचक शब्दहरूको प्रयोग गरी दुवैको बीचमा 'न' राखेर नकारात्मक वाक्य बनाउनुहोस् । जस्तै - प्रथमपुरुषबाट - सः न अपठत् । मध्यमपुरुषबाट - त्वम् न अपठः । उत्तमपुरुषबाट - अहम् न अपठम् ।

२. प्रथमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाई बीचमा न राखी ७५ वाक्य बनाउनुहोस् ।

३. मध्यमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाई बीचमा न राखी १५ वाक्य बनाउनुहोस् ।

४. उत्तमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाई बीचमा न राखी १५ वाक्य रचना गर्नुहोस् ।

* संस्कृतजिज्ञासु मित्रहरू तथा विद्यार्थी भाइबहिनीहरू ! स्त्रीलिङ्गी सर्वनामका ठाउँमा प्रयुक्त हुने सर्वशब्द पनि रमाशब्द जस्तैजस्तै हो । संस्कृतका वाक्य रचना गर्दा यसका रूपायनको आवश्यकता हुन्छ । त्यस्ता आवश्यक शब्दका रूपायन नजानीकन किन बस्ने ? आउनुहोस्, सर्वाशब्दका रूपायन पढौं । परिश्रम गरे नबुझिने के छ ?

नियम - '७ ख' शब्दरूपायनसम्बन्धी (आकारान्त स्त्रीलिङ्ग) सर्वाशब्द-

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
प्रथमा	सर्वा	सर्वे	सर्वाः
द्वितीया	सर्वाम्	सर्वे	सर्वाः
तृतीया	सर्वया	सर्वाभ्याम्	सर्वाभिः
चतुर्थी	सर्वस्यै	सर्वाभ्याम्	सर्वाभ्यः

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
पञ्चमी	सर्वस्याः	सर्वाभ्याम्	सर्वाभ्यः
षष्ठी	सर्वस्याः	सर्वयोः	सर्वासाम्
सप्तमी	सर्वस्याम्	सर्वयोः	सर्वासु
सम्बोधन	हे सर्वे	हे सर्वे	हे सर्वाः

रमा आदि आकारान्त शब्द र सर्वाशब्दका रूपायनको संरचनागत भिन्नता

विभक्ति	भिन्नता	रमा	सर्वा
चतुर्थी	एकवचन	रमायै	सर्वस्यै
पञ्चमी	एकवचन	रमायाः	सर्वस्याः
षष्ठी	एकवचन	रमायाः	सर्वस्याः
षष्ठी	बहुवचन	रमाणाम्	सर्वासाम्
सप्तमी	एकवचन	रमायाम्	सर्वस्याम्

निष्कर्षः - रमाशब्दको रूपायन र सर्वाशब्दको रूपायनबोधक संरचनागत भिन्नताको तालिकाबाट रमाशब्द र सर्वाशब्दको रूपायनमा चतुर्थीको एकवचन, पञ्चमीको एकवचन, षष्ठीको एकवचन, षष्ठीको बहुवचन र सप्तमीको एकवचन गरी पाँच ठाउँमा भिन्नता रहेको छ । त्यसलाई माथिको संरचनागत भिन्नताको तालिकाबाट बुझ्न सकिन्छ। नबुझेको भए अझ प्रयास गर्नुहोस् । यो बुझेपछि तपाईलाई वाक्यनिर्माणमा निकै सघाउ पुग्नेछ ।

भूतकालिक प्रश्नवाचक वाक्यरचना

* वाक्यमा आरम्भमा अपिशब्द राखेपछि कुनै पनि वाक्यलाई प्रश्नवाचक बनाउन सकिन्छ भन्ने कुरा तपाईले वाक्यरचना नियम ५ बुझिसक्नुभएको छ । भूतकाल अर्थात् दोस्रो अवस्था का वाक्यलाई प्रश्नवाचक कसरी बनाउने भन्ने कुरा पनि उदाहरणसहित बुझौं । नियम त वर्तमानकाल अथवा प्रथम अवस्था कै हो । तापनि तपाईंहरूलाई अझै राम्रोसँग बझाउन उदाहरणसहित सम्झाइएको छ, हेरौं ।

	साधारण वाक्य		प्रश्नवाचक वाक्य	
१.	रामः अगच्छत् -	राम गयो ।	अपि रामः अगच्छत् ? -	के राम गयो ?
२.	विमला अनृत्यत् -	विमला नाची ।	अपि विमला अनृत्यत् ? -	के विमला नाची ?
३.	रामः न अगच्छत् -	राम गएन ।	अपि रामः न अगच्छत् ? -	के राम गएन ?
४.	विमला न अनृत्यत् -	विमला नाचीन ।	अपि विमला न अनृत्यत् ?-	के विमला नाचीन ?

क) प्रश्नवाचक वाक्यको संरचना

अपि	कर्ता	क्रिया	प्रश्नसू.
अपि	रामः	अगच्छत्	?

ख) प्रश्नवाचक वाक्यको संरचना

कर्ता	किम्/कदा/कुत्र	क्रिया	प्रश्नसू.
रामः	किम् / कदा / कुत्र	अगच्छत्	?

अभ्यास

क) नेपालीमा अनुवाद गर्नुहोस्

१. विमला अगच्छत् ।
२. सीता अखादत् ।
३. अहम् अक्रीडम् ।
४. यूयम् अगच्छत ।
५. वयम् अपठाम ।

ख) तलका वाक्यहरूलाई नकारात्मक बनाउनुहोस्

१. कमला अगच्छत् ।
२. गीता अखादत् ।
३. अहम् अक्रीडम् ।
४. यूयम् अगच्छत ।
५. वयम् अपठाम ।

ग) तलका वाक्यहरूलाई प्रश्नवाचक बनाउनुहोस्

१. रामः अक्रीडत् ।
२. अहम् अगच्छम् ।
३. त्वम् अपठः ।
४. तौ अक्रीडताम् ।
५. युवाम् अखादतम् ।
६. वयम् अपठाम ।
७. स अभ्रमत् ।
८. सीता अहसत् ।
९. कल्पना अजिघ्रत् ।
१०. मनसा अनृत्यत् ।

घ) नेपालीमा अनुवाद गर्नुहोस्

१. अपि रामः अपठत ?
२. वयम् कुत्र अगच्छाम ?
३. अपि यूयम् अपठत् ?
४. अपि विमला न नृत्यत् ?
५. गोविन्दः किम् अलिखत् ?

ङ) संस्कृतमा अनुवाद गर्नुहोस्

१. विमलाले पढिन् ।
२. के तिमी गयौ ?
३. हामीहरूले गायौं ।
४. के सुरेशले खायो ?
५. के शैलजा नाची ?
६. उमेश गएन ।
७. मुकुन्द आएन ।
८. के शकुन्तलाले गाइन् ?
९. हरिहर गएन ?
१०. शीला नाचिन ।

समीक्षा

* सातौं दिनसम्म तपाईंहरूले के पढ्नुभयो र यस पुस्तकले के सिकायो ? त्यसको समीक्षा गरौं –

१. के तपाईंहरू आकारान्त सबै शब्दका रूप चलाउन सक्ने हुनुभयो ? आफूले आफैलाई सोध्नुहोस् ।
२. तपाईं त्यसो गर्न सक्नु हुन्न भने किन सक्नु हुन्न ? त्यो दुर्बल पक्ष पत्ता लगाउनुहोस् ।
३. सीतया, सीताभ्याम्, सीताभिः, कुन विभक्तिका रूपहरू हुन् ? नेपालीमा यिनीहरूको अर्थ के हुन्छ ?
४. पुस्तिकायाः, पुस्तिकयोः, पुस्तिकानाम् – कुन विभक्तिका हुन् र अर्थ के हो ? राम्रोसँग बुझेर उत्तर दिनुहोस् ।
५. नर्मदा, विमला, राधा, श्यामाशब्दका सप्तमीका रूप लेख्नुहोस् ।
६. अक्रीडत्, अक्रीडताम्, अक्रीडन् – प्रथमपुरुषका रूपहरू हुन् भने उत्तमपुरुषका रूपहरू के हुन् ?
७. लङ्लकारका रूपहरू बनाउँदा धातुमा अगाडि र पछाडि के के प्रत्ययहरू जोडिन्छन् ?

८. एउटा रूप राम्रोसँग बुझेपछि अरू शब्द रूप र धातुरूप जान्न सकिन्छ कि सकिंदैन ? चार वटा वाक्यमा भन्नुहोस्।

९. अहम् अलिखत् - किन भएन ? साथीलाई सम्झाउनुहोस् ।

१०. आकारान्त गङ्गाशब्द र सर्वाशब्दको भिन्नता बताउनुहोस् ।

सूचना - **अंग्रेजी भाषामा भूतकालका Past, Past Perfect** जस्ता अनेक भेद हुन्छन् । यिनलाई बुझ्न विद्यार्थीलाई निकै गाह्रो हुन्छ । संस्कृतको भूतकाल बुझ्न भने एउटा लङ्लकार अर्थात् दोस्रो अवस्था बुझे पुग्छ । लौ छातीमा हात राखेर भन्नुहोस् त संस्कृत अप्ठ्यारो कि अंग्रेजी अप्ठ्यारो ?

* संस्कृतजिज्ञासु मित्रहरू तथा विद्यार्थी भाइबहिनीहरू ! तपाईंहरूले पढेका विषयवस्तुहरू राम्रोसँग बुझ्नुभयो अथवा बुझ्नुभएन भन्ने कुरा परीक्षण गर्न अगाडि संपरीक्षण तालिका प्रस्तुत गरिएको छ । उक्त तालिकाका आधारमा तल दिइएका निर्देशनअनुसार सबै वाक्य बनाउने प्रयास गर्नुहोस् । निर्देशनअनुसार सबै वाक्यहरू शुद्ध बनाउन सक्नुभयो भने आफूले राम्रोसँग बुझेर पढेको संझी ढुक्क हुनुहोस् । कहीँ कतै थोरै पनि आफूमा कमी-कमजोरी पाउनुभयो भने पुनः विषयवस्तुको बोध गरी गल्ती सच्याई अगाडि बढ्ने प्रण गर्नुहोस् ।

संपरीक्षण तालिका - ६

	समूह 'क'	समूह 'ख'			समूह 'ग'	समूह 'घ'		
प्रथमपुरुष	अपि	सः	तौ	ते	न	अपठत्	अपठताम्	अपठन्
		रामः	रामौ	रामाः		अक्रीडत्	अक्रीडताम्	अक्रीडन्
		रमा	रमे	रमाः		अगच्छत्	अगच्छताम्	अगच्छन्
		बालिका	बालिके	बालिकाः		अलिखत्	अलिखताम्	अलिखन्
		सीता	सीते	सीताः		अभ्रमत्	अभ्रमताम्	अभ्रमन्
मध्यमपुरुष		त्वम्	युवाम्	यूयम्		अपठः	अपठतम्	अपठत
						अक्रीडः	अक्रीडतम्	अक्रीडत
						अगच्छः	अगच्छतम्	अगच्छत
						अलिखः	अलिखतम्	अलिखत
						अभ्रमः	अभ्रमतम्	अभ्रमत
उत्तमपुरुष		अहम्	आवाम्	वयम्		अपठम्	अपठाव	अपठाम
						अक्रीडम्	अक्रीडाव	अक्रीडाम
						अगच्छम्	अगच्छाव	अगच्छाम
						अलिखम्	अलिखाव	अलिखाम
						अभ्रमम्	अभ्रमाव	अभ्रमाम

१. समूह 'क'को अपिशब्द सुरुमा राखी समूह 'ख'को कर्तावाचक शब्दसँग समूह 'घ'का मिल्दा क्रियापदवाचक शब्दहरूको प्रयोग गरी प्रश्नवाचक वाक्य बनाउनुहोस् । जस्तै - प्रथमपुरुषबाट - अपि सः अपठत् ? मध्यमपुरुषबाट- अपि त्वम् अपठः ? उत्तमपुरुषबाट - अपि अहम् अपठम् ?

२. प्रथमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाई बीचमा समूह 'ग' प्रयोग गरी बनेको नकारात्मक वाक्यको सुरुमा समूह 'क' प्रयोग गरी ७५ निषेधमूलक प्रश्नवाचक वाक्य बनाउनुहोस् ।

३. मध्यमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाई बीचमा समूह 'ग' प्रयोग गरी बनेको नकारात्मक वाक्यको सुरुमा समूह 'क' प्रयोग गरी १५ निषेधमूलक प्रश्नवाचक वाक्य बनाउनुहोस् ।

४. उत्तमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाई बीचमा समूह 'ग' प्रयोग गरी बनेको नकारात्मक वाक्यको सुरुमा समूह 'क' प्रयोग गरी १५ निषेधमूलक प्रश्नवाचक वाक्य बनाउनुहोस् ।

५. समूह 'ग' को प्रयोग नगरी तीनै पुरुषबाट प्रश्नवाचक वाक्य बनाउनुहोस् ।

अतिरिक्त ज्ञान

संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! झट्ट हेर्दा रमाशब्दजस्तै देखिनाले स्त्रीलिङ्गी शब्द हो कि जस्तो लाग्ने पुंलिङ्गी आकारान्त विश्वपाजस्ता केही शब्दहरू छन् । तिनीहरूको रूपायनको सामान्य जानकारी राखिराखौं । पछि संस्कृत बुझ्न सजिलो हुनेछ ।

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
प्रथमा	विश्वपा	विश्वपौ	विश्वपाः
द्वितीया	विश्वपाम्	विश्वपौ	विश्वपः
तृतीया	विश्वपा	विश्वपाभ्याम्	विश्वपाभिः
चतुर्थी	विश्वपे	विश्वपाभ्याम्	विश्वपाभ्यः

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
पञ्चमी	विश्वपः	विश्वपाभ्याम्	विश्वपाभ्यः
षष्ठी	विश्वपः	विश्वपोः	विश्वपाम्
सप्तमी	विश्वपि	विश्वपोः	विश्वपासु
सम्बोधन	हे विश्वपा !	हे विश्वपौ !	हे विश्वपाः !

यसैगरी सोमपा (सोमरस पान गर्ने व्यक्ति), धूम्रपा (चुरोट, तमाखु खाने व्यक्ति), गोपा (गाईको रक्षक), शंखध्मा (शंख बजाउने व्यक्ति), बलदा (बल दिने व्यक्ति) जस्ता शब्दका रूपायन पनि विश्वपाजस्तै बुझ्नुपर्दछ । यस्तै केही भिन्नता भएको **हाहा**शब्द रहेका छ ।

हाहाशब्दको रूपायन

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
प्रथमा	हाहा	हाहौ	हाहाः
द्वितीया	हाहाम्	हाहौ	हाहान्
तृतीया	हाहा	हाहाभ्याम्	हाहाभिः
चतुर्थी	हाहै	हाहाभ्याम्	हाहाभ्यः

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
पञ्चमी	हाहाः	हाहाभ्याम्	हाहाभ्यः
षष्ठी	हाहाः	हाहोः	हाहाम्
सप्तमी	हाहे	हाहौ	हाहासु
सम्बोधन	हे हाहा !	हे हाहौ !	हे हाहाः !

कसैको पुलिङ्ग आकारान्त नाम भयो भने, नाम र गाउँको कुनै व्युत्पत्ति नहुनाले ती रूढ मानिन्छन् । तिनीहरूको रूपायन पनि हाहाजस्तै हुन्छ । जस्तै – दाजुलाई दादा भनेर सम्बोधन गरिन्छ । दादाको रूपायन निर्धक्क भएर हाहा जस्तै बनाउन सकिन्छ ।

ॐ

आठौं दिन
अष्टमः दिवसः

शेषाय नमः

संस्कृतजिज्ञासु मित्रहरू तथा विद्यार्थी भाइबहिनीहरू ! तपाईंहरू अवश्य पनि संस्कृतज्ञ बन्ने दृढ धारणासहित अगाडि बढ्नुभएको छ । म पनि पाणिनि, कात्यायन र पतञ्जलिकै उपदेशअनुसार संस्कृत भाषालाई सरल तरिकाले बुझाउन सकियोस् भनेर लागिरहेको छु । विद्यार्थी भाइ हो ! अंग्रेजी आदि अरू संस्कृतेतर भाषा सिक्ने चाहना गर्दा कर्ता, कर्म र क्रिया आदिका ज्ञापक प्रत्येक शब्दलाई छुट्टाछुट्टै पढ्नुपर्ने हुन्छ । परन्तु नेपाली मातृभाषा भएका हाम्रा लागि नेपाली भाषाका ९० प्रतिशत शब्दहरूमा विभक्ति लगाउन जाने मात्र संस्कृत भाषाका वाक्यनिर्माण गर्न सकिन्छ, संस्कृतमा बोल्न सकिन्छ र संस्कृत लेख्न सकिन्छ । तसर्थ हाम्रा लागि अरू कुनै भाषा सिक्नुभन्दा संस्कृत सिक्नु ज्यादै सजिलो र उपयोगी पनि हुनेछ । रामशब्दको रूपप्रक्रिया बुझेपछि सामाजिक, आर्थिक, राजनीतिक, पारिवारिक, संसदीय आदि नेपाली र संस्कृतमा समानरूपमा प्रयोग गरिने शब्दहरूको रूपायन बुझ्न नसकिने कुरै हुँदैन । संस्कृतमा 'रामको' भन्ने अर्थ बुझाउन 'स्य' विभक्ति थपे पुग्छ नेपालीमा 'स्य'को ठाउँमा 'को' थपे पुग्छ । मूल रामशब्द दुवैको एउटै हो। यहाँ अन्तर केवल विभक्तिमा देखिएको छ । संस्कृतका विभक्तिहरू बुझेपछि तपाईंहरूले नेपालीभाषाका अकारान्त ९० प्रतिशत शब्दहरूको स्वरूप सजिलै बुझ्न सक्नुहुन्छ । यसैगरी आकारान्त रमाशब्दको रूप बुझेपछि कार्यपालिका, न्यायपालिका, व्यवस्थापिका आदि शब्दहरूको रूपायन बुझ्न सकिन्छ । संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! यस पुस्तकमा बताएका नियमहरूको पालन गर्नुहोस्, मिहिनेत गर्नुहोस् र मनन गर्ने आलस्य नगर्नुहोस्, तपाईं पक्का संस्कृतज्ञ हुनुहुनेछ यसमा शंका छैन ।

भविष्यत्कालिक अर्थात् तेस्रो अवस्थाका वाक्यहरूको निर्माण

* आठौं दिनको हाम्रो विषयवस्तु भनेको भविष्यत्काल अर्थात् तृतीय अवस्थाका वाक्य कसरी बनाउने ? कसरी प्रयोग गर्ने ? कसरी निर्धक्क भएर बोल्ने जस्ता प्रश्नहरूको उत्तर पाउन पतञ्जलि आदि मुनिहरूले बताउनुभएको विधिअनुसार वाक्यनिर्माण प्रक्रियाबारे विचार गर्नु नै हो । आउनुहोस् त्यतातर्फ अगाडि बढौं ।
* संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! नेपालीभाषामा भविष्यत्कालका वाक्यहरूको स्वरूप हेरौं, विचार गरौं र तदनुसार संस्कृतको वाक्य निर्माण-प्रक्रियामा अगाडि बढौं – नेपालीभाषामा राम जानेछ, गीताले गाउनेछिन्, मुकुन्द काठमाडौं जानेछ जस्ता भविष्यत्कालिक वाक्यहरूको प्रयोग हुन्छ भने अंग्रेजी भाषामा Ram will go, Sita will sing. I shall go, You will go यस शैलीमा वाक्य निर्माण गरिन्छ ।
* अब नेपाली र अंग्रेजीका वाक्यहरूको बनोट हेरेपछि संस्कृतका वाक्य कसरी बन्छन् त ? हेरौं – जसरी वर्तमानकालका बोधक क्रियापद लगाएर वर्तमान काल बुझाउने वाक्यहरू बने, भूतकालका क्रियापद लगाएर भूतकालमा भएको कार्यलाई बुझाउने वाक्यहरू बने, त्यसरी नै भविष्यत्काल बुझाउने क्रियापदहरूको प्रयोगबाट भविष्यत्कालिक वाक्य बनाउन सकिनेछ । तसर्थ सर्वप्रथम भविष्यत्कालका क्रियापद के हुन् ? कस्ता छन् ? धातुमा के जोड्दा भविष्यत्कालको क्रिया तयार हुन्छ ? यी सबै कुरा हेरौं, पढौं, मनन गरौं अनि प्रयोग गरौं ।

* भविष्यत्काल बोधक क्रियापदको रचना गर्न, तदनुसार प्रश्नोत्तर गर्न, संवाद गर्न र विचार व्यक्त गर्न समेत सजिलो होस् भनेर यस पुस्तकमा भविष्यत्काल तृतीय अवस्थाका लागि लृट्लकारमात्र बताइएको छ ।

१. **पठ् (पढ्नु) धातु To read (लृट्लकार अथवा तेस्रो अवस्था) को रूपायन**

पुरुष	एकवचन	द्विवचन	बहुवचन
प्रथमपुरुष	पठिष्यति	पठिष्यतः	पठिष्यन्ति
मध्यमपुरुष	पठिष्यसि	पठिष्यथः	पठिष्यथ
उत्तमपुरुष	पठिष्यामि	पठिष्यावः	पठिष्यामः

* पठ्धातुका उक्त रूप कण्ठ गरौं । धातुका रूपहरूलाई रटेर भए पनि जस्ताको तस्तै कण्ठस्थ गर्नुपर्दछ । जानु अर्थ बताउने गम् धातुको रूपायन पनि पठ् धातुको रूपायनजस्तै हुन्छ -

२. **गम् (जानु) धातु To go (लृट्लकार अथवा तेस्रो अवस्था) को रूपायन**

पुरुष	एकवचन	द्विवचन	बहुवचन
प्रथमपुरुष	गमिष्यति	गमिष्यतः	गमिष्यन्ति
मध्यमपुरुष	गमिष्यसि	गमिष्यथः	गमिष्यथ
उत्तमपुरुष	गमिष्यामि	गमिष्यावः	गमिष्यामः

* आउनुहोस्, माथि बताइएको धातुका उक्त ९ रूप कसरी बन्छन्, त्यो बुझौं । बुझ्न केही अप्ठ्यारो छैन । शुद्ध धातु 'गम्' हो, त्यसमा भविष्यत्काल तृतीय अवस्थाको अर्थ बुझाउन निम्नअनुसारका प्रत्यय जोडिएका छन् -

पहिलो पङ्क्ति (प्रथमपुरुष) मा क्रमशः-	इष्यति	इष्यतः	इष्यन्ति
दोस्रो पङ्क्ति(मध्यमपुरुष) मा " -	इष्यसि	इष्यथः	इष्यथ
तेस्रो पङ्क्ति (उत्तमपुरुष) मा " -	इष्यामि	इष्यावः	इष्यामः

नियम - '८ अ' क्रियापदरूपायनसम्बन्धी

कुनै पनि धातुका अन्तमा इष्यति, इष्यतः, इष्यन्ति, इष्यसि, इष्यथः, इष्यथ, इष्यामि, इष्यावः इष्यामः जोड्नुभयो भने भविष्यत्कालका बोधक क्रियापदका रूपहरू तयार हुन्छन् । जस्तै-

गम् + इष्यति = गमिष्यति गम् + इष्यसि = गमिष्यसि गम् + इष्यामि = गमिष्यामि

* इष्यति आदि प्रत्यय जोडिदिएपछि भविष्यत्कालका अर्थात् तृतीय अवस्थाका ९ रूप तयार भए । तपाईंहरूले हेर्नुहोस्, यसमा कुनै त्रुटि त छैन ?

धातु एवं प्रत्ययको सङ्गति

विभक्ति	धातु		प्रत्यय		निष्पन्न रूप
प्रथमपुरुष, एकवचन	पठ्	+	इष्यति	=	पठिष्यति
प्रथमपुरुष, द्विवचन	पठ्	+	इष्यतः	=	पठिष्यतः

प्रथमपुरुष, बहुवचन	पठ्	+	इष्यन्ति	=	पठिष्यन्ति
मध्यमपुरुष, एकवचन	पठ्	+	इष्यसि	=	पठिष्यसि
मध्यमपुरुष, द्विवचन	पठ्	+	इष्यथः	=	पठिष्यथः
मध्यमपुरुष, बहुवचन	पठ्	+	इष्यथ	=	पठिष्यथ
उत्तमपुरुष, एकवचन	पठ्	+	इष्यामि	=	पठिष्यामि
उत्तमपुरुष, द्विवचन	पठ्	+	इष्यावः	=	पठिष्यावः
उत्तमपुरुष, बहुवचन	पठ्	+	इष्यामः	=	पठिष्यामः

* लट्लकारको प्रसङ्गमा बताइएका १९ वटै धातुका लृट्लकारका क्रियापदको विषयमा जानकारी प्राप्त गरौं –

३.	लिख्	लेखिष्यति	लेखिष्यतः	लेखिष्यन्ति
		लेखिष्यसि	लेखिष्यथः	लेखिष्यथ
		लेखिष्यामि	लेखिष्यावः	लेखिष्यामः
४.	क्रीड्	क्रीडिष्यति	क्रीडिष्यतः	क्रीडिष्यन्ति
		क्रीडिष्यसि	क्रीडिष्यथः	क्रीडिष्यथ
		क्रीडिष्यामि	क्रीडिष्यावः	क्रीडिष्यामः
५.	आगम्	आगमिष्यति	आगमिष्यतः	आगमिष्यन्ति
		आगमिष्यसि	आगमिष्यथः	आगमिष्यथ
		आगमिष्यामि	आगमिष्यावः	आगमिष्यामः
६.	वद्	वदिष्यति	वदिष्यतः	वदिष्यन्ति
		वदिष्यसि	वदिष्यथः	वदिष्यथ
		वदिष्यामि	वदिष्यावः	वदिष्यामः
७.	हस्	हसिष्यति	हसिष्यतः	हसिष्यन्ति
		हसिष्यसि	हसिष्यथः	हसिष्यथ
		हसिष्यामि	हसिष्यावः	हसिष्यामः
८.	क्रन्द्	क्रन्दिष्यति	क्रन्दिष्यतः	क्रन्दिष्यन्ति
		क्रन्दिष्यसि	क्रन्दिष्यथः	क्रन्दिष्यथ
		क्रन्दिष्यामि	क्रन्दिष्यावः	क्रन्दिष्यामः
९.	धाव्	धाविष्यति	धाविष्यतः	धाविष्यन्ति
		धाविष्यसि	धाविष्यथः	धाविष्यथ
		धाविष्यामि	धाविष्यावः	धाविष्यामः
१०.	नृत् (नर्त्)	नर्तिष्यति	नर्तिष्यतः	नर्तिष्यन्ति
		नर्तिष्यसि	नर्तिष्यथः	नर्तिष्यथ
		नर्तिष्यामि	नर्तिष्यावः	नर्तिष्यामः
११.	भव् (भू)	भविष्यति	भविष्यतः	भविष्यन्ति
		भविष्यसि	भविष्यथः	भविष्यथ
		भविष्यामि	भविष्यावः	भविष्यामः

१२.	चल्	चलिष्यति	चलिष्यतः	चलिष्यन्ति
		चलिष्यसि	चलिष्यथः	चलिष्यथ
		चलिष्यामि	चलिष्यावः	चलिष्यामः
१३.	खाद्	खादिष्यति	खादिष्यतः	खादिष्यन्ति
		खादिष्यसि	खादिष्यथः	खादिष्यथ
		खादिष्यामि	खादिष्यावः	खादिष्यामः
१४.	निन्द्	निन्दिष्यति	निन्दिष्यतः	निन्दिष्यन्ति
		निन्दिष्यसि	निन्दिष्यथः	निन्दिष्यथ
		निन्दिष्यामि	निन्दिष्यावः	निन्दिष्यामः
१५.	नन्द्	नन्दिष्यति	नन्दिष्यतः	नन्दिष्यन्ति
		नन्दिष्यसि	नन्दिष्यथः	नन्दिष्यथ
		नन्दिष्यामि	नन्दिष्यावः	नन्दिष्यामः
१६.	कृ-कर् (गर्नु)	करिष्यति	करिष्यतः	करिष्यन्ति
		करिष्यसि	करिष्यथः	करिष्यथ
		करिष्यामि	करिष्यावः	करिष्यामः
१७	स्था	स्थास्यति	स्थास्यतः	स्थास्यन्ति
		स्थास्यसि	स्थास्यथः	स्थास्यथ
		स्थास्यामि	स्थास्यावः	स्थास्यामः
१८.	पा	पास्यति	पास्यतः	पास्यन्ति
		पास्यसि	पास्यथः	पास्यथ
		पास्यामि	पास्यावः	पास्यामः
१९.	गा	गास्यति	गास्यतः	गास्यन्ति
		गास्यसि	गास्यथः	गास्यथ
		गास्यामि	गास्यावः	गास्यामः

नोट – १७, १८ र १९ सङ्ख्यामा रहेका धातुहरू अनिट् मानिएका छन् । यिनको रूपायन अरूको भन्दा केही फरक छ । यी धातुहरू आकारान्त भएकाले व्याकरणशास्त्रमा यिनका लागि केही छुट्टै नियम छन् । तदनुसार यिनमा इष्यति आदि प्रत्ययको सट्टा स्यति आदि प्रत्यय जोडिन्छन् । जस्तै –

स्यति स्यतः स्यन्ति स्यसि स्यथः स्थ स्यामि स्यावः स्यामः

अहिले यत्तिमात्र बुझौं ।

* अब त मेरा मित्रहरू र विद्यार्थी भाइहरूले भविष्यत्कालका क्रियापद कस्ता हुन्छन् भन्ने कुरा बुझ्नु भयो होला । आउनुहोस्, तिनै क्रियापदको प्रयोग गरेर वाक्यनिर्माण गरौं ।

नियम - '२ इ' वाक्यरचनासम्बन्धी

कर्ता र क्रियाको सङ्गति

१	२	३
सः	तौ	ते
१	२	३
पठिष्यति	पठिष्यतः	पठिष्यन्ति

४	५	६
त्वम्	युवाम्	यूयम्
४	५	६
पठिष्यसि	पठिष्यथः	पठिष्यथ

७	८	९
अहम्	आवाम्	वयम्
७	८	९
पठिष्यामि	पठिष्यावः	पठिष्यामः

× माथि सुबन्त र तिङन्तका नौ-नौ रूप दिइएका छन् । तीमध्ये १ ले अङ्कित कर्तालाई १ सङ्ख्याले अंकित क्रियासँग जोड्नुहोस् । यसैगरी २ लाई २ सँग, ३ लाई ३ सँग, ४ लाई ४ सँग, ५ लाई ५ सँग, ६ लाई ६ सँग, ७ लाई ७ सँग, ८ लाई ८ सँग र ९ लाई ९ सँग जोड्नुपर्छ । जोडिसकेपछि तपाईंहरू सामु ९ वटा स-साना वाक्यहरू तयार हुनेछन् । क्रम बिगारियो (अर्थात् १ सँग २, ३ सँग १ आदि गरियो) भने अर्थको अनर्थ हुन्छ, वाक्य बिग्रन्छ र त्यो अशुद्ध हुन्छ । यसलाई उदाहरणबाट यसरी बुझ्न सकिन्छ -

सः पठिष्यति -	ऊ पढ्ने छ ।	**तौ पठिष्यथः -**	ती दुई पढ्नेछन् ।
ते पठिष्यन्ति -	तिनीहरू पढ्नेछन् ।	**त्वम् पठिष्यसि -**	तिमी पढ्नेछौ ।
युवाम् पठिष्यथः -	तिमी दुई पढ्नेछौ ।	**यूयम् पठिष्यथ -**	तिमीहरू पढ्नेछौ ।
अहम् पठिष्यामि -	म पढ्नेछु ।	**आवाम् पठिष्यावः -**	हामी दुई पढ्नेछौं ।
वयम् पठिष्यामः -	हामीहरू पढ्नेछौं ।		

× स, तौ, ते का ठाउँमा, रामः, रामौ, रामाः, रमा, रमे, रमाः आदि पनि कर्तापद हुनसक्छन् । यी कुराको ज्ञान गरेपछि संस्कृत जानिने हुँदा म पटक पटक यिनै कुरा दोहोऱ्याइरहेको छु । तसर्थ अहिले विद्यार्थीहरूको ज्ञानलाई दृढ बनाउन सः, तौ, ते आदिको प्रयोग बताउँदैछु ।

केही उदाहरणहरू -

× भविष्यत्काल अर्थात् तेस्रो अवस्थाका बोधक वाक्यहरूको रचना गर्ने अभ्यासकै क्रममा तलका वाक्यहरूलाई ध्यान दिएर पढौं र विचार गरौं ।

विमला गमिष्यति -	विमला जानेछिन् ।	**अहम् पठिष्यामि -**	म पढ्नेछु ।
त्वम् क्रीडिष्यसि -	तिमी खेल्ने छौ ।	**रामः पठिष्यति -**	राम पढ्नेछ ।
जनार्दनः आगमिष्यति -	जनार्दन आउनेछ ।	**छात्रौ पठिष्यतः -**	दुई छात्र पढ्नेछन् ।
युवाम् पठिष्यथः -	तिमी दुई पढ्ने छौ ।	**ते गमिष्यन्ति -**	तिनीहरू जानेछन् ।

अभ्यास

क) नेपालीमा अनुवाद गर्नुहोस्

१.	रामः पठिष्यति ।	२.	अहम् गमिष्यामि ।
३.	ते क्रीडिष्यन्ति ।	४.	यूयम् गमिष्यथ ।
५.	विमला नर्तिष्यति ।	६.	सुरेशः गास्यति ।
७.	निर्मलः क्रन्दिष्यति ।	८.	वयम् क्रीडिष्यामः ।
९.	यूयम् चलिष्यथ ।	१०.	तौ आगमिष्यतः ।

क) संस्कृतमा अनुवाद गर्नुहोस्

१. दिनेश जानेछ ।
२. मुकुन्द हास्नेछ ।
३. शीला उठ्नेछिन् ।
४. दिनेश जानेछ ।
५. तिमी जानेछौ ।
६. हरिहरले लेख्ने छ ।
७. तिमीहरूले पढ्ने छौ ।
८. तिमीहरूले गाउनेछन् ।
९. तिमीहरूले खाने छौ ।
१०. निर्मल नाच्नेछ ।

* संस्कृतजिज्ञासु मित्रहरू तथा विद्यार्थी भाइबहिनीहरू ! तपाईहरूले पढेका विषयवस्तुहरू राम्रोसँग बुझ्नुभयो अथवा बुझ्नुभएन भन्ने कुरा परीक्षण गर्न अगाडि संपरीक्षण तालिका प्रस्तुत गरिएको छ । उक्त तालिकाका आधारमा तल दिइएका निर्देशनअनुसार सबै वाक्य बनाउने प्रयास गर्नुहोस् । निर्देशनअनुसार सबै वाक्यहरू शुद्ध बनाउन सक्नुभयो भने आफूले राम्रोसँग बुझेर पढेको संझी ढुक्क हुनुहोस् । कहीँ कतै थोरै पनि आफूमा कमी-कमजोरी पाउनुभयो भने पुनः विषयवस्तुको बोध गरी गल्ती सच्याई अगाडि बढ्ने प्रण गर्नुहोस् ।

संपरीक्षण तालिका - ७

	समूह 'क'			समूह 'ख'		
प्रथमपुरुष	सः	तौ	ते	पठिष्यति	पठिष्यतः	पठिष्यन्ति
	रामः	रामौ	रामाः	क्रीडिष्यति	क्रीडिष्यतः	क्रीडिष्यन्ति
	रमा	रमे	रमाः	गमिष्यति	गमिष्यतः	गमिष्यन्ति
	सीता	सीते	सीताः	लेखिष्यति	लेखिष्यतः	लेखिष्यन्ति
	सर्वा	सर्वे	सर्वाः	भ्रमिष्यति	भ्रमिष्यतः	भ्रमिष्यन्ति
मध्यमपुरुष	त्वम्	युवाम्	यूयम्	पठिष्यसि	पठिष्यथः	पठिष्यथ
				क्रीडिष्यसि	क्रीडिष्यथः	क्रीडिष्यथ
				गमिष्यसि	गमिष्यथः	गमिष्यथ
				लेखिष्यसि	लेखिष्यथः	लेखिष्यथ
				भ्रमिष्यसि	भ्रमिष्यथः	भ्रमिष्यथ
उत्तमपुरुष	अहम्	आवाम्	वयम्	पठिष्यामि	पठिष्यावः	पठिष्यामः
				क्रीडिष्यामि	क्रीडिष्यावः	क्रीडिष्यामः
				गमिष्यामि	गमिष्यावः	गमिष्यामः
				लेखिष्यामि	लेखिष्यावः	लेखिष्यामः
				भ्रमिष्यामि	भ्रमिष्यावः	भ्रमिष्यामः

१. समूह 'क'का कर्तावाचक शब्दहरूसँग समूह 'ख'का मिल्ने क्रियापदवाचक शब्दहरूको प्रयोग गरी वाक्य बनाउनुहोस्। जस्तै - प्रथमपुरुषबाट - सः पठिष्यति । मध्यमपुरुषबाट - त्वम् पठिष्यसि । उत्तमपुरुषबाट - अहम् पठिष्यामि ।
२. प्रथमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाएर ७५ वाक्य बनाउनुहोस् ।
४. मध्यमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाएर १५ वाक्य बनाउनुहोस् ।
५. उत्तमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाएर १५ वाक्य रचना गर्नुहोस् ।

नवौं दिन
नवमः दिवसः

शेषाय नमः

संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! संस्कृत भाषा सिक्ने क्रममा आज हामीहरू नवौं दिनमा प्रवेश गर्दैछौं। विगत ८ दिनमा हामीहरूले जे सिक्यौं त्यसको धारण गरी व्यवहारमा प्रयोग गर्नेछौं । आज नवौं दिनमा ह्रस्व इकारान्त हरिशब्द र भविष्यत्काल अर्थात् तेस्रो अवस्थाका क्रियापदहरूलाई प्रयोग गर्ने विभिन्न विधिहरूसँग हामी परिचित हुँदैछौं ।

नियम - '९ क' शब्दरूपायनसम्बन्धी (ह्रस्व इकारान्त पुल्लिङ्ग) हरिशब्द-

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
प्रथमा	हरिः	हरी	हरयः
द्वितीया	हरिम्	हरी	हरीन्
तृतीया	हरिणा	हरिभ्याम्	हरिभिः
चतुर्थी	हरये	हरिभ्याम्	हरिभ्यः
पञ्चमी	हरेः	हरिभ्याम्	हरिभ्यः
षष्ठी	हरेः	हर्योः	हरीणाम्
सप्तमी	हरौ	हर्योः	हरिषु
सम्बोधन	हे हरे !	हे हरी !!	हे हरयः !!!

× संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! हरिशब्द पढ्नु भयो, जसरी हुन्छ यसका रूपहरू जानौं । तपाईहरूले सबै रूपका एक - एक प्रयोग यस पुस्तकमा हेर्न सक्नु हुनेछ । जसरी रामशब्द पढेर तपाईंहरूले १९ प्रकारका अकारान्त शब्द बुझ्नु भएको थियो त्यसरी नै हरिशब्द पढेपछि ह्रस्व इकारान्त लाखौं शब्दहरूका रूप बुझ्न सक्नुहुनेछ । तपाईंहरूले यो पुस्तक पढेपछि व्याकरणशास्त्रका लघुकौमुदी, सिद्धान्तकौमुदी र महाभाष्य पनि पढ्न सक्नुहुनेछ। यसबाट तपाईंहरूको कल्याण हुनुका साथै व्याकरणशास्त्रका प्रवर्तक मुनिहरूलाई परम सन्तोष पनि प्राप्त हुनेछ।

× हरिशब्दका रूप जानेपछि ऋषि, कवि, रवि, मुनि, कपि, यति, निधि आदि लाखौं ह्रस्व इकारान्त पुल्लिङ्गी शब्दहरूको रूपायन बुझ्नु हुनेछ । जस्तै -

२.	ऋषिः	ऋषी	ऋषयः	..... ।	११.	कविः	कवी	कवयः	..... ।
३.	रविः	रवी	रवयः	..... ।	१२.	मुनिः	मुनी	मुनयः	..... ।
४.	कपिः	कपी	कपयः	..... ।	१३.	यतिः	यती	यतयः	..... ।
५.	निधिः	निधी	निधयः	..... ।	१४.	विधिः	विधी	विधयः	..... ।
६.	प्रविधिः	प्रविधी	प्रविधयः	..... ।	१५.	अग्निः	अग्नी	अग्नयः	..... ।
७.	अरिः	अरी	अरयः	..... ।	१६.	नृपतिः	नृपती	नृपतयः	..... ।
८.	भूपतिः	भूपती	भूपतयः	..... ।	१७.	अतिथिः	अतिथी	अतिथयः	..... ।
९.	उदधिः	उदधी	उदधयः	..... ।	१८.	असिः	असी	असयः	..... ।
१०.	व्याधिः	व्याधी	व्याधयः	..... ।	१९.	पाणिः	पाणी	पाणयः	..... ।

× संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! हामीहरूले विगत दिनहरूमा अकारान्त रामशब्दका रामः,

रामौ, रामाः आदि रूपायन, आकारान्त रमाशब्दका रमा, रमे, रमाः रूपायनको प्रयोग गरियो । आजको पाठमा ह्रस्व इकारान्त हरिशब्दका हरि, हरी, हरयः आदि रूपायन पनि सिकियो । अब तिनलाई वाक्यमा प्रयोग गर्ने विधि सिकौं ।

अवस्थाबोध

संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! यस पुस्तकमा तपाईंहरूलाई सहजरूपमा सरलविधिबाट संस्कृतको बोध गराउन वर्तमानकाललाई प्रथम अवस्था, भूतकाललाई द्वितीय अवस्था, भविष्यत्काललाई तृतीय अवस्था र आज्ञार्थक क्रियापदका लागि चतुर्थ अवस्था भनी नामाकरण गरिएको कुरा विदितै छ। तिनका उदाहरणहरू निम्नानुसार छन्-

प्रथम अवस्था - वर्तमानकाल - **हरिः गच्छति ।** द्वितीय अवस्था - भूतकाल - **हरिः अगच्छत् ।**
तृतीय अवस्था - भविष्यत्काल - **हरिः गमिष्यति ।** चतुर्थ अवस्था - आज्ञार्थक क्रियापद - **हरिः गच्छतु।**

भविष्यत्कालिक नकारात्मक वाक्यरचना

क्रियापदभन्दा पहिले 'न' राखिदिएपछि सकारात्मक वाक्य नकारात्मक बन्दछ भन्ने कुरा तपाईंहरूले पटक-पटक पढिसक्नुभएको छ र वाक्यरचना नियममा पनि यही कुरा बताइएको छ । यहाँ भविष्यत्कालका प्रयोगहरूमा पनि नकारात्मक वाक्यहरूको प्रयोग गरेर तपाईंहरूको संस्कार दृढ बनाउने प्रयास गरिएको छ । निम्न वाक्यहरूलाई ध्यानपूर्वक पढ्नुहोस् ।

	साधारण वाक्य			नकारात्मकवाक्य	
१.	**रामः गमिष्यति -**	राम जानेछ ।	१.	**रामः न गमिष्यति -**	राम जाने छैन ।
२.	**हरिः पठिष्यति -**	हरिले पढ्नेछ ।	२.	**हरिः न पठिष्यति -**	हरिले पढ्ने छैन ।
३.	**विमला नर्तिष्यति -**	विमला नाच्ने छिन् ।	३.	**विमला नर्तिष्यति -**	विमला नाच्ने छैनन् ।
४.	**अहम् पठिष्यामि -**	मैले पढ्नेछु ।	४.	**अहम् न पठिष्यामि -**	मैले पढ्ने छैन ।
५.	**त्वम् पठिष्यसि -**	तिमी पढ्नेछौं ।	५.	**त्वम् न पठिष्यसि -**	तिमीले पढ्ने छैनौं ।

भविष्यत्कालिक प्रश्नवाचक वाक्यरचना

* कुनै पनि वाक्यको आरम्भमा अपिशब्द राखी अन्तमा प्रश्नसूचक चिह्न राखिदिएपछि त्यो वाक्य प्रश्नवाचक बन्दछ भन्ने कुरा तपाईंहरूले वाक्यरचना नियम ५ बाट बुझिसक्नुभएको छ । अब भविष्यत्कालिक क्रियाको प्रयोग भएका निम्न उदाहरणहरूलाई मनन गरी त्यस्ता प्रश्नसूचक वाक्य रचना गर्ने कुशलता अर्जित गर्नुहोस् -

	सकारात्मक			प्रश्नवाचक	
१	**रामः पठिष्यति -**	रामले पढ्नेछ ।	१.	**अपि रामः पठिष्यति ? -**	के राम पढ्नेछ ?
२.	**विमला नर्तिष्यति -**	विमला नाच्नेछिन् ।	२.	**अपि विमला नर्तिष्यति? -**	के विमला नाच्नेछिन्?
३.	**अहम् खादिष्यामि -**	मैले खानेछु ।	३.	**अपि अहम् खादिष्यामि?-**	कै मैले खानेछु ?

नकारात्मक वाक्यहरूको प्रश्नवाचक वाक्यका रूपमा परिवर्तन

* नकारात्मक वाक्यहरूलाई वाक्यको आरम्भमा अपि र अन्त्यमा प्रश्नवाचक चिह्नको प्रयोग गरी नकारात्मक प्रश्नवाचक वाक्यका रूपमा परिवर्तन गर्न सकिन्छ भन्ने कुरा तलका वाक्यहरूको अध्ययन गरी बुझ्नुहोस् ।

	नकारात्मक			प्रश्नवाचक	
१	हरिः न पठिष्यति -	हरिले पढ्ने छैन ।	१.	अपि हरिः न पठिष्यति ? -	के हरिले पढ्ने छैन ?
२.	विमला न नर्तिष्यति -	विमला नाच्ने छैनन् ।	२.	अपि विमला न नर्तिष्यति ?-	के विमला नाच्ने छैनन्?
३.	अहम् न खादिष्यामि -	मैले खाने छैन ।	३.	अपि अहम् न खादिष्यामि?-	कै मैले खाने छैन ?

अभ्यास

क) नेपालीमा अनुवाद गर्नुहोस्

१. कविः गमिष्यति ।
२. अहम् क्रीडिष्यामि ।
३. वयम. न पठिष्यामः ।
४. रविः पठिष्यति ।
५. त्वम् खादिष्यसि ।

क) संस्कृतमा अनुवाद गर्नुहोस्

१. के राम जानेछ ?
२. के विमला हाँस्ने छिन् ?
३. के म पढ्ने छैन ?
४. गोपालले के लेख्ने छ ?
५. के हरि खेल्ने छैन ?
६. गीताले गाउनेछिन् ?

संस्कृतजिज्ञासु मित्र एवं विद्यार्थी भाइबहिनीहरू ! तपाईंहरूले ह्रस्व इकारान्त पुंलिङ्गी हरिशब्द पढ्नु भयो । स्त्रीलिङ्गी ह्रस्व इकारान्त शब्दहरूको पनि रूपायन जान्नुपर्दछ । अब हामी ह्रस्व इकारान्त स्त्रीलिङ्गी 'मति'शब्दको रूपायन प्रस्तुत गर्दैछौं । 'मति'शब्दको रूपायन जानेपछि तपाईंहरूले गति, प्रगति, प्रणति आदि ह्रस्व इकारान्त स्त्रीलिङ्गी शब्दहरूको रूपायन बुझ्नुहुनेछ।

नियम - '९ ख' शब्दरूपायनसम्बन्धी, (ह्रस्व इकारान्त स्त्रीलिङ्गी) मतिशब्द

ह्रस्व इकारान्त स्त्रीलिङ्गी मतिशब्दको रूपायन

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
प्रथमा	मतिः	मती	मतयः
द्वितीया	मतिम्	मती	मतीः
तृतीया	मत्या	मतिभ्याम्	मतिभिः
चतुर्थी	मतये/मत्यै	मतिभ्याम्	मतिभ्यः

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
पञ्चमी	मतेः/मत्याः	मतिभ्याम्	मतिभ्यः
षष्ठी	मतेः/मत्याः	मत्योः	मतीनाम्
सप्तमी	मतौ/मत्यां	मत्योः	मतिषु
सम्बोधन	हे मते !	हे मती !!	हे मतयः !!!

* मतिशब्दका रूप जानेपछि बुद्धि, शुद्धि, गति, भक्ति, शान्ति, प्रीति, धृति आदि लाखौं ह्रस्व इकारान्त स्त्रीलिङ्गी शब्दहरूको रूपायन बुझ्नु हुनेछ । जस्तै -

२.	बुद्धिः	बुद्धी	बुद्धयः	..... ।	११.	नीतिः	नीती	नीतयः	..... ।
३.	शुद्धिः	शुद्धी	शुद्धयः	..... ।	१२.	रात्रिः	रात्री	रात्रयः	..... ।
४.	गतिः	गती	गतयः	..... ।	१३.	जातिः	जाती	जातयः	..... ।
५.	भक्तिः	भक्ती	भक्तयः	..... ।	१४.	गीतिः	गीती	गीतयः	..... ।
६.	शक्तिः	शक्ती	शक्तयः	..... ।	१५.	प्रीतिः	प्रीती	प्रीतयः	..... ।
७.	स्मृतिः	स्मृती	स्मृतयः	..... ।	१६.	कृतिः	कृती	कृतयः	..... ।
८.	रुचिः	रुची	रुचयः	..... ।	१७.	भूतिः	भूती	भूतयः	..... ।
९.	शान्तिः	शान्ती	शान्तयः	..... ।	१८.	पङ्क्तिः	पङ्क्ती	पङ्क्तयः	..... ।
१०.	रीतिः	रीती	रीतयः	..... ।	१९.	धृतिः	धृती	धृतयः	..... ।

हरि आदि इकारान्त पुंलिङ्गी शब्द र मति आदि इकारान्त स्त्रीलिङ्गी शब्दका रूपायनको संरचनागत भिन्नता

* हरिशब्दजस्तै रूप चल्ने लाखौं इकारान्तशब्द छन् । यसैगरी मति आदि ह्रस्व इकारान्त स्त्रीलिङ्गी शब्दहरूको सङ्ख्या पनि निकै छ । यी दुईथरि शब्दहरूको प्रकृति भने थोरै भिन्न छ । जस्तै –

विभक्ति	भिन्नता	हरि-पुंलिङ्ग	मति - स्त्रीलिङ्ग
द्वितीया	बहुवचन	हरीन्	मतीः
तृतीया	एकवचन	हरिणा	मत्या
चतुर्थी	एकवचन	हरये	मतये / मत्यै
पञ्चमी	एकवचन	हरेः	मतेः / मत्याः
षष्ठी	एकवचन	हरेः	मतेः / मत्याः
सप्तमी	एकवचन	हरौ	मतौ / मत्याम्

निष्कर्षः - हरि आदि इकारान्त पुंलिङ्ग शब्द र मति आदि ह्रस्व इकारान्त स्त्रीलिङ्गी शब्दको रूपायनमा द्वितीयाको बहुवचन र तृतीयाको एकवचनमा मात्रै संरचनागत भिन्नता छ । अरू स्थानका भिन्नता वैकल्पिक हुन् । तिनलाई रेखाङ्कित गरी प्रष्ट्याइएको छ ।

* हरिशब्द र मतिशब्दको भिन्नता बुझ्नुभयो होला । नबुझेको भए अझ प्रयास गर्नुहोस् । यो बुझेपछि तपाईंलाई वाक्य निर्माणमा निकै सघाउ पुग्नेछ ।

अभ्यास

क) नेपालीमा अनुवाद गर्नुहोस्

१. वारिषु मत्स्याः वसन्ति ।
२. बालकः उन्नतये पठति ।
३. राष्ट्रस्य गतिः मन्दा वर्तते ।
४. कवयः कविताम् लिखन्ति ।
५. कपयः वने क्रीडन्ति ।
६. हरौ भक्तिः न भवति ।

ख) संस्कृतमा अनुवाद गर्नुहोस्

१. रमाले पढ्नेछिन् ।
२. सुरेश कहाँ जानेछ ?
३. मुकुन्द किन आउनेछैन ?
४. बालकले के गर्नेछ ?
५. तिमी कहाँ जाने छौ ?

समीक्षा

* आठौं दिनसम्म तपाईंहरूले के पढ्नुभयो र यस पुस्तकले के सिकायो ? त्यसको समीक्षा गरौं –

१. के तपाईंले भविष्यत्कालका वाक्य बनाउन जानुभयो ?
२. भविष्यत्कालका क्रियापदको अन्तमा जोडिने प्रत्यय के के हुन् ?
३. हरिः, हरी, हरयः – हरिशब्दका प्रथमाका रूपहरू हुन् भने द्वितीयाका रूपहरू के के हुन् ? र तिनीहरूको अर्थ के हो ?
४. लट्लकारमा क्रीड् धातुका रूपहरू कस्ता हुन्छन् ?
५. गमिष्यतिको अर्थ के हो ? यसमा अन्य आठ रूपहरूको प्रयोग गरी वाक्य बनाउनुहोस् ।

६. चलिष्यसि, चलिष्यथः, चलिष्यथ कुन पुरुषका रूपहरू हुन् ? यिनीहरूको प्रयोग गरेर वाक्य बनाउनुहोस्।
७. पाणिशब्दका सप्तमीमा रूपहरू कस्ता हुन्छन् र तिनको अर्थ के हो ?
८. मतिशब्दका चतुर्थी विभक्तिका रूपहरू लेखी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् ।
९. वारिशब्दका प्रथमा विभक्तिका रूपहरू लेखी वाक्यमा प्रयोग गर्नुहोस् ।
१०. के तपाईं ह्रस्व इकारान्त पुंलिङ्गी शब्द जति आए पनि निर्घक्कसँग रूप चलाउन सक्ने र अर्थ बुझ्ने हुनुभयो? हुनुभएको छैन भने किन ?
११. अरि, कवि र रविशब्दका क्रमशः तृतीया, चतुर्थी र पञ्चमी विभक्तिका रूपहरू लेख्नुहोस् ।
१२. हरिणा, कवये, कवेः, कवीनाम्, कवौ, रवौ, पाणौ यी रूपहरू कुन-कुन विभक्तिका हुन् र यिनको अर्थ के हुन्छ ?

* संस्कृतजिज्ञासु मित्रहरू तथा विद्यार्थी भाइबहिनीहरू ! तपाईंहरूले पढेका विषयवस्तुहरू राम्रोसँग बुझ्नुभयो अथवा बुझ्नुभएन भन्ने कुरा परीक्षण गर्न अगाडि संपरीक्षण तालिका प्रस्तुत गरिएको छ । उक्त तालिकाका आधारमा तल दिइएको निर्देशनअनुसार सबै वाक्य बनाउने प्रयास गर्नुहोस् । निर्देशनअनुसार सबै वाक्यहरू शुद्ध बनाउन सक्नुभयो भने आफूले राम्रोसँग बुझेर पढेको संझी ढुक्क हुनुहोस् । कहीँ कतै थोरै पनि आफूमा कमी-कमजोरी पाउनुभयो भने पुनः विषयवस्तुको बोध गरी गल्ती सच्याई अगाडि बढ्ने प्रण गर्नुहोस् ।

संपरीक्षण तालिका - ८

	समूह 'क'	समूह 'ख'			समूह 'ग'	समूह 'घ'		
प्रथमपुरुष	अपि	सः	तौ	ते	न	पठिष्यति	पठिष्यतः	पठिष्यन्ति
		रामः	रामौ	रामाः		क्रीडिष्यति	क्रीडिष्यतः	क्रीडिष्यन्ति
		सीता	सीते	सीताः		गमिष्यति	गमिष्यतः	गमिष्यन्ति
		सर्वा	सर्वे	सर्वाः		लेखिष्यति	लेखिष्यतः	लेखिष्यन्ति
		हरिः	हरी	हरयः		भ्रमिष्यति	भ्रमिष्यतः	भ्रमिष्यन्ति
		मतिः	मती	मतयः				
मध्यमपुरुष		त्वम्	युवाम्	यूयम्		पठिष्यसि	पठिष्यथः	पठिष्यथ
						क्रीडिष्यसि	क्रीडिष्यथः	क्रीडिष्यथ
						गमिष्यसि	गमिष्यथः	गमिष्यथ
						लेखिष्यसि	लेखिष्यथः	लेखिष्यथ
						भ्रमिष्यसि	भ्रमिष्यथः	भ्रमिष्यथ
उत्तमपुरुष		अहम्	आवाम्	वयम्		पठिष्यामि	पठिष्यावः	पठिष्यामः
						क्रीडिष्यामि	क्रीडिष्यावः	क्रीडिष्यामः
						गमिष्यामि	गमिष्यावः	गमिष्यामः
						लेखिष्यामि	लेखिष्यावः	लेखिष्यामः
						भ्रमिष्यामि	भ्रमिष्यावः	भ्रमिष्यामः

१. समूह 'क'को अपिशब्द सुरुमा राखी समूह 'ख'को कर्तावाचक शब्दसँग समूह 'घ'का मिल्दा क्रियापदवाचक शब्दहरूको प्रयोग गरी प्रश्नवाचक वाक्य बनाउनुहोस् । जस्तै - प्रथमपुरुषबाट - अपि सः पठिष्यति ?, अपि सः न पठिष्यति ?, मध्यमपुरुषबाट - अपि त्वम् पठिष्यसि ? अपि त्वम् न पठिष्यसि ? उत्तमपुरुषबाट - अपि अहम् पठिष्यामि ? अपि अहम् न पठिष्यामि ?

२. प्रथमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाई बीचमा समूह 'ग' प्रयोग गरी बनेको नकारात्मक वाक्यको सुरुमा समूह 'क' प्रयोग गरी ७५ निषेधमूलक प्रश्नवाचक वाक्य बनाउनुहोस् ।

३. मध्यमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाई बीचमा समूह 'ग' प्रयोग गरी बनेको नकारात्मक वाक्यको सुरुमा समूह 'क' प्रयोग गरी १५ निषेधमूलक प्रश्नवाचक वाक्य बनाउनुहोस् ।

४. उत्तमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाई बीचमा समूह 'ग' प्रयोग गरी बनेको नकारात्मक वाक्यको सुरुमा समूह 'क' प्रयोग गरी १५ निषेधमूलक प्रश्नवाचक वाक्य बनाउनुहोस् ।

५. समूह 'ग' को प्रयोग नगरी तीनै पुरुषबाट प्रश्नवाचक वाक्य बनाउनुहोस् ।

अतिरिक्त ज्ञान

संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! तपाईंहरूले ह्रस्व इकारान्त पुंलिङ्गी हरिशब्द र स्त्रीलिङ्गी मतिशब्दको रूपायन पनि जान्नुभयो । ती दुवैथरिका शब्दहरूको रूपायनको ज्ञानबाट तपाईंहरूले हजारौं त्यस्ता शब्दहरूको रूपायन जान्न सक्नुहुन्छ । अब हामी ह्रस्व इकारान्त नपुंसकलिङ्गी वारिशब्दको रूपायन अध्ययन गर्दैछौं ।

नियम - '९ ग' शब्दरूपायनसम्बन्धी, (ह्रस्व इकारान्त नपुंसकलिङ्गी) वारिशब्द

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
प्रथमा	वारि	वारिणी	वारीणि
द्वितीया	वारि	वारिणी	वारीणि
तृतीया	वारिणा	वारिभ्याम्	वारिभिः
चतुर्थी	वारिणे	वारिभ्याम्	वारिभ्यः

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
पञ्चमी	वारिणः	वारिभ्याम्	वारिभ्यः
षष्ठी	वारिणः	वारिणोः	वारीणाम्
सप्तमी	वारिणि	वारिणोः	वारिषु
सम्बोधन	हे वारे/हे वारि	हे वारिणी	हे वारीणि

* वारिशब्दको रूपायनको ज्ञानबाट तपाईंहरूले शुचि आदि अनेकौं नपुंसकलिङ्गी इकारान्त शब्दको रूप तयार गर्न सक्नुहुन्छ । अस्थि (हाड), दधि (दही), सक्थि (तिघ्रा), अक्षि (आँखा)लाई छोडेर अन्य ह्रस्व इकारान्त नपुंसकलिङ्गका रूपहरू वारिजस्तै हुने कुरा बुझ्नुहोला ।

दशौं दिन
दशमः दिवसः

शेषाय नमः

संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! हामीहरूले नौ दिनसम्म धेरै कुरा सिकिसकेका छौं । वर्तमानकालका बोधक वाक्य, भूतकालका बोधक वाक्य र भविष्यत्कालका बोधक वाक्यहरूको प्रयोग गर्ने विधि पनि सिकिसक्यौं । आज दशौं दिनमा हामीहरू आज्ञार्थक वाक्य बनाउने क्रियापदको अध्ययन र प्रयोग विधि सिक्न गइरहेका छौं । तपाईंहरूले राम्ररी ध्यान दिनुहोला ।

आजको दिनमा आज्ञार्थक क्रियापद के हुन् ? र ती कसरी बन्छन् ?, तिनको प्रयोग गरेर कसरी वाक्य निर्माण गर्न सकिन्छ भन्ने कुरा आज पूर्णरूपमा सिकौं ।

१. पद् (पदनु) धातु To read (लोट्लकार अथवा चौथो अवस्था) को रूपायन

पुरुष	एकवचन	द्विवचन	बहुवचन
प्रथमपुरुष	पठतु	पठताम्	पठन्तु
मध्यमपुरुष	पठ	पठतम्	पठत
उत्तमपुरुष	पठानि	पठाव	पठाम

* आउनुहोस्, माथि बताइएको धातुका उक्त ९ रूप कसरी बन्छन्, त्यो बुझौं । बुझ्न केही अप्ठ्यारो छैन । शुद्ध धातु 'पठ्' हो, त्यसमा आज्ञार्थक लोट्लकार चौथो अवस्थाको अर्थ बुझाउन निम्नअनुसारका प्रत्यय जोडिएका छन् -

पहिलो पङ्क्ति (प्रथमपुरुष) मा क्रमशः-	अतु	अताम्	अन्तु
दोस्रो पङ्क्ति(मध्यमपुरुष) मा	" -	अ	अतम्	अत
तेस्रो पङ्क्ति (उत्तमपुरुष) मा	" -	आनि	आव	आम

नियम - '१० अ' क्रियारूपायनसम्बन्धी

कुनै पनि धातुका अन्तमा अतु, अताम्, अन्तु, अ, अतम्, अत, आनि, आव, आम जोड्नुभयो भने आज्ञार्थक लोट्लकार चौथो अवस्थाका बोधक क्रियापदका रूपहरू प्रायः तयार हुन्छन् । जस्तै-

पठ् + अतु = पठतु पठ् + अ = पठ पठ् + आनि = पठानि

* अतु आदि प्रत्यय जोडिदिएपछि आज्ञार्थक लोट्लकारका अर्थात् चतुर्थ अवस्थाका ९ रूप तयार भए । तपाईंहरूले हेर्नुहोस्, यसमा कुनै त्रुटि त छैन ?

धातु एवं प्रत्ययको सङ्गति

विभक्ति	धातु		प्रत्यय		निष्पन्न रूप
प्रथमपुरुष, एकवचन	पठ्	+	अतु	=	पठतु
प्रथमपुरुष, द्विवचन	पठ्	+	अताम्	=	पठताम्
प्रथमपुरुष, बहुवचन	पठ्	+	अन्तु	=	पठन्तु

मध्यमपुरुष, एकवचन	पठ्	+	अ	=	पठ
मध्यमपुरुष, द्विवचन	पठ्	+	अतम्	=	पठतम्
मध्यमपुरुष, बहुवचन	पठ्	+	अत	=	पठत
उत्तमपुरुष, एकवचन	पठ्	+	आनि	=	पठानि
उत्तमपुरुष, द्विवचन	पठ्	+	आव	=	पठाव
उत्तमपुरुष, बहुवचन	पठ्	+	आम	=	पठाम

* लट्लकारको प्रसङ्गमा बताइएका १९ वटै धातुका लोट्लकारका क्रियापदको विषयमा जानकारी प्राप्त गरौं -

२.	लिखतु	लिखताम्	लिखन्तु	
	लिख	लिखतम्	लिखत	
	लिखानि	लिखाव	लिखाम	
३. क्रीड्	क्रीडतु	क्रीडताम्	क्रीडन्तु	..... ।
४. पा - पिब्	पिबतु	पिबताम्	पिबन्तु	..... ।
५. गम् - गच्छ्	गच्छतु	गच्छताम्	गच्छन्तु	..... ।
६. आ - गम्-	आगच्छतु	आगच्छताम	आगच्छन्तु	..... ।
७. वद्	वदतु	वदताम्	वदन्तु	..... ।
८. हस्	हसतु	हसताम्	हसन्तु	..... ।
९. स्था-तिष्ठ्	तिष्ठतु	तिष्ठताम्	तिष्ठन्तु	..... ।
१०. क्रन्द्	क्रन्दतु	क्रन्दताम्	क्रन्दन्तु	..... ।
११. धाव्	धावतु	धावताम्	धावन्तु	..... ।
१२. गै	गायतु	गायताम्	गायन्तु	..... ।
१३. नृत्य्[1]	नृत्यतु	नृत्यताम्	नृत्यन्तु	..... ।
१४. प्रच्छ्	पृच्छतु	पृच्छताम्	पृच्छन्तु	..... ।
१५. भू-भव्	भवतु	भवताम्	भवन्तु	..... ।
१६. चल्	चलतु	चलताम्	चलन्तु	..... ।
१७. खाद्	खादतु	खादताम्	खादन्तु	..... ।
१८. निन्द्	निन्दतु	निन्दताम्	निन्दन्तु	..... ।
१९. नन्द्	नन्दतु	नन्दताम्	नन्दन्तु	..... ।

* अब त मेरा मित्रहरू र विद्यार्थी भाइहरूले लोट्लकारका क्रियापद कस्ता हुन्छन् भन्ने कुरा बुझ्नु भयो होला ।

नियम - '२ ई' वाक्यरचनासम्बन्धी

कर्ता र क्रियाको सङ्गति

१	२	३
सः	तौ	ते
१	२	३
पठतु	पठताम्	पठन्तु

४	५	६
त्वम्	युवाम्	यूयम्
४	५	६
पठ	पठतम्	पठत

७	८	९
अहम्	आवाम्	वयम्
७	८	९
पठानि	पठाव	पठाम

१. *धातु 'नृतो' गात्र विक्षेपे हो । दिवादि गणमा 'य' जोडिने भएको हुँदा नृत्य सजिलो होस् भन्ने हेतुले राखिएको हो । मुख्य धातु नृत् नै हो ।*

माथि सुबन्त र तिङन्तका नौ–नौ रूप दिइएका छन् । तीमध्ये १ ले अङ्कित कर्तालाई १ सङ्ख्याले अंकित क्रियासँग जोड्नुहोस् । यसैगरी २ लाई २ सँग, ३ लाई ३ सँग, ४ लाई ४ सँग, ५ लाई ५ सँग, ६ लाई ६ सँग, ७ लाई ७ सँग, ८ लाई ८ सँग र ९ लाई ९ सँग जोड्नुपर्छ । जोडिसकेपछि तपाईंहरू सामु ९ वटा स–साना वाक्यहरू तयार हुनेछन्। क्रम बिगारियो (अर्थात् १ सँग २, ३ सँग १ आदि गरियो) भने अर्थको अनर्थ हुन्छ, वाक्य बिग्रन्छ र त्यो अशुद्ध हुन्छ । यसलाई उदाहरणबाट यसरी बुझ्न सकिन्छ –

सः गच्छतु –	त्यो जाओस् ।	**तौ गच्छताम् –**	ती दुई जाउन् ।
ते पठन्तु –	तिनीहरू पढुन् ।	**त्वम् पठ –**	तिमी पढ ।
युवाम् पठतम् –	तिमी दुई पढ ।	**यूयम् पठत –**	तिमीहरू पढ ।
अहं पठानि –	म पढूँ ।	**आवाम् पठाव –**	हामी दुई पढौं ।
वयम् पठाम –	हामीहरू पढौं ।		

लोट्लकारको प्रयोग आज्ञार्थमा मात्र नभई सम्प्रश्नमा पनि हुन्छ । जस्तै म के पढूँ ? (अहम् किं पठानि ?) म घर जाऊँ ? (अहम् गृहम् गच्छानि ?) यसै गरी यस्तै अर्थमा सबै धातुहरूको प्रयोग गर्न सकिन्छ ।

साथी हो ! संस्कृत भाषा कठिन भाषा हुँदै होइन । पाणिनि, कात्यायन र पतञ्जलि ऋषिहरूको लेखन र चिन्तन पनि कठिन छ भन्नु उहाँहरूको आशय एवं शैली बुझ्न र बुझाउन नसक्नु हो । तसर्थ जसले संस्कृतलाई कठिन भन्दछ त्यसले संस्कृत अध्ययनमा मिहिनेत गरेको छैन र संस्कृतको मूलप्रकृति पनि बुझेको छैन ।

केही आज्ञार्थक वाक्यहरू –

संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! अब आज्ञार्थक वाक्यहरूको अर्थबोधतर्फ लागौं ।

१.	**रामः पठतु –**	राम पठोस् ।	२.	**शीला लिखतु –**	शीलाले लेखोस् ।
३.	**त्वम् क्रीड –**	तिमी खेल ।	४.	**वयम् पठाम –**	हामी पढौं ।
५.	**ते हसन्तु –**	उनीहरू हाँसुन् ।			

उक्त वाक्यहरूमध्ये १ सङ्ख्याको वाक्यमा **पठतु** किन लेखियो ?, २ सङ्ख्याको वाक्यमा **लिखतु** को प्रयोग किन गरियो ? ३ सङ्ख्याको वाक्यमा **क्रीडतु** किन भएन ? ४ सङ्ख्याको वाक्यमा **पठन्तु** किन भएन ? ५ सङ्ख्याको वाक्यमा **हसाव** किन लेखिएन ? विचार गरी उत्तर दिनुहोस् ।

संस्कृतमा ह्रस्वमात्रा, दीर्घमात्रा र विसर्गको छुट्टाछुट्टै महत्त्व हुन्छ । माथि प्रयोग गरिएको ४ नं. वाक्य **'वयम् पठाम'** को अर्थ 'हामीहरूले पढौं' भन्ने नै हो । त्यस वाक्यको क्रियापद **पठाम**मा विसर्ग (:) थप्ने बित्तिकै हामीहरू पढ्छौं भन्ने वर्तमानकाल लट्लकारले दिने अर्थ आउँछ । तसर्थ रूप जेजस्ता छन् त्यस्तै जानौं, कण्ठस्थ गरौं र प्रयोग पनि गरौं । एउटा विसर्ग लाग्नाले अथवा झिक्नाले अर्थ परिवर्तन हुने हुँदा त्यसमा हामी सावधान हुनुपर्दछ ।

अभ्यास

) **नेपालीमा अनुवाद गर्नुहोस्**

१.	रामः नृत्यतु ।	२.	अहम् पठानि ।
३.	त्वम् लिख ।	*४.	गोविन्द ! क्रीड ।
५.	ते लिखन्तु ।	६.	बालकाः क्रीडन्तु ।

) **संस्कृतमा अनुवाद गर्नुहोस्**

१.	मयूरहरू नाचून् ।	२.	केटीहरूले गाऊन् ।

३. विद्यार्थीहरू पढून् ।
४. हामीहरू जाऔं ?
५. छात्रहरूले पढून ।
६. तिमीहरू खेल ।

* सम्बोधनमा मध्यमपुरुषका क्रियापदको प्रयोग हुन्छ । त्वम्, युवाम्, यूयम् पनि सम्बोधनमा प्रयोग हुनसक्छन् ।

* संस्कृतजिज्ञासु मित्रहरू तथा विद्यार्थी भाइबहिनीहरू ! तपाईंहरूले पढेका विषयवस्तुहरू राम्रोसँग बुझ्नुभयो अथवा बुझ्नुभएन भन्ने कुरा परीक्षण गर्न अगाडि संपरीक्षण तालिका प्रस्तुत गरिएको छ । उक्त तालिकाका आधारमा तल दिइएका निर्देशनअनुसार सबै वाक्य बनाउने प्रयास गर्नुहोस् । निर्देशनअनुसार सबै वाक्यहरू शुद्ध बनाउन सक्नुभयो भने आफूले राम्रोसँग बुझेर पढेको संझी ढुक्क हुनुहोस् । कहीँ कतै थोरै पनि आफूमा कमी-कमजोरी पाउनुभयो भने पुनः विषयवस्तुको बोध गरी गल्ती सच्याई अगाडि बढ्ने प्रण गर्नुहोस् ।

संपरीक्षण तालिका - ९

	समूह 'क'			समूह 'ख'		
प्रथमपुरुष	सः	तौ	ते	पठतु	पठताम्	पठन्तु
	रामः	रामौ	रामाः	लिखतु	लिखताम्	लिखन्तु
	रमा	रमे	रमाः	गच्छतु	गच्छताम्	गच्छन्तु
	हरिः	हरी	हरयः	क्रीडतु	क्रीडताम्	क्रीडन्तु
	रुचिः	रुची	रुचयः	भ्रमतु	भ्रमताम्	भ्रमन्तु
मध्यमपुरुष	त्वम्	युवाम्	यूयम्	पठ	पठतम्	पठत
				लिख	लिखतम्	लिखत
				गच्छ	गच्छतम्	गच्छत
				क्रीड	क्रीडतम्	क्रीडत
				भ्रम	भ्रमतम्	भ्रमत
उत्तमपुरुष	अहम्	आवाम्	वयम्	पठानि	पठाव	पठाम
				लिखानि	लिखाव	लिखाम
				गच्छानि	गच्छाव	गच्छाम
				क्रीडानि	क्रीडाव	क्रीडाम
				भ्रमानि	भ्रमाव	भ्रमाम

१. समूह 'क'का कर्तावाचक शब्दहरूसँग समूह 'ख'का मिल्दा क्रियापदवाचक शब्दहरूको प्रयोग गरी वाक्य बनाउनुहोस्। जस्तै - प्रथमपुरुषबाट - सः पठतु । मध्यमपुरुषबाट - त्वम् पठ । उत्तमपुरुषबाट - अहम् पठानि ।

२. प्रथमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाएर ७५ वाक्य बनाउनुहोस् ।

४. मध्यमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाएर १५ वाक्य बनाउनुहोस् ।

५. उत्तमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाएर १५ वाक्य रचना गर्नुहोस् ।

एघारौं दिन
एकादशः दिवसः

शेषाय नमः

संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! दशौं दिनसम्ममा जे सिक्नुभयो त्यसै विषयलाई दृढ बनाउने उद्देश्यले यो एघारौं दिनको पाठयोजना गरिएको छ । यसमा दीर्घ ईकारान्त स्त्रीलिङ्गी भगवतीशब्दका २४ रूप पढाएर एक लाखभन्दा बढी दीर्घ ईकारान्त स्त्रीलिङ्ग शब्दको रूप निर्माणमा विद्यार्थीहरूलाई कुशल बनाउन पाणिनि, कात्यायन र पतञ्जलिले दिनुभएको उपदेशको आधारमा यो पाठ तयार गरिएको छ। आज तपाईंहरू चौथो वर्गका शब्द पढ्दै हुनुहुन्छ ।

नियम - '११' शब्दरूपायनसम्बन्धी, (दीर्घ ईकारान्त स्त्रीलिङ्गी) भगवतीशब्द-

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
प्रथमा	भगवती	भगवत्यौ	भगवत्यः
द्वितीया	भगवतीम्	भगवत्यौ	भगवतीः
तृतीया	भगवत्या	भगवतीभ्याम्	भगवतीभिः
चतुर्थी	भगवत्यै	भगवतीभ्याम्	भगवतीभ्यः

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
पञ्चमी	भगवत्याः	भगवतीभ्याम्	भगवतीभ्यः
षष्ठी	भगवत्याः	भगवत्योः	भगवतीनाम्
सप्तमी	भगवत्याम्	भगवत्योः	भगवतीषु
सम्बोधन	हे भगवति !	हे भगवत्यौ !!	हे भगवत्यः !!!

× संस्कृतजिज्ञासु मित्र एवं विद्यार्थी भाइबहिनीहरू ! जसरी अकारान्त राम आदि शब्द, आकारान्त रमा आदि शब्द र इकारान्त हरि आदि शब्दका रूप कण्ठस्थ गर्नुभयो त्यसरी नै भगवतीशब्दका रूप पनि कण्ठस्थ गर्नुहोस् । रामशब्द पढेर एक लाखभन्दा बढी अकारान्त शब्द बुझ्न सकियो भने भगवतीशब्द पढेपछि पनि एक लाखभन्दा बढी दीर्घ ईकारान्त शब्दका रूप बुझ्न सकिन्छ ।

× संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! जसरी हुन्छ, भगवती शब्दलाई घोकेर भए पनि त्यसको प्रथमा विभक्तिमा कस्ता रूप हुन्छन्, द्वितीयामा कस्ता रूप हुन्छन् ? यस क्रमले सबै विभक्तिका रूपहरू राम्रोसँग जस्ताको तस्तै कण्ठस्थ गर्नुहोस् । भगवती त विद्याकी स्वामिनी सरस्वती नै हुन् । भगवतीशब्दको रूपायन कण्ठस्थ गरेपछि विद्याकी स्वामिनी भगवतीको पुण्य स्मरणका साथै दीर्घ ईकारान्त शब्दको ज्ञान पनि हुने हुँदा तपाईंहरूलाई दोहोरो फाइदा हुनेछ । यसलाई मात्र कण्ठ गर्नुभयो भने एक लाखभन्दा बढी दीर्घ इकारान्त शब्दका रूप तपाईंले जान्नुहुनेछ। पाणिनि, कात्यायन र पतञ्जलिको व्याकरण सिकाउने विधि अनौठो, चमत्कारपूर्ण र प्रभावोत्पादक छ ।

× भगवतीशब्द जानेपछि - सरस्वती, गौरी, नदी, कौमुदी, राज्ञी, अमरावती आदि दीर्घ ईकारान्त शब्दका लाखौं रूप जानिन्छन् । अब केही त्यस्ता शब्दहरूको रूपायन प्रक्रिया बुझौं -

२. सरस्वती सरस्वत्यौ सरस्वत्यः ..... । ३. गौरी गौर्यौ गौर्यः ..... ।

४. नदी नद्यौ नद्यः ..... । ५. राज्ञी राज्ञौ राज्ञ्यः ..... ।

६.	नटी	नट्यौ	नट्यः	..... ।	७.	पृथ्वी	पृथिव्यौ	पृथिव्यः	..... ।
८.	अरुन्धती	अरुन्धत्यौ	अरुन्धत्यः	..... ।	९.	नन्दिनी	नन्दिन्यौ	नन्दिन्यः	..... ।
१०.	द्रौपदी	द्रौपद्यौ	द्रौपद्यः	..... ।	११.	सावित्री	सावित्र्यौ	सावित्र्यः	..... ।
१२.	देवकी	देवक्यौ	देवक्यः	..... ।	१३.	गान्धारी	गान्धार्यौ	गान्धर्यः	..... ।
१४.	कैकेयी	कैकेय्यौ	कैकेय्यः	..... ।	१५.	कौमुदी	कौमुद्यौ	कौमुद्यः	..... ।
१६.	कादम्बरी	कादम्बर्यौ	कादम्बर्यः	..... ।	१७.	अमरावती	अमरावत्यौ	अमरावत्यः	..... ।
१८.	पाञ्चाली	पाञ्चाल्यौ.	पाञ्चाल्यः	..... ।	१९.	कुन्ती	कुन्त्यौ	कुन्त्यः	..... ।

* आज्ञार्थक सामान्य वाक्यलाई निषेधमूलक आज्ञात्मक वाक्य कसरी बनाइन्छन् भन्ने कुरा वाक्यरचना नियम ४ बाट बुझिसक्नुभएको छ । त्यसै नियमभित्र आज्ञार्थक क्रियापदमात्र प्रयोग गरेर बनेका निषेधमूलक आज्ञार्थक वाक्यहरू पढौं, मनन गरौं र यस किसिमका वाक्यनिर्माण गर्ने कलामा निपुण बनौं ।

सामान्य आज्ञार्थक वाक्य		निषेधमूलक आज्ञात्मक वाक्य	
१. **सः गच्छतु -**	त्यो जाओस् ।	१. **स न गच्छतु -**	त्यो न जाओस् ।
२. **त्वम् गच्छ -**	तिमी जाऊ ।	२. **त्वम् न गच्छ -**	तिमी नजाऊ ।

आज्ञार्थक वाक्य र प्रश्नवाचक आज्ञार्थक वाक्य

* आज्ञार्थक वाक्यलाई प्रश्नवाचक वाक्य बनाउने विधि – वाक्यरचना नियम ५ बाट नै बुझिसक्नुभएको छ । त्यसै नियमभित्र रहेर आज्ञार्थक क्रियापदमात्र प्रयोग गरी निम्न प्रश्नवाचक आज्ञार्थक वाक्य तयार भएका छन् । उक्त वाक्यहरूको बनावट राम्रोसँग बुझी यस किसिमका अनेकौं वाक्यरचना गर्ने कलामा दक्ष बन्नुहोस् ।

आज्ञार्थक वाक्य		प्रश्नवाचक वाक्य	
१. **सः गच्छतु -**	त्यो जाओस् ।	१. **अपि स न गच्छतु ? -**	के त्यो न जाओस् ?
२. **भगवती पठतु -**	भगवतीले पढोस् ।	२. **अपि भगवती पठतु ?-**	के भगवतीले पढोस् ?
३. **रामः हसतु -**	राम हाँसोस् ।	३. **अपि रामः हसतु ? -**	के राम हाँसोस् ।
४. **वयम् न पठाम -**	हामी पढौं ।	४. **अपि वयम् न पठाम?-**	के हामीहरूले नपढौं?

अभ्यास

क) **निम्नलिखित वाक्यलाई नकारात्मक बनाउनुहोस्**

१.	शीला गच्छतु ।	६.	रमेशः पठतु ।
२.	त्वम् पिब ।	७.	यूयम् गच्छथ ।
३.	आवाम् पठाव ।	८.	वयम् क्रीडाम् ।
४.	ते क्रीडन्तु ।	९.	सुधा नृत्यतु ।
५.	अलका गायतु ।	१०.	विमला हसतु ।

ख) निम्न वाक्यहरूलाई प्रश्नवाचक बनाउनुहोस्

१. दिनेशः गच्छतु ।
२. अहम् गच्छामि ।
३. ते क्रीडन्तु ।
४. ते न भ्रमन्तु ।
५. शैलजा न आगच्छतु ।
६. उमेशः न पठतु ।
७. वयम् पठाम ।
८. यूयम् न हसत ।
९. भगवती न नृत्यतु ।
१०. दिवाकरः हसतु ।

ग) निम्नलिखित वाक्यहरूको नेपालीमा अनुवाद गर्नुहोस्

१. त्वम् पठ ।
२. शीला गच्छतु ।
३. हरिः लिखतु ।
४. वयम् पठाम ।
५. यूयम् गच्छथ ।

घ) निम्नलिखित वाक्यहरूको संस्कृतमा अनुवाद गर्नुहोस्

१. तिमीहरू खेल ।
२. के सरिताले नखाओस् ?
३. के हामीहरू नपढौं ?
४. हामीहरूले के पढौं ?
५. के म खेलूँ ?
६. के तिनीहरू जाऊन् ?
७. के ती दुईले खाऊन् ?

समीक्षा

× एघारौं दिनसम्म तपाईंहरूले के पढ्नुभयो र यस पुस्तकले के सिकायो ? नबुझेको कुरा के छ ? त्यसको समीक्षा गरौं–

१. एघारौं दिनमा तपाईंले के कुरा पढ्नु भयो ? नबुझेको कुरा के हो ? नजानेको कुरा सोध्नु भए हुन्छ ।
२. लोट्लकारका क्रियापद बनाउँदा धातुका अन्तमा जोडिने प्रत्ययहरू के के हुन् ?
३. लिख, लिखताम्, लिखत, कुन पुरुषका रूप हुन् ? यसको अर्थ के हो ? वाक्यमा प्रयोग गरेर संझाउनुहोस्।
४. गच्छतु, गच्छताम्, गच्छन्तु को प्रयोग कुन पुरुषमा हुन्छ । यिनीहरूको प्रयोग गरेर वाक्य बनाई तिनको नेपालीमा अर्थ गर्नुहोस् ।
६. भगवत्या, भगवतीभ्याम्, भगवतीभिः कुन विभक्तिका रूप हुन् र सरस्वतीशब्दको तिनै विभक्तिमा कस्ता रूप हुन्छन् ?
७. दीर्घ ईकारान्त शब्दका रूपहरू निर्घक्कसँग चलाउन सक्ने हुनुहोस् र प्रत्येक विभक्तिको अर्थ पनि बुझ्नुहोस्।
८. वाराणस्याः, गोदावर्याः, पञ्चमी र षष्ठी विभक्तिका रूप हुन्, यिनीहरूको अर्थमा के भिन्नता छ ? बताउनुहोस्।

× संस्कृतजिज्ञासु मित्रहरू तथा विद्यार्थी भाइबहिनीहरू ! तपाईंहरूले पढेका विषयवस्तुहरू राम्रोसँग बुझ्नुभयो अथवा बुझ्नुभएन भन्ने कुरा परीक्षण गर्न अगाडि संपरीक्षण तालिका प्रस्तुत गरिएको छ । उक्त तालिकाका आधारमा तल दिइएका निर्देशनअनुसार सबै वाक्य बनाउने प्रयास गर्नुहोस् । निर्देशनअनुसार सबै वाक्यहरू शुद्ध बनाउन सक्नुभयो भने आफूले राम्रोसँग बुझेर पढेको संझी ढुक्क हुनुहोस् । कहीं कतै थोरै पनि आफूमा कमी–कमजोरी पाउनुभयो भने पुनः विषयवस्तुको बोध गरी गल्ती सच्याई अगाडि बढ्ने प्रण गर्नुहोस् ।

संपरीक्षण तालिका - १०

	समूह 'क'	समूह 'ख'			समूह 'ग'	समूह 'घ'		
प्रथमपुरुष	अपि	सः	तौ	ते	न	पठतु	पठताम्	पठन्तु
		रामः	रामौ	रामाः		लिखतु	लिखताम्	लिखन्तु
		रमा	रमे	रमाः		गच्छतु	गच्छताम्	गच्छन्तु
		हरिः	हरी	हरयः		क्रीडतु	क्रीडताम्	क्रीडन्तु
		भगवती	भगवत्यौ	भगवत्यः		भ्रमतु	भ्रमताम्	भ्रमन्तु
मध्यमपुरुष		त्वम्	युवाम्	यूयम्		पठ	पठतम्	पठत
						लिख	लिखतम्	लिखत
						गच्छ	गच्छतम्	गच्छत
						क्रीड	क्रीडतम्	क्रीडत
						भ्रम	भ्रमतम्	भ्रमत
उत्तमपुरुष		अहम्	आवाम्	वयम्		पठानि	पठाव	पठाम
						लिखानि	लिखाव	लिखाम
						गच्छानि	गच्छाव	गच्छाम
						क्रीडानि	क्रीडाव	क्रीडाम
						भ्रमानि	भ्रमाव	भ्रमाम

१. समूह 'क'को अपिशब्द सुरुमा राखी समूह 'ख'को कर्तावाचक शब्दसँग समूह 'घ'का मिल्दा क्रियापदवाचक शब्दहरूको प्रयोग गरी प्रश्नवाचक वाक्य बनाउनुहोस् । जस्तै – प्रथमपुरुषबाट – अपि सः पठतु?, अपि सः न पठतु ? मध्यमपुरुषबाट – अपि त्वम् पठ ? अपि त्वम् न पठ ? उत्तमपुरुषबाट – अपि अहम् पठानि ? अपि अहम् न पठानि ?

२. प्रथमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाई बीचमा समूह 'ग' प्रयोग गरी बनेको नकारात्मक वाक्यको सुरुमा समूह 'क' प्रयोग गरी ७५ निषेधमूलक प्रश्नवाचक वाक्य बनाउनुहोस् ।

३. मध्यमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाई बीचमा समूह 'ग' प्रयोग गरी बनेको नकारात्मक वाक्यको सुरुमा समूह 'क' प्रयोग गरी १५ निषेधमूलक प्रश्नवाचक वाक्य बनाउनुहोस् ।

४. उत्तमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाई बीचमा समूह 'ग' प्रयोग गरी बनेको नकारात्मक वाक्यको सुरुमा समूह 'क' प्रयोग गरी १५ निषेधमूलक प्रश्नवाचक वाक्य बनाउनुहोस् ।

५. समूह 'ग' को प्रयोग नगरी तीनै पुरुषबाट प्रश्नवाचक वाक्य बनाउनुहोस् ।

ॐ

बाह्रौं दिन
द्वादशः दिवसः

शेषाय नमः

संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनी हो ! भू-धातुका चार लकार अथवा चार अवस्थाका उदाहरणहरू तपाईंहरूले पढिसक्नुभएको छ । भूधातुको विकल्पमा अत्यन्त प्रसिद्ध अस् धातु रहेको छ । त्यो नबुझेसम्म संस्कृतका ग्रन्थहरूको तात्पर्य बुझ्न नसकिने हुनाले अस् धातुको पनि अभ्यास गराउनु आवश्यक ठानेर अस् धातुका चार लकार अथवा चार अवस्थाको धातुरूपसहित वाक्यात्मक प्रयोग आज बाह्रौं दिनमा सिकाईँदैछ ।

अस् (हुनु) धातु (लट्लकार अथवा प्रथम अवस्था) को रूपायन

पुरुष	एकवचन	द्विवचन	बहुवचन
प्रथमपुरुष	अस्ति	स्तः	सन्ति
मध्यमपुरुष	असि	स्थः	स्थ
उत्तमपुरुष	अस्मि	स्वः	स्मः

भू, पठ् धातुहरूका लकारहरूका रूपायन र अस् धातुको रूपायनमा केही अन्तर छ । जस्तै भू, पठ् आदि धातुमा अति, अन्त, अन्ति जोडिन्थ्यो भने यहाँ लट्लकार प्रथमपुरुषको एकवचनमा अति नजोडिएर 'ति'प्रत्ययमात्रै जोडियो । त्यसो गर्दा अस् + अति नभएर अस् + ति = अस्ति भयो । यसैगरी प्रथमपुरुषको द्विवचनमा अस् धातुमा 'तः'प्रत्ययमात्रै जोडियो, त्यसपछि अस् धातुको अ पनि हटाइयो । त्यसो गर्दा धातुको 'स्'मात्र बाँकी रह्यो र स्तः हुनगयो । अरू रूपहरू यसै रीतिबाट बन्दछन् । यहाँ बुझ्नुपर्ने कुरा के छ भने द्विवचन र बहुवचनका प्रत्यय गर्दा अस् धातुको आदि 'अ' हटाइन्छ । उक्त तथ्यलाई माथिका उदाहरणले प्रष्ट पारेका छन्। पठ् आदि धातुको लट्लकार प्रथम अवस्थाका रूपायनमा अति, अतः, अन्ति आदि जोडिएझैं यो अदादि गणको धातु भएकोले उक्त प्रथम अवस्थाका रूपायनमा शुद्ध धातुमा –

प्रथमपुरुषमा –	ति	तः	अन्ति
मध्यमपुरुषमा –	सि	थः	थ
उत्तमपुरुषमा –	मि	वः	मः

उक्त प्रत्यय जोडिन्छन् ।

यो नियम २ क्रियापद रूपायनको पूरक हो । अस् धातुको मात्रै प्रथम अवस्थामा सबै पुरुषका द्विवचन र बहुवचनमा धातुको 'अ'को पनि लोप हुन्छ र 'स्'मात्रै बाँकी रहन्छ । जुन कुरा रूपायनबाट बुझ्न खोज्नुभयो भने बुझ्न सकिन्छ । जाने अर्थमा अथवा रक्षा गर्ने अर्थमा प्रयुक्त पा आदि धातुहरूमा ति, तः, अन्ति जोडेर प्रथम अवस्थाका रूपहरू तयार हुन्छन्।

कर्ता र क्रियाको सङ्गति

१	२	३
सः	तौ	ते
१	२	३
अस्ति	स्तः	सन्ति

४	५	६
त्वम्	युवाम्	यूयम्
४	५	६
असि	स्थः	स्थ

७	८	९
अहम्	आवाम्	वयम्
७	८	९
अस्मि	स्वः	स्मः

नियम - '३ अ' वाक्यरचनासम्बन्धीको पूरक

* माथि सुबन्त र तिङन्तका नौ-नौ रूप दिइएका छन् । तीमध्ये १ ले अङ्कित कर्तालाई १ सङ्ख्याले अंकित क्रियासँग जोड्नुहोस् । यसैगरी २ लाई २ सँग, ३ लाई ३ सँग, ४ लाई ४ सँग, ५ लाई ५ सँग, ६ लाई ६ सँग, ७ लाई ७ सँग, ८ लाई ८ सँग र ९ लाई ९ सँग जोड्नुपर्छ । जोडिसकेपछि तपाईंहरू सामु ९ वटा स-साना वाक्यहरू तयार हुनेछन् । क्रम बिगारियो (अर्थात् १ सँग २, ३ सँग १ आदि गरियो) भने अर्थको अनर्थ हुन्छ, वाक्य बिग्रन्छ र त्यो अशुद्ध हुन्छ । यसलाई उदाहरणबाट यसरी बुझ्न सकिन्छ -

सः अस्ति -	त्यो छ ।	यूयम् स्थ -	तिमीहरू छौ ।
तौ स्तः -	ती दुई छन् ।	अहम् अस्मि -	म छु ।
ते सन्ति -	तिनीहरू छन् ।	आवाम् स्वः -	हामी दुई छौं ।
त्वम् असि -	तिमी छौ ।	वयम् स्मः -	हामीहरू छौं ।
युवाम् स्थः -	तिमी दुई छौ ।	छात्रौ स्तः -	दुई छात्र ले छन् ।

* संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! अब के बुझेनौ, नबुझेको भए गुरुलाई सोध्नुहोस् ।
* अति प्रचलित धातु भएकाले यस धातुको जानकारी दिन खोजिएको हो । यसको अर्थ अंग्रेजीको is, am, are हो । is = अस्ति, am = अस्मि, are = असि हो । यिनीहरू क्रियापद हुन् र यिनीहरूको प्रयोग पठति, पठतः, पठन्ति जस्तै गरिन्छ ।

निम्नलिखित उदाहरणहरू पढौं र विचार गरौं -

* अस् धातुबाट निर्मित लट्लकारका क्रियापदहरूको प्रयोग यस प्रकार गरिन्छ -

सः मुकुन्दः अस्ति ।	त्यो मुकुन्द हो ।
त्वम् असि ।	तिमी छौ ।
ते सन्ति ।	तिनीहरू छन् ।
अहम् अस्मि ।	म छु ।
वयं स्मः ।	हामीहरू छौं ।

* संस्कृतजिज्ञासु मित्रहरू तथा विद्यार्थी भाइबहिनीहरू ! तपाईंहरूले पढेका विषयवस्तुहरू राम्रोसँग बुझ्नुभयो अथवा बुझ्नुभएन भन्ने कुरा परीक्षण गर्न अगाडि संपरीक्षण तालिका प्रस्तुत गरिएको छ । उक्त तालिकाका आधारमा तल दिइएका निर्देशनअनुसार सबै वाक्य बनाउने प्रयास गर्नुहोस् । निर्देशनअनुसार सबै वाक्यहरू शुद्ध बनाउन सक्नुभयो भने आफूले राम्रोसँग बुझेर पढेको संज्ञी द्रुक्क हुनुहोस् । कहाँ कतै थोरै पनि आफूमा कमी-कमजोरी पाउनुभयो भने पुनः विषयवस्तुको बोध गरी गल्ती सच्याई अगाडि बढ्ने प्रण गर्नुहोस् ।

संपरीक्षण तालिका - ११

		समूह 'क'			समूह 'ख'				समूह 'ग'		
प्रथमपुरुष	अपि	सः	तौ	ते	बालकः	बालकौ	बालकाः	न	अस्ति	स्तः	सन्ति
		रामः	रामौ	रामाः	सुन्दरः	सुन्दरौ	सुन्दराः				
		हरिः	हरी	हरयः	कृषकः	कृषकौ	कृषकाः				
		रमा	रमे	रमाः	छात्रा	छात्रे	छात्राः				
		भगवती	भगवत्यौ	भगवत्यः	सुन्दरी	सुन्दर्यौ	सुन्दर्यः				
		धेनुः	धेनू	धेनवः	सवत्सा	सवत्से	सवत्सा				
मध्यमपु.		त्वम्	युवाम्	यूयम्	लेखकः	लेखकौ	लेखकाः		असि	स्थः	स्थ
					लेखिका	लेखिके	लेखिकाः				
उत्तमपु.		अहम्	आवाम्	वयम्	शिक्षकः	शिक्षकौ	शिक्षकाः		अस्मि	स्वः	स्मः
					शिक्षिका	शिक्षिके	शिक्षिकाः				

१. माथिको तालिकामा 'अपि'शब्द प्रश्नवाचक वाक्य बनाउनका लागि हो भने 'न' अव्यय नकारात्मक वाक्य बनाउनका लागि हो भन्ने कुरा पहिलेका तालिकाहरूबाट तपाईंहरू प्रष्ट भइसक्नुभएको छ । यहाँ उक्त शब्दहरू तपाईंहरूलाई नकारात्मक वाक्य र प्रश्नवाचक वाक्य बनाउनका लागि सजिलो होस् भन्ने हेतुले राखिएका हुन् ।

२. प्रथमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाई समूह 'ख'बाट उपयुक्त शब्द चयन गरी अनेकौं वाक्य बनाउनुहोस्।

३. मध्यमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाई समूह 'ख'बाट उपयुक्त शब्द चयन गरी अनेकौं वाक्य बनाउनुहोस्।

४. उत्तमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाई समूह 'ख' उपयुक्त शब्द चयन गरी अनेकौं वाक्य बनाउनुहोस् ।

५. तालिकाको प्रयोग गरेर पाँच प्रश्नवाचक र पाँच नकारात्मक वाक्य बनाएर आफ्नो अभ्यास बढाउनुहोस् ।

अस् (हुनु) धातु (लङ्लकार अथवा द्वितीय अवस्था) को रूपायन

पुरुष	एकवचन	द्विवचन	बहुवचन
प्रथमपुरुष	आसीत्	आस्ताम्	आसन्
मध्यमपुरुष	आसीः	आस्तम्	आस्त
उत्तमपुरुष	आसम्	आस्व	आस्म

विशेष - यिनी Was, Ware अर्थमा प्रयोग हुने संस्कृतका भूतकालिक क्रिया हुन् ।

* अब हेर्रौं, माथि बताइएका अस् धातुका लङ्लकारका ९ रूप कसरी बन्छन्, त्यो बुझौं । बुझ्न केही अप्ठ्यारो छैन। शुद्ध धातु 'अस्' हो, त्यसमा तल लेखिएअनुसारका प्रत्यय जोडिएका छन् -

क) पहिलो पङ्क्ति (प्रथमपुरुष) मा क्रमशः- ईत् ताम् अन्
दोस्रो पङ्क्ति(मध्यमपुरुष) मा " - ईः तम् त
तेस्रो पङ्क्ति (उत्तमपुरुष) मा " - अम् व म

ख) आरम्भको धातुको 'अ' लाई 'आ' गराउने नियम रहेको छ । उदाहरणार्थ - प्रथम पुरुषको एकवचनमा - अस्बाट ईत् प्रत्यय गरेपछि अस् + ईत् भयो, आरम्भको धातुको 'अ'लाई 'आ' गराउने नियमअनुसार 'अ'लाई 'आ' गराइयो । त्यसो गर्दा आस् + ईत् भयो, 'स्'लाई 'ई'मा जोड्दा आसीत् भयो । यसै गरी अरू रूपहरू पनि बुझ्नुपर्दछ ।

ग) अस्धातु अदादि गणमा पर्दछ । भूवादि धातु पठको द्वितीय अवस्था लङ्लकारमा अत्, आताम्, अन् आदि जोडिएझैं अदादि गणको अस्धातुको द्वितीय अवस्था लङ्लकारको प्रथम पुरुषमा इत्, ताम्, अन्, मध्यमपुरुषमा ईः, तम्, त, उत्तम पुरुषमा - अम्, व, म जोडिन्छन् । यो नियम ६ क्रियापदरूपायनको पूरक हो ।

घ) द्वितीय अवस्था अस्धातुको रूपायनमा सबै पुरुषका द्विवचन र बहुवचनमा अस् धातुको अलोप हुन्छ र अ का ठाउँमा व्याकरणको नियमद्वारा 'आ' थपिन्छ भन्ने कुरा रूपायनाट सजिलै बुझिन्छ ।

कर्ता र क्रियाको सङ्गति

१	२	३
सः	तौ	ते
१	२	३
आसीत्	आस्ताम्	आसन्

४	५	६
त्वम्	युवाम्	यूयम्
४	५	६
आसीः	आस्ताम्	आस्त

७	८	९
अहम्	आवाम्	वयम्
७	८	९
आसम्	आस्व	आस्म

नियम - '३ आ' वाक्यरचनासम्बन्धीको पूरक

* माथि सुबन्त र तिङन्तका नौ-नौ रूप दिइएका छन् । तीमध्ये १ ले अङ्कित कर्तालाई १ सङ्ख्याले अंकित क्रियासँग जोड्नुहोस् । यसैगरी २ लाई २ सँग, ३ लाई ३ सँग, ४ लाई ४ सँग, ५ लाई ५ सँग, ६ लाई ६ सँग, ७ लाई ७ सँग, ८ लाई ८ सँग र ९ लाई ९ सँग जोड्नुपर्छ । जोडिसकेपछि तपाईंहरू सामु ९ वटा स-साना वाक्यहरू तयार हुनेछन् । क्रम बिगारियो (अर्थात् १ सँग २, ३ सँग १ आदि गरियो) भने अर्थको अनर्थ हुन्छ, वाक्य बिग्रन्छ र त्यो अशुद्ध हुन्छ । यसलाई उदाहरणबाट यसरी बुझ्न सकिन्छ -

सः आसीत् -	त्यो थियो ।	**तौ आस्ताम् -**	ती दुई थिए ।
ते आसन् -	तिनीहरू थिए ।	**त्वम् आसीः -**	तिमी थियौ ।
युवाम् आस्तम् -	तिमी दुई थियौ ।	**यूयम् आस्त -**	तिमहिरू थियौ ।
अहम् आसम् -	म थिएँ ।	**आवाम् आस्व -**	हामी दुई थियौं ।
वयम् आस्म -	हामीहरू थियौं ।		

वाक्यात्मक प्रयोग

* अस् धातुबाट निर्मित लङ्लकारका क्रियापदहरूको प्रयोग यस प्रकार गरिन्छ -

सः मुकुन्दः आसीत् -	त्यो मुकुन्द थियो ।	**भार्याः आसन् -**	रानीहरू थिए ।
अहम् आसम् -	म थिएँ ।	**त्वम् आसीः -**	तिमी थियौ ।
यूयम् आस्त -	तिमीहरू थियौ ।		

* संस्कृतजिज्ञासु मित्रहरू तथा विद्यार्थी भाइबहिनीहरू ! तपाईंहरूले पढेका विषयवस्तुहरू राम्रोसँग बुझ्नुभयो अथवा बुझ्नुभएन भन्ने कुरा परीक्षण गर्न अगाडि संपरीक्षण तालिका प्रस्तुत गरिएको छ । उक्त तालिकाका आधारमा तल दिइएका निर्देशनअनुसार सबै वाक्य बनाउने प्रयास गर्नुहोस् । निर्देशनअनुसार सबै वाक्यहरू शुद्ध बनाउन सक्नुभयो भने आफूले राम्रोसँग बुझेर पढेको संझी ढुक्क हुनुहोस् । कहीँ कतै थोरै पनि आफूमा कमी-कमजोरी पाउनुभयो भने पुनः विषयवस्तुको बोध गरी गल्ती सच्याई अगाडि बढ्ने प्रण गर्नुहोस् ।

संपरीक्षण तालिका - १२

		समूह 'क'			समूह 'ख'				समूह 'ग'
प्रथमपुरुष	अपि	सः	तौ	ते	बालकः	बालकौ	बालकाः	न	आसीत् आस्ताम् आसन्
		रामः	रामौ	रामाः	सुन्दरः	सुन्दरौ	सुन्दराः		
		हरिः	हरी	हरयः	कृषकः	कृषकौ	कृषकाः		
		रमा	रमे	रमाः	छात्रा	छात्रे	छात्राः		
		भगवती	भगवत्यौ	भगवत्यः	सुन्दरी	सुन्दर्यौ	सुन्दर्यः		
		धेनुः	धेनू	धेनवः	सवत्सा	सवत्से	सवत्सा		
मध्यमपुरुष		त्वम्	युवाम्	यूयम्	लेखकः	लेखकौ	लेखकाः		आसीः आस्तम् आस्त
					लेखिका	लेखिके	लेखिकाः		
उत्तमपुरुष		अहम्	आवाम्	वयम्	शिक्षकः	शिक्षकौ	शिक्षकाः	•	आसम् आस्व आस्म
					शिक्षिका	शिक्षिके	शिक्षिकाः		

१. माथिको तालिकामा 'अपि'शब्द प्रश्नवाचक वाक्य बनाउनका लागि हो भने 'न' अव्यय नकारात्मक वाक्य बनाउनका लागि हो भन्ने कुरा पहिलेका तालिकाहरूबाट तपाईंहरू प्रष्ट भइसक्नुभएको छ । यहाँ उक्त शब्दहरू तपाईंहरूलाई नकारात्मक वाक्य र प्रश्नवाचक वाक्य बनाउनका लागि सजिलो होस् भन्ने हेतुले राखिएका हुन् ।

२. प्रथमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाई समूह 'ख'बाट उपयुक्त शब्द चयन गरी अनेकौं वाक्य बनाउनुहोस्।

३. मध्यमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाई समूह 'ख'बाट उपयुक्त शब्द चयन गरी अनेकौं वाक्य बनाउनुहोस्।

४. उत्तमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाई समूह 'ख' उपयुक्त शब्द चयन गरी अनेकौं वाक्य बनाउनुहोस् ।

५. तालिकाको प्रयोग गरेर पाँच प्रश्नवाचक र पाँच नकारात्मक वाक्य बनाएर आफ्नो अभ्यास बढाउनुहोस् ।

अस् (हुनु) धातु (लृट्लकार अथवा तृतीय अवस्था) को रूपायन

पुरुष	एकवचन	द्विवचन	बहुवचन
प्रथमपुरुष	भविष्यति	भविष्यतः	भविष्यन्ति
मध्यमपुरुष	भविष्यसि	भविष्यथः	अविष्यथ
उत्तमपुरुष	भविष्यामि	भविष्यावः	भविष्यामः

* अस् धातु तृतीय अवस्था लृट्लकारका रूपहरू भने भूधातुका रूपहरूजस्तै हुन्छन् । जुन कुरा माथिका रूपायनबाट बुझिएको छ ।

कर्ता र क्रियाको सङ्गति

१	२	३	४	५	६	७	८	९
सः	तौ	ते	त्वम्	युवाम्	यूयम्	अहम्	आवाम्	वयम्
१	२	३	४	५	६	७	८	९
भविष्यति	भविष्यतः	भविष्यन्ति	भविष्यसि	भविष्यथः	भविष्यथ	भविष्यामि	भविष्यावः	भविष्यामः

नियम - '३ इ' वाक्यरचनासम्बन्धीको पूरक

* माथि सुबन्त र तिङन्तका नौ-नौ रूप दिइएका छन् । तीमध्ये १ ले अङ्कित कर्तालाई १ सङ्ख्याले अंकित क्रियासँग जोड्नुहोस् । यसैगरी २ लाई २ सँग, ३ लाई ३ सँग, ४ लाई ४ सँग, ५ लाई ५ सँग, ६ लाई ६ सँग, ७ लाई ७ सँग, ८ लाई ८ सँग र ९ लाई ९ सँग जोड्नुपर्छ । जोडिसकेपछि तपाईंहरू सामु ९ वटा स-साना वाक्यहरू तयार हुनेछन् । क्रम बिगारियो (अर्थात् १ सँग २, ३ सँग १ आदि गरियो) भने अर्थको अनर्थ हुन्छ, वाक्य बिग्रन्छ र त्यो अशुद्ध हुन्छ । यसलाई उदाहरणबाट यसरी बुझ्न सकिन्छ -

सः भविष्यति -	त्यो हुनेछ ।	**तौ भविष्यतः -**	ती दुई हुनेछन्।
ते भविष्यन्ति -	तिनीहरू हुनेछन् ।	**त्वम् भविष्यसि -**	तिमी हुनेछौ ।
युवाम् भविष्यथः -	तिमी दुई हुनेछौ ।	**यूयम् भविष्यथ -**	तिमहिरू हुनेछौ ।
अहम् भविष्यामि -	म हुनेछु ।	**आवाम् भविष्यावः -**	हामी दुई हुनेछौं ।
वयम् भविष्यामः -	हामीहरू हुनेछौं ।		

वाक्यात्मक प्रयोग

* अस्धातुबाट निर्मित लङ्लकारका क्रियापदहरूको प्रयोग यस प्रकार गरिन्छ -

सः भविष्यति -	त्यो हुनेछ ।	**रामौ भविष्यतः -**	दुई राम हुनेछन् ।
ते भविष्यन्ति -	तिनीहरू हुनेछन् ।	**अहम् भवष्यामि -**	म हुनेछु ।
त्वम् भविष्यसि -	तिमी हुनेछौ ।	**यूयम् भविष्यथ -**	तिमीहरू हुनेछौ ।

* संस्कृतजिज्ञासु मित्रहरू तथा विद्यार्थी भाइबहिनीहरू ! तपाईंहरूले पढेका विषयवस्तुहरू राम्रोसँग बुझ्नुभयो अथवा बुझ्नुभएन भन्ने कुरा परीक्षण गर्न अगाडि संपरीक्षण तालिका प्रस्तुत गरिएको छ । उक्त तालिकाका आधारमा तल दिइएका निर्देशनअनुसार सबै वाक्य बनाउने प्रयास गर्नुहोस् । निर्देशनअनुसार सबै वाक्यहरू शुद्ध बनाउन सक्नुभयो भने आफूले राम्रोसँग बुझेर पढेको संज्ञी ढुक्क हुनुहोस् । कहाँ कतै थोरै पनि आफूमा कमी-कमजोरी पाउनुभयो भने पुनः विषयवस्तुको बोध गरी गल्ती सच्याई अगाडि बढ्ने प्रण गर्नुहोस् ।

संपरीक्षण तालिका - १३

		समूह 'क'			समूह 'ख'				समूह 'ग'
प्रथमपुरुष	अपि	सः	तौ	ते	बालकः	बालकौ	बालकाः	न	भविष्यति
		रामः	रामौ	रामाः	सुन्दरः	सुन्दरौ	सुन्दराः		भविष्यतः
		हरिः	हरी	हरयः	कृषकः	कृषकौ	कृषकाः		भविष्यन्ते
		रमा	रमे	रमाः	छात्रा	छात्रे	छात्राः		
		भगवती	भगवत्यौ	भगवत्यः	सुन्दरी	सुन्दर्यौ	सुन्दर्यः		
		धेनुः	धेनू	धेनवः	सवत्सा	सवत्से	सवत्सा		
मध्यमपु.		त्वम्	युवाम्	यूयम्	लेखकः	लेखकौ	लेखकाः		भविष्यसि भविष्यथः
					लेखिका	लेखिके	लेखिकाः		भविष्यथ
उत्तमपु.		अहम्	आवाम्	वयम्	शिक्षकः	शिक्षकौ	शिक्षकाः		भविष्यामि भविष्यावः
					शिक्षिका	शिक्षिके	शिक्षिकाः		भविष्यामः

१. माथिको तालिकामा 'अपि'शब्द प्रश्नवाचक वाक्य बनाउनका लागि हो भने 'न' अव्यय नकारात्मक वाक्य बनाउनका लागि हो भन्ने कुरा पहिलेका तालिकाहरूबाट तपाईंहरू प्रष्ट भइसक्नुभएको छ । यहाँ उक्त शब्दहरू तपाईंहरूलाई नकारात्मक वाक्य र प्रश्नवाचक वाक्य बनाउनका लागि सजिलो होस् भन्ने हेतुले राखिएका हुन् ।

२. प्रथमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाई समूह 'ख'बाट उपयुक्त शब्द चयन गरी अनेकौं वाक्य बनाउनुहोस्।

३. मध्यमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाई समूह 'ख'बाट उपयुक्त शब्द चयन गरी अनेकौं वाक्य बनाउनुहोस्।

४. उत्तमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाई समूह 'ख' उपयुक्त शब्द चयन गरी अनेकौं वाक्य बनाउनुहोस् ।

५. तालिकाको प्रयोग गरेर पाँच प्रश्नवाचक र पाँच नकारात्मक वाक्य बनाएर आफ्नो अभ्यास बढाउनुहोस् ।

× यिनी रूपायनहरू अंग्रेजीको Shall/Will जस्तै अर्थमा प्रयोग हुने संस्कृतका भविष्यतकालिक क्रियाका रूप हुन् ।

अस्धातु लोट्लकार चतुर्थ अवस्थाको रूपायन

पुरुष	एकवचन	द्विवचन	बहुवचन
प्रथमपुरुष	अस्तु	स्ताम्	सन्तु
मध्यमपुरुष	एधि	स्तम्	स्त
उत्तमपुरुष	असानि	असाव	असाम

× अब हेर्नौं माथि बताइएका अस्धातुका लोट्लकार चतुर्थ अवस्थका रूपायन कसरी बन्छन्, त्यो बुझौं । पठ् आदि धातुको लोट्लकारमा अतु, अताम्, अन्तु जोडिएझैं, अस्धातुमा प्रथमपुरुषमा - तु, ताम्, अन्तु, मध्यमपुरुषमा - धि, तम्, त, उत्तमपुरुषमा - आनि, आव, आम जोडिन्छन् । चतुर्थ अवस्था अस्धातुका रूपायनमा द्विवचन र बहुवचनमा धातुको अकारको लोप हुन्छ । जुन कुरा रूपायनबाट बुझ्न खोज्नुभयो भने स्पष्ट हुनेछ । यो नियम १०

क्रियापदरूपायन १० को पूरक हो ।

कर्ता र क्रियाको सङ्गति

१	२	३	४	५	६	७	८	९
सः	तौ	ते	त्वम्	युवाम्	यूयम्	अहम्	आवाम्	वयम्
१	२	३	४	५	६	७	८	९
अस्तु	स्ताम्	सन्तु	एधि	स्तम्	स्त	असानि	असाव	असाम

नियम - '३ ई' वाक्यरचनासम्बन्धीको पूरक

* माथि सुबन्त र तिङन्तका नौ-नौ रूप दिइएका छन् । तीमध्ये १ ले अङ्कित कर्तालाई १ सङ्ख्याले अंकित क्रियासँग जोड्नुहोस् । यसैगरी २ लाई २ सँग, ३ लाई ३ सँग, ४ लाई ४ सँग, ५ लाई ५ सँग, ६ लाई ६ सँग, ७ लाई ७ सँग, ८ लाई ८ सँग र ९ लाई ९ सँग जोड्नुपर्छ । जोडिसकेपछि तपाईंहरू सामु ९ वटा स-साना वाक्यहरू तयार हुनेछन् । क्रम बिगारियो (अर्थात् १ सँग २, ३ सँग १ आदि गरियो) भने अर्थको अनर्थ हुन्छ, वाक्य बिग्रन्छ र त्यो अशुद्ध हुन्छ । यसलाई उदाहरणबाट यसरी बुझ्न सकिन्छ -

सः अस्तु -	त्यो होस् ।	**तौ स्ताम् -**	ती दुई होऊन् ।
ते सन्तु -	तिनीहरू होऊन् ।	**त्वम् एधि -**	तिमी होऊ ।
युवाम् स्तम् -	तिमी दुई होऊ ।	**यूयम् स्त -**	तिमिहरू होऊ ।
अहम् असानि -	म हुँ ?	**आवाम् असाव -**	हामी दुई हौं ?
वयम् असाम -	हामीहरू हौं ?।		

वाक्यात्मक प्रयोग

* अस्धातुबाट निर्मित लङ्लकारका क्रियापदहरूको प्रयोग यस प्रकार गरिन्छ -

सः अस्तु -	त्यो होस् ।	**तौ स्ताम् -**	ती दुई होऊन् ।
ते सन्तु -	तिनीहरू होऊन् ।	**हरयः सन्तु -**	हरिहरू होऊन् ।
यूयम् स्त -	तिमीहरू होऊ ।		

* संस्कृतजिज्ञासु मित्रहरू तथा विद्यार्थी भाइबहिनीहरू ! तपाईंहरूले पढेका विषयवस्तुहरू राम्रोसँग बुझ्नुभयो अथवा बुझ्नुभएन भन्ने कुरा परीक्षण गर्न अगाडि संपरीक्षण तालिका प्रस्तुत गरिएको छ । उक्त तालिकाका आधारमा तल दिइएका निर्देशनअनुसार सबै वाक्य बनाउने प्रयास गर्नुहोस् । निर्देशनअनुसार सबै वाक्यहरू शुद्ध बनाउन सक्नुभयो भने आफूले राम्रोसँग बुझेर पढेको संज्ञी द्रुवक्क हुनुहोस् । कहीँ कतै थोरै पनि आफूमा कमी-कमजोरी पाउनुभयो भने पुनः विषयवस्तुको बोध गरी गल्ती सच्याई अगाडि बढ्ने प्रण गर्नुहोस् ।

संपरीक्षण तालिका - १४

		समूह 'क'			समूह 'ख'				समूह 'ग'
प्रथमपुरुष	अपि	सः	तौ	ते	बालकः	बालकौ	बालकाः	न	अस्तु स्ताम् सन्तु
		रामः	रामौ	रामाः	सुन्दरः	सुन्दरौ	सुन्दराः		
		हरिः	हरी	हरयः	कृषकः	कृषकौ	कृषकाः		
		रमा	रमे	रमाः	छात्रा	छात्रे	छात्राः		
		भगवती	भगवत्यौ	भगवत्यः	सुन्दरी	सुन्दर्यौ	सुन्दर्यः		
		धेनुः	धेनू	धेनवः	सवत्सा	सवत्से	सवत्सा		
मध्यमपु.		त्वम्	युवाम्	यूयम्	लेखकः	लेखकौ	लेखकाः		एधि स्तम् स्त
					लेखिका	लेखिके	लेखिकाः		
उत्तमपु.		अहम्	आवाम्	वयम्	शिक्षकः	शिक्षकौ	शिक्षकाः		असानि असाव असाम
					शिक्षिका	शिक्षिके	शिक्षिकाः		

१. माथिको तालिकामा 'अपि'शब्द प्रश्नवाचक वाक्य बनाउनका लागि हो भने 'न' अव्यय नकारात्मक वाक्य बनाउनका लागि हो भन्ने कुरा पहिलेका तालिकाहरूबाट तपाईंहरू प्रष्ट भइसक्नुभएको छ । यहाँ उक्त शब्दहरू तपाईंहरूलाई नकारात्मक वाक्य र प्रश्नवाचक वाक्य बनाउनका लागि सजिलो होस् भन्ने हेतुले राखिएका हुन् ।

२. प्रथमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाई समूह 'ख'बाट उपयुक्त शब्द चयन गरी अनेकौं वाक्य बनाउनुहोस्।

३. मध्यमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाई समूह 'ख'बाट उपयुक्त शब्द चयन गरी अनेकौं वाक्य बनाउनुहोस्।

४. उत्तमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाई समूह 'ख' उपयुक्त शब्द चयन गरी अनेकौं वाक्य बनाउनुहोस् ।

५. तालिकाको प्रयोग गरेर पाँच प्रश्नवाचक र पाँच नकारात्मक वाक्य बनाएर आफ्नो अभ्यास बढाउनुहोस् ।

तेह्रौं दिन
त्रयोदशः दिवसः

संस्कृतजिज्ञासु मित्रहरू विद्यार्थी भाइबहिनीहरू ! आजसम्म तपाईंहरूले वर्तभानकाल, भूतकाल, भविष्यत्कालका एवं आज्ञार्थकवाक्य बनाउन सक्ने हुनुभएको छ । शब्दरूपायनका कुरा गर्ने हो भने लगभग ४ लाखभन्दा बढी शब्दहरूको रूपायन प्रक्रिया पनि बुझ्न सक्ने हुनुभयो, यो यथार्थ कुरा हो । कहिले क्रियापदका रूपायन, कहिले शब्दको रूपायन बताउँदा र पढ्दा तपाईंहरूले दिक्क मान्नुभएको छैन, किनभने हामीहरू महान् लक्ष्य लिएर अगाडि बढिरहेका छौं । तपाईंहरूलाई शब्दरूपायन कण्ठ गर्ने झन्झटदेखि थोरै मुक्त बनाउन सकियोस् र विभिन्न तरिकाका वाक्य रचना गर्ने कला पनि सिकाउन पाइयोस् भनेर रूपायनको झंझट नभएका अव्ययशब्दहरूको अर्थ र प्रयोगविधि बताएर स-साना मीठा वाक्य रचना गर्ने तरिका सिकाउन चाहन्छु । अव्यय भनेको नाश नहुने वस्तु हो । अविनाशी अर्थात् रूपायनको प्रक्रियामा नगई जस्ताको त्यस्तै रहने शब्दलाई पनि अव्ययशब्द भनिन्छ । आउनुहोस्, अव्ययशब्दको ज्ञान गरी अव्यय आत्माको ज्ञान गराउने संस्कृतवाङ्मयको बोध गर्ने कार्यमा अग्रसर बनौं।

अव्ययको परिभाषा

सदृशं त्रिषु लिङ्गेषु सर्वासु च विभक्तिषु ।
वचनेषु च सर्वेषु यन्न व्येति तदव्ययम् ।।

अर्थात् "जुन शब्द सबै लिङ्ग, सबै विभक्ति र सबै वचनमा एउटै रूपमा रहन्छ त्यही नै अव्ययशब्द हो ।"

सबै भाषामा अव्ययशब्दहरू प्रशस्त हुन्छन् । प्रायः यी शब्द क्रियाका विशेषण बनेर प्रयुक्त हुन्छन् । संस्कृतमा पनि त्यस्ता अव्ययशब्द निम्नानुसार छन् ।

अव्ययशब्द र यसका भेदहरू

१. देश, समय एवं कालबोधक अव्ययशब्दहरू सप्तमीको अर्थका ज्ञापक अधिकरण जस्तै हुन्छन् ।

अव्यय	नेपालीमा अर्थ	अव्यय	नेपालीमा अर्थ	अव्यय	नेपालीमा अर्थ
तत्र	त्यहाँ	अत्र	यहाँ	उपरि	माथि
अधः	तल	बहिः	बाहिर	अन्तः	भित्र
अद्य	आज	श्वः	भोलि	ह्यः	हिजो
कुत्र	कहाँ	यत्र	जहाँ	नीचैः	तल
एकदा	एकदिन	अधुना	अहिले	अपरेद्युः	अर्को दिन
सर्वत्र	चारैतिर	सायम्	साँझ	प्रातः	बिहान
साम्प्रतम्	अहिले	इदानीम्	अहिले	कदा	कहिले

केही वाक्यात्मक प्रयोग-

तत्र

गोपाल ! तत्र गच्छ -	गोपाल त्यहाँ जाऊ ।
गोपाल ! तत्र न गच्छ -	गोपाल त्यहाँ नजाऊ ।

अद्य

अद्य इन्दिरा कुत्र गच्छति -	आज इन्दिरा कहाँ जान्छिन् ?
अद्य इन्दिरा कुत्र अगच्छत् -	आज इन्दिरा कहाँ गइन?

उपरि

धनेश्वरः उपरि अस्ति -	धनेश्वर माथि छ ।
धनेश्वरः उपरि न अस्ति -	धनेश्वर माथि छैन ।
अपि धनेश्वर उपरि अस्ति -	के धनेश्वर माथि छ ?

२. करण तृतीयाबोधक अव्ययशब्द -

अव्यय	नेपालीमा अर्थ	अव्यय	नेपालीमा अर्थ	अव्यय	नेपालीमा अर्थ
दिष्ट्या -	भाग्यले ।	सहसा -	तुरुन्त, हतारले ।	तरसा -	वेगले ।

वाक्यात्मक प्रयोग

दिष्ट्या त्वं जीवितोऽसि -	भाग्यले तिमी बाँचेका छौ ।
सहसा किमपि न कार्यम् -	हतारले केही पनि नगर ।
तरसा नदीं न गच्छ -	दौडिएर नदीमा नजाऊ ।

३. सम्प्रदान अर्थबोधक तुमुन् प्रत्ययान्त अव्ययशब्द -

अव्यय	नेपालीमा अर्थ	अव्यय	नेपालीमा अर्थ	अव्यय	नेपालीमा अर्थ
यष्टुम् -	यज्ञ गर्नका लागि ।	भोक्तुम् -	खानका लागि ।	द्रष्टुम् -	हेर्नका लागि ।

वाक्यात्मक प्रयोग

ब्राह्मणः यष्टुम् यज्ञशालाम् गच्छति -	ब्राह्मण यज्ञ गर्न यज्ञशाला जान्छ ।

४. हेतु अथवा कारण अर्थ पनि बुझाउने अपादान अर्थका बोधक अव्ययशब्द -

अव्यय	नेपालीमा अर्थ	अव्यय	नेपालीमा अर्थ	अव्यय	नेपालीमा अर्थ
ततः -	त्यहाँदेखि / बाट ।	कुतः -	कहाँदेखि / कहाँबाट ।	नगरतः -	शहरबाट ।
उभयतः -	दुवैतिरबाट ।	सर्वतः -	सबैतिरबाट ।	यतः -	किनकि ।

वाक्यत्मक प्रयोग

दिनेशः ततः कुत्र अगच्छत् -	दिनेश त्यहाँबाट कहाँ गयो ?
गोपालः नगरतः गृहम् अगच्छत् -	गोपाल शहरबाट घर गयो ।

५. शुद्ध क्रियाविशेषणका रूपमा प्रयुक्त हुने अव्ययशब्दहरू

अव्यय	नेपालीमा अर्थ	अव्यय	नेपालीमा अर्थ	अव्यय	नेपालीमा अर्थ
समीचीनम्-	ठीक ।	सम्मुखम् -	सामुन्ने ।	सद्यः -	तुरुन्त ।
सकृत् -	एकपटक ।	भृशम् -	पटक-पटक ।	इत्थम् -	यसरी ।
असकृत् -	अनेक पटक ।	तावत् -	तबसम्म ।	यावत् -	जबसम्म ।
मिथः -	परस्पर ।	पर्याप्तम् -	पुग्नेजति ।	साकम् -	साथमा ।
सुष्ठु -	राम्रोसँग ।				

वाक्यात्मक प्रयोग

सा सुष्ठु नृत्यति -	तिनी राम्ररी नाच्छिन् ।
गोपालः सकृत् गच्छति -	गोपाल एकपटक जान्छ ।
अहम् इत्थम् वदामि -	म यसरी भन्छु ।

६. योजक (वाक्य र पदलाई जोड्ने) अव्ययशब्द -

क) निरपेक्ष ख) सापेक्ष

क) पद र वाक्यका योजक निरपेक्ष अव्ययशब्द - च, अपि, उत, वा, किंवा ।

पदयोजकका उदाहरण -

शङ्करम् पार्वतीम् च पूजय -	शङ्कर र पार्वतीलाई पनि पूजा गर ।
मातरम् अपि पितरम् अपि प्रणमति -	आमालाई पनि बुबालाई पनि ढोगिदिन्छ ।
रामः वा कृष्णः वा गच्छतु -	राम जाओस् अथवा कृष्ण जाओस् ।

वाक्ययोजकका उदाहरण -

एष श्लोकम् लिखति पठति च -	यसले श्लोक लेख्छ, श्लोक पढ्छ पनि ।
त्वम् काव्यम् पठसि किंवा लिखसि -	तिमी काव्य पढ्छौ अथवा काव्य लेख्छौं ।

ख) सापेक्ष अव्यय नौ प्रकारका हुन्छन् । तिनीहरूलाई तल क्रमैले दिइएको छ -

अ) अङ्ग र अङ्गीका योजक अव्ययशब्द - इति + एवम् = इत्येवम् ।

पद - क्रमादमुम् नारद इत्यबोधि सः -	क्रमैले नारद हुन् भन्ने जाने ।
वाक्य -	अहमिदानीम् न गच्छामीति उवाच, स्वयमभिधाय निर्ययौ ? म अहिले जान्न भने आफै भनेर गए ?

आ) क्रमबोधक अव्ययशब्द - अथ, ततः, अनन्तरम्, तदनु, पश्चात् , ततस्ततः आदि ।

१. उदेति पूर्वम् कुसुमम् ततः फलम् -	पहिले फूल लाग्छ पछि फल फल्छ ।
२. गुरुः आजगाम तदनु छात्राः उपतस्थिरे -	गुरु आएपछि विद्यार्थीहरू उठे ।

इ) प्रतिपक्षबोधक अव्ययशब्द - अन्यथा, न चेत्, नो चेत्, नैवं चेत् ।

१. शीघ्रम् आगच्छ नो चेत् अन्यः लभेत -	छिटो आऊ, नआए अर्काले पाऊला ।
२. सः गच्छतु नो चेत् अन्यम् प्रेषय -	त्यो जाओस्, नगए अरूलाई पठाऊ ।

ई) वैपरीत्यबोधक अव्ययशब्द - प्रत्युत (उल्टै) ।

उदाहरण -

स मम उपकारम् न स्मरति प्रत्युत मह्यमेव द्रुह्यति -
उसले मैले गरेको उपकार संझिँदैन, उल्टै मसँग रीस गर्छ ।

उ) प्रथमकारकबोधक अव्ययशब्द - तत्, ततः, ततः एव, अतः, अतश्च ।

उदाहरण -

१. रावणः सीताम् अहरत्, अत एव रामेण सोऽहन्यत -
रावणले सीतालाई हरण गऱ्यो, त्यसर्थ रामले रावणलाई मारे ।

२. स यथेच्छं भक्षयति ततः एव पुनः रोगैः पीड्यते -
त्यसले प्रशस्त खान्छ, त्यसकारणले त्यो पटक पटक रोगबाट पीडित हुन्छ ।

३. त्वम् अस्मै स्निह्यसि, तत् एषः अपि प्रेम्णा व्यवहरति -
तिमीले यसलाई माया गरेको हुनाले यसले पनि तिमीप्रति आत्मीयताको व्यवहार गर्छ ।

ऊ) अर्थापत्तिबोधक अव्ययशब्द - किमङ्ग, किं पुनः, किमु ।

१. तृणेन कार्यं भवतीश्वराणाम्, किमङ्गवाग्धस्तवता नरेण ।
छेस्काले पनि काम हुन्छ भने बोल्ने र हात-खुट्टा चलायमान भएको व्यक्तिबाट कसको काम हुँदैन?

२. एकैकम् अपि अनर्थाय किमु यत्र चतुष्टयम् -
एउटै कुराले पनि अनर्थ हुन्छ भने त्यस्ता चार वटा कुराले के होला ?

३. स्वयम् रोपितेषु अपि स्नेहः, किम्पुनरङ्गसम्भवेषु -
आफूले गोडमेल गरेको बिरुवामा त स्नेह हुन्छ भने आफैबाट जन्मेकोमा माया नहुने कुरै भएन।

ऋ) विशेषबोधक अव्ययशब्द - तु, परम्, परन्तु, किन्तु ।

उदाहरण -

१. अहम् भूयः आह्वयामि, स त नायाति - मैले फेरि बोलाएँ परन्तु त्यो आउँदैन ।

२. इच्छसि चेत् गच्छ परं सावधानेन त्वया भवितव्यम् -
इच्छा छ भने जाऊ परन्तु तिमीले सावधान हुनुपर्नेछ ।

३. इदम् सुन्दरमस्ति किन्तु महार्घम् - यो राम्रो त छ तर महँगो छ ।

ॠ) विवरणबोधक अव्ययशब्द - यथा, यथाहि, तथाहि ।

उदाहरण -

१. वर्णाः पञ्चाशत्, यथा अ, आ इत्यादि - वर्णहरू पचास छन् - अ-आ आदि ।

२. शब्दः द्विधा- यथा हि व्यक्तः अव्यक्तः च- शब्द दुई किसिमका हुन्छन्-व्यक्त र अव्यक्त।

३. वर्णः चत्वारः, तथा हि ब्राह्मणः, क्षत्रियः वैश्यः शूद्रः च -
वर्ण चार किसिमका छन् - ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र ।

ऌ) सम्बन्धबोधक अव्ययशब्द- यत्, तत्, यथा, तथा, चेत्, तर्हि, यद्यपि, तथापि ।

उदाहरण -

१. यथेच्छसि तथा कुरु - जस्तो इच्छा छ त्यस्तै गर ।

२. यावत् शक्नोषि तावत् कुरु - जति सक्छौ त्यति गर ।

३. यद्यपि मया किञ्चित् नोक्तम् तथापि स कुपितः- यद्यपि मैले केही भनिन फेरिं पनि त्यो रिसायो।

४. त्वम् गच्छसि चेत् यथेच्छं गच्छ - तिमी जान्छौ भने मन लागेको ठाउँमा जाऊ।

वाक्यअनुसार र स्थानअनुसार विभिन्न अर्थ हुने नाम, च, एव, तु, एव अव्ययशब्दको प्रयोग -

नामशब्द (नाम अर्थमा) पुष्पपुरी नाम नगरी - पुष्पपुरी नामको नगर ।

नामशब्द (अवश्य अर्थमा) विनीत वेषेण प्रवेष्टव्यानि तपोवनानि नाम -
अवश्य नै तपोवनमा साधारण भेषभूषामा प्रवेश गर्नुपर्छ ।

नामशब्द (निहुँ अर्थमा) कार्तान्तिको नाम भूत्वा - ज्योतिषीको बहाना बनाएर ।

नामशब्द (यदि तपाईं चाहनुहुन्छ भने अर्थमा) एवमस्तु नाम - तपाईंले चाहनुहुन्छ भने यस्तै होस् ।

नामशब्द (आश्चर्य अर्थमा)	अन्धो नाम पर्वतम् आरोहति -	अन्धो पनि पर्वत चढ्छ !
चको प्रयोग -	रामः च वस्त्रं धारयति -	राम पनि लुगा लगाउँछ ।
	रामः वस्त्रः च धारयति -	धाम लुगा पनि लगाउँछ ।
तुको प्रयोग -	सः तु रूप्यकं प्रयच्छति -	उसले त रूपैयाँ दिन्छ ।
	सः रूप्यकं तु ददाति -	उसले रूपैयाँ त दिन्छ ।
एवको प्रयोग -	सः एव पत्रं लिखति -	उसले नै पत्र लेख्छ ।
	सः पत्रमेव लिखति -	उसले चिठीमात्रै लेख्छ ।

अव्ययशब्द अद्य र कुत्रको संवादशैलीमा प्रयोग

सुरेशः - अद्य मुकुन्दः कुत्र गच्छति ? (आज मुकुन्द कहाँ जान्छ ?)
दिनेशः - अद्य मुकुन्दः तुलसीपुरम् गच्छति । (आज मुकुन्द तुलसीपुर जान्छ ।)
सुरेशः - अद्य उर्मिला कुत्र अगच्छत् ? (आज उर्मिला कहाँ गई ?)
दिनेशः - अद्य निर्मला जनकपुरम् अगच्छत् । (आज निर्मला जनकपुर गई ।)

संवादशैलीमा अव्यवशब्द 'श्वः' र 'कुत्र'को प्रयोग

जगदीशः - दिनेशः श्वः कुत्र गमिष्यति ? (दिनेश भोलि कहाँ जानेछ ?)
उमेशः - दिनेशः श्वः विराटनगरं गमिष्यति । (दिनेश भोलि विराटनगर जानेछ ।)
जगदीशः - त्वम् श्वः कुत्र गमिष्यसि ? (तिमी भोलि कहाँ जानेछौ ?)
उमेशः - अहं श्वः विद्यालयं गमिष्यामि । (म भोलि विद्यालय जानेछु ।)
जगदीशः - त्वं श्वः किं पठिष्यसि ? (तिमी भोलि के पढ्ने छौ ?)
उमेशः - अहं श्वः संस्कृतम् पठिष्यामि । (म भोलि संस्कृत पढ्ने छु ।)

अभ्यास

क) तल लेखिएका अव्ययशब्दहरूको प्रयोग गरी संवादशैलीमा वाक्य निर्माण गर्नुहोस् ।

परश्वः, 'कदा', 'यदा', 'तदा', 'कुत्र', 'तत्र', 'एकदा', 'सर्वदा', 'सदा', 'सम्प्रति', 'प्रातः', 'सायम्', 'सर्वत्र', 'ह्यः' र 'इह' ।

ख) निम्न वाक्यहरूको संस्कृतमा अनुवाद गर्नुहोस् -

१. मुकुन्द कहाँ जान्छ ?
२. दिनेश कहिले आउँछ ?
३. भोलि निर्मला कहाँ जाँदैछिन् ?
४. निर्वाचन कहिले हुँदैछ ?
५. सुरेश यहाँ आऊ ।
६. निर्मला पानी पिऊ (जलम्) ।
७. सुरेशले के पढ्यो ?
८. अहिले (को = कः) आयो ?
९. बिहान को गयो ?
१०. हरि हिजो गयो ।
११. मुकुन्द घर जाओस् (गृहम्) ।
१२. सावित्रीले संस्कृत पढोस् (संस्कृतम्) ।
१३. तिमीहरूले गीत गाओ ।
१४. निर्मला नाच्ने छिन् ।
१५. दिनेशले किन गाएन ।
१६. के सुरेशले पढेन ?
१७. हरीशले के पढ्यो ।
१८. तिमी यहाँ आऊ ।
१९. गोविन्द ! तिमी त्यहाँ जाऊ ।

* संस्कृतजिज्ञासु मित्रहरू तथा विद्यार्थी भाइबहिनीहरू ! तपाईंहरूले पढेका विषयवस्तुहरू राम्रोसँग बुझ्नुभयो अथवा बुझ्नुभएन भन्ने कुरा परीक्षण गर्न अगाडि संपरीक्षण तालिका प्रस्तुत गरिएको छ । उक्त तालिकाका आधारमा तल दिइएका निर्देशनअनुसार सबै वाक्य बनाउने प्रयास गर्नुहोस् । निर्देशनअनुसार सबै वाक्यहरू शुद्ध बनाउन सक्नुभयो भने आफूले राम्रोसँग बुझेर पढेको संझी ढुक्क हुनुहोस् । कहीँ कतै थोरै पनि आफूमा कमी-कमजोरी पाउनुभयो भने पुनः विषयवस्तुको बोध गरी गल्ती सच्याई अगाडि बढ्ने प्रण गर्नुहोस् ।

संपरीक्षण तालिका - १५

	समूह 'क'			समूह 'ख'		समूह 'ग'		
प्रथमपुरुष	सः	तौ	ते	अकस्मात्		पठिष्यति	पठिष्यतः	पठिष्यन्ति
	रामः	रामौ	रामाः	इतः		क्रीडिष्यति	क्रीडिष्यतः	क्रीडिष्यन्ति
	सीता	सीते	सीताः	इदानीम्		गमिष्यति	गमिष्यतः	गमिष्यन्ति
	सर्वा	सर्वे	सर्वाः	एकदा		लेखिष्यति	लेखिष्यतः	लेखिष्यन्ति
	हरिः	हरी	हरयः	कुत्र		भ्रमिष्यति	भ्रमिष्यतः	भ्रमिष्यन्ति
	मतिः	मती	मतयः	तत्र				
मध्यमपुरुष	त्वम्	युवाम्	यूयम्	कदापि झटिति कदाचित् तदानीम् एकधा	न	पठिष्यसि क्रीडिष्यसि गमिष्यसि लेखिष्यसि भ्रमिष्यसि	पठिष्यथः क्रीडिष्यथः गमिष्यथः लेखिष्यथः भ्रमिष्यथः	पठिष्यथ क्रीडिष्यथ गमिष्यथ लेखिष्यथ भ्रमिष्यथ
उत्तमपुरुष	अहम्	आवाम्	वयम्	एकत्र क्वचित् अतीव अधुना अनिषम्		पठिष्यामि क्रीडिष्यामि गमिष्यामि लेखिष्यामि भ्रमिष्यामि	पठिष्यावः क्रीडिष्यावः गमिष्यावः लेखिष्यावः भ्रमिष्यावः	पठिष्यामः क्रीडिष्यामः गमिष्यामः लेखिष्यामः भ्रमिष्यामः

१. माथिको तालिकामा 'न' अव्यय नकारात्मक वाक्य बनाउनका लागि हो भन्ने कुरा पहिलेका तालिकाहरूबाट तपाईंहरू प्रष्ट भइसक्नुभएको छ । यहाँ उक्त शब्द तपाईंहरूलाई नकारात्मक वाक्य बनाउनका लागि सजिलो होस् भन्ने हेतुले राखिएको हो ।

२. प्रथमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाई समूह 'ख'बाट उपयुक्त शब्द चयन गरी अनेकौं वाक्य बनाउनुहोस्।

३. मध्यमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाई समूह 'ख'बाट उपयुक्त शब्द चयन गरी अनेकौं वाक्य बनाउनुहोस्।

४. उत्तमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाई समूह 'ख' बाट उपयुक्त शब्द चयन गरी अनेकौं वाक्य बनाउनुहोस्।

५. तालिकाको प्रयोग गरेर पाँच नकारात्मक वाक्य बनाएर आफ्नो अभ्यास बढाउनुहोस् ।

संस्कृतजिज्ञासु मित्र एवं विद्यार्थी भाइबहिनीहरू ! अहिलेसम्म गरिएको अध्ययन र अभ्यासबाट तपाईंहरूसँग संस्कृत बोलचालका लागि पर्याप्त सामग्री एकत्रित भइसकेको छ । अकारान्त, आकारान्त, इकारान्त, ईकारान्त शब्दहरू पढिसक्नुभएको छ । तपाईंहरूले अब यहाँ ह्रस्व उकारान्त शब्द भानुशब्दको रूप राम्रोसँग बुझ्ने प्रयास गरौं । यस अभ्यासबाट तपाईंहरूलाई ह्रस्व उकारान्त हजारौं शब्दको रूपायनमा दक्षता प्राप्त हुनेछ । उकारान्त भानुशब्दको अर्थ हो - सूर्य । सूर्य संसारका आत्मा हुन् । आत्मज्ञानका लागि नै अध्ययन र अध्यापन गराइने हाम्रो संस्कृतिमा भानु यद्वा सूर्यको आफ्नै किसिमको महत्त्व छ । यस शब्दको रूपायनको ज्ञान गर्दै तपाईंहरूले प्रसङ्गवश संसारका आत्मा सूर्यको पनि संझना गर्नुहुनेछ ।

नियम - '१२ क' शब्दरूपायनसम्बन्धी, (ह्रस्व उकारान्त पुंलिङ्ग) भानुशब्द-

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
प्रथमा	भानु	भानू	भानवः
द्वितीया	भानुम्	भानू	भानून्
तृतीया	भानुना	भानुभ्याम्	भानुभिः
चतुर्थी	भानवे	भानुभ्याम्	भानुभ्यः

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
पञ्चमी	भानोः	भानुभ्याम्	भानुभ्यः
षष्ठी	भानोः	भान्वोः	भानूनाम्
सप्तमी	भानौ	भान्वोः	भानुषु
सम्बोधन	हे भानो!	हे भानू!!	हे भानुवः!!!

* संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! भानुजस्तै अनेकौं शब्द छन् । एउटा भानुशब्दमात्र पढेर तपाईंहरूले तिनका रूपायन बुझ्नुपर्छ । जस्तै-

२.	विधुः	विधू	विधवः	..... ।	११.	आखुः	आखू	आखवः	..... ।
३.	विष्णुः	विष्णू	विष्णवः	..... ।	१२.	रिपुः	रिपू	रिपवः	..... ।
४.	शिशुः	शिशू	शिशवः	..... ।	१३.	शम्भुः	शम्भू	शम्भवः	..... ।
५.	वेणुः	वेणू	वेणवः	..... ।	१४.	प्रभुः	प्रभू	प्रभवः	..... ।
६.	वायुः	वायू	वायवः	..... ।	१५.	पांशु	पांशू	पांशवः	..... ।
७.	पायुः	पायू	पायवः	..... ।	१६.	मृत्युः	मृत्यू	मृत्यवः	..... ।
८.	शत्रुः	शत्रू	शत्रवः	..... ।	१७.	बाहुः	बाहू	बाहवः	..... ।
९.	विभुः	विभू	विभवः	..... ।	१८.	साधुः	साधू	साधवः	..... ।
१०.	धातुः	धातू	धातवः	..... ।	१९.	असाधुः	असाधू	असाधवः	..... ।

नियम - '१२ ख' शब्दरूपायनसम्बन्धी, (ह्रस्व उकारान्त स्त्रीलिङ्ग) धेनुशब्द-

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
प्रथमा	धेनुः	धेनू	धनवः
द्वितीया	धेनुम्	धेनू	धेनूः
तृतीया	धेन्वा	धेनुभ्याम्	धेनुभिः
चतुर्थी	धेनवे	धेनुभ्याम्	धेनुभ्यः

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
पञ्चमी	धेनोः	धेनुभ्याम्	धेनुभ्यः
षष्ठी	धेनोः	धेन्वोः	धेनूनाम्
सप्तमी	धेनौ	धेन्वोः	धेनुषु
सम्बोधन	हे धेनो!	हे धेनू!!	हे धेनवः!!!

* संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! भानु र धेनुशब्दको रूपायनमा द्वितीयाको बहुवचन र तृतीयाको एकवचनमा मात्र संरचनागत भिन्नता छ, अरू वैकल्पिक रूप पहिले गरौंला । धेनुजस्तै स्त्रीलिङ्गी ह्रस्व उकारान्त - रेणु = धूलो, तनु = शरीर (पुं./स्त्री.), हनु = च्यूँडो । प्रयोगात्मक -

स भानुः अस्ति - ती सूर्य हुन् । सा धेनुः अस्ति - ती गाई हुन् ।

तस्य भानोः प्रकाशात् सर्वं प्रकाशितम् अस्ति - तिनै सूर्यको प्रकाशले संसार प्रकाशित छ ।

तस्या धेनोः प्रसादाद् वसिष्ठः सर्वविषयेषु परिपूर्णः अस्ति -

ती गाईको कृपाले वसिष्ठ सबै विषयमा परिपूर्ण छन् ।

नियम - '१२ ग' शब्दरूपायनसम्बन्धी, (ह्रस्व उकारान्त नपुंसकलिङ्ग) मधुशब्द-

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
प्रथमा	मधु	मधुनी	मधूनि
द्वितीया	मधु	मधुनी	मधूनि
तृतीया	मधुना	मधुभ्याम्	मधुभिः
चतुर्थी	मधुने	मधुभ्याम्	मधुभ्यः

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
पञ्चमी	मधुनः	मधुभ्याम्	मधुभ्यः
षष्ठी	मधुनः	मधुनो	मधूनाम्
सप्तमी	मधुनि	मधुनोः	मधुषु
सम्बोधन	हे मधो !	हे मधुनी !!	हे मधूनि !!!

* संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! मधुजस्तै अनेकौं शब्द छन् जसको रूपायन एउटा मधुशब्दमात्र पढेर बुझ्न सकिन्छ । जस्तै -

२.	जानु	जानुनी	जानूनि	..... ।	७.	दारु	दारुणी	दारूणि	..... ।
३.	जतु	जतुनी	जतूनि	..... ।	८.	तालु	तालुनी	तालूनि	..... ।
४.	सानु	सानुनी	सानूनि	..... ।	९.	बहु	बहुनी	बहूनि	..... ।
५.	कटु	कटुनी	कटूनि	..... ।	१०.	मृदु	मृदुनी	मृदूनि	..... ।
६.	लघु	लघुनी	लघूनि	..... ।	११.	पटु	पटुनी	पटूनि	..... ।

* संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! यहाँ पुंलिङ्गी भानुशब्द र नपुंसकलिङ्गी मधुशब्दका रूपायनको ज्ञान गराइएको छ । भानुशब्दको प्रयोग यहीं नै देखाइएको छ भने मधुजस्ता नपुंसकलिङ्गी शब्दहरूको प्रयोग इदम् र तत्, यत्शब्द पढाएपछि गराइनेछ ।

चौधौं दिन
चतुर्दशः दिवसः

शेषाय नमः

संस्कृतानुरागी मित्र एवं विद्यार्थी भाइबहिनीहरू ! तपाईंहरूले यस पुस्तकमा तेह्रौं दिनका पाठसम्म सामान्यतः वर्तमानकाल, भूतकाल, भविष्यत्काल र आज्ञार्थक लोट्लकार गरी चार लकार अथवा चार अवस्थाको विषयमा ज्ञान गरिसक्नुभएको छ । तपाईंहरूले एक किसिमको एक शब्दको ज्ञानबाट त्यस्तै अनेकौं शब्द र क्रियाका रूप यथार्थ जान्न सकिने कुरा पनि बुझिसक्नुभएको छ । यसैगरी अबका दिनहरूमा तपाईंको अभ्यास जारी रह्यो भने तपाईंहरूले छिट्टै संस्कृतभाषामा धाराप्रवाह बोल्न, लेख्न, प्रश्नोत्तर गर्न सक्ने कुशलता प्राप्त गर्नुहुनेछ । पाणिनि, कात्यायन र पतञ्जलिको उपदेशअनुसार सरल शैलीमा विषय खुलाइएको छ । सरलतापूर्वक संस्कृतबोध गर्ने सोपान र सरणि बताउँदै 'संस्कृत अति सरल भाषा हो' भनेर सिद्ध गर्नु पनि यस पुस्तकको लक्ष्य हो । आजसम्म यहाँ ४ वर्गका शब्दका रूप पढ्दा पनि कति जानिंदोरहेछ भन्ने कुरा तपाईंहरूले बुझिसक्नुभएको छ । अब म केही शब्दहरू थपेर तपाईंहरूको अभ्यास बढाउँदैछु । कम्मर कसेर चित्त एकाग्र गराई तपाईंहरूले अभ्यास गरिदिनुहोस् सफलता नजिकै छ।

संस्मरण

* शब्दका प्रायः २४ वटा रूप हुन्छन् ।
* धातुका एक कालमा ९ रूप हुन्छन् ।
* धातुका आत्मनेपदी र परस्मैपदी गरी दुई वर्ग छन् । परस्मैपदी वर्गका ९ रूपका छुट्टै प्रत्यय हुन्छन् भने आत्मनेपदी वर्गका ९ रूपका छुट्टै प्रत्यय हुन्छन् । कुनै कुनै धातुमा आत्मनेपदी र परस्मैपदी दुवैका गुण भएकाले ती उभयपदी कहलाउँछन् । त्यस्ता धातुका आत्मनेपदी र परस्मैपदी गरी १८ रूप हुनसक्छन् ।
* संस्कृत भाषामा शब्दका २४ रूप र धातुका ९ रूप गरी प्रायः ३३ रूप हुन्छन् । उभयपदी धातु भएमा ९ थपी ४२ रूप पनि हुनसक्छन् ।
* आजसम्म तपाईंहरूले कुनै पनि शब्दका प्रथमा विभक्तिका तीन रूप (सः, तौ, ते / रामः, रामौ, रामाः / रमा, रमे, रमाः/सर्वा, सर्वे, सर्वाः/हरिः, हरी, हरयः / भगवती, भगवत्यौ, भगवत्यः / भानुः, भानू, भानवः) को र विभिन्न धातुका (पठति, पठतः, पठन्ति आदि) ९ रूपहरूको प्रयोग पनि सिक्नुभएको छ, पढेकै कुराहरूको आधारमा विवेचना गर्दै निम्न कुराहरू पढौं –

वर्तमानकालका वाक्य र तिनको अरू कालमा प्रयोग

रामः गच्छति । गोविन्दाः गच्छन्ति । विमला नृत्यति । भगवत्यः पठन्ति ।

* यी वर्तमानकालका वाक्य हुन् । यिनैलाई भूतकालमा, भविष्यत्कालमा र आज्ञार्थक लोट्लकारमा पनि प्रयोग गर्न सकिन्छ । जस्तै भूतकालमा प्रयोग गर्दा –

रामः अगच्छत् । गोविन्दाः अगच्छन् । विमला अनृत्यत् । भगवत्यः अपठन् ।

भविष्यत्कालमा प्रयोग गर्दा –

राम: गमिष्यति । गोविन्दा: गमिष्यन्ति । विमला नर्तिष्यति । भगवत्य: पठिष्यन्ति ।

आज्ञार्थक लोट्लकारमा प्रयोग गर्दा –

राम: गच्छतु । गोविन्दा: गच्छन्तु । विमला नृत्यतु । भगवत्य: पठन्तु ।

× अहिलेसम्म सिक्दा र सिकाउँदा शब्दका पहिलो पङ्क्तिको मात्र अर्थात् प्रथमाविभक्तिको मात्र प्रयोग भएको छ । अब क्रमश: द्वितीया, तृतीया आदि विभक्तिहरूको पनि प्रयोग सिकाइने छ ।

× अब पढेका शब्दका रूपहरूमध्ये द्वितीया विभक्तिका रूप अर्थात् दोस्रो पङ्क्तिका रूपहरूको प्रयोग सिक्ने तर्फ लागौं ।

× संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! तपाईंहरूले विगत दिनहरूमा रामशब्द र रामशब्दजस्ता अकारान्त शब्दहरूको रूपायनको अभ्यास गर्नुभएको छ । साथै तिनीहरूलाई वाक्यमा प्रयोग गर्ने विधि पनि सिक्नुभएको छ । रामशब्दका आठ वटा समूह छन् । पहिलो समूह राम:, रामौ, रामा: को अभ्यास तपाईंहरूले राम्ररी गर्नुभएको छ । आठ वटा समूहमध्ये पहिलो समूहलाई प्रथम पङ्क्ति, दोस्रोलाई दोस्रो पङ्क्ति भनिन्छ । यसैगरी अरू समूहलाई पनि क्रमश: तेस्रो, चौथो भनी बुझ्नुपर्दछ । हामीले पहिलो समूहको अभ्यास गरिसक्यौं । अब दोस्रो समूहबाट क्रमश: अभ्यास गर्दै जानेछौं । यस पाठमा हामीले दोस्रो समूहमा केन्द्रित भएर वाक्यनिर्माणको अभ्यास गर्नेछौं । दोस्रो समूह अथवा दोस्रो पङ्क्तिलाई व्याकरणको भाषामा द्वितीया विभक्ति भनिन्छ । यस विभक्तिले नेपालीमा लाई भन्ने अर्थ बुझाउँछ । जस्तै – **रामम्** भन्दा **रामलाई**, **रामौ** भन्दा **दुई रामलाई** र **रामान्** भन्दा **सबै रामलाई** । यसैगरी प्रत्येक शब्दका द्वितीया विभक्तिको अर्थ बुझ्नुपर्दछ ।

× संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! हामीहरू शब्दका रूपायनको वाक्यमा प्रयोग गर्ने अभ्यास गर्दैछौं। हामीले जति शब्दरूप पढ्यौं र आगामी पाठमा जे-जति पढ्ने छौं, ती सबै शब्दरूपहरूका आठवटा समूह हुन्छन् भन्ने कुरा पनि बुझिसकेका छौं । एउटै शब्द कहिले कर्ता, कहिले कर्म, कहिले करण, कहिले सम्प्रदान, कहिले अपादान, कहिले सम्बन्ध, कहिले अधिकरण र कहिले सम्बोधन बन्दछ । जस्तै **राम: गच्छति** भन्दा रामशब्दको कर्ताको रूपमा प्रयोग गरियो । **छात्र: रामम् नमति** भन्दा रामशब्दको कर्मका रूपमा प्रयोग गरियो । यसैगरी अरू विभक्तिमा पनि यसको प्रयोग हुनसक्छ । कर्ताका रूपमा प्रयोग भएको शब्द कर्ममा किन आयो नभन्नु होला । एउटै शब्दको विभिन्न अर्थमा विभिन्न विभक्तिमा प्रयोग गर्न सकिन्छ । यो कुरा तपाईं कहिल्यै पनि नभुल्नु होला, भुल्नुभयो भने भयङ्कर त्रुटि हुनेछ। एउटा शब्दलाई कर्ता, कर्म, करण, सम्प्रदान, अपादान, सम्बन्ध, अधिकरण र सम्बोधन बनाएर प्रयोग गर्न जान्नु नै व्याकरणमा पारङ्गत हुनु हो । अब आउनुहोस्, शब्दका दोस्रो पंक्तिका रूपहरूको प्रयोग गर्ने विधि सिकौं ।

नियम - '१३' वाक्यरचनासम्बन्धी (कर्तृवाच्यको प्रयोग गर्दा कर्ममा सदैव द्वितीया विभक्ति हुन्छ ।)

द्वितीया विभक्तिको प्रयोग

लिङ्ग	एकवचन	द्विवचन	बहुवचन	
अकारान्त पुंलिङ्ग	रामम्	रामौ	रामान्	(राम जस्तै श्याम आदिको दोस्रो लाइन बुझौं।)
आकारान्त स्त्रीलिङ्ग	रमाम्	रमे	रमा:	(रमा जस्तै कृष्णा आदिको दोस्रो लाइन बुझौं।)
इकारान्त पुंलिङ्ग	हरिम्	हरी	हरीन्	(हरिजस्तै कपि आदिको दोस्रो लाइन बुझौं।)
ईकारान्त स्त्रीलिङ्ग	भगवतीम्	भगवत्यौ	भगवती:	(भगवतीजस्तै पार्वती आदिको दोस्रो लाइन बुझौं।)
ह्रस्व उकारान्त पुंलिङ्ग	भानुम्	भानू	भानून्	(भानुजस्तै शम्भु आदिको दोस्रो लाइन बुझौं।)

× कुनै पनि शब्दका रूपायनको दोस्रो समूह अर्थात् द्वितीय पङ्क्तिलाई द्वितीया विभक्ति भनिन्छ भन्ने कुरा बुझिसक्नुभएको

छ । द्वितीया विभक्तिको प्रयोग कर्म बुझाउनका निमित्त गरिन्छ । अंग्रेजीमा कर्मलाई Object भनिन्छ । मुनि पाणिनिले आफ्नो महान् ग्रन्थ अष्टाध्यायीमा कर्मसंज्ञा गर्ने सूत्र '**कर्तुरीप्सिततम् कर्म**' लेख्नुभएको छ । यसको अर्थ - कर्ताले गर्न चाहेको विषय नै कर्म हो । यसै कर्मलाई बुझाउने द्वितीया विभक्तिका विभिन्न रूपहरूको वाक्यमा प्रयोग गरौं ।

* संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! आजसम्म हामीहरूले कर्ता र क्रियाको मात्र प्रयोग गरी वाक्य बनाएका थियौं । अब कर्ता र क्रियाका साथ कर्मलाई पनि राखेर वाक्य बनाउने अभ्यास गरौं ।

समूह 'एक' - कर्ता र क्रियामात्र भएको वाक्य	समूह 'दुइ' - कर्ता, क्रिया र कर्म भएको वाक्य
१. रामः पठति ।	१. रामः पाठम् पठति ।
२. सीता गायति ।	२. सीता गीतम् गायति ।
३. भगवती पिबति ।	३. भगवती दुग्धम् पिबति ।
४. छात्रः नमति ।	४. छात्रः अध्यापकम् नमति ।
५. सीता खादति ।	५. सीता फलम् खादति ।
६. अहम् नमामि ।	६. अहं भगवतीम् नमामि ।
७. भक्तः भजति ।	७. भक्तः हरिम् भजति ।
८. उर्मिला नमति ।	८. उर्मिला सीताम् नमति ।
९. छात्राः गच्छन्ति ।	९. छात्राः भैरवमन्दिरम् गच्छन्ति ।
१०. बालकः पश्यति ।	१०. बालकः जननीम् पश्यति ।

क) वाक्यको संरचना

कर्ता	कर्म	क्रिया
रामः	पाठम्	पठति

ख) नकारात्मक वाक्यको संरचना

कर्ता	कर्म	निषेध.श.	क्रिया
रामः	पाठम्	न	पठति

ग) प्रश्नवाचक वाक्यको संरचना

अपि	कर्ता	कर्म	क्रिया	प्रश्नसू.
अपि	रामः	पाठम्	पठति	?

* पहिलो समूहमा कर्म राखिएको छैन । दोस्रो समूहमा कर्म राखिएको छ । पहिलो समूहमा लेखिएको '**रामः पठति**'ले राम पढ्छ भन्ने अर्थ बताउँछ तर रामले के पढ्दछ भन्ने उत्तर दिंदैन । दोस्रो समूहमा राखिएको '**रामः पाठम् पठति**' ले रामले पाठ पढ्दछ भन्ने अर्थ बताउँछ । त्यसकारण पहिलो समूहका वाक्य कर्मरहित वाक्य हुन् र दोस्रो समूहका वाक्य कर्मसहितका वाक्य हुन् । अब त तपाईंहरूले कर्म भनेको बुझ्नुभयो होला र साथै कर्मको प्रयोग गर्दा त्यसलाई द्वितीया विभक्तिमा लैजानुपर्छ भन्ने पनि बुझ्नुभयो होला ।

* संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! हामीले माथिका वाक्यहरूमा वर्तमानकाल लट्लकार अर्थात् प्रथम अवस्थाका क्रियामात्र प्रयोग गरेका छौं । तपाईंहरूले अभ्यासका क्रममा चारवटै लकारका अर्थात् चारै अवस्थाका क्रियापदहरूको प्रयोग गरेर वाक्य बनाउन सक्नुहुनेछ ।

* संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! आवश्यकताअनुसार तपाईंहरूले द्विवचन र बहुवचनका कर्म पदको पनि प्रयोग गरी वाक्य निर्माण गर्न सक्नुहुनेछ । जस्तै -

    १. दिनेश: पाठम् पठति - दिनेशले एउटा पाठ पढ्छ ।
    २. दिनेश: पाठौ पठति - दिनेशले दुइटा पाठ पढ्छ ।
    ३. दिनेश: पाठान् पठति - दिनेशले सबै पाठ पढ्छ ।

* प्रत्येक वाक्यका कर्महरूलाई रेखाङ्कित गरिएको छ । रेखाङ्कित पदहरू कर्म हुन् भन्ने कुरा तपाईंहरूले अवश्य बुझ्नुभयो होला ।
* यसैगरी अरू वाक्ययोजनाको अभ्यास गर्नुहोला ।
* व्याकरणशास्त्रमा कर्मसम्बन्धी अनेक विधिहरू छन् । ती सबैलाई यहाँ पढाउन खोज्नु संस्कृत सिक्न चाहना गर्ने जिज्ञासुहरूका निमित्त बोझिलो हुनेछ । ती सबै विधिहरूको अभ्यास त वाक्य निर्माणमा अभ्यस्त भएपछि मात्र उपयुक्त देखिन्छ । रोगीलाई औषधि पटक पटक गरेर दिएझैं विद्यार्थीलाई ज्ञान पनि पचाउन सक्ने गरी मात्र दिनुपर्छ भनी भगवान् पतञ्जलिको निर्देशन छ ।
* संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! माथिका उदाहरण पढेपछि कर्मको प्रयोग कसरी, कुन ठाउँमा कुन अर्थमा गर्नुपर्छ भन्ने कुरा बुझ्नुभयो ? नबुझेको भए बुझ्नुहोस् ।

अङ्ग्रेजीभाषा र संस्कृतभाषामा वाक्यप्रयोगको तुलना

संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! अंग्रेजीमा जसलाई Object भन्छन्, संस्कृतमा त्यसैलाई कर्म भनिन्छ । तल अंग्रेजी र संस्कृतका कर्मलाई जनाउने वाक्यहरूको प्रयोग गरिन्छ ।

अंग्रेजीमा वाक्य प्रयोग - Ram Read book **संस्कृतमा वाक्य प्रयोग** रामः पुस्तकं पठति ।
कर्ता क्रिया कर्म **कर्ता कर्म क्रिया**

विशेष - संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! अंग्रेजीमा कर्मलाई वाक्यको अन्तमा राख्ने पर्दछ । माथिको वाक्यमा कर्मको रूपमा रहेको Book अन्तमा छ तर संस्कृतमा भने सामान्यतः कर्मलाई कर्ता र क्रियाको बीचमा राखिन्छ । माथिको वाक्यमा हेर्नुहोस् - कर्मको रूपमा रहेको **पुस्तकम्** कर्ता **रामः** र क्रिया **पठति** को बीचमा रहेको छ । यो सामान्य कुरा हो तर संस्कृतमा कर्ता, क्रिया र कर्ममध्ये जुनसुकैलाई पनि वाक्यमा जहाँ सुकै राख्न सकिन्छ । यसरी अंग्रेजीमा र संस्कृतमा गरिने कर्मको प्रयोगबारे राम्रो जानकारी राखौं ।

अभ्यास

क) निम्नलिखित वाक्यहरूको नेपालीमा अनुवाद गर्नुहोस्

१. छात्राः विद्यालयम् गच्छन्ति ।
२. भगवती गीतं गायति ।
३. हरिः सिद्धान्तकौमुदीं पठति ।
४. शकुन्तला पुष्पवाटिकाम् अपश्यत् ।
५. रमा भगिनीम् अपृच्छत् ।
६. सिद्धार्थः वनम् अगच्छत् ।
७. मैथिली अयोध्याम् गमिष्यति
८. शशिशेखरः कवितां पठिष्यति ।
९. सीता रामायणम् पठिष्यति ।
१०. रामः वनम् गच्छतु ।
११. त्वम् विद्यालयम् गच्छ ।
१२. सीते ! ओदनम् पच ।
१३. छात्रौ वेदम् पठतः ।
१४. अपि वयम् पाठौ पठाव ?

१५. अपि आवाम् भोजनम् न खादाव ?
१६. छात्रौ वस्त्राणि प्रक्षालयताम् ।
१७. छात्राः गृहाणि गच्छन्तु ।
१८. अध्यापकाः छात्रान् उपदिशन्तु ।
१९. छात्राः शेषम् नमन्तु ।

ख) निम्नलिखित वाक्यहरूको संस्कृतमा अनुवाद गर्नुहोस्

१. राम घर गयो ।
२. विद्यार्थीले निबन्ध लेख्यो ।
३. शकुन्तलाले चिठी लेखिन् ।
४. म विराटनगर जानेछु ।
५. तिमीले भात खायौ ?
६. सीता विराटनगर गइनन् ।
७. हामीहरूले संस्कृत पढ्नेछौं ।
८. सरिता काठमाडौं कहिले जालिन् ?
९. म भोलि विद्यालय जानेछु ।

ग) निम्नलिखित वाक्यहरूलाई नकारात्मक बनाउनुहोस्

१. बालकाः विद्यालयं गमिष्यन्ति ।
२. नन्दिनी निबन्धम् अलिखत् ।
३. शकुन्तला गृहं गमिष्यति ।
४. अहम् वाल्मीकि-रामायणम् (अपठम्)
५. अध्यापकाः पाठशालाम् अगच्छन् ।

* तपाईंहरूलाई उक्त वाक्यहरूको नकारात्मक रूपमा परिवर्तन गर्न सघाउ पुऱ्याउन एउटा वाक्यको नमूना प्रस्तुत गरिन्छ। जस्तै - 'बालकाः विद्यालयम् गमिष्यन्ति' यो सामान्य वाक्य हो भने बालकाः विद्यालयम् न गमिष्यन्ति' नकारात्मक वाक्य हो । यसै आधारमा तपाईंहरूले माथिका अरू वाक्यहरूलाई नकारात्मक रूपमा परिवर्तन गर्नुहोस् ।

घ) निम्नलिखित वाक्यहरूलाई प्रश्नवाचक बनाउनुहोस्

१. रामः गृहम् अगच्छत् ।
२. छात्रः निबन्धम् अलिखत् ।
३. रमा पत्रम् अलिखत् ।
४. अहम् पोखराम् गमिष्यामि ।
५. यूयम् भक्तम् अखादत ।
६. वयम् संस्कृतम् पठिष्यामः ।

* तपाईंहरूलाई उक्त वाक्यहरूको प्रश्नवाचक वाक्यका रूपमा परिवर्तन गर्न सघाउ पुऱ्याउने उद्देश्यले एउटा वाक्यको नमूना प्रस्तुत गरिन्छ । जस्तै - 'रामः गृहम् अगच्छत्' यो सामान्य वाक्य हो । यसलाई प्रश्नवाचक वाक्यका रूपमा परिवर्तन गर्दा 'अपि रामः गृहम् अगच्छत् ?' हुन आउँछ । यसै आधारमा तपाईंहरूले माथिका अरू वाक्यहरूलाई प्रश्नवाचकका रूपमा परिवर्तन गर्नुहोस् ।

* संस्कृतजिज्ञासु मित्रहरू तथा विद्यार्थी भाइबहिनीहरू । तपाईंहरूले पढेका विषयवस्तुहरू राम्रोसँग बुझ्नुभयो अथवा बुझ्नुभएन भन्ने कुरा परीक्षण गर्न अगाडि संपरीक्षण तालिका प्रस्तुत गरिएको छ । उक्त तालिकाका आधारमा तल दिइएका निर्देशनअनुसार सबै वाक्य बनाउने प्रयास गर्नुहोस् । निर्देशनअनुसार सबै वाक्यहरू शुद्ध बनाउन सक्नुभयो भने आफूले राम्रोसँग बुझेर पढेको संज्ञी ढुक्क हुनुहोस् । कहीं कतै थोरै यनि आफूमा कमी-कमजोरी पाउनुभयो भने पुनः विषयवस्तुको बोध गरी गल्ती सच्याई अगाडि बढ्ने प्रण गर्नुहोस् ।

संपरीक्षण तालिका - १६

		समूह 'क'			समूह 'ख'		समूह 'ग'		
प्रथमपुरुष	अपि	सः	तौ	ते	हरिद्वारम्	न	प्रणमति	प्रणमतः	प्रणमन्ति
		रामः	रामौ	रामाः	धरानम्		अलिखत्	अलिखताम्	अलिखन्
		रमा	रमे	रमाः	आचार्यम्		गमिष्यति	गमिष्यत	गमिष्यन्ति
		हरिः	हरी	हरयः	भगवतीम्		क्रीडतु	क्रीडताम्	क्रीडन्तु
		भगवती	भगवत्यौ	भगवत्यः			भ्रमतु	भ्रमताम्	भ्रमन्तु
मध्यमपुरुष		त्वम्	युवाम्	यूयम्	निबन्धम्		प्रणमसि	प्रणमथः	प्रणमथ
					शङ्करम्		अलिखः	अलिखतम्	अलिखत
					रामम्		गमिष्यसि	गमिष्यथः	गमिष्यथ
					शेषम्		क्रीड	क्रीडतम्	क्रीडत
					गृहम्		भ्रम	भ्रमतम्	भ्रमत
उत्तमपुरुष		अहम्	आवाम्	वयम्			प्रणमामि	प्रणमावः	प्रणमामः
							अलिखम्	अलिखाव	अलिखाम
							गमिष्यामि	गमिष्यावः	गमिष्यामः
							क्रीडानि	क्रीडाव	क्रीडाम
							भ्रमानि	भ्रमाव	भ्रमाम

उदाहरण - सः शङ्करम् प्रणमति । सः शङ्करम् न प्रणमति । अपि सः शङ्करम् प्रणमति । अपि सः शङ्करम् न प्रणमति ।

१. माथिको तालिकामा 'अपि' शब्द प्रश्नवाचक वाक्य बनाउनका लागि हो भने 'न' अव्यय नकारात्मक वाक्य बनाउनका लागि हो भन्ने कुरा पहिलेका तालिकाहरूबाट तपाईंहरू प्रष्ट भइसक्नुभएको छ । यहाँ उक्त शब्दहरू तपाईंहरूलाई नकारात्मक वाक्य र प्रश्नवाचक वाक्य बनाउनका लागि सजिलो होस् भन्ने हेतुले राखिएका हुन् ।

२. प्रथमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाई समूह 'ख'बाट उपयुक्त शब्द चयन गरी अनेकौं वाक्य बनाउनुहोस्।

३. मध्यमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाई समूह 'ख'बाट उपयुक्त शब्द चयन गरी अनेकौं वाक्य बनाउनुहोस्।

४. उत्तमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाई समूह 'ख' उपयुक्त शब्द चयन गरी अनेकौं वाक्य बनाउनुहोस् ।

५. तालिकाको प्रयोग गरेर पाँच प्रश्नवाचक र पाँच नकारात्मक वाक्य बनाएर आफ्नो अभ्यास बढाउनुहोस् ।

अतिरिक्त ज्ञान

संस्कृतजिज्ञासु मित्रहरू तथा विद्यार्थी भाइबहिनीहरू ! चौधौं दिनको पाठमा हामीहरूले द्वितीया विभक्ति कर्मकारकको प्रयोगसम्बन्धमा अध्ययन गर्‍यौं, प्रयोगात्मक ज्ञानमा पनि दक्ष बन्यौं । अब यहाँ अतिरिक्त ज्ञान शीर्षकअन्तर्गत विभिन्न अवस्था र अर्थमा १६ धातुका योगमा कर्मसंज्ञा भई द्वितीया विभक्तिको प्रयोग हुने स्थानको अध्ययन गरी द्विकर्मक धातुको प्रयोग र प्रयोगात्मक ज्ञानमा दक्ष बनौं ।

	धातु	अर्थ	प्रयोग
१.	दुह्	दुध दुहुनु	हरिः गां पयः दोग्धि । (हरिले गाईको दुध दुहुन्छ ।)
२.	याच्	माग्नु	पुत्रः पितरं धनं याचते । (छोराले बाबुसँग पैसा माग्छ ।)
३.	दण्ड	सजाय दिनु	प्रहरी चौरं शतं दण्डयति । (सिपाहीले चोरलाई सय रूपैयाँ तिराउँछ ।)
४.	रुध्	घेर्नु / रोक्नु	गोपालः गोष्ठं गाम् अवरुणद्धि (अवरोधं करोति)। (गोठालाले गोठमा गाईहरूलाई थुन्छ।)
५.	प्रच्छ	सोध्नु	शिष्यः गुरुं प्रश्नं पृच्छति । (विद्यार्थीले गुरुसँग प्रश्न सोध्छ ।)
६.	चि	बटल्नु/जम्मा गर्नु	शैलजा लतां पुष्पाणि चिनोति । (शैलजाले लहराबाट फूल टिप्छिन् ।)
७.	पच्	पकाउनु	सः तण्डुलान् ओदनं पचति । (ऊ चामलको भात पकाउँछ ।)
८.	ब्रू	बोल्नु	गोपालः शिष्यं धर्मं कथयति । (गोपाल शिष्यलाई धर्म बताउँछ ।)
९.	शास्	शासन गर्नु	गुरुः शिष्यं धर्मं शास्ति । (गुरुले शिष्यलाई धर्मको उपदेश गर्नुहुन्छ ।)
१०.	जि	जित्नु	हरिः शत्रुं शतं जयति । (हरिले शत्रुको सय रूपैयाँ जित्छ ।)
११.	मन्थ	मथ्नु	देवाः क्षीरसागरम् अमृतं मथ्नन्ति । (देवताहरूले अमृतको लागि समुद्र मन्थन गर्छन्।)
१२.	मुष्	चोरी गर्नु	चौरः राजानं शतं मुष्णाति । (चोरले राजाको सय रूपैयाँ चोर्छ ।)
१३.	नी	लैजाने	सः ग्रामम् अजाम् नयति । (उसले गाउँमा बाख्रा लैजान्छ ।)
१४.	वह	लैजानु	सः ग्रामम् अजाम् वहति । (उसले गाउँमा बाख्रा लैजान्छ ।)
१५.	हृ	हरण गर्नु	मुकुन्दः दिनेशं शतम् अहरत् । (मुकुन्दले दिनेशको सय रूपैयाँ चोऱ्यो ।)
१६.	कृष्	खनजोत गर्नु	नराः वसुधां रत्नानि कर्षन्ति । (मानिसहरू रत्नका लागि पृथ्वी खन्छन् ।)

अधि उपसर्गपूर्वक स्था, आस्, शीङ् धातुको आधार, उप, अनु, आङपूर्वक वस् धातुको आधार र अभिनिपूर्वक विश् धातुको आधारलाई कर्मसंज्ञा भएर द्वितीया विभक्ति हुन्छ । उदाहरणहरू –

१.	हरिः वैकुण्ठम् अधिवसति –	विष्णु वैकुण्ठमा बस्नुहुन्छ ।
२.	सिंहः वनम् उपवशति –	सिंह वनमा बस्छ ।
३.	शिक्षकः छात्रान् सन्मार्गम् अभिनिविशते –	शिक्षकले छात्राहरूलाई राम्रो मार्ग लगाउनुहुन्छ ।

संस्कृतजिज्ञासु मित्रहरू तथा विद्यार्थी भाइबहिनीहरू ! उपर्युक्त १६ किसिमका धातुहरूको योगमा तृतीया, चतुर्थी, पञ्चमी, षष्ठी, सप्तमी विभक्ति हुनेजस्ता ठाउँमा पनि द्वितीया भएको छ । रेखाङ्कित शब्दहरूको कर्मलाई गौणकर्म भनिने कुरा बुझिराख्नु होला । अन्य किसिमका वाक्यरचना गर्दा गौणकर्म र मुख्य कर्मको खयाल गर्न पर्ने हुँदा द्वितीयाकै क्रममा बताइएको छ ।

पन्ध्रौं दिन
पञ्चदशः दिवसः

शेषाय नमः

संस्कृतका जिज्ञासु मित्र एवं विद्यार्थी भाइबहिनीहरू! आज तपाईंहरू १५ औं सिँढीमा चढ्न लाग्नुभएको छ । तपाईंहरू संस्कृत पाठशालाका विद्यार्थी हुनुहुन्छ भने यस पुस्तकमा बताइएको भन्दा धेरै कुरा जानी सक्नुभएको छ । धेरै कुरा जानेर पनि अभ्यासको कमीका कारण तपाईंलाई संस्कृत भाषामा बोल्न, लेख्न, पढ्न, बुझ्न असजिलो भएको हुनसक्छ । त्यसैले प्रयोगात्मक ज्ञानको ठूलो महत्त्व छ । प्रयोगात्मक ज्ञान गराउने उद्देश्यले यो पुस्तक तपाईंहरू समक्ष आएको छ । साधारण पाठशालामा पढ्ने भाइबहिनीहरूले प्रयोगात्मक ज्ञानको महत्त्व बुझेर पढेका विषयलाई अभ्यासद्वारा प्रयोगमा ल्याउने बानी बसाल्नु पर्दछ । प्रयोगात्मक अभ्यास गरेपछि तपाईंहरू राम्रोसँग थोरै शब्द र थोरै क्रियापद बुझेर पनि निर्धक्कसँग संस्कृतमा बोल्न र लेख्न सक्ने हुनुहुन्छ भन्ने कुरामा कुनै शङ्का छैन । १४ औं दिनमा तपाईंहरूले शब्दका २४ रूपहरूमध्ये दोस्रो पङ्क्ति अर्थात् द्वितीया विभक्तिका रूपहरूको कहाँ, कसरी र कुन अर्थमा प्रयोग हुन्छ भन्ने कुरा बुझ्नुभएको छ । आज विस्तारै-विस्तारै तेस्रो पङ्क्ति अर्थात् तृतीया विभक्तिका रूपहरूको प्रयोगात्मक अभ्यास गरौं । एउटा कुरा भने तपाईंहरूले गर्नैपर्छ – त्यो हो यहाँ बताएका विषयको राम्रो अभ्यास । आउनुहोस् अब १५औं दिनका विषय पढौं, बुझौं र प्रयोग गरौं ।

* संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! यस पाठमा हामीहरूले शब्द रूपायनको तेस्रो समूहमा केन्द्रित भएर वाक्य निर्माणको अभ्यास गर्नेछौं । तेस्रो समूह अथवा तेस्रो पङ्क्तिलाई व्याकरणको भाषामा तृतीया विभक्ति भनिन्छ । यस विभक्तिले मुख्यतः नेपालीमा 'द्वारा' भन्ने अर्थ बुझाउँछ । जस्तै – रामेण भन्दा रामद्वारा, रामाभ्याम् भन्दा दुई रामद्वारा र रामैः भन्दा सबै रामद्वारा भन्ने अर्थ बुझिन्छ । यसैगरी प्रत्येक शब्दका तृतीया विभक्तिको अर्थ बुझ्नुपर्दछ । तृतीया विभक्तिको प्रयोग प्रायः करण (साधन) अर्थमा हुन्छ । जस्तै – रामले बाणद्वारा बालिलाई मारे भन्ने अर्थमा 'रामः बाणेन बालिनम् अहनत्' । यहाँ बाणमा तृतीया विभक्ति भएको छ । त्यसको अर्थ हो – बाणरूप करणद्वारा बालिको हत्या। करणको अर्थ साधन हो । यहाँ साधनमा तृतीया भएको छ ।

नियम - '१४' वाक्यरचनासम्बन्धी (करणमा र अनुक्तकर्तामा तृतीया विभक्ति हुन्छ) यहाँ करणको मात्रै चर्चा गरिएको छ । अनुक्तकर्ताको प्रयोग कर्मवाच्य र भाववाच्यको शिक्षणमा गराइनेछ ।)

तृतीया विभक्तिको प्रयोग

लिङ्ग	एकवचन	द्विवचन	बहुवचन	
अकारान्त पुंलिङ्ग	रामेण	रामाभ्याम्	रामैः	(राम जस्तै श्याम आदिको पनि तेस्रो लाइन बुझौं।)
आकारान्त स्त्रीलिङ्ग	रमया	रमाभ्याम्	रमाभिः	(रमा जस्तै कृष्णा आदिको पनि तेस्रो लाइन बुझौं।)
इकारान्त पुंलिङ्ग	हरिणा	हरिभ्याम्	हरिभिः	(हरिजस्तै कपि आदिको पनि तेस्रो लाइन बुझौं।)
ईकारान्त स्त्रीलिङ्ग	भगवत्या	भगवतीभ्याम्	भगवतीभिः	(भगवतीजस्तै पार्वती आदिको पनि तेस्रो लाइन बुझौं।)
ह्रस्व उकारान्त पुंलिङ्ग	भानुना	भानुभ्याम्	भानुभिः	(भानुजस्तै शम्भु आदिको पनि तेस्रो लाइन बुझौं।)

* कुनै पनि शब्दका रूपायनको तेस्रो समूह अर्थात् तृतीय पङ्क्तिलाई तृतीया विभक्ति भनिन्छ भन्ने कुरा बुझिसक्नुभएको छ । तृतीया विभक्तिको प्रयोग करण (साधन) बुझाउनका निमित्त गरिन्छ । मुनि पाणिनिले आफ्नो महान् ग्रन्थ अष्टाध्यायीमा करणसंज्ञा गर्ने सूत्र '**साधकतमं करणम्**' लेख्नुभएको छ । यसको अर्थ कुनै काम सम्पन्न गर्न नभइ नहुने साधन करण हो । यसै करणलाई बुझाउने तृतीया विभक्तिका विभिन्न रूपहरूको वाक्यमा प्रयोग गरौं।

कर्ता र क्रियामात्रको प्रयोग	**कर्ता, क्रिया र कर्मको प्रयोग**	**कर्ता, क्रिया, कर्म र करणको प्रयोग**
१. रामः गच्छति ।	१. रामः तुलसीपुरं गच्छति ।	१. रामः बसयानेन तुलसीपुरं गच्छति।
२. रमा लिखति ।	२. रमा निबन्धम् लिखति ।	२. रमा लेखन्या निबन्धं लिखति ।
३. कुम्भकारः रचयति ।	३. कुम्भकारः घटं रचयति ।	३. कुम्भकारः दण्डेन घटं रचयति ।

क) वाक्यको संरचना

कर्ता	करण	कर्म	क्रिया
रामः	बसयानेन	तुलसीपुरं	गच्छति ।

* संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू । कर्ता, क्रिया र करणमध्ये आफ्नो आवश्यकताअनुसार कसैको प्रयोग गर्न सकिन्छ, कसैको नगरे पनि हुन्छ। माथि दिइएका ३ वटा उदाहरणलाई राम्रोसँग बुझ्यौं भने तृतीया (करण)को प्रयोग कहाँ, कस्तो अवस्था र कुन अर्थको लागि हुँदोरहेछ भन्ने कुरा राम्रोसँग बुझ्ने छौं ।
* तपाईंहरूले करणमा तृतीया विभक्तिको प्रयोग हुँदोरहेछ भन्ने कुरा कहिल्यै पनि नबिर्सनुहोस् ।

संस्मरण

* **दिनेशः जलेन मुखं प्रक्षालयति** यस वाक्यमा दिनेश कर्ता हो, जलेन करण हो, मुखं कर्म हो र प्रक्षालयति क्रिया हो। अझै स्पष्टरूपमा भन्नुपर्दा यहाँ मुख धुनका लागि जल अति आवश्यक साधन हो, तसर्थ जललाई करण भनिएको छ। जलशब्दको तृतीयाको एकवचनको रूप जलेन यहाँ मुख धुनका लागि अत्यन्त आवश्यक साधनका रूपमा रहेको छ, त्यसैले यसलाई करण भन्नु सार्थक छ । यसै रूपमा तपाईंहरूले अरू वाक्यहरूको पनि अर्थबोध गर्नुपर्दछ ।
* तृतीया विभक्तिका अरू अर्थहरू पनि हुन्छन् । तपाईंहरूको संस्कृतज्ञान परिपक्व हुँदै गएपछि ती अर्थहरूको ज्ञान स्वतः हुँदै जानेछ ।
* संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! आवश्यकताअनुसार तपाईंहरूले विभिन्न शब्दका एकवचन, द्विवचन र बहुवचनका करण पदको पनि प्रयोग गरी वाक्य निर्माण गर्न सक्नुहुनेछ । जस्तै –

एकवचन करणको प्रयोग

१.	मुकुन्दः वायुयानेन काष्ठमण्डपम् अगच्छत् – मुकुन्द हवाईजहाजबाट काठमाडौं गयो ।	वायुयानेन – वायुयानशब्दको तृतीया–करण
२.	शीला लेखन्या पत्रं लेखिष्यति – शीलाले कलमले पत्र लेख्नेछिन् ।	लेखन्या – लेखनीशब्दको तृतीया–ए.करण
३.	भारवाहकः स्कन्धेन भारं वहति – भरियाले पिँठ्यूले भारी बोक्छ ।	स्कन्धेन – स्कन्धशब्दको तृतीया–ए.करण
४.	दिनेशः बसयानेन भारतम् गच्छतु – दिनेश बसबाट भारत जाओस् ।	बसयानेन – बसयानशब्दको तृतीया– ए.करण

द्विवचन करणको प्रयोग

१. जना: नेत्राभ्यां पश्यन्ति – मानिसहरू आँखाले हेर्छन् । — नेत्राभ्याम् – नेत्रशब्दको तृतीया–द्वि.करण

२. गोपाल: हस्ताभ्यां नमति – गोपाल हातले नमस्कार गर्दछ । — हस्ताभ्याम् – हस्तशब्दको तृतीया–द्वि.करण

३. वयं कर्णाभ्यां शृणुम: (श्रवणं कुर्म:) – हामीहरू कानले सुन्छौं । — कर्णाभ्याम् – कर्णशब्दको तृतीया–द्वि.करण

बहुवचन करणको प्रयोग

१. वीरा: बाणै: शत्रून् मारयन्ति – वीरहरूले बाणले शत्रुलाई मार्छन् । — बाणै: – बाणशब्दको तृतीया–बहु.करण

२. कृषका: कृषियन्त्रै: क्षेत्रं कर्षन्ति – कृषकहरू कृषि औजारले खेत जोत्छन् । — कृषियन्त्रै: – कृषियन्त्रशब्दको तृतीया–बहु.करण

३. गायका: वाद्यै: मनोरञ्जनं कुर्वन्ति – गायकहरू वाद्य सामग्रीहरूबाट मनोरञ्जन गर्दछन् । — वाद्यै: – वाद्यशब्दको तृतीया–बहु.करण

* अब त करणको अर्थ र त्यसमा तृतीया विभक्ति हुने कुरा बुझनुभयो । यो कुरा बुझ्नुभयो भने कुनै पनि शब्दको तेस्रो पङ्क्तिको अर्थात् तृतीया विभक्तिको वाक्यमा प्रयोग गर्न सिक्नुभयो । तपाईंहरू ढुक्क हुनुहोस् । त्यसैगरी तपाईंहरूले अरू विभक्तिका वाक्यहरूको पनि प्रयोग गर्न सक्नुहुनेछ ।

* प्यारा विद्यार्थी भाइबहिनी हो । करणमा तृतीया विभक्ति हुन्छ । अनुक्त कर्तामा पनि तृतीया हुन्छ भन्ने कुरा पछि पढाइनेछ । तृतीयामा प्रयोग गरिने सह, सार्ध आदि उपपदहरूको प्रयोग पनि पछि बताइनेछ । अहिले त तृतीया विभक्तिका रूप कस्ता हुन्छन् भन्ने कुरा र करण बुझ्नु आवश्यक भएकाले संक्षेपमा बताइएको छ ।

अभ्यास

क) निम्नलिखित वाक्यहरूको नेपालीमा अनुवाद गर्नुहोस्

१. त्वम् रथेन विराटनगरं गच्छ ।
२. विमला नेत्रेण न पश्यति ।
३. दीपक: वस्त्रेण यानम् आच्छादय ।
४. मुकुन्द: फेनिलेन वस्त्रं प्रक्षालयतु ।
५. राष्ट्रपति: मोटरयानेन काष्ठमण्डपम् अगच्छत् ।
६. नापित: क्षुरेण मस्तकं मुण्डयति ।
७. वीरेन्द्र: दण्डेन चौरं अताडयत् ।

ख) निम्नलिखित वाक्यहरूको संस्कृतमा अनुवाद गर्नुहोस्

१. विमला साबुनले कपडा धुन्छिन् ।
२. के मुकुन्द हवाइजहाजबाट काठमाडौं गयो?
३. कृष्णले हलाले खेत जोतेको थियो ।
४. श्याम आँखाले अन्धो छ ।
५. लक्ष्मण रामका साथ वन गएका थिए ।

* संस्कृतजिज्ञासु मित्रहरू तथा विद्यार्थी भाइबहिनीहरू ! तपाईंहरूले पढेका विषयवस्तुहरू राम्रोसँग बुझ्नुभयो अथवा बुझ्नुभएन भन्ने कुरा परीक्षण गर्न अगाडि संपरीक्षण तालिका प्रस्तुत गरिएको छ । उक्त तालिकाका आधारमा तल दिइएका निर्देशनअनुसार सबै वाक्य बनाउने प्रयास गर्नुहोस् । निर्देशनअनुसार सबै वाक्यहरू शुद्ध

बनाउन सक्नुभयो भने आफूले राम्रोसँग बुझेर पढेको संझी ढुक्क हुनुहोस् । कहीँ कतै थोरै पनि आफूमा कमी-कमजोरी पाउनुभयो भने पुनः विषयवस्तुको बोध गरी गल्ती सच्याई अगाडि बढ्ने प्रण गर्नुहोस् ।

संपरीक्षण तालिका - १७

	समूह 'क'			समूह 'ख'	समूह 'ग'		समूह 'घ'		
	सः	तौ	ते	वायुयानेन	पत्रम्		प्रणमति	प्रणमतः	प्रणमन्ति
	रामः	रामौ	रामाः	जलेन	निबन्धम्		अलिखत्	अलिखताम्	अलिखन्
	रमा	रमे	रमाः	बसयानेन	कानपुरम्		गमिष्यति	गमिष्यत	गमिष्यन्ति
	हरिः	हरी	हरयः	लेखन्या	कौमुदीम्		क्रीडतु	क्रीडताम्	क्रीडन्तु
	भगवती	भगवत्यौ	भगवत्यः	पादाभ्याम्	धरानम्		पठतु	पठताम्	पठन्तु
					सिमराम्		प्रणमसि	प्रणमथः	प्रणमथ
							अलिखः	अलिखतम्	अलिखत
अपि	त्वम्	युवाम्	यूयम्			न	गमिष्यसि	गमिष्यथः	गमिष्यथ
							क्रीड	क्रीडतम्	क्रीडत
							पठ	पठतम्	पठत
							प्रणमामि	प्रणमावः	प्रणमामः
							अलिखम्	अलिखाव	अलिखाम
	अहम्	आवाम्	वयम्				गमिष्यामि	गमिष्यावः	गमिष्यामः
							क्रीडानि	क्रीडाव	क्रीडाम
							पठानि	पठाव	पठाम

उदाहरण - सः वायुयानेन सिमराम् गमिष्यति । स वायुयानेन सिमराम् न गमिष्यति । अपि सः वायुयानेन सिमराम् न गमिष्यति ? अपि सः वायुयानेन सिमराम् गमिष्यति ?

१. माथिको तालिकामा 'अपि'शब्द प्रश्नवाचक वाक्य बनाउनका लागि हो भने 'न' अव्यय नकारात्मक वाक्य बनाउनका लागि हो भन्ने कुरा पहिलेका तालिकाहरूबाट तपाईंहरू प्रष्ट भइसक्नुभएको छ । यहाँ उक्त शब्दहरू तपाईंहरूलाई नकारात्मक वाक्य र प्रश्नवाचक वाक्य बनाउनका लागि सजिलो होस् भन्ने हेतुले राखिएका हुन् ।

२. प्रथमपुरुषबाट कर्ता समूह 'क' र क्रिया समूह 'घ'को सङ्गति मिलाई समूह 'ख' र समूह 'ग'बाट उपयुक्त शब्द चयन गरी अनेकौं वाक्य बनाउनुहोस् ।

३. मध्यमपुरुषबाट कर्ता समूह 'क' र क्रिया समूह 'घ'को सङ्गति मिलाई समूह 'ख' र समूह 'ग'बाट उपयुक्त शब्द चयन गरी अनेकौं वाक्य बनाउनुहोस् ।

४. उत्तमपुरुषबाट कर्ता समूह 'क' र क्रिया समूह 'घ'को सङ्गति मिलाई समूह 'ख' र समूह 'ग'बाट उपयुक्त शब्द चयन गरी अनेकौं वाक्य बनाउनुहोस् ।

५. तालिकाको प्रयोग गरेर दश प्रश्नवाचक र दश नकारात्मक वाक्य बनाएर आफ्नो अभ्यास बढाउनुहोस् ।

अतिरिक्त ज्ञान

संस्कृतजिज्ञासु मित्रहरू तथा विद्यार्थी भाइबहिनीहरू ! माथि करणमा तृतीया हुने कुरा उदाहरणसहित संझाइयो, अब करण अतिरिक्त ठाउँमा पनि तृतीया विभक्ति हुने कुरा जानिराखौं । पछि काव्यहरू पढ्न सहयोग पुग्नेछ ।

१. कुनै व्यक्तिविशेषको अङ्गविकार परिलक्षित भएमा विकृत अङ्गमा तृतीया विभक्ति हुन्छ । जस्तै -

गोपालः नेत्रेण काणः अस्ति - गोपाल एउटा आँखाले कानो छ ।

दिनेशः पादेन खञ्जः अस्ति - दिनेश लङ्गडो छ ।

योगेश कर्णेन बधिरः अस्ति - योगेश बहिरो छ ।

२. प्रायः प्रकृति, गोत्रशब्दको प्रयोगमा तृतीया विभक्ति हुन्छ । जस्त -

नेपालः प्रकृत्या सुन्दरः अस्ति - नेपाल प्रकृतिले सुन्दर छ ।

ग्रामीणाः प्रायेण निर्धनाः सन्ति - गाउँलेहरू प्रायः निर्धन छन् ।

गोपाल गोत्रेण गार्ग्यः अस्ति - गोपाल गर्ग गोत्री हो ।

३. सह-सार्क-सार्ध-शब्दका योगमा पनि तृतीया विभक्ति हुन्छ । जस्तै -

सीता रामेण सह वनम् अगच्छत् - सीता रामका साथ वन गइन् ।

छात्रः अध्यापकेन सार्धं विद्यालयम् अगच्छत् - विद्यार्थी अध्यापकका साथ विद्यालय गयो ।

४. लक्षणबोधक शब्दद्वारा केही अर्थबोध हुन आएमा लक्षणबोधक शब्दमा पनि तृतीया हुन्छ । जस्तै -

गोविन्दः वस्त्रेण ग्रामीणः अस्ति - गोविन्द लुगाले गाउँले जस्तो छ ।

संन्यासी जटाभिः तापसः अस्ति - लटाले गर्दा संन्यासी तपस्वीजस्तै छ ।

संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! अब संस्कृत बोलचालका लागि तपाईंहरूसँग पर्याप्त सामग्री एकत्रित भइसकेको छ । अ, आ, इ, ई, उ अन्तमा हुने शब्दहरूका रूप पढिसक्नुभएको छ। अब यहाँ दीर्घ ऊकारान्त वधूशब्दको रूप राम्रोसँग बुझ्ने प्रयास गरौं । यस अभ्यासबाट तपाईंहरूलाई दीर्घ ऊकारान्त हजारौं स्त्रीलिङ्गीशब्दको रूपायनमा दक्षता प्राप्त हुनेछ ।

नियम - '१५ क' शब्दरूपायनसम्बन्धी (दीर्घ ऊकारान्त स्त्रीलिङ्ग) वधूशब्द-

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
प्रथमा	वधूः	वध्वौ	वध्वः
द्वितीया	वधूम्	वध्वौ	वधूः
तृतीया	वध्वा	वधूभ्याम्	वधूभिः
चतुर्थी	वध्वै	वधूभ्याम्	वधूभ्यः

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
पञ्चमी	वध्वाः	वधूभ्याम्	वधूभ्यः
षष्ठी	वध्वाः	वध्वोः	वधूनाम्
सप्तमी	वध्वाम्	वध्वोः	वधूषु
सम्बोधन	हे वधु !	हे वध्वौ !!	हे वध्वः !!!

* संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! जसरी राम, रमा र हरि, भगवती, भानुशब्दका रूप कण्ठस्थ

गर्नुभयो त्यसरी नै वधूशब्दका रूप पनि कण्ठस्थ गर्नुहोस् । भगवतीशब्द पढेर एक लाखभन्दा बढी दीर्घ ईकारान्त शब्द जात्र सकिन्छ भने वधूशब्द पढेर पनि एक लाखभन्दा बढी दीर्घ ऊकारान्त शब्दका रूप बुझ्न सकिन्छ ।

* वधूशब्द जानेपछि - चमू, तनू, रज्जू, श्वश्रू, जम्बू आदि दीर्घ ऊकारान्त लाखौं शब्दका रूप जानिन्छन् । अब केही त्यस्ता शब्दहरूको रूपायन प्रक्रिया बुझौं -

२.	चमूः	चम्वौ	चम्वः
३.	तनूः	तन्वौ	तन्वः
४.	रज्जूः	रज्वौ	रज्वः
५.	श्वश्रूः	श्वश्रौ	श्वश्रः
६.	जम्बूः	जम्ब्वौ	जम्ब्वः

* संस्कृतजिज्ञासु मित्रहरू एवं विद्यार्थी भाइबहिनीहरू ! शब्दरूपायनसम्बन्धी नियम - ६ मा दीर्घ ऊकारान्त अनेकौं शब्दका रूपायन वधूशब्दकै माध्यमबाट तपाईंहरूले पढिसक्नुभयो । प्रयोगविधि सबैको समान हुने कुरा तपाईंहरूले थाहा पाइसक्नुभएको छ । रूपायनमात्र भिन्न प्रकृतिका शब्दहरूको भिन्न हुन्छ । अब आउनुहोस्, शब्दरूपायन नियम ६ को अपवादमा रहेका दीर्घ ऊकारान्त स्त्रीलिङ्गी भूः = पृथ्वी र सुभ्रूः = राम्रो आँखीभौं भएकी स्त्री अर्थ बुझाउने शब्दहरूका रूपायन पनि बुझौं ।

नियम - '१५ ख' शब्दरूपायनसम्बन्धी अपवाद

भू = पृथ्वी

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
प्रथमा	भूः	भुवौ	भुवः
द्वितीया	भुवम्	भुवौ	भुवः
तृतीया	भुवा	भूभ्याम्	भूभिः
चतुर्थी	भुवे	भूभ्याम्	भूभ्यः

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
पञ्चमी	भुवः	भूभ्याम्	भूभ्यः
षष्ठी	भुवः	भुवोः	भुवाम्
सप्तमी	भुवि:	भुवोः	भूषु
सम्बोधन	हे भूः !	हे भुवौ !!	हे भुवः !!!

यसैगरी सुभ्रूशब्दका रूपायनहरू पनि बुझ्नुहोस् ।

प्रयोग

१. ते मर्त्यलोके भुवि भारभूताः, मनुष्यरूपेण मृगाश्चरन्ति -
तिनीहरू मर्त्यलोकमा पृथ्वीका भार भएर मनुष्यको रूपमा पशुझैं घुम्छन् ।

२. प्राणेभ्योऽपि प्रिया सुभ्रूः सम्प्राप्ता हृदये मम -
प्राणभन्दा पनि प्यारी राम्रा आँखीभौं भएकी सुन्दरी मेरो हृदयमा आइन् ।

विशेषः - स्वयम्भूः (ब्रह्माजी), स्वभूः (स्वयं उत्पन्न), प्रतिभूः (साक्षी), सुभ्रूः (राम्रो आँखा भएको पुरुष) यी पुंलिङ्गी शब्दहरूका रूपायन स्त्रीलिङ्गी शब्द भू र सुभ्रूसमान छन् ।

ॐ

सोह्रौं दिन
षोडशः दिवसः

शेषाय नमः

संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! कुनै पनि भाषा बोल्नका लागि क्रियापदहरूभन्दा शब्दहरू धेरै चाहिन्छन्। त्यस उद्देश्यको प्राप्तिका लागि तपाईंहरूले आजसम्म ६ किसिमका मुख्य-मुख्य शब्दहरू पढ्नुभयो - अकारान्त - राम, आकारान्त - रमा, इकारान्त - हरि, ईकारान्त - भगवती, उकारान्त - भानु र ऊकारान्त- वधू । उक्त ६ शब्दका रूप कण्ठ गर्नुभयो र तिनीहरूका रूपहरू मध्ये प्रथमा विभक्तिका ३, द्वितीया विभक्तिका ३ र तृतीया विभक्तिका ३ किसिमका रूपहरूको प्रयोग विधि पनि सिक्नुभयो । तृतीया विभक्तिसम्मका रूपहरू जानेपछि मातृभाषा नेपाली भएका मित्रहरूले लाखौं शब्दको प्रयोग विधि जानी सक्नुभएको छ । अब यस्तै किसिमबाट आमा भन्ने अर्थ हुने ऋकारान्त सातौं मातृशब्दको अध्ययन गरौं।

नियम - '१६ क' शब्दरूपायनसम्बन्धी, (ह्रस्व ऋकारान्त स्त्रीलिङ्ग) मातृशब्द

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
प्रथमा	माता	मातरौ	मातरः
द्वितीया	मातरम्	मातरौ	मातॄः
तृतीया	मात्रा	मातृभ्याम्	मातृभिः
चतुर्थी	मात्रे	मातृभ्याम्	मातृभिः

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
पञ्चमी	मातुः	मातृभ्याम्	मातृभ्यः
षष्ठी	मातुः	मात्रोः	मातॄणाम्
सप्तमी	मातरि	मात्रोः	मातृषु
सम्बोधन	हे मातः !	हे मातरौ !!	हे मातरः !!!

* संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! आज अध्ययन क्रमको सोह्रौं दिन ऋकारान्त मातृशब्दका रूप पढौं र कण्ठस्थ गरौं । सबै रूपका अलग अलग अर्थ छन् भन्ने कुरा विचार गरौं । यो शब्द पढेर प्रायः ऋकारान्त शब्दका रूप जानिन्छ। मातृशब्द पढेपछि पितृशब्दका पनि प्रायः सबै रूपहरूको स्वरूप बुझिन्छ ।

नियम - '१६ ख' शब्दरूपायनसम्बन्धी, (ह्रस्व ऋकारान्त पुंलिङ्ग) पितृशब्द

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
प्रथमा	पिता	पितरौ	पितरः
द्वितीया	पितरम्	पितरौ	पितॄन्
तृतीया	पित्रा	पितृभ्याम्	पितृभिः
चतुर्थी	पित्रे	पितृभ्याम्	पितृभ्यः

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
पञ्चमी	पितुः	पितृभ्याम्	पितृभ्यः
षष्ठी	पितुः	पित्रोः	पितॄणाम्
सप्तमी	पितरि	पित्रोः	पितृषु
सम्बोधन	हे पितः !	हे पितरौ !!	हे पितरः !!!

ऋकारान्त स्त्रीलिङ्गी मातृशब्द र ऋकारान्त पुंलिङ्गी पितृशब्दका रूपायनको संरचनागत भिन्नता

* मातृशब्द र पितृशब्दको रूपायनमा द्वितीयाको बहुवचनमा भिन्नता छ । त्यसलाई तलको तालिकाबाट बुझ्न सकिन्छ।

विभक्ति	*भिन्नता*	*मातृ*	*पितृ*
द्वितीया	बहुवचन	मातॄः	पितॄन्

* छोरी भन्ने अर्थ बुझाउने **दुहितृ**शब्द र देउरानी भन्ने अर्थ बुझाउने **यातृ**शब्दका रूप मातृशब्द समान हुन्छन् । ज्वाईं भन्ने अर्थ बुझाउने **जामातृ**शब्द र देवर भन्ने अर्थ बुझाउने **देवृ**शब्दका रूप पितृशब्द समान हुन्छन् ।
* ऋकारान्त पितृ, मातृशब्दको अध्ययन गर्ने क्रममा हामीहरू तृप्रत्ययान्त हजारौं शब्दहरूका रूपहरूको बोध गर्न नमूनाका रूपमा कर्तृशब्दका रूपहरूको अध्ययन गरौं ।

नियम - '१६ ग' शब्दरूपायनसम्बन्धी, (ह्रस्व ऋकारान्त पुंलिङ्ग) कर्तृशब्द

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
प्रथमा	कर्ता	कर्तारौ	कर्तारः
द्वितीया	कर्तारम्	कर्तारौ	कर्तॄन्
तृतीया	कर्त्रा	कर्तृभ्याम्	कर्तृभिः
चतुर्थी	कर्त्रे	कर्तृभ्याम्	कर्तृभ्यः

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
पञ्चमी	कर्तुः	कर्तृभ्याम्	कर्तृभ्यः
षष्ठी	कर्तुः	कर्त्रोः	कर्तॄणाम्
सप्तमी	कर्तरि	कर्त्रोः	कर्तृषु
सम्बोधन	हे कर्तः !	हे कर्तारौ !!	हे कर्तारः !!!

* कर्तृशब्द जानेपछि माथि बताइएका मातृ-पितृ आदि शब्दहरूलाई छाडेर अरू सबै ऋकारान्त शब्दका रूप जानिन्छन् –

२.	वक्तृ - बोल्नेवाला	वक्ता	वक्तारौ	वक्तारः	.....।
३.	धातृ - ब्रह्मा	धाता	धातारौ	धातारः	.....।
४.	दातृ - दिनेवाला	दाता	दातारौ	दातारः	.....।
५.	गन्तृ –जानेवाला	गन्ता	गन्तारौ	गन्तारः	.....।
६.	नेतृ - नेता	नेता	नेतारौ	नेतारः	.....।
७.	श्रोतृ - श्रोता	श्रोता	श्रोतारौ	श्रोतारः	.....।
८.	नप्तृ - नाति	नप्ता	नप्तारौ	नप्तारः	.....।
९.	सवितृ - सूर्य	सविता	सवितौ	सवितारः	.....।
१०.	अभियन्तृ - इञ्जिनियर	अभियन्ता	अभियन्तारौ	अभियन्तारः	.....।

* मातृ, पितृ र कर्तृशब्दका संरचनागत भिन्नता बुझौं –

	पिता			**माता**			**कर्ता**		
प्रथमा विभक्ति	पिता	पितरौ	पितरः	माता	मातरौ	मातरः	कर्ता	कर्तारौ	कर्तारः
द्वितीया विभक्ति	पितरम्	पितरौ	पितरः	मातरम्	मातरौ	मातॄः	कर्तारम्	कर्तारौ	कर्तॄन्

* पितृ, मातृ र कर्तृशब्दका प्रथमा र द्वितीयामा भेद खोज्नुपर्दा पितृ र मातृशब्दमा तरौ, तरः छ भने कर्तृशब्दमा तारौ,

तारः छ । त्यसैगरी मातृशब्दको द्वितीयाको बहुवचनमा मातृः छ भने पितृ र कर्तृशब्दका द्वितीयाका बहुवचनमा पितॄन् र कर्तॄन् छ भन्ने कुरा रेखाङ्कित शब्दहरूको अवलोकनबाट थाहा हुन्छ ।

बस यत्ति बुझौं अरू त लघुसिद्धान्तकौमुदी पढ्दा आनन्द आउने छ । यो किताब बुझेर संस्कृत माध्यमबाट लघुसिद्धान्त कौमुदी आदि संस्कृतका अमूल्य ग्रन्थहरू पढ्नुहोस् सुनमा सुगन्ध निस्कने छ । यो मेरो भनाइ होइन अपितु पाणिनि, कात्यायन र शेषावतार–नागाधिपति पतञ्जलिको भनाइ हो ।

× संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! यस पाठमा हामीहरूले शब्दरूपायनको चौथो समूहमा केन्द्रित भएर वाक्यनिर्माणको अभ्यास गर्नेछौं । चौथो समूह अथवा चौथो पङ्क्तिलाई व्याकरणको भाषामा चतुर्थी विभक्ति भनिन्छ । यस विभक्तिले नेपालीमा मुख्यतः 'को, लागि' भन्ने अर्थ बुझाउँछ । जस्तै – 'रामाय' भन्दा रामको लागि, रामाभ्याम् भन्दा दुई रामको लागि र रामेभ्यः भन्दा सबै रामका लागि भन्ने अर्थ बुझिन्छ । यसैगरी प्रत्येक शब्दका चतुर्थी विभक्तिको अर्थ बुझ्नुपर्दछ । चतुर्थी विभक्तिको प्रयोग सम्प्रदान अर्थमा हुन्छ । जस्तै – 'राजा विप्राय धनं समर्पयति' भन्ने वाक्यबाट राजाले ब्राह्मणका लागि धन अर्पण गर्दछन् भन्ने अर्थ स्पष्ट भएको छ । जसका लागि धन दिइन्छ त्यसमा चतुर्थी विभक्तिको प्रयोग हुन्छ । यहाँ ब्राह्मणका लागि धन दिइएको छ त्यसकारण ब्राह्मण भन्ने अर्थ बुझाउने विप्रशब्दमा चतुर्थी हुँदा विप्राय रूप बन्यो । चतुर्थी विभक्तिलाई सम्प्रदान पनि भनिन्छ ।

नियम - १७ वाक्यरचनासम्बन्धी, (सम्प्रदानमा चतुर्थी विभक्ति हुन्छ ।) –क्रियाद्वारा जसलाई सन्तुष्ट पारिन्छ, त्यसलाई सम्प्रदान भनिन्छ ।

चतुर्थी विभक्तिको प्रयोग

लिङ्ग	एकवचन	द्विवचन	बहुवचन	
अकारान्त पुंलिङ्ग	रामाय	रामाभ्याम्	रामेभ्यः	(राम जस्तै श्याम आदिको पनि चौथो लाइन बुझौं।)
आकारान्त स्त्रीलिङ्ग	रमायै	रमाभ्याम्	रमाभ्यः	(रमा जस्तै कृष्णा आदिको पनि चौथो लाइन बुझौं।)
इकारान्त पुंलिङ्ग	हरये	हरिभ्याम्	हरिभ्यः	(हरिजस्तै कपि आदिको पनि चौथो लाइन बुझौं।)
ईकारान्त स्त्रीलिङ्ग	भगवत्यै	भगवतीभ्याम्	भगवतीभ्यः	(भगवतीजस्तै पार्वती आदिको पनि चौथो लाइन बुझौं।)
ह्रस्व उकारान्त पुंलिङ्ग	भानवे	भानुभ्याम्	भानुभ्यः	(भानुजस्तै शम्भु आदिको पनि चौथो लाइन बुझौं।)
दीर्घ ऊकारान्त स्त्रीलिङ्ग	वध्वै	वधूभ्याम्	वधूभ्यः	(वधूजस्तै चमू आदिको पनि चौथो लाइन बुझौं।)
ऋकारान्त स्त्रीलिङ्ग	मात्रे	मातृभ्याम्	मातृभ्यः	(मातृजस्तै दुहितृ आदिको पनि चौथो लाइन बुझौं।)
ऋकारान्त पुंलिङ्ग	पित्रे	पितृभ्याम्	पितृभ्यः	(पितृजस्तै जामातृ आदिको पनि चौथो लाइन बुझौं।)
ऋकारान्त पुंलिङ्ग	कर्त्रे	कर्तृभ्याम्	कर्तृभ्यः	(कर्तृ जस्तै धातृ आदिको पनि चौथो लाइन बुझौं।)

× कुनै पनि शब्दका रूपायनको चौथो समूह अर्थात् चतुर्थ पङ्क्तिलाई चतुर्थी विभक्ति भनिन्छ भन्ने कुरा बुझिसक्नुभएको छ । चतुर्थी विभक्तिको प्रयोग सम्प्रदान बुझाउनका निमित्त गरिन्छ । मुनि पाणिनिले आफ्नो महान् ग्रन्थ अष्टाध्यायीमा सम्प्रदान संज्ञा गर्ने सूत्र '**कर्मणा यमभिप्रैति स सम्प्रदानम्**' लेख्नुभएको छ । सम्प्रदान भनेको नफर्काउने किसिमले दिएको दान हो । जसलाई दान दिइन्छ त्यो व्यक्ति नै अर्थात् दानबाट लाभान्वित हुने व्यक्ति नै सम्प्रदान हो । जस्तै – 'नृपः ब्राह्मणाय वस्त्रं प्रयच्छति' यस वाक्यमा ब्राह्मणलाई नफर्काउने गरी वस्त्र दिइने हुनाले ब्राह्मण सम्प्रदान हो ।

× 'कर्मणा यमभिप्रैति स सम्प्रदानम्' रामः, रमा, भगवती आदि प्रथमा विभक्तिका रूप सिक्यौं । रामम्, निबन्धम्,

पुस्तकम्, भगवती आदि द्वितीया विभक्तिका रूप पनि सिक्यौं । रामेण, यानेन, स्कन्धेन आदि तृतीया विभक्तिका रूप पनि सिक्यौं । अब पालो आएको छ चतुर्थी विभक्तिको ।

* शब्दका २४ रूपमध्ये चतुर्थी विभक्तिका रूपहरू माथि बताएजस्तै हुन्छन् । केही भिन्न पनि छन् । त्यसको विशेष विवरण लघुसिद्धान्तकौमुदी र सिद्धान्तकौमुदीको अध्ययनक्रममा बताइने छ । अहिले यत्ति मात्रैले पनि सबै काम गर्न सकिन्छ ।

* नेपालीमा चतुर्थी विभक्तिको अर्थ हुन्छ – 'को लागि' र 'लाई' । जस्तै संस्कृतमा रामको लागि भन्नुपरेमा – **रामाय** हुन्छ । रमाको लागि भन्नुपरेमा– **रमायै** हुन्छ । हरिको लागि भन्नुपरेमा – **हरये** हुन्छ । भगवतीको लागि भन्नुपरेमा– **भगवत्यै** हुन्छ । भानुको लागि भन्नुपरेमा – **भानवे** हुन्छ । वधूको लागि भन्नुपरेमा – **वध्वै** हुन्छ । माताको लागि भन्नुपरेमा – **मात्रे** हुन्छ भने पिताका लागि भन्नुपरेमा **पित्रे** हुन्छ । यसैगरी अरू शब्दका पनि अर्थ हुन्छन् ।

* संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! अब चतुर्थी विभक्तिको प्रयोग गरेर वाक्य बनाउने अभ्यास गरौं –

कर्ता र क्रियामात्रको प्रयोग	**कर्ता, क्रिया र कर्मको प्रयोग**	**कर्ता, क्रिया, कर्म र सम्प्रदानको प्रयोग**
१. रामः प्रयच्छति ।	१. रामः पुस्तकम् प्रयच्छति ।	१. रामः छात्राय पुस्तकं प्रयच्छति ।
२. दिनेशः धारयति ।	२. दिनेशः शस्त्रं धारयति ।	२. दिनेशः आर्तरक्षणाय शस्त्रं धारयति।
३. उमेशः प्रयच्छतु ।	३. उमेशः पुस्तकम् प्रयच्छतु ।	३. उमेशः सीतायै पुस्तकं प्रयच्छतु ।
४. भक्तः भजति ।	४. भक्तः हरिं भजति ।	४. भक्तः मुक्तये हरिं भजति ।
५. बालकः क्रन्दति ।	× ×	५. बालकः दुग्धाय क्रन्दति ।
६. गुरुः उपदिशति ।	× ×	६. गुरुः शिष्याय उपदिशति ।

क) वाक्यको संरचना

कर्ता	सम्प्रदान	कर्म	क्रिया
रामः	छात्राय	पुस्तकं	प्रयच्छति

* 'नृपः ब्राह्मणाय वस्त्रं प्रयच्छति' यो वाक्य पढिसक्नुभएको छ । यस वाक्यमा ब्राह्मण सम्प्रदान हो र सम्प्रदानमा चतुर्थी विभक्ति हुन्छ तर धोवीलाई धुनका लागि कपडा दिइन्छ भन्दा फर्काउने गरी कपडा दिइने हुनाले धोबी सम्प्रदान हुँदैन । त्यहाँ चतुर्थी विभक्तिको प्रयोग पनि हुँदैन । त्यो अर्थमा 'रजकस्य वस्त्रम् प्रयच्छति' भन्ने वाक्य बन्दछ तर 'रजकाय वस्त्रं प्रयच्छति' भन्ने किसिमको वाक्य बन्दैन ।

* चतुर्थी विभक्ति अर्थात् सम्प्रदानका उदाहरण निम्नानुसार छन् –
  १. कल्याणाय हरिं भज । (कल्याणका लागि हरिलाई भज)
  २. ईश्वराय सर्वं निवेदय । (ईश्वरका लागि सबै कुरा अर्पण गर ।)
  ३. क्रीडनाय छात्राः प्राङ्गणम् अगच्छन् । (खेल्नका लागि विद्यार्थीहरू मैदानमा गए ।)
  ४. स्वाभिमानाय स्थानम् त्यज । (स्वाभिमानका लागि स्थान त्याग गर ।)

* नमः, स्वस्ति, स्वधा, स्वाहा, वषट्, अलम् आदि शब्दहरूको प्रयोग हुँदा पनि चतुर्थी विभक्ति हुन्छ । नमः को प्रयोगका उदाहरण निम्न अनुसार छन् – रामाय नमः, दुर्गायै नमः, हरये नमः, भगवत्यै नमः, भानवे नमः, मात्रे नमः, आदि । (रामलाई नमस्कार छ, दुर्गालाई नमस्कार छ, हरिलाई नमस्कार छ, भगवतीलाई नमस्कार छ, सूर्यलाई नमस्कार छ, आमालाई नमस्कार छ आदि ।)

उपर्युक्त उदाहरणहरू राम्रोसँग बुझ्नुहोस् र अनेकौं यस्ता वाक्यको मनमनै चिन्तन गर्नुहोस् । त्यसपछि साथीहरूसँग बसेर बोलचालको अभ्यास बढाउनुहोस् ।

चतुर्थी प्रयोगका विभिन्न विषय निम्नअनुसार छन् - क) जसलाई दिइन्छ, ख) जुन कुराको चाहना गरिन्छ, ग) जुन कुराको प्रशंसा गरिन्छ, घ) जसलाई सराप दिइन्छ, ङ) जुनसँग रीस गरिन्छ, च) जुन कुरा रुचाइन्छ, छ) जुन कुराका लागि कहीं आश्रय लिइन्छ, ज) जुन उद्देश्यका लागि क्रिया सम्पादन गरिन्छ, ती ती विषयमा चतुर्थी विभक्तिको प्रयोग हुन्छ । यसैलाई तलको श्लोकले राम्ररी खुलाएको छ -

यस्मै दानम् स्पृहा, श्लाघा, शापः क्रोधो रुचिः स्थितिः ।
क्रिया यदर्था, तत्सम्प्रदानं तत्र चतुर्थिका ।।[1]

क) यस्मै दानम् अर्थात् जसलाई दिइन्छ

प्राचार्यः, छात्रेभ्यः पुस्तकानि प्रयच्छति - 'प्राचार्यले छात्रहरूलाई पुस्तक दिन्छन्' यहाँ छात्रहरूलाई पुस्तक दिइएकाले छात्रशब्दमा चतुर्थीको प्रयोग भएको छ । छात्र धेरै भएकाले बहुवचनको रूप छात्रेभ्यः को रूप प्रयोग भएको छ ।

ख) स्पृहा अर्थात् जुन कुराको चाहना गरिन्छ

अहम् पुष्पेभ्यः स्पृहयामि - 'म फूलको चाहना गर्छु' । यहाँ फूलहरूको चाहना गरिएकाले पुष्पशब्दमा चतुर्थी विभक्तिको प्रयोग गरिएको छ ।

ग) श्लाघा अर्थात् जसको प्रशंसा गरिन्छ

छात्राः आचार्याय प्रशंसन्ति - 'विद्यार्थीहरू आचार्यको प्रशंसा गर्दछन्' यहाँ आचार्यको प्रशंसा गरिएकाले आचार्यशब्दमा चतुर्थी विभक्तिको प्रयोग गरिएको छ ।

घ) शापः अर्थात् जसलाई सराप दिइन्छ

शत्रवे शपन्ते - 'शत्रुलाई सराप दिन्छन्' यहाँ शत्रुलाई सराप दिइएकाले शत्रुशब्दमा चतुर्थी विभक्तिको प्रयोग भएको छ ।

ङ) क्रोधः अर्थात् जोसँग रीस उठ्दछ

दुर्योधनः पाण्डवेभ्यो अक्रुध्यत् - 'दुर्योधन पाण्डवहरूसँग रिसायो' । यस वाक्यमा पाण्डवहरूसँग रीस उठेकाले पाण्डवशब्दमा चतुर्थी विभक्तिको प्रयोग भएको छ ।

च) स्थितिः अर्थात् विशेष उद्देश्यले अथवा निमित्तले जहाँ गइन्छ र बसिन्छ

विद्यायै काशीं गच्छति - 'विद्याका निमित्त काशी जान्छ' । यस वाक्यमा विद्याका निमित्त काशीमा स्थिति गरिने भएकाले विद्यामा चतुर्थी विभक्तिको प्रयोग भएको छ ।

छ) यदर्थक्रिया अर्थात् जुन वस्तुको निर्माणका लागि काम सम्पन्न गरिन्छ

अलङ्काराय सुवर्णम् - 'अलङ्कारको निर्माणका लागि सुवर्ण' । यस वाक्यमा अलङ्कार निर्माणमा सुवर्णको प्रयोग गरिने भएकाले यहाँ अलङ्कारशब्दमा चतुर्थी विभक्तिको प्रयोग भएको छ ।

---

[1] अनुवादचन्द्रिका (तृतीयप्रकाश), पं. सोमनाथ सिग्द्याल ।

अभ्यास

क) निम्नलिखित वाक्यहरूको नेपालीमा अनुवाद गर्नुहोस् ।

१. अहम् बालकाय कन्दुकं प्रयच्छामि ।
२. प्रधानमन्त्री द्वन्द्वपीडितेभ्यः धनराशिं प्रयच्छति ।
३. शिक्षामन्त्री सर्वश्रेष्ठेभ्यः छात्रेभ्यः पारितोषिकम् वितरति ।
४. मुकुन्दः धनाय प्रवसति ।
५. शम्भवे नमः ।

ख) निम्नलिखित वाक्यहरूको संस्कृतमा अनुवाद गर्नुहोस्

१. गरीबहरूलाई अन्न देऊ ।
२. देवताहरूलाई फूल चढाऊ ।
३. मैले तिमीलाई पुस्तक दिएको थिएँ ।
४. दुर्योधनले पाण्डवहरूसँग दुश्मनी गऱ्यो ।
५. हाम्रा देशका युवकहरू धनको लागि विदेश जान्छन् ।

* संस्कृतजिज्ञासु मित्रहरू तथा विद्यार्थी भाइबहिनीहरू ! तपाईंहरूले पढेका विषयवस्तुहरू राम्रोसँग बुझ्नुभयो अथवा बुझ्नुभएन भन्ने कुरा परीक्षण गर्न अगाडि संपरीक्षण तालिका प्रस्तुत गरिएको छ । उक्त तालिकाका आधारमा तल दिइएका निर्देशनअनुसार सबै वाक्य बनाउने प्रयास गर्नुहोस् । निर्देशनअनुसार सबै वाक्यहरू शुद्ध बनाउन सक्नुभयो भने आफूले राम्रोसँग बुझेर पढेको संझी ढुक्क हुनुहोस् । कहीँ कतै थोरै पनि आफूमा कमी-कमजोरी पाउनुभयो भने पुनः विषयवस्तुको बोध गरी गल्ती सच्याई अगाडि बढ्ने प्रण गर्नुहोस् ।

संपरीक्षण तालिका - १८

		समूह 'क'			समूह 'ख'			समूह 'ग'		
प्रथमपुरुष		सः	तौ	ते	रामाय	पुस्तकम्		धारयति	धारयतः	धारयन्ति
		रामः	रामौ	रामाः	रमायै	वस्त्रम्		उपदिशति	उपदिशतः	उपदिशन्ति
		रमा	रमे	रमाः	हरये	लेखनीम्		भजति	भजतः	भजन्ति
		हरिः	हरी	हरयः	गोपालाय	धनम्		प्रयच्छति	प्रयच्छतः	प्रयच्छन्ति
		भगवती	भगवत्यौ	भगवत्यः	नृपाय	शास्त्रम्				
मध्यमपुरुष		त्वम्	युवाम्	यूयम्	ब्राह्मणाय	विष्णुम्		धारयसि	धारयथः	धारयथ
					दुग्धाय			उपदिशसि	उपदिशथः	उपदिशथ
	अपि				मोक्षाय		न	भजसि	भजथः	भजथ
								प्रयच्छसि	प्रयच्छथः	प्रयच्छथ
उत्तमपुरुष		अहम्	आवाम्	वयम्				धारयामि	धारयावः	धारयामः
								उपदिशामि	उपदिशावः	उपदिशामः
								भजामि	भजावः	भजामः
								प्रयच्छामि	प्रयच्छावः	प्रयच्छामः

उदाहरण - अहम् गोपालाय धनम् धारयामि । अहम् गोपालाय धनम् न धारयामि । अपि अहम् गोपालाय धनम् धारयामि ? अपि अहम् गोपालाय धनम् न धारयामि ?

१. माथिको तालिकामा 'अपि'शब्द प्रश्नवाचक वाक्य बनाउनका लागि हो भने 'न' अव्यय नकारात्मक वाक्य बनाउनका लागि हो भन्ने कुरा पहिलेका तालिकाहरूबाट तपाईंहरू प्रष्ट भइसक्नुभएको छ । यहाँ उक्त शब्दहरू तपाईंहरूलाई नकारात्मक वाक्य र प्रश्नवाचक वाक्य बनाउनका लागि सजिलो होस् भन्ने हेतुले राखिएका हुन् ।

२. प्रथमपुरुषबाट कर्ता समूह 'क' र क्रिया समूह 'ग'को सङ्गति मिलाई द्वितीयान्तबाट उपयुक्त शब्द चयन गरी अनेकौं वाक्य बनाउनुहोस् ।

३. मध्यमपुरुषबाट कर्ता समूह 'क' र क्रिया समूह 'ग'को सङ्गति मिलाई द्वितीयान्तबाट उपयुक्त शब्द चयन गरी अनेकौं वाक्य बनाउनुहोस् ।

४. उत्तमपुरुषबाट कर्ता समूह 'क' र क्रिया समूह 'ग'को सङ्गति मिलाई द्वितीयान्तबाट उपयुक्त शब्द चयन गरी अनेकौं वाक्य बनाउनुहोस् ।

५. तालिकाको प्रयोग गरेर दस प्रश्नवाचक र दस नकारात्मक वाक्य बनाएर आफ्नो अभ्यास बढाउनुहोस् ।

अतिरिक्त ज्ञान

संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! ह्रस्व ऋकारान्त शब्दहरू नपुंसकलिङ्गी पनि हुन्छन् । तिनीहरूको नपुंसकलिङ्गमा रूपायन निम्नानुसार हुन्छ -

ह्रस्व ऋकारान्त नपुसकंलिङ्ग कर्तृशब्द

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
प्रथमा	कर्तृ	कर्तृणी	कर्तृणि
द्वितीया	कर्तृ	कर्तृणी	कर्तृणि
तृतीया	कर्त्रा	कर्तृभ्याम्	कर्तृभिः
चतुर्थी	कत्रे	कर्तृभ्याम्	कर्तृभ्यः

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
पञ्चमी	कर्तुः	कर्तृभ्याम्	कर्तृभ्यः
षष्ठी	कर्तुः	कत्रोः	कर्तृणाम्
सप्तमी	कर्तरि	कत्रोः	कर्तृषु
सम्बोधन	हे कर्तः !	हे कर्तृणी !!	हे कर्तृणिः !!!

* संस्कृतजिज्ञासु मित्रहरू एवं विद्यार्थी भाइबहिनीहरू ! यस्ता शब्दको विशेष प्रयोग नहुने हुँदा कहीं कतै संस्कृत पढ्दामात्र चाहिने हुँदा यहाँ सङ्क्षेपमा उल्लेख गरिएको छ । यसैगरी सम्पूर्ण ऋकारान्त नपुंसकलिङ्गी शब्दहरूको रूपायन बुझ्नुहुनेछ ।

सत्रौं दिन
सप्तदशः दिवसः

शेषाय नमः

संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! तपाईंहरू राष्ट्रका कर्णधारहरू हुनुहुन्छ । तपाईंहरूले राम्ररी संस्कृत बुझ्नेमा राष्ट्रको, धर्मको, संस्कृतिको, संस्कारको, परम्पराको र सभ्यताको पनि कल्याण हुन्छ। त्यसकारण मैले मुनिहरूको निर्देशनमा पटक-पटक तपाईंहरूलाई पढेको विषयवस्तुलाई हृदयमा राम्ररी धारण गर्न अनुरोध गर्दै आइरहेको छु । यसै क्रममा हामी लगभग ७ प्रकारका शब्द र ४ किसिमका धातुहरूको रूपायन माध्यमबाट नयाँ नयाँ विषयमा आधारित वाक्यहरूको प्रयोग गर्दै १७ औं दिनसम्म आइपुगेका छौं । पाणिनिको शैली कति सरल र सरस छ भन्ने कुरा म बताउनै सक्दिन । ७ शब्दभित्र रहेका ७ विभक्तिको प्रयोग पनि मैले विस्तृत रूपमा बताउन सकेको छैन । तर तपाईंहरू नआत्तिनुहोस्, मैले बताएको शैलीबाट अध्ययन गर्दै जानुभयो भने तपाईंहरूले अन्तमा सबै कुरा विस्तृतरूपमा जान्न सक्नुहुनेछ। अब तपाईंहरूलाई पाँचौं पङ्क्ति अर्थात् पञ्चमी विभक्तिको प्रयोग कसरी र कुन अर्थमा गर्ने भन्ने कुरा बताउन म लागिरहेको छु । रामशब्दको पञ्चमी विभक्तिमा रामात् (रामबाट), रामाभ्याम् (दुई रामबाट), रामेभ्यः (रामहरूबाट) रूप बन्दछन् । यस्तै अरू पढेका सात शब्दहरूका पनि पञ्चमी विभक्तिका रूप कस्ता हुन्छन्? र तिनका प्रयोग कुन अर्थमा हुन्छ भन्ने कुरा राम्ररी बुझ्नु नै यस दिनको महत्त्वपूर्ण विषय हो । आउनुहोस्, ध्यान दिएर प्रयोगविधितर्फ लागौं ।

* पञ्चमी विभक्तिको अर्थ अपादान हो । जसबाट कुनै वस्तु वा व्यक्ति अलग गरिन्छ त्यसको नाम अपादान हो । जस्तै- वृक्षात् फलानि पतन्ति - 'रूखबाट फलहरू खस्छन्' यस वाक्यमा रहेको **वृक्षात्** पद पञ्चमीको एकवचनको हो। वृक्षबाट फल अलग हुने हुनाले वृक्षलाई अपादान भनिन्छ, त्यसमा पञ्चमीको प्रयोग भएको छ ।
* ललितपुर, जनकपुर र तुलसीपुरजस्ता शब्दहरू पुस्तकशब्द जस्तै अकारान्त नपुंसकलिङ्गी हुन् । यिनीहरूको रूप पुस्तकशब्दको जस्तै हुन्छ । रामः **काष्ठमण्डपात्** जनकपुरं गच्छति - 'राम काठमाडौंबाट जनकपुर जान्छ' यस वाक्यमा प्रयोग भएको **काष्ठमण्डपात्**शब्द पञ्चमीको एकवचनको रूप हो । जस्तै रामात्को अर्थ नेपालीमा रामदेखि हुन्छ भने काष्ठमण्डपात्को अर्थ पनि 'काठमाण्डौंदेखि' भन्ने हुन्छ ।

पञ्चमी विभक्तिको रूपहरूको प्रयोग

लिङ्ग	एकवचन	द्विवचन	बहुवचन	
अकारान्त पुंलिङ्ग	रामात्	रामाभ्याम्	रामेभ्यः	(राम जस्तै श्याम आदिको पनि पाँचौं लाइन बुझौं।)
आकारान्त स्त्रीलिङ्ग	रमायाः	रमाभ्याम्	रमाभ्यः	(रमा जस्तै कृष्णा आदिको पनि पाँचौं लाइन बुझौं।)
इकारान्त पुंलिङ्ग	हरेः	हरिभ्याम्	हरिभ्यः	(हरिजस्तै कपि आदिको पनि पाँचौं लाइन बुझौं।)
ईकारान्त स्त्रीलिङ्ग	भगवत्याः	भगवतीभ्याम्	भगवतीभ्यः	(भगवतीजस्तै पार्वती आदिको पनि पाँचौं लाइन बुझौं।)
ह्रस्व उकारान्त पुंलिङ्ग	भानोः	भानुभ्याम्	भानुभ्यः	(भानुजस्तै शम्भु आदिको पनि पाँचौं लाइन बुझौं।)
दीर्घ ऊकारान्त स्त्रीलिङ्ग	वध्वाः	वधूभ्याम्	वधूभ्यः	(वधूजस्तै चमू आदिको पनि पाँचौं लाइन बुझौं।)

ऋकारान्त स्त्रीलिङ्ग	मातुः	मातृभ्याम्	मातृभ्यः	(मातृजस्तै दुहितृ आदिको पनि पाँचौं लाइन बुझौं।)
ऋकारान्त पुंलिङ्ग	पितुः	पितृभ्याम्	पितृभ्यः	(पिताजस्तै जामाता आदिको पनि पाँचौं लाइन बुझौं।)
ऋकारान्त पुंलिङ्ग	कर्तुः	कर्तृभ्याम्	कर्तृभ्यः	(कर्ता जस्तै भर्ता आदिको पनि पाँचौं लाइन बुझौं।)

* जुनसुकै शब्दको अगाडि **नेपालीमा** – 'देखि, बाट' र **हिन्दीमा** – 'से' यत्तिमात्र प्रयोग गर्दा पञ्चमीको बोध हुन्छ भने संस्कृतशब्दहरूको प्रकृति भने बेग्लै छ । यहाँ अकारान्त, आकारान्त, इकारान्त, ईकारान्त, उकारान्त, ऊकारान्त, ऋकारान्त आदि सबै शब्दहरूको विभक्तिप्रयोगमा भिन्नता देखिन्छ । त्यो भिन्नतालाई निम्न तालिकाबाट बुझ्न सकिन्छ।

नेपलीमा पञ्चमी विभक्ति	संस्कृतमा	नेपालीमा
अकारान्त रामशब्दको पञ्चमी विभक्तिको एकवचनमा –	रामात्	रामबाट
आकारान्त रमाशब्दको पञ्चमीको एकवचनमा –	रमायाः	रमाबाट
इकारान्त हरिशब्दको पञ्चमी विभक्तिको एकवचनमा –	हरेः	हरिबाट
ईकारान्त भगवतीशब्दको पञ्चमी विभक्तिको एकवचनमा –	भगवत्याः	भगवतीबाट
उकारान्त भानुशब्दको पञ्चमी विभक्तिको एकवचनमा –	भानोः	भानुबाट
ऊकारान्त वधूशब्दको पञ्चमी विभक्तिको एकवचनमा –	वध्वाः	वधूबाट
ऋकारान्त मातृशब्दको पञ्चमी विभक्तिको एकवचनमा –	मातुः	आमाबाट

* हिन्दीभाषा र नेपालीभाषाको भन्दा बेग्लै संस्कृतभाषाको विभक्तिप्रयोगको शैली रहेको तथ्य माथिको तालिकाबाट स्पष्ट भएको छ । यो शैलीलाई आत्मसात् गर्न सकियो भने संस्कृत जानियो भने पनि हुन्छ ।

* संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! सात किसिमका शब्द पढाउँदा प्रत्येकका १९–१९ शब्द पढाउन खोजिएको छ । शब्दको रूपावलीको ज्ञान र प्रयोगका लागि यसो गरिएको हो । तसर्थ उक्त ७ शब्दका माध्यमबाट हामीहरू संस्कृतमा पुस्तक लेख्नेसम्म बन्न सक्छौं । यसमा कुनै अत्युक्ति छैन । यी ७ किसिमका शब्दलाई जताततै खेलाउन सक्ने तपाईंहरू हुनुपर्‍यो । आउनुहोस्, म यसै उद्देश्यलाई साकार तुल्याउन तपाईंहरूका कदममा कदम मिलाएर अगाडि बढ्दै छु, तपाईंलाई मैले संस्कृतज्ञ बनाउने छु । तपाईं हामीले मिलेर संस्कृत कठिन छ भन्नेहरूलाई 'असत्य वक्ता हुन्' भन्ने कुरा प्रमाणित गर्नुपर्ने छ ।

नियम – '१८' वाक्यरचनासम्बन्धी (अपादानमा पञ्चमी विभक्ति हुन्छ ।)

* विद्यार्थी भाइहरू ! अब पञ्चमी विभक्तिको प्रयोग गरेर वाक्य बनाउने अभ्यास गरौं –

कर्ता र क्रियामात्रको प्रयोग

१. दिनेशः अगच्छत् –
दिनेश गयो ।
२. रमा गमिष्यति –
रमा जानेछिन् ।
३. रामः अपठत् –
रामले पढ्यो ।
४. पुष्पम् अपतत् –
फूल झर्‍यो ।

कर्ता, क्रिया र अपादानको प्रयोग

१. दिनेशः तुलसीपुरात् घोराहीनगरम् अगच्छत् –
दिनेश तुलसीपुरदेखि घोराही गयो ।
२. रमा अयोध्यायाः वाराणसीं गमिष्यति –
रमा अयोध्याबाट वाराणसी जानेछिन् ।
३. रामः हरेः अपठत् –
रामले हरिबाट पढ्यो ।
४. पुष्पम् वृक्षात् अपतत् –
फूल रूखबाट झर्‍यो ।

५. भगवती आगच्छति –
भगवती आउँछिन् ।

६. भानुः उदेति –
सूर्य उदाउँछन् ।

५. भगवती गोदावर्याः काष्ठमण्डपम् आगच्छति –
भगवती गोदावरीदेखि काठमाण्डौ आउँछिन् ।

६. भानुः पूर्वात् उदेति –
सूर्य पूर्वबाट उदाउँछन् ।

क) वाक्यको संरचना

कर्ता	अपादान	कर्म	क्रिया
भगवती	गोदावर्याः	काष्ठमण्डपम्	आगच्छति

* माथिका वाक्यहरूको प्रकृति अनुसार तुलसीपुर, अयोध्या, हरि, वृक्ष, गोदावरी र पूर्वशब्दका पञ्चमी विभक्तिको एकवचनका रूपहरू अपादान हुन् । अपादानमा पञ्चमी विभक्ति हुन्छ भन्ने शास्त्रको नियमअनुसार माथिका वाक्यहरूको प्रयोग गरिएको छ । तपाईंहरू पनि उक्त उदाहरणलाई आत्मसात् गरी त्यस्तै वाक्यहरूको निर्माण गर्नुहोस् र संस्कृतभाषा बोल्न र लेख्नमा दक्षता प्राप्त गर्नुहोस् ।
* यस किताबमा एकवचनलाई महत्त्व दिएर प्रयोग गरिएको छ । तपाईंहरूले आवश्यकता अनुसार द्विवचन र बहुवचनको पनि प्रयोग गर्न सक्नु हुनेछ ।

अभ्यास

क) नेपालीमा अनुवाद गर्नुहोस्

१. रामः कृष्णनगरात् तुलसीपुरम् आगच्छत् ।
२. अपि गोविन्दः पिण्डेश्वरात् तुलसीपुरम् आगच्छत् ?
३. अलकापूर्याः देवताः पृथ्वीम् आगमिष्यन्ति ।
४. गुरोः विद्याम् पठ ।
५. मातुः ममताम् शिक्षय ।
६. आखोः सञ्चयकलाम् अर्जय ।

ख) संस्कृतमा अनुवाद गर्नुहोस्

१. विद्यार्थीहरू हिजो विद्यापीठबाट घर गए ।
२. के काठमाडौंबाट भी.सी. आउनुभयो ?
३. नर्मदा तुलसीपुरदेखि जनताविद्यापीठ आउँछिन् ।
४. संस्कृतका गुरुबाट संस्कृत पढ ।
५. तिमी भोलि घोराहीबाट काठमाडौं जाऊ ।

समीक्षा

* पन्ध्रौं दिनसम्म तपाईंहरूले के पढ्नुभयो र यस पुस्तकले के सिकायो ? नबुझेको कुरा के छ ? त्यसको समीक्षा गरौं–
  १. के तपाईं पञ्चमी विभक्तिका रूपहरूसँग परिचित हुनुभयो ?
  २. पञ्चमीको प्रयोग कस्तो अवस्थामा हुन्छ जान्नुभयो ?
  ३. निम्नलिखित शब्दका पञ्चमीका रूपहरू कस्ता हुन्छन् विचार गर्नुभयो ?
  गोदावरी, विष्णुमती, नर्मदा, कर्मदा, कवि, रवि, आखु, भानु, मातृ, पुस्तक, वन ।
  ४. पञ्चमी विभक्ति कुन–कुन अर्थमा हुन्छ भन्ने कुरा बुझ्नुभयो ?

* संस्कृतजिज्ञासु मित्रहरू तथा विद्यार्थी भाइबहिनीहरू ! तपाईंहरूले पढेका विषयवस्तुहरू राम्रोसँग बुझ्नुभयो अथवा बुझ्नुभएन भन्ने कुरा परीक्षण गर्न अगाडि संपरीक्षण तालिका प्रस्तुत गरिएको छ । उक्त तालिकाका आधारमा तल दिइएका निर्देशनअनुसार सबै वाक्य बनाउने प्रयास गर्नुहोस् । निर्देशनअनुसार सबै वाक्यहरू शुद्ध ~~बन~~न सक्नुभयो भने आफूले राम्रोसँग बुझेर पढेको संज्ञी ढुक्क हुनुहोस् । कहीं कतै थोरै पनि आफूमा कमी-कमजोरी पाउनुभयो भने पुनः विषयवस्तुको बोध गरी गल्ती सच्याई अगाडि बढ्ने प्रण गर्नुहोस् ।

संपरीक्षण तालिका - १९

		समूह 'क'			स.'ख'			समूह 'ग'		
प्रथमपुरुष		सः	तौ	ते	रामात्	विद्यालयम्		रक्षति	रक्षतः	रक्षन्ति
		रामः	रामौ	रामाः	रमायाः	घरानम्		अपतत्	अपतताम्	अपतन्
		रमा	रमे	रमाः	भगवत्याः	बालकम्		अपठत्	अपठताम्	अपठन्
		हरिः	हरी	हरयः	हरेः	हिमालयम्		आगच्छति	आगच्छतः	..गच्छन्ति
		भगवती	भगवत्यौ	भगवत्यः	मातुः	भारतम्		प्रतिगच्छति	प्रतिगच्छतः	..गच्छन्ति
मध्यमपुरुष	अपि	त्वम्	युवाम्	यूयम्	धरानात् वृक्षात् आकाशात् स्वर्गात्	पृथिवीम् स्वर्गम्	न	रक्षसि अपत अपठ आगच्छसि प्रतिगच्छसि	रक्षथः अपततम् अपठतम् आगच्छथः प्रतिगच्छथः	रक्षथ अपतत अपठत आगच्छथ ...गच्छथ
उत्तमपुरुष		अहम्	आवाम्	वयम्	कैलासात् विद्यालयात् गृहात्			रक्षामि अपतम् अपठम् आगच्छामि प्रतिगच्छामि	रक्षावः अपतावः अपठावः आगच्छावः ...गच्छावः	रक्षामः अपतामः अपठाम ..गच्छाम ..गच्छामः

उदाहरण - त्वम् विद्यालयात् गृहम् आगच्छसि । त्वम् विद्यालयम् गृहम् न आगच्छसि । अपि त्वम् विद्यालयात् गृहम् आगच्छसि ? अपि त्वम् विद्यालयात् गृहम् न आगच्छसि ?

१. माथिको तालिकामा 'अपि'शब्द प्रश्नवाचक वाक्य बनाउनका लागि हो भने 'न' अव्यय नकारात्मक वाक्य बनाउनका लागि हो भन्ने कुरा पहिलेका तालिकाहरूबाट तपाईंहरू प्रष्ट भइसक्नुभएको छ । यहाँ उक्त शब्दहरू तपाईंहरूलाई नकारात्मक वाक्य र प्रश्नवाचक वाक्य बनाउनका लागि सजिलो होस् भन्ने हेतुले राखिएका हुन् ।

२. प्रथमपुरुषबाट कर्ता समूह 'क' र क्रिया समूह 'ग'को सङ्गति मिलाई द्वितीयान्तबाट उपयुक्त शब्द चयन गरी अनेकौं वाक्य बनाउनुहोस् ।

३. मध्यमपुरुषबाट कर्ता समूह 'क' र क्रिया समूह 'ग'को सङ्गति मिलाई द्वितीयान्तबाट उपयुक्त शब्द चयन गरी अनेकौं वाक्य बनाउनुहोस् ।

४. उत्तमपुरुषबाट कर्ता समूह 'क' र क्रिया समूह 'ग'को सङ्गति मिलाई द्वितीयान्तबाट उपयुक्त शब्द चयन गरी अनेकौं वाक्य बनाउनुहोस् ।

५. तालिकाको प्रयोग गरेर दश प्रश्नवाचक र दश नकारात्मक वाक्य बनाएर आफ्नो अभ्यास बढाउनुहोस् ।

अतिरिक्त ज्ञान

यतो विभागो[1] भी[2] रक्षा[3], [4]निवृत्ति[5]श्च्युतिरुद्भव:[6] ।
[7]घृणा[8]न्तर्धिरधीति[9]र्वाऽपादानं तत्र पञ्चमी ।।
[10]लुबन्तगुप्तावधा[11]वपेक्षायां[12] च पञ्चमी ।
[13]युक्तेऽण्यन्य [14]प्रभृत्यर्थदिक्दृ[15]न्वाङ्[16] बहिरादिके ।।"

१. जसलाई अवधि मानेर अलग हुने क्रिया हुन्छ, २. जसबाट भय उत्पन्न हुन्छ, ३. जसबाट रक्षा हुन्छ, ४. जसबाट केही हटाइन्छ, ५. जसबाट केही चुहिन्छ, ६. जसबाट केही उत्पन्न हुन्छ, ७. जसबाट घृणा हुन्छ, ८. जसबाट केही लुकाइन्छ, ९. जसबाट पढिन्छ तो सबैलाई अपादान भनिन्छ र त्यहाँ पञ्चमी विभक्ति हुन्छ ।

१०. ल्यवन्तक्रिया लुप्त भएपछि त्यसको कर्म र अधिकरणमा, ११. अवधिमा, १२. अपेक्षाको विषयमा, १३. अन्य आदि शब्दको योगमा, १४. प्रभृति, आरम्भ आदि पदहरूको प्रयोगमा, १५. दिशावाचक शब्दका योगमा र १६. मर्यादाबोधक आङ्, बहि आदि शब्दको प्रयोगमा पञ्चमी विभक्ति हुन्छ । विभागको उदाहरण माथि आइसकेको छ ।

१. जसलाई अवधि मानेर अलग हुने क्रिया हुन्छ । जस्तै –

रामः **विराटनगरात्** आगच्छति – राम विराटनगरबाट आउँछ ।

२. जसबाट डर पैदा हुन्छ अथवा हामीहरू डराउँछौं त्यसलाई अपादान भनिन्छ । जस्तै –

दिनेशः **सिंहात्** विभेति – दिनेश सिंहदेखि डराउँछ ।

३. जसबाट हामीहरू संरक्षण चाहन्छौं त्यसलाई पनि अपादान भनिन्छ । जस्तै –

गुरुः **पापात्** रक्षति – गुरुले पापबाट बचाउनुहुन्छ ।

४. जसबाट कसैलाई हटाइन्छ त्यसलाई पनि अपादान भनिन्छ । जस्तै –

कृषकः **क्षेत्रात्** गाम् निवारयति – किसानले खेतबाट गाई हटाउँछ ।

५. जसबाट केही वस्तु चुहिन्छ त्यसलाई पनि अपादान भनिन्छ । जस्तै –

घृतं **भाण्डात्** क्षरति – भाँडाबाट घिऊ चुहिन्छ ।

६. जसबाट केही उत्पन्न हुन्छ त्यसलाई पनि अपादान भनिन्छ । जस्तै –

सङ्गात् सञ्जायते कामः, **कामात्** क्रोधोऽभिजायते
क्रोधात् भवति सम्मोहः, **सम्मोहात्** स्मृति विभ्रमः ।
स्मृतिभ्रंशात् बुद्धिनाशो, **बुद्धिनाशात्** प्रणश्यति ।

पारिवारिक मायामोहबाट इच्छा उत्पन्न हुन्छ, इच्छाबाट रीस पैदा हुन्छ, रीसबाट सम्मोहन बढ्छ, सम्मोहनबाट बुद्धि भ्रमित हुन्छ, बुद्धि नाशदेखि स्वयं नष्ट हुन्छ ।

७. जसबाट घृणा उत्पन्न हुन्छ त्यसलाई पनि अपादान भनिन्छ । जस्तै –

हरिः **पापात्** जुगुप्सते – हरि पापदेखि घृणा गर्छ ।

---

* पं. सोमनाथ सिग्देल, अनुवादचन्द्रिका, तृतीयप्रकाश, हिन्दीसंस्करण ।

८. जसबाट लुकाउन खोजिन्छ त्यसलाई पनि अपादान भनिन्छ । जस्तै -

कृष्णः मातुः निलीयते - कृष्ण आमादेखि लुक्छ ।

९. जसबाट कुनै कुरा पढिन्छ त्यसलाई पनि अपादान भनिन्छ । जस्तै -

छात्रः अध्यापकात् व्याकरणं पठति - छात्रहरू अध्यापकबाट व्याकरण पढ्छ ।

१०. ल्यपप्रत्ययको लोप गरेर बनाइएका वाक्यहरूमा कर्म र अधिकरणमा पञ्चमी हुन्छ । जस्तै -

गृहात् पश्यति - घरबाट हेर्छ । (गृहम् आरुह्य पश्यति ।)

आसनात् प्रेक्ष्यते - आसनमा बसेर हेर्छ । (आसने उपविश्य प्रेक्ष्यते ।)

११. अवधिबोधक शब्दमा पञ्चमी विभक्ति हुन्छ । जस्तै -

आमूलात् श्रोतुमिच्छामि - सुरुदेखि नै सुन्न चाहन्छु ।

आ हिमालयात् नेपालदेशः - हिमालयसम्म नेपाल हो ।

१२. मर्यादाबोधक शब्दमा पञ्चमी विभक्ति हुन्छ । जस्तै -

आ बालेभ्यः हरिभक्तिः - बालकदेखि वृद्धसम्म हरिभक्ति रहेको देखिन्छ ।

१३. अन्य, भिन्न, इतर, प्रभृति, आरभ्य आदि शब्दका योगमा पञ्चमी विभक्ति हुन्छ । जस्तै-

कृष्णात् अन्यः कः ज्ञातुं शक्नोति । कृष्णलाई छोडेर कसले जान्न सक्छ ?

मम गृहं ग्रामात् बहिः अस्ति - मेरो घर गाउँदेखि बाहिर छ ।

शैशवात् प्रभृति श्यामः चतुरः अस्ति - बाल्यकालदेखि नै श्याम चलाख छ ।

१४. दिशावाचक शब्दका योगमा पञ्चमी विभक्ति हुन्छ । जस्तै -

नगरात् पूर्वस्यां ग्रामः अस्ति - गाउँ नगरदेखि पूर्वतिर छ ।

ग्रामात् पूर्वस्मिन् भागे वनम् अस्ति - गाउँदेखि पूर्वतिर जङ्गल छ ।

१५. बहि, आङ् आदि शब्दका योगमा पञ्चमी विभक्ति हुन्छ ।

सायम् गृहात् बहिः न गच्छ - साँझमा घरदेखि बाहिर नजाऊ ।

आ परितोषात् विदुषान् - विद्वान्हरूको प्रसन्नता अथवा सन्तोषसम्म ।

१६. तुलनात्मक विशेषण भएका ठाउँमा जोसँग तुलना गरिन्छ त्यसको वाचक शब्दमा पञ्चमी विभक्ति हुन्छ ।

श्यामात् मुकुन्दः पटुतरः - श्यामभन्दा मुकुन्द चतुर छ ।

ॐ

अठारौं दिन
अष्टादशः दिवसः

संस्कृतजिज्ञासु मित्रहरू तथा विद्यार्थी भाइबहिनीहरू ! आज अठारौं दिन हो । आजसम्म तपाईंहरूले विभिन्न कालका वाक्यरचना गर्ने अभ्यासका लागि चार लकार र केही आवश्यक शब्दहरूको रूपायन पढी शब्दका पाँचौं पंक्तिसम्मको अर्थात् पञ्चमी विभक्तिसम्मको अध्ययन र प्रयोगविधि पनि पढिसक्नुभयो । धातु क्रियापदका परस्मैपदी ९ र आत्मनेपदी ९ रूप गरेर १८ रूप हुन्छन् । ९ रूप पढिसक्नुभयो भने ९ रूप अगाडि पढ्नुहुनेछ । शब्दका रूपहरू २४ हुन्छन् भन्ने कुरा ७ किसिमका शब्दहरूको रूपायन अध्ययन गर्ने क्रममा पढ्नुभयो र कण्ठ गर्नुभयो । पञ्चमी विभक्तिसम्मका अर्थात् पाँचौं पंक्तिसम्मका १५ किसिमका रूपायनको प्रयोगविधि पनि सिकिसक्नुभयो । अब अध्ययन गर्ने र अध्यापन गराउने दुवैको हितमा शब्दका २४ रूपायन बनाउने विधि सङ्क्षेपमा बताउन चाहन्छु । हुन त यो विधि पहिलो दिनमा नै बताएको भए पनि हुनेथियो । त्यतिबेला यो विधि सिकाउन खोजेको भए धेरै दिनसम्म तपाईं हामीहरू रामशब्दमा नै अल्मलिने थियौं । त्यसबाट संस्कृत कठिन भाषा हो कि भन्ने भान पर्न सक्थ्यो तसर्थ अधिकांश वाक्यरचना विधिको बोलचाल आदिमा प्रवेश गराइसकेपछि मात्र यहाँ सबै विभक्तिका रूपहरूको निर्माण गर्ने शास्त्रीय विधिको बोधतर्फ अग्रसर हुँदैछौं । यसबाट पढेका शब्दरूपायनमा पनि अझै प्रष्ट हुन सजिलो हुने र अगाडि पढ्ने शब्दहरूको रूपायनको बोधमा पनि सरलता ल्याउन सकिने हुँदा शब्दरूपायन निर्माण गर्ने विधि र उक्त रूपायन बनाउँदा आवश्यक पर्ने केही सन्धि नियमको अध्ययन गराउने उद्देश्यले आज अठारौं दिनको पाठयोजना तयार गरिएको छ ।

* कुनै पनि शब्दका २४ रूपहरू हुन्छन् भनिएको छ। ती रूपहरू कसरी, के जोडेर २४ हुन्छन् भन्ने कुरा व्याकरणको अन्तरङ्ग विषय हो । त्यही व्याकरणको केही अंशलाई सूत्र नभनीकन यहाँ बताउन खोजिएको छ, झन्झट नमान्नुहोला । त्यस्ता शब्दका २४ रूप तयार गर्ने माध्यमलाई व्याकरणको भाषामा 'सुप्' प्रत्यय भनिन्छ । ती प्रत्ययका मौलिक रूप यस प्रकार छन् –

सु	औ	जस्	**प्रथमा**	अम्	औट्	शस्	**द्वितीया**
टाप्	भ्याम्	भिस्	**तृतीया**	ङे	भ्याम्	भ्यस्	**चतुर्थी**
ङसि	भ्याम्	भ्यस्	**पञ्चमी**	ङस्	ओस्	आम्	**षष्ठी**
ङि	ओस्	सुप्	**सप्तमी**	सु	औ	जस्	**सम्बोधन**

* माथि बताइएका मौलिक सुप्प्रत्ययहरूमा व्याकरणशास्त्रको अन्तरङ्ग प्रक्रियाबाट केही अन्तर पर्न आउँछ । धेरैजसो सुप्प्रत्यय जस्ताको तस्तै रहँदैनन् । जे बाँकी रहन्छ त्यसको दिग्दर्शन यस प्रकार छ –

सुप्प्रत्ययहरूमा बाँकी रहने अंशहरू

: (स्)	औ	अः	**प्रथमा**	अम्	औ	अः	**द्वितीया**
आ	भ्याम्	भिः	**तृतीया**	ए	भ्याम्	भ्यः	**चतुर्थी**
अः	भ्याम्	भ्यः	**पञ्चमी**	अः	ओः	आम्	**षष्ठी**
इ	ओः	सु	**सप्तमी**	: (स्)	औ	अः	**सम्बोधन**

× यी २४ सुप्प्रत्यय र हलन्तशब्दको संयोग हुँदामात्र अथवा आपस मिल्दैमा प्रथमाको एकवचन र सम्बोधनको एकवचनलाई छाडेर अरू रूपायन सजिलै तयार हुन्छन् । जस्तै –

नियम – '३१ क' सुहृत्शब्द पछि पढ्नुहुनेछ

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
प्रथमा	सुहृत्	सुहृदौ	सुहृदः
द्वितीया	सुहृदम्	सुहृदौ	सुहृदः
तृतीया	सुहृदा	सुहृद्भ्याम्	सुहृद्भिः
चतुर्थी	सुहृदे	सुहृद्भ्याम्	सुहृद्भ्यः

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
पञ्चमी	सुहृदः	सुहृद्भ्याम्	सुहृद्भ्यः
षष्ठी	सुहृदः	सुहृदोः	सुहृदाम्
सप्तमी	सुहृदि	सुहृदो	सुहृत्सु
सम्बोधन	हे सुहृत्!	हे सुहृदौ !	हे सुहृदः !

माथिका रूपायनमा भ्याम्, भिः, भ्यः पर भएको ठाउँमा बोल्दा त् भनुभन्दा द् भन्दा हामीलाई सजिलो लाग्छ । यही सजिलो बनाउने नियम हो सन्धि । त्यही सन्धिको नियमले त् लाई द् भएको हो ।

× माथि २४ वटा प्रत्ययहरूमा १५ वटा स्वर आदिमा भएका प्रत्ययहरू छन् । ९ वटा व्यञ्जन सुरुमा भएका प्रत्ययहरू छन्, ध्यान दिएर हेर्नुहोला ।

× ए, ऐ, ओ, औ अन्त भएका शब्दहरूमा अजादि अर्थात् अ, आ, इ, ई, उ, ऊ, ए, ऌ, ए, ऐ, ओ, औ अक्षर पर भएमा एको ठाउँमा अय्, ऐकोठाउँमा आय्, ओको ठाउँमा अव्, औको ठाउँमा आव् आउँछ । जस्तै – रै + औ= रायौ । यो कुरा क्रमशः बुझिँदै गयो भने व्याकरण अत्यन्त सजिलो हुँदै जानेछ ।

संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! अकारान्त राम, आकारान्त रमा, इकारान्त हरि, ईकारान्त भगवती, उकारान्त भानु, दीर्घ ऊकारान्त वधू, ऋकारान्त मातृशब्दहरू पढिसकेका छौं । अब ए, ऐ, ओ, औ अन्त भएका शब्दहरू पढन गइरहेका छौं । एकार, ऐकार, ओकार, औकार अन्त भएका शब्दहरूको रूपायन बुझ्न र बुझाउन माथि भनिएका सुप् अर्थात् सुः, औ, अः, अम्, औ, अः आदिको शब्दसमायोजन गर्ने ज्ञानबाट विशेष सजिलो हुने हुँदा यहाँ आवश्यक सन्धि पनि बताउन खोजिएको छ । पढेका सात किसिमका शब्दरूपायनमा यी स् (:), औ, अः, अम्, आदि समायोजन गरेर पढाउँदा सन्धिका धेरै नियम पढ्नु पर्ने हुँदा रूपायनबाटै काम चलाएर ए, ऐ, ओ, औ अन्तमा भएका शब्दहरूमा त एउटामात्र सन्धि नियमले धेरै काम चल्ने र अधिकांश रूपायनको पनि बोध हुने हुँदा शब्दका पछि जोडिने सु-आदि प्रत्ययको चर्चा यहाँ गरिएको छ । अब पढिने अधिकांश अजन्त (अ, आ आदि अन्तमा भएका) शब्द र हलन्त (खुट्टा खाटिएका अक्षर अन्त भएका) शब्दमा विभक्ति समायोजन गर्दा एउटा शब्दमा एउटामात्र सन्धिले प्रायः काम चल्ने हुँदा सामान्य सन्धिको पनि चर्चा गर्ने खोजिएको छ । व्याकरणशास्त्रले गर्ने सन्धि अक्षर-अक्षरका बीचमा हुने हुँदा संस्कृतभाषामा बोलिने र लेखिने अक्षर ज्ञान गर्ने तर्फ पनि लागौं ।

संस्कृत व्याकरणका महामन्त्रहरू -

अ इ उ ण् - १, ऋ ऌ क् - २, ए ओ ङ् - ३, ऐ औ च् - ४, ह य व र ट् - ५, ल ण् - ६, ञ म ङ ण न म् - ७, झ भ ञ् - ८, घ ढ ध ष् - ९, ज ब ग ड द श् - १०, ख फ छ ठ थ च ट त व् - ११, क प य् - १२, स ष श र् - १३, ह ल् - १४ ।

संस्कृत भाषामा प्रयुक्त व्यञ्जन अक्षरहरू

क	ख	ग	घ	ङ
च	छ	ज	झ	ञ
ट	ठ	ड	ढ	ण
त	थ	द	ध	न
प	फ	ब	भ	म
य	र	ल	व	
श	ष	स	ह	
क्ष	त्र	ज्ञ		

क्ष, त्र, ज्ञ = तीन संयुक्त अक्षर हुन् । क् + ष् + अ = क्ष, त् + र् + अ = त्र, ज् + ञ् + अ = ज्ञ । यिनी तीन अक्षरले बनेका एक-एक अक्षर हुन् । अन्य ३३ अक्षरहरू दुई अक्षरले बनेका अक्षरहरू हुन् । जस्तै - क् + अ = क, ख् + अ = ख इत्यादि ।

अच् वा स्वर अक्षरहरू -

अ	आ	इ	ई	उ	ऊ	ऋ	ॠ
ऌ	ॡ	ए	ऐ	ओ	औ	अं	अः

अ + म् = अम्, अ + : = अः, यहाँका म र विसर्ग व्यञ्जन नै हुन् ।

विद्यार्थी भाइबहिनीहरू हो ! संयुक्त अक्षर क्ष मा = क पहिलो अक्षर हो, त्रमा त पहिलो अक्षर हो र ज्ञ मा ज पहिलो अक्षर हो । यो कुरा राम्रोसँग बुझ्नुहोला ।

प्रथम समूह

क	ख	ग	घ	ङ	= कवर्ग
च	छ	ज	झ	ञ	= चवर्ग
ट	ठ	ड	ढ	ण	= टवर्ग
त	थ	द	ध	न	= तवर्ग
प	फ	ब	भ	म	= पवर्ग

द्वितीय समूह

य	र	ल	व	= यण्वर्ग
श	ष	स	ह	= शल्वर्ग

यी माथिका प्रथम समूहका अक्षरलाई तेर्सो - क, ख, ग, घ, ङ, ठाडो - कचटतप, खछठथफ, गजडदब, घझढधभ, ङञणनम भन्ने विधि पनि जानिराख्नुहोस् । यण् = यरलव र शल् = शषसह, यसरी सात वटा समूह छन्। स्वर अथवा अच् जोड्दा अक्षरहरूलाई आठ समूहमा विभाजन गर्न सकिन्छ ।

अभ्यास

१. विशेष संयुक्त अक्षर कुन कुन हुन् ?
२. क्षको आदि अक्षर के हो ?
३. कवर्ग भन्नाले कुन-कुन अक्षर बुझिन्छन् ?
४. पर्वका अक्षरहरू के के हुन् ?
५. यण् वर्गमा कुन कुन अक्षर छन् ?
६. वर्गका प्रथम अक्षरहरू के के हुन् ?
७. प्रथम समूहअन्तर्गत वर्गका पञ्चम अक्षरहरू कुन कुन हुन् ?
८. तृतीय अक्षर समावेश भएको महामन्त्र कुन हो ?
९. पञ्चम अक्षरमात्र समावेश भएको महामन्त्र कुन हो ?

संस्कृतजिज्ञासु मित्रहरू एवं विद्यार्थी भाइबहिनीहरू ! अब संक्षेपमा शब्द र प्रत्ययमा हुने तथा क्रियापद र प्रत्ययमा हुने सन्धिको विषयमा संक्षिप्त जानकारी गरौं । यसबाट तपाईंहरूलाई पढेका रूपायनहरूको र पढिने रूपायनहरूको विषयमा केही सजिलो हुनसक्छ । साथै संस्कृतका श्लोक र विभिन्न शब्दमा भएका सन्धिको ज्ञानबाट सम्बन्धित श्लोक अथवा गद्यको अर्थ गर्न र नेपालीभाषाका केही शब्दहरू जस्तै- विद्यालय = विद्या + आलय, हिमालय = हिम + आलय, अत्यधिक = अति + अधिक, प्रत्येक = प्रति + एक, अत्यावश्यक = अति + आवश्यक जस्ता शब्दहरूको अर्थ बुझ्न र बुझाउन सजिलो हुनेछ ।

नियम - '१९' सन्धिनियम

संस्कृतमा सन्धिप्रक्रियालाई मुख्यतया **स्वरसन्धि, व्यञ्जनसन्धि** र **विसर्गसन्धि** गरी तीन वर्गमा विभाजन गरेको पाइन्छ ।

क) **स्वरसन्धि** - पहिलो शब्दको अन्तिम स्वर र पछिल्लो शब्दको पहिलो स्वरको मिलन हुने काम स्वरसन्धिमा हुन्छ । यो सन्धि पाँच प्रकारको हुन्छ ।

१) **यण्सन्धि** - इ - ई - उ - ऊ - ऋ - ऌ पछि भिन्न स्वर आएमा इ - ई = य् हुन्छ, उ - ऊ = व् हुन्छ, ऋ = र् हुन्छ र ऌ = ल् हुन्छ । क्रमशः उदाहरण - अति + अधिक = अत्यधिक, प्राप्ति + आशा = प्रात्याशा, अति + उच्च = अत्युच्च, भगवती + औ = भगवत्यौ, भगवती + आ = भगवत्या ।

उ र ऊ पछि भिन्न स्वर आएमा व् हुन्छ । जस्तै = अनु + अय = अन्वय, सु + आगत = स्वागत, अणु + ईक्षण = अन्वीक्षण, अनु + एषण = अन्वेषण । हरि + ओ = हर्यो । ऋ - ॠ पछि भिन्न स्वर आएमा र् हुन्छ । जस्तै - पितृ + आ = पित्रा, मातृ + आ = मात्रा, धातृ + आ = धात्रा । ऌ पछि भिन्न स्वर आएमा ल् हुन्छ । जस्तै - तव + ऌकार = तवल्कार ।

२) **दीर्घसन्धि** - पहिलो शब्दको अन्तिम अक्षर अ, आ पछि अ, आ आएमा आ हुन्छ, आ-आ पछि आ आएमा आ नै हुन्छ । इ, ई पछि इ, ई नै आएमा ई हुन्छ । उ, ऊ पछि उ, ऊ आएमा ऊ हुन्छ । ऋ, ॠ पछि ऋ आएमा ॠ हुन्छ । ऌ, ॡ पछि ऌ आएमा ॡ हुन्छ । जस्तै - दुःख + अन्त = दुखान्त, वृद्ध + आश्रम= वृद्धाश्रम, भिक्षा + अर्थी = भिक्षार्थी, कला + आचार्य = कलाचार्य, हाहा + आ = हाहा । कवि + इन्द्र= कवीन्द्र, अधि + ईश = अधीश, पृथ्वी + इन्द्र = पृथ्वीन्द्र, नारी + ईश्वर = नारीश्वर । भानु + उदय = भानूदय, लघु + ऊर्मी = लघूर्मी, वधू + उत्सव = वधूत्सव ।

३) **गुणसन्धि** - अ, आ पछि इ, ई, उ, ऊ, ऋ, ऌ पर भएमा गुणसन्धि हुन्छ । गुण भनेका अ, ए, ओ हुन् । अ र आ देखि पल्लो अक्षर इ, ई भएमा ए हुन्छ, अ र आदेखि पल्लो अक्षर उ र ऊ भएमा ओ हुन्छ, अ र आदेखि पल्लो अक्षर ऋ भएमा अर् हुन्छ । अ र आदेखि पल्लो अक्षर ऌ भएमा अल् हुन्छ । जस्तै - सुर+ इन्द्र = सुरेन्द्र, देव + ईश = देवेश, महा + इन्द्र = महेन्द्र, रमा + ईश = रमेश, चन्द्र + उदय = चन्द्रोदय, महा+ उत्सव = महोत्सव, देव + ऋषि = देवर्षि, महा + ऋषि = महर्षि । तव + ऌकार = तवल्कार ।

४) **वृद्धिसन्धि** - वृद्धि भनेका आ, ऐ, औ हुन् । अ, आपछि ए, ऐ, भएमा ऐ हुन्छ, अ, आपछि ओ, औ भएमा औ हुन्छ, अ, आपछि ऋ भएमा आर् हुन्छ, अ, आपछि ऌ भएमा आल् हुन्छ । जस्तै - मत + एकता = मतैकता, मत + ऐक्य + मतैक्य, तथा + एव = तथैव, यथा + एव = यथैव, महा + ऐश्वर्य = महैश्वर्य, परम + ओजस्वी = परमौजस्वी, वन + औषधि + वनौषधि, महा + औजस्वी = महौजस्वी ।

५) **अयादिसन्धि** - पहिलो शब्दको अन्तिम अक्षर ए, ऐ, ओ, औपछि पल्लो शब्दको पहिलो अक्षर स्वर भएमा ए = अय् हुन्छ, ओ + अव् हुन्छ, ऐ = आय् हुन्छ, औ = आव् हुन्छ । जस्तै - शे + अयन = शयन, हरे + ए = हरये, चे + अन = चयन, गै + अक = गायक, नै + अक = नायक, पो +इत्र = पवित्र, विष्णु+ ए = विष्णवे, पौ + अक = पावक, भौ + अक = भावक ।

ख) **व्यञ्जनसन्धि** - पहिलो शब्दको अन्तिम अक्षर व्यञ्जन भएर पछिल्लो शब्दको पहिलो अक्षर व्यञ्जनै भएमा उच्चारण गर्दा सजिलो बनाउन गरिएको सन्धिलाई व्यञ्जनसन्धि भनिन्छ ।

१) **व्यञ्जन र व्यञ्जनमा हुने सन्धि** - जस्तै - निस् + छल = निश्छल, निस् + काम = निष्काम, मन + ताप= मनस्ताप, उत् + चारण = उच्चारण, सम् + जाल = सञ्जाल, सम् + योग = संयोग, सम् + देश = संदेश, जगत् + नाथ = जगन्नाथ, वाक् + मय = वाङ्मय ।

२) **व्यञ्जन र स्वरमा हुने सन्धि** - वाक् + ईश = वागीश, अच् + अन्त = अजन्त, जगत् + ईश = जगदीश।

३) हल् वर्ण पर भएमा पदान्तको म्को अनुस्वार हुन्छ । जस्तै - हरिम् + वन्दे = हरिं वन्दे । कृष्णम् + वन्दे= कृष्णं वन्दे ।

ग) **विसर्गसन्धि** - कहीं कहीं पुस्तकहरू पढ्दा तपाईंहरूले 'देवः हसति' (देव हाँस्छ) भनेका ठाउँमा सन्धि गरेर 'देवो हसति' लेखिएको हुन्छ । यस्तै किसिमको सन्धिलाई देवको विसर्गलाई हटाएर विसर्ग र अ दुवैलाई मिलाएर ओ बनाइएको छ । विसर्गलाई परिवर्तन गरेर अन्य कुनै अक्षर बनाइएको सन्धिलाई विसर्ग सन्धि भनिन्छ । यस्तो सन्धि निम्नलिखित अवस्थामा हुन्छ -

१) पहिलो शब्दको अन्तिम अक्षर अ भएको ठाउँमा पल्लो शब्दको पहिलो अक्षर हश् (ह, य, व, र, ल, य, म, ङ, ण, न, झ, भ, घ, ढ, ध, ज, ब, ग, ढ, द) भएमा विसर्ग र अका ठाउँमा ओ हुन्छ । जस्तै - देवः हसति = देवो हसति, रामः गच्छति = रामो गच्छति, रामः राजमणिः = रामो राजमणि ।

२) अदेखि पर रहेको विसर्गका ठाउँमा पल्लो शब्दको पहिलो अक्षर अ नै भएमा विसर्गका ठाउँमा ओ भएर पछिल्लो अ 'ऽ'मा परिणत हुन्छ । जस्तै - रामः अपठत् = रामोऽपठत् । देवः + अकथयत् = देवोऽकथयत्, बालः + अस्ति = बालोऽस्ति, कः अयम् = कोऽयम्, नृपः अवदत् = नृपोऽवदत् ।

३) अ र आदेखि पर रहेको विसर्गको स्थिति पल्लो शब्दको आदि अक्षर अश् (अ, इ, उ, ऋ, ऌ, ए, ओ, ऐ, औ, ह, य, व, र, ल, य, म, ङ, ण, न, झ, भ, घ, ढ, ध, ज, ब, ग, ढ, द) अक्षर भएमा विसर्गको स्थानमा य हुन्छ र त्यसको लोप हुन्छ । देवाः + इह = देवा इह, नराः गच्छन्ति = नरा गच्छन्ति, सुतः आगच्छति= सुत आगच्छति ।

संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! शब्दरूपायन बनाउने नियम र केही सन्धिका नियमहरू हामीले पढ्यौं । अब तिनै नियमहरूको प्रयोग गर्दै ए, ऐ, ओ, औ अन्तमा भएका शब्दहरू पढौं ।

नियम - '२०' शब्दरूपायनसम्बन्धी, (ऐकारान्त पुलिङ्ग) रै (धन) शब्द

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
प्रथमा	रा:	रायौ	राय:
द्वितीया	रायम्	रायौ	राय
तृतीया	राया	राभ्याम्	राभि:
चतुर्थी	राये	राभ्याम्	राभ्य:

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
पञ्चमी	राय:	राभ्याम्	राभ्य:
षष्ठी	राय:	रायो:	रायाम्
सप्तमी	रायि	रायो:	रासु
सम्बोधन	हे रा: !	हे रायौ !!	हे राय: !!!

माथि रैशब्दका रूपहरूमा रेखाङ्कित रूपहरूलाई छाडेर अन्य सबै रूपायनहरूमा सन्धि नियम (अयादिसन्धि) ऐलाई आय् भएर - जस्तै रै + औ = र आय् औ = रायौ, यसैगरी सम्पूर्ण रूपायन तयार भएका छन् र व्यञ्जन सुरुमा भएका प्रत्ययको संयोजन गर्दा रै को ऐलाई आ भएको छ । यसैगरी ऐ अन्तमा भएका सम्पूर्ण शब्दका रूपायनहरू बुझ्नुहोला ।

आउनुहोस्, अब ओ र औ अन्तमा भएका शब्दहरू पढौं ।

नियम - '२१ क' शब्दरूपायनसम्बन्धी, (ओकारान्त) गो (गाई-गोरु)शब्द

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
प्रथमा	गौ:	गावौ	गाव:
द्वितीया	गाम्	गावौ	गा:
तृतीया	गवा	गोभ्याम्	गोभि:
चतुर्थी	गवे	गोभ्याम्	गोभ्य:

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
पञ्चमी	गो:	गोभ्याम्	गोभ्य:
षष्ठी	गो:	गवो:	गवाम्
सप्तमी	गवि	गवो:	गोषु
सम्बोधन	हे गौ: !	हे गावौ !!	हे गाव: !!!

संस्कृतभाषामा गोशब्दको धेरै ठाउँमा प्रयोग भएको छ । तसर्थ यस शब्दको रूपायन अर्थसहित राम्रोसँग बुझ्नुपर्छ ।

नियम - '२१ ख' शब्दरूपायनसम्बन्धी, (औकारान्त) ग्लौ(चन्द्रमा)शब्द

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
प्रथमा	ग्लौ:	ग्लावौ	ग्लाव:
द्वितीया	ग्लावम्	ग्लावौ	ग्लाव:
तृतीया	ग्लावा	ग्लौभ्याम्	ग्लौभि:
चतुर्थी	ग्लावे	ग्लौभ्याम्	ग्लौभ्य:

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
पञ्चमी	ग्लाव:	ग्लौभ्याम्	ग्लौभ्य:
षष्ठी	ग्लाव:	ग्लावो:	ग्लावाम्
सप्तमी	ग्लावि	ग्लावो:	ग्लौषु
सम्बोधन	हे ग्लौ: !	हे ग्लावौ !!	हे ग्लाव: !!!

यसैगरी नौ स्त्रीलिङ्गी (अर्थ डुँगा) शब्दका रूपायन पनि बुझ्नु होला ।

संस्कृतभाषाको भण्डार विशाल छ । विशाल र गहन भए पनि आत्तिनु पर्ने कुनै कुरा छैन, किनकि यस वाङ्मयमा अत्यन्त सुव्यवस्थित सर्वाङ्गपूर्ण व्याकरण सुशोभित छ । त्यसकै आधारमा विस्तृत, जटिल र अथाह विषय पनि सङ्क्षेपमा बुझ्न र बुझाउन सकिन्छ । आउनुहोस्, पुनः शब्दकै अध्ययन गर्ने क्रममा यस पुस्तकमा दसौं वर्गमा राखिएका शब्दहरू पढौं ।

अतिरिक्त ज्ञान

नियम - '२२ क - अ' शब्दरूपायनसम्बन्धी, प्रधी (राम्रो ध्यान गर्ने व्यक्ति) शब्द

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
प्रथमा	प्रधीः	प्रध्यौ	प्रध्यः
द्वितीया	प्रध्यम्	प्रध्यौ	प्रध्यः
तृतीया	प्रध्या	प्रधीभ्याम्	प्रधीभिः
चतुर्थी	प्रध्ये	प्रधीभ्याम्	प्रधीभ्यः

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
पञ्चमी	प्रध्यः	प्रधीभ्याम्	प्रधीभ्यः
षष्ठी	प्रध्यः	प्रध्योः	प्रध्याम्
सप्तमी	प्रध्यि	प्रध्योः	प्रधीषु
सम्बोधन	हे प्रधीः !	हे प्रध्यौ !!	हे प्रध्यः !!!

संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! यो शब्दको रूपायन किन बताइयो भने प्रधी यो शब्द दीर्घ ईकारान्त भए पनि पुँलिङ्गी भएकाले यसका रूप भगवतीशब्दसमान हुँदैनन् । अर्को कुरा यसका रूपहरू प्रायः यण्सन्धिका नियमसँग सम्बन्धित छन् । जस्तै –

प्रधी + औ = प्रध्यौ । प्रधी + अः = प्रध्यः । प्रधी + अम् = प्रध्यम् ।

सबैमा ईदेखि अच् (औ, अ) पर भएको हुँदा यण् गरेर रूपायन तयार गरिएका छन् । व्यञ्जन आदि प्रत्ययहरू जोडिएका मात्रै छन्, जुन कुरा रूपायनबाट बुझ्न सकिन्छ । यसैगरी सेनानी (सेनापति), ग्रामणी (गाउँको मुखिया), उन्नी (उन्नति गर्नेवाला व्यक्ति), वेगी (फूर्तिलो स्वभाव भएको व्यक्ति) को रूपायन बुझ्नु होला। यी शब्दको सप्तमीका एकवचनमा मात्रै प्रधीशब्दसँग भिन्नता छ । जस्तै प्रधीको प्रध्यि हुन्छ भने सेनानीको- सेनान्याम्, उन्नीको - उन्याम्, ग्रामणीको - ग्रामण्याम् हुन्छ । यसरी एक ठाउँको रूपमा मात्र भिन्नता छ ।

नियम - '२२ क-आ' शब्दरूपायनसम्बन्धी, दीर्घ ईकारान्त पुलिङ्गी अपवाद सुधी (विद्वान्) शब्द

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
प्रथमा	सुधीः	सुधियौ	सुधियः
द्वितीया	सुधियम्	सुधियौ	सुधियः
तृतीया	सुधिया	सुधीभ्याम्	सुधीभिः
चतुर्थी	सुधिये	सुधीभ्याम्	सुधीभ्यः

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
पञ्चमी	सुधियः	सुधीभ्याम्	सुधीभ्यः
षष्ठी	सुधियः	सुधियोः	सुधियाम्
सप्तमी	सुधियि	सुधियोः	सुधीषु
सम्बोधन	हे सुधीः !	हे सुधियौ !!	हे सुधियः !!!

यहाँ सन्धिनियमअन्तर्गत प्रधीमा ईका ठाउँमा य गरिएको थियो भने सुधीशब्दमा ईका ठाउँमा अजादि विभक्ति पर भएमा इय् गरिएको छ । अन्य कुरा समान छन् । यसै गरी - शुद्धधीः, परमधीः, सुश्रीः, पक्वीः आदि शब्दका रूपायन बुझ्नुहोला ।

नियम - '२२ ख' शब्दरूपायनसम्बन्धी, श्रीः (स्त्रीलिङ्गी शब्द)

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
प्रथमा	श्रीः	श्रियौ	श्रियः
द्वितीया	श्रियम्	श्रियौ	श्रियः
तृतीया	श्रिया	श्रीभ्याम्	श्रीभिः
चतुर्थी	श्रिये	श्रीभ्याम्	श्रीभ्यः
पञ्चमी	श्रियः	श्रीभ्याम्	श्रीभ्यः
षष्ठी	श्रियः	श्रियोः	श्रियाम्/श्रीणाम्
सप्तमी	श्रियि	श्रियोः	श्रीषु
सम्बोधन	हे श्रीः !	हे श्रियौ !!	हे श्रियः !!!

यहाँ श्रीशब्दमा ङे, ङसि, ङस्, आम्, ङिका वैकल्पिक रूपहरू दिइएका छैनन् । यसरी नै ह्रीः (लज्जा), धीः (बुद्धि), सुश्रीः (कुमारी), भीः (डर) आदि शब्दका रूपायनहरू हुन्छन् । अवीः (रजस्वला स्त्री), तन्त्रीः (वीणा), तरीः (नौका), लक्ष्मीःशब्दको प्रथमाको एकवचनमा 'सु'को लोप हुँदैन विसर्ग रहन्छ ।

केहीमात्र भिन्नता भएको स्त्रीशब्द

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
प्रथमा	स्त्री	स्त्रियौ	स्त्रियः
द्वितीया	स्त्रिम्	स्त्रियौ	स्त्रीः
तृतीया	स्त्रिया	स्त्रीभ्याम्	स्त्रीभिः
चतुर्थी	स्त्रियै	स्त्रीभ्याम्	स्त्रीभ्यः
पञ्चमी	स्त्रियाः	स्त्रीभ्याम्	स्त्रीभ्यः
षष्ठी	स्त्रियाः	स्त्रियोः	स्त्रीणाम्
सप्तमी	स्त्रियाम्	स्त्रियोः	स्त्रीषु
सम्बोधन	हे स्त्री !	हे स्त्रियौ !!	हे स्त्रियः !!!

ॐ

उन्नाइसौं दिन
ऊनविंशः दिवसः

शेषाय नमः

संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! पाणिनि एवं पतञ्जलिद्वारा बताइएको संस्कृत व्याकरण भाषाका नियम सिकाउने संसारका व्याकरणहरूमध्ये सबैभन्दा सजिलो व्याकरण हो । यो सारगर्भित छ र सूत्रात्मक पनि। १९ शब्दको अध्ययनबाट नै धाराप्रवाह संस्कृत बोल्न, लेख्न र भाषण गर्नसक्ने हुन सकिन्छ भन्ने कुरा प्रमाणित गर्न प्रयास गरिँदैछ । यो लेखकको स्वतन्त्र भनाइ होइन अपितु पाणिनि र पतञ्जलिको प्रभावकारी उपदेशको दिग्दर्शन हो । अब १९ औं दिनमा पनि पञ्चमी विभक्तिकै विस्तृत अध्ययन गरौं । शब्दका रूपमध्ये पञ्चमी विभक्ति अथवा पाँचौं पङ्क्तिका रूपहरूको अर्थ र प्रयोग सामान्यतः बुझिसकेका छौं । अब म यहाँ तपाईंहरूसँग व्यवहारमा ज्यादै आवश्यक मानिने तत्शब्दका पुंलिङ्ग, स्त्रीलिङ्ग र नपुंसकलिङ्गका रूपहरू र तिनका प्रयोगको विषयमा चर्चा गर्दैछु । यसका साथै म तपाईंहरूलाई तत्शब्दजस्तै रूपायन भएको र उत्तिकै आवश्यक मानिएको यत्शब्दका रूपहरूको पनि प्रयोगविधिको चर्चा गर्नेछु । यद्यपि यी दुवै शब्दलाई सर्वशब्दकै हाराहारीमा बताएर तपाईंहरूलाई सिकाउन सकिन्थ्यो। तर एकैचोटि सबै कुरा दिंदा ग्रहण गर्न गाह्रो हुने र सर्वशब्दभन्दा तत् र यत्को प्रकृति पनि केही भिन्न भएकाले राम्ररी बुझाउने हेतुले अलग्गै यहाँ दिइएको छ । तत् र यत्लाई एघारौं शब्द मानेर व्यवहार गरिएको छ ।

* हुनत सबै भन्ने अर्थ बुझाउने सर्वशब्दको रूपायन पहिले नै प्रस्तुत गरिएको छ । यहाँ जुन, जो अर्थ बुझाउने यत्शब्द र त्यो, ऊ अर्थ बुझाउने तत्शब्दका रूपहरूलाई राम्ररी बुझाउन तपाईंहरूको पूर्वस्मृतिबाट समेत काम लिने उद्देश्यले यहाँ सर्व र सर्वशब्दलाई दोहोऱ्याइएको छ । यिनै दोहोरिएका रूपहरूलाई आधार मानेर तपाईंहरूलाई जुन भन्ने अर्थ बुझाउने यत्शब्द र तत्शब्दका तीनै लिङ्गका रूपहरू बुझाउने प्रयास गरिनेछ ।

पुंलिङ्गी सर्वशब्दको रूपायन

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
प्रथमा	सर्वः	सर्वौ	सर्वे
द्वितीया	सर्वम्	सर्वौ	सर्वान्
तृतीया	सर्वेण	सर्वाभ्याम्	सर्वैः
चतुर्थी	सर्वस्मै	सर्वाभ्याम्	सर्वेभ्यः

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
पञ्चमी	सर्वस्मात्	सर्वाभ्याम्	सर्वेभ्यः
षष्ठी	सर्वस्य	सर्वयोः	सर्वेषाम्
सप्तमी	सर्वस्मिन्	सर्वयोः	सर्वेषु
सम्बोधन	हे सर्वः !	हे सर्वौ !!	हे सर्वाः !!!

* तत्शब्दको स्वरूप हेर्दा तपाईंहरूलाई शङ्का लाग्न सक्छ । शब्द तत् भन्ने सः, तौ, ते रूप गराउने, अर्को कुरा सः, सौ, से अथवा तः, तौ, ते नभनेर सः, तौ, ते गराउने यो कस्तो शैली हो ? र तत्शब्द भन्ने खुट्टो काटिएका तकारको उल्लेखै नगर्ने यो पनि शङ्काको विषय हो । तपाईंहरू यस्तो भन्न सक्नुहुन्छ । पाणिनिले बताउनुभएका व्याकरणका विशेष नियमहरूको उल्लेख गर्दा तपाईंहरूलाई बोझिलो हुने हुँदा यसबारेमा म तपाईंहरूलाई छोटकरीमा बताउँछु।

शब्द तत् भए पनि पुंलिङ्गको प्रथमा विभक्तिको एकवचनमा 'त'को सट्टा 'स' गराउने र स्त्रीलिङ्गमा 'ता' को सट्टा 'सा' गराउने विधान छ । खुट्टो काटिएका तकार उच्चारणका लागि मात्र हो । पुंलिङ्ग र स्त्रीलिङ्गमा त्यसको उपयोगिता हुँदैन तर नपुंसकलिङ्गमा भने त्यो जस्ताको त्यस्तै रहन्छ । यसैगरी यत्शब्दका खुट्टो काटिएका तकारको विषयमा पनि बुझ्नु होला। यसै कुरालाई ध्यानमा राखेर तपाईंहरूले तत्शब्दका तीनै लिङ्गका रूपहरूलाई प्रयोगमा ल्याउनु होला ।

नियम - '२३' शब्दरूपायनसम्बन्धी, सर्वनामवाचक पुलिङ्गी तत्शब्द

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
प्रथमा	सः	तौ	ते
द्वितीया	तम्	तौ	तान्
तृतीया	तेन	ताभ्याम्	तैः
चतुर्थी	तस्मै	ताभ्याम्	तेभ्यः

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
पञ्चमी	तस्मात्	ताभ्याम्	तेभ्यः
षष्ठी	तस्य	तयोः	तेषाम्
सप्तमी	तस्मिन्	तयोः	तेषु

पुंलिङ्गी यत्शब्दको रूपायन

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
प्रथमा	यः	यौ	ये
द्वितीया	यम्	यौ	यान्
तृतीया	येन	याभ्याम्	यैः
चतुर्थी	यस्मै	याभ्याम्	येभ्यः

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
पञ्चमी	यस्मात्	याभ्याम्	येभ्यः
षष्ठी	यस्य	ययोः	येषाम्
सप्तमी	यस्मिन्	ययोः	येषु

पुंलिङ्गी सर्वशब्द र तत् - यत्शब्दका रूपायनको संरचनागत भिन्नता

* सर्वशब्दको र तत्शब्दको रूपायनमा प्रथमाको एकवचनमा मात्र भिन्नता रहेको छ । सर्वशब्द र यत्शब्दको रूपायनमा भने पूर्ण समानता छ ।

विभक्ति	भिन्नतास्थल	सर्वशब्द	तत्शब्द
प्रथमा	एकवचन	सर्वः	सः

सर्वाशब्द स्त्रीलिङ्ग

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
प्रथमा	सर्वा	सर्वे	सर्वाः
द्वितीया	सर्वाम्	सर्वे	सर्वाः
तृतीया	सर्वया	सर्वाभ्याम्	सर्वाभिः
चतुर्थी	सर्वस्यै	सर्वाभ्याम्	सर्वाभ्यः

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
पञ्चमी	सर्वस्याः	सर्वाभ्याम्	सर्वाभ्यः
षष्ठी	सर्वस्याः	सर्वयोः	सर्वासाम्
सप्तमी	सर्वस्याम्	सर्वयोः	सर्वासु
सम्बोधन	हे सर्वे !	हे सर्वे	हे सर्वाः

स्त्रीलिङ्गी तत्शब्द

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
प्रथमा	सा	ते	ताः
द्वितीया	ताम्	ते	ता
तृतीया	तया	ताभ्याम्	ताभिः
चतुर्थी	तस्यै	ताभ्याम्	ताभ्यः

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
पञ्चमी	तस्याः	ताभ्याम्	ताभ्यः
षष्ठी	तस्याः	तयोः	तासाम्
सप्तमी	तस्याम्	तयोः	तासु

स्त्रीलिङ्गी यत्शब्द

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
प्रथमा	या	ये	याः
द्वितीया	याम्	ये	या
तृतीया	यया	याभ्याम्	याभिः
चतुर्थी	यस्यै	याभ्याम्	याभ्यः

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
पञ्चमी	यस्याः	याभ्याम्	याभ्यः
षष्ठी	यस्याः	ययोः	यासाम्
सप्तमी	यस्याम्	ययोः	यासु

स्त्रीलिङ्गी सर्वशब्द र तत् - यत्शब्दका रूपायनको संरचनागत भिन्नता

* सर्वशब्दको र तत्शब्दको रूपायनमा प्रथमाको एकवचनमा मात्र भिन्नता रहेको छ । सर्वशब्द र यत्शब्दको रूपायनमा भने पूर्ण समानता छ ।

विभक्ति	भिन्नतास्थल	सर्वशब्द	तत्शब्द
प्रथमा	एकवचन	सर्वा	सा

नपुंसकलिङ्गी सर्वशब्द

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
प्रथमा	सर्वम्	सर्वे	सर्वाणि
द्वितीया	सर्वम्	सर्वे	सर्वाणि
तृतीया	सर्वेण	सर्वाभ्याम्	सर्वैः
चतुर्थी	सर्वस्मै	सर्वाभ्याम्	सर्वेभ्यः

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
पञ्चमी	सर्वस्मात्	सर्वाभ्याम्	सर्वेभ्यः
षष्ठी	सर्वस्य	सर्वयोः	सर्वेषाम्
सप्तमी	सर्वस्मिन्	सर्वयोः	सर्वेषु
सम्बोधन	हे सर्व !	हे सर्वौ!!	हे सर्वाः !!!

नपुंसकलिङ्गी तत्शब्द

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
प्रथमा	तत्	ते	तानि
द्वितीया	तत्	ते	तानि
तृतीया	तेन	ताभ्याम्	तैः
चतुर्थी	तस्मै	ताभ्याम्	तेभ्यः

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
पञ्चमी	तस्मात्	ताभ्याम्	तेभ्यः
षष्ठी	तस्य	तयोः	तेषाम्
सप्तमी	तस्मिन्	तयोः	तेषु

नपुंसकलिङ्गी यत्शब्द

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
प्रथमा	यत्	ये	यानि
द्वितीया	यत्	ये	यानि
तृतीया	येन	याभ्याम्	यैः
चतुर्थी	यस्मै	याभ्याम्	येभ्यः

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
पञ्चमी	यस्मात्	याभ्याम्	येभ्यः
षष्ठी	यस्य	ययोः	येषाम्
सप्तमी	यस्मिन्	ययोः	येषु

नपुंसकलिङ्गी तत्शब्द र यत्शब्दका रूपायनको संरचनागत भिन्नता

* सर्वशब्द र तत् एवं यत्शब्दको रूपायनमा प्रथमाविभक्तिको एकवचन र द्वितीयाविभक्तिको एकवचनमा मात्र भिन्नता रहेको छ ।

विभक्ति	भिन्नतास्थल	सर्वशब्द	तत्शब्द	यत्शब्द
प्रथमा	एकवचन	सर्वम्	तत्	यत्
द्वितीया	एकवचन	सर्वम्	तत्	यत्

* सर्व, तत् एवं यत्शब्दका तीनै लिङ्गका रूपहरूको वाक्यमा प्रयोग गरेपछि तपाईंहरूले तिनको मौलिकता बुझ्नुहुनेछ । यसैक्रममा पुरुषलाई – 'त्यो जान्छ' भन्नुपर्दा 'सः गच्छति' हुन्छ । नारीलाई 'त्यो जान्छे' भन्नु पर्दा 'सा गच्छति' हुन्छ । नपुंसकलिङ्गी कुनै वस्तुलाई 'त्यो खस्छ' भन्नुपर्दा 'तत् पतति' हुन्छ । यसरी एउटै तत्शब्दका विभिन्न लिङ्गका फरक फरक रूपहरूबाट बनेका वाक्यहरूको मनन गरेर तपाईंहरूले वाक्यनिर्माण गर्नुपर्छ, बोलचाल गर्नुपर्छ र लेख्नुपर्छ । यसैगरी पुंलिङ्गमा 'जुन' भन्नुपर्दा 'यः' हुन्छ, स्त्रीलिङ्गमा 'या' हुन्छ र नपुंसकलिङ्गमा 'यत्' हुन्छ । पुंलिङ्गमा 'कुन' भन्नुपर्दा 'कः' हुन्छ, स्त्रीलिङ्गमा 'का' हुन्छ र नपुंसकलिङ्गमा 'किम्' हुन्छ । 'किम्' को रूपायन पछि बताइने छ । यसै आधारमा तपाईंहरूले वाक्यनिर्माण गर्ने अभ्यास गर्नुहोस् ।

सबै लिङ्गका तत् र यत्शब्दका रूपहरूको वाक्यात्मक प्रयोगका उदाहरण

पुंलिङ्ग प्रयोग	स्त्रीलिङ्ग प्रयोग	नपुंसकलिङ्ग प्रयोग
१. सः गच्छति ।	१. सा गच्छति ।	१. तत् गच्छति ।
२. यः गच्छति ।	२. या गच्छति ।	२. यत् गच्छति ।
३. सः बालकः मुखं प्रक्षालयति ।	३. सा बालिका कन्दुकं क्रीडति ।	३. तत् नगरम् सुन्दरम् भवति ।

यत् र तत्शब्दको वाक्यात्मक प्रयोग

प्रथमा- यः पठति (जसले पढ्छ), सः उत्तीर्णः भवति (त्यो उत्तीर्ण हुन्छ) । यहाँ यत् र तत् दुवैशब्द कर्ताका रूपमा आएका छन् । त्यसकारण प्रथमा विभक्तिको प्रयोग गरिएको हो ।

द्वितीया- त्वं यं वाञ्छसि, तं पश्य (तिमीले जसलाई चाहन्छौ, त्यसलाई हेर) । यहाँ पुंलिङ्गी यत्शब्दको द्वितीयाको एकवचन यम् र पुंलिङ्गी तत्शब्दको द्वितीयाको एकवचन तम्को प्रयोग भएको छ । द्वितीयाको विभक्तिको प्रयोग भएका कारण जसलाई र त्यसलाई भन्ने अर्थ गरिएको छ ।

तृतीया- त्वं येन सह विद्यालयं गच्छसि, तेन सह आगच्छ (तिमी जोसँग विद्यालय जान्छौ, त्यसका साथ घर आऊ)। 'सह'का योगमा तृतीया विभक्ति हुने भएकाले यत्शब्दमा येन र तत्शब्दमा तेन भएको छ ।

चतुर्थी - त्वं यस्मै पुस्तकं ददासि, तस्मै धनमपि प्रयच्छ (तिमीले जसलाई पुस्तक दिन्छौ, त्यसलाई पैसा पनि देऊ) । जसलाई वस्तु प्रदान गरिन्छ, त्यसलाई सम्प्रदान भनिन्छ । सम्प्रदानमा चतुर्थी विभक्ति हुने कुरा तपाईंहरूले पढिसक्नुभएको छ । जसलाई पुस्तक दिइन्छ भन्नुपर्दा यत्शब्दमा चतुर्थी विभक्तिको प्रयोग भएको छ । त्यसलाई धन पनि देऊ भन्नुपर्दा तत्शब्दमा चतुर्थी विभक्ति भएको छ ।

पञ्चमी - यस्मात् पुष्पं पतति, तस्मात् पत्रमपि पतति (जसबाट फूल खस्छ, त्यसबाट पात पनि खस्छ)। यहाँ जसबाट वस्तु अलग्गिन्छ, त्यसमा पञ्चमी हुने भएकाले यहाँ यत् र तत्शब्दमा पञ्चमी विभक्तिको प्रयोग भएको छ ।

षष्ठी - त्वं यस्य पुस्तकं पठसि, तस्य गृहं गच्छ (तिमीले जसको पुस्तक पढ्दछौ, त्यसको घर जाऊ) । यहाँ सम्बन्धमा षष्ठी विभक्ति हुने विधिअनुसार पुस्तकको स्वामित्व रहने व्यक्तिलाई संकेत गर्न यत् र तत्शब्दमा षष्ठी विभक्ति प्रयोग भएको छ ।

सप्तमी - रामः यस्मिन् गृहे तिष्ठति, तस्मिन् गृहे कृष्णः अपि तिष्ठति (राम जुन घरमा बस्दछ त्यहाँ कृष्ण पनि बस्दछ ।) आधारमा सप्तमी हुने विधान भएकाले यहाँ यत्शब्द, तत्शब्द र गृहशब्दमा सप्तमीको प्रयोग भएको छ ।

अभ्यास

क) नेपालीमा अनुवाद गर्नुहोस्

१. रामः गमिष्यति ।
२. सः हरिद्वारम् अगच्छत् ।
३. सा पुस्तकम् पठति ।
४. सः विद्यालयम् गच्छतु ।
५. यः रामायणं पठति ।
६. सः धार्मिकः अस्ति ।
७. या गीतम् गायति ।
८. सा सरला अस्ति ।
९. यम् बालकम् त्वम् विद्यापीठे अपश्य ।
१०. सः अनुजः अस्ति ।

ख) संस्कृतमा अनुवाद गर्नुहोस्

१. तिनी कहाँ गइन् ।
२. त्यो घर गयो ।
३. तिनीले गीत गाइन् ।
४. तिनी केटीहरू घर गए ।
५. सबै किताबहरू राम्रा छन् ।
६. त्यो दिनेशको घर हो ।
७. जुन किताब राम्रो छ ।
८. त्यो किताब पढ ।
९. उसको स्वर राम्रो छ ।
१०. विमलाको नाच राम्रो छ ।

* संस्कृतजिज्ञासु मित्रहरू तथा विद्यार्थी भाइबहिनीहरू ! तपाईंहरूले पढेका विषयवस्तुहरू राम्रोसँग बुझ्नुभयो अथवा बुझ्नुभएन भन्ने कुरा परीक्षण गर्न अगाडि संपरीक्षण तालिका प्रस्तुत गरिएको छ । उक्त तालिकाका आधारमा तल दिइएका निर्देशनअनुसार सबै वाक्य बनाउने प्रयास गर्नुहोस् । निर्देशनअनुसार सबै वाक्यहरू शुद्ध बनाउन सक्नुभयो भने आफूले राम्रोसँग बुझेर पढेको संझी ढुक्क हुनुहोस् । कहीँ कतै धोरै पनि आफूमा कमी-कमजोरी पाउनुभयो भने पुनः विषयवस्तुको बोध गरी गल्ती सच्याई अगाडि बढ्ने प्रण गर्नुहोस् ।

संपरीक्षण तालिका - २०

		समूह 'क'			समूह 'ख'				समूह 'ग'
प्रथमपुरुष	अपि	सः यः सा या तत् यत्	तौ यौ ते ये ते ये	ते ये ताः याः तानि यानि	बालकः छात्रा पुस्तकम्	बालकौ छात्रे पुस्तके	बालकाः छात्राः पुस्तकानि	न	अस्ति स्तः सन्ति
मध्यमपु.		त्वम्	युवाम्	यूयम्	लेखकः लेखिका	लेखकौ लेखिके	लेखकाः लेखिकाः		असि स्थः स्थ
उत्तमपु.		अहम्	आवाम्	वयम्	शिक्षकः शिक्षिका	शिक्षकौ शिक्षिके	शिक्षकाः शिक्षिकाः		अस्मि अस्वः अस्मः

१. माथिको तालिकामा 'अपि'शब्द प्रश्नवाचक वाक्य बनाउनका लागि हो भने 'न' अव्यय नकारात्मक वाक्य बनाउनका लागि हो भन्ने कुरा पहिलेका तालिकाहरूबाट तपाईंहरू प्रष्ट भइसक्नुभएको छ । यहाँ उक्त शब्दहरू तपाईंहरूलाई नकारात्मक वाक्य र प्रश्नवाचक वाक्य बनाउनका लागि सजिलो होस् भन्ने हेतुले राखिएका हुन् ।

२. प्रथमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाई समूह 'ख'बाट उपयुक्त शब्द चयन गरी अनेकौं वाक्य बनाउनुहोस्।

३. मध्यमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाई समूह 'ख'बाट उपयुक्त शब्द चयन गरी अनेकौं वाक्य बनाउनुहोस्।

४. उत्तमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाई समूह 'ख' उपयुक्त शब्द चयन गरी अनेकौं वाक्य बनाउनुहोस् ।

५. तालिकाको प्रयोग गरेर पाँच प्रश्नवाचक र पाँच नकारात्मक वाक्य बनाएर आफ्नो अभ्यास बढाउनुहोस् ।

बीसौं दिन
विंशः दिवसः

शेषाय नमः

संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! अब हामी २० औं दिनमा आइसकेका छौं । हामीले ११ प्रकारका शब्द पढ्यौं । तिनका प्रथमादेखि पञ्चमीसम्मका पाँच विभक्तिहरूको प्रयोग गर्ने तरिका पनि बुझ्यौं । अब छैठौं षष्ठी विभक्तिका रूपहरूको प्रयोग कस्तो अवस्थामा हुन्छ र कुन अर्थमा हुन्छ त्यो पनि बुझौं । तपाईंहरूले प्रथमादेखि सम्बोधनसम्मका कुनै पनि शब्दका २४ रूपहरूमध्ये १५ वटा रूपहरूको स्वरूप र प्रयोग जान्नुभयो। अब ९ वटा रूपहरूको स्वरूप र प्रयोग विधि जान्न बाँकी छ । अब हामी सम्बन्ध अर्थ बुझाउँदा षष्ठी विभक्ति अर्थात् छैठौं पङ्क्तिका रूपहरूको अर्थ र प्रयोगविधिको अभ्यास गर्न गइरहेका छौं । आउनुहोस्, अगाडि बढौं ।

* आजसम्म पढेका ११ प्रकारका शब्दहरूका षष्ठी विभक्तिका रूपहरू निम्नअनुसार रहेका छन् –

षष्ठी विभक्तिको रूपायन

लिङ्ग	एकवचन	द्विवचन	बहुवचन	
अकारान्त पुंलिङ्ग	रामस्य	रामयोः	रामाणाम्	(राम जस्तै श्याम आदिको पनि छैठौं लाइन बुझौं
अकारान्त पुंलिङ्ग	सर्वस्य	सर्वयोः	सर्वेषाम्	(सर्व जस्तै क आदिको पनि छैठौं लाइन बुझौं
आकारान्त स्त्रीलिङ्ग	रमायाः	रमयोः	रमाणाम्	(रमा जस्तै कृष्णा आदिको पनि छैठौं लाइन बुझौं
आकारान्त स्त्रीलिङ्ग	सर्वस्याः	सर्वयोः	सर्वासाम्	(सर्वा जस्तै का आदिको पनि छैठौं लाइन बुझौं
इकारान्त पुंलिङ्ग	हरेः	हर्योः	हरीणाम्	(हरिजस्तै कपि आदिको पनि छैठौं लाइन बुझौं
ईकारान्त स्त्रीलिङ्ग	भगवत्याः	भगवत्योः	भगवतीनाम्	(भगवतीजस्तै पार्वती आदिको पनि छैठौं लाइन बुझौं
ह्रस्व उकारान्त पुंलिङ्ग	भानोः	भान्वोः	भानूनाम्	(भानुजस्तै शम्भु आदिको पनि छैठौं लाइन बुझौं
दीर्घ ऊकारान्त स्त्रीलिङ्ग	वध्वाः	वध्वोः	वधूनाम्	(वधूजस्तै चमू आदिको पनि छैठौं लाइन बुझौं
ऋकारान्त स्त्रीलिङ्ग	मातुः	मात्रोः	मातॄणाम्	(मातृजस्तै दुहितृ आदिको पनि छैठौं लाइन बुझौं
ऋकारान्त पुंलिङ्ग	पितुः	पित्रोः	पितॄणाम्	(पिताजस्तै जामाता आदिको पनि छैठौं लाइन बुझौं
ऋकारान्त पुंलिङ्ग	कर्तुः	कर्त्रोः	कर्तॄणाम्	(कर्ता जस्तै भर्ता आदिको पनि छैठौं लाइन बुझौं
तत् पुलिङ्ग-नपुंसक	तस्य	तयोः	तेषाम्	(तत्को छैठौं लाइन बुझौं ।)
यत् पुलिङ्ग-नपुंसकलिङ्ग	यस्य	ययोः	येषाम्	(यत्को छैठौं लाइन बुझौं ।)
तत् स्त्रीलिङ्ग	तस्याः	तयोः	तासाम्	(तत्को छैठौं लाइन बुझौं ।)
यत् स्त्रीलिङ्ग	यस्याः	ययोः	यासाम्	(यत्को छैठौं लाइन बुझौं ।)

नियम - '२४' वाक्यरचनासम्बन्धी, सम्बन्धकारक (सम्बन्धमा षष्ठी विभक्ति हुन्छ ।)

षष्ठी विभक्तिको प्रयोग

* अब षष्ठी विभक्तिको प्रयोग कसरी गर्ने ? कुन अर्थमा गर्ने ? कुन ठाउँमा गर्ने ? भन्नेबारे आजको पाठमा पढ्नेछौं आउनुहोस्, अंग्रेजीमा **s, of** आदि लगाएर गरिने कुरा संस्कृतमा षष्ठी विभक्तिबाट गरौं ।

- षष्ठी विभक्ति अर्थात् कुनै पनि शब्दको छैठौं पङ्क्तिको प्रयोग तल लेखिएका विभिन्न अर्थहरूमा गरिन्छ । तपाईंहरूले पढेकै कुराको प्रयोगविधि जान्ने हो, नयाँ कुरा केही होइन । तपाईंहरूले रामशब्दका रूप कण्ठ गर्नुभयो । अब कुन अर्थमा रामशब्दका षष्ठी विभक्तिका रूपहरूको प्रयोग हुन्छ त्यो जानेपछि मात्र रूप कण्ठ गरेको परिश्रम सफल हुन्छ । तपाईंहरू प्रयोगमा नजाने हो भने रामशब्दको रामस्य, रमाको रमायाः, सर्वशब्दको सर्वस्याः आदि रूपहरू पढ्नुको औचित्य नै के रह्यो र ? अब तपाईंहरूलाई कुन-कुन अर्थमा षष्ठी विभक्तिको प्रयोग हुन्छ, त्यस विषयमा उदाहरणसहित बुझाउन प्रयास गरिन्छ ।
- **सम्बन्धमा षष्ठी** - सम्बन्धमा षष्ठी विभक्ति हुन्छ । त्यो सम्बन्ध अनेक किसिमको हुनसक्छ । सामान्यतः के, का, की अर्थ बुझाउन पर्‍यो भने षष्ठीको प्रयोग गरिन्छ । जस्तै -

रामको किताब -	रामस्य पुस्तकम् ।
छात्रहरूका गुरु -	छात्राणां गुरुः ।
नर्मदाकी आमा -	नर्मदायाः माता ।
नेपालका पशुपति -	नेपालस्य पशुपतिः ।
सगरमाथाको चुचुरो -	सगरमाथायाः शृङ्गम् ।
मुक्तिनाथको मन्दिर -	मुक्तिनाथस्य मन्दिरम् ।
स्वर्गद्वारीको यज्ञ -	स्वर्गद्वार्याः यज्ञः ।
नेपालगञ्जकी वागीश्वरी -	नेपालगञ्जस्य वागीश्वरी ।

ङ) वाक्यको संरचना

कर्ता	सम्बन्ध	पूरक	क्रिया
रामः	मुकुन्दस्य	पुत्रः	अस्ति ।

- सम्बन्धमा षष्ठी हुन्छ भन्ने कुरा तपाईंहरूले बुझिसक्नुभएको छ । तीं सम्बन्ध पनि अनेकथरिका हुन्छन् । तिनलाई क्रमशः वाक्यहरूको माध्यमबाट सिकाउँदै जानेछौं -

१) **कार्यकारणभाव सम्बन्ध**

जुन व्यक्ति वा वस्तुबाट कुनै वस्तु वा व्यक्ति पैदा हुन्छ, त्यसलाई कारण भनिन्छ । जुन व्यक्ति वा वस्तु पैदा हुन्छ, त्यसलाई कार्य भनिन्छ । कार्य र कारणको सम्बन्ध हुँदा षष्ठी विभक्तिको प्रयोग हुन्छ । कार्य र कारणको सम्बन्ध बुझाउने अर्थमा कार्यकारणभाव सम्बन्ध हुन्छ । जस्तै - वासुदेवस्य पुत्रः (यहाँ वासुदेवबाट पैदा भएका वासुदेवमा षष्ठी विभक्ति भएको छ । त्यस्तै अरू वाक्यमा संझनु होला ।) कुन्त्याः पुत्रः - कुन्तीका छोरा, दशरथस्य पुत्रः - दशरथका छोरा ।

२) **अवयवावयविभाव सम्बन्ध**

जसका अङ्गहरू हुन्छन्, त्यसलाई अङ्गी भनिन्छ । अङ्ग र अङ्गीको सम्बन्धलाई अङ्गाङ्गिभाव सम्बन्ध अथवा अवयवावयविभाव सम्बन्ध भनिन्छ । उदाहरणका लागि रूख अङ्गी हो भने त्यसका पात आदि अङ्ग हुन्। यसैगरी अन्यत्र पनि बुझ्नु पर्दछ । जस्तै वृक्षस्य पत्राणि (रूखका पातहरू) भन्दा रूख अङ्गीमा षष्ठी विभक्ति भएको छ । जस्तै -

शरीरस्य अङ्गानि - शरीरका अङ्ग । नद्याः सलिलम् - नदीको पानी ।
गङ्गायाः जलम् - गङ्गाको जल ।

३) **धर्मधर्मिभाव सम्बन्ध**

जसमा कुनै धर्म रहेको हुन्छ त्यसलाई धर्मी भन्दछन् । यहाँ धर्म भन्नाले पुण्यकर्ममात्र बुझिंदैन स्वभाव आदि विषय पनि धर्मभित्र पर्दछन् । धर्मीमा रहने तत्त्वलाई धर्म भनिन्छ । धर्म र धर्मीको सम्बन्ध हुँदा धर्माधर्मिभाव सम्बन्ध बन्दछ । त्यस सम्बन्धमा पनि षष्ठी विभक्तिको प्रयोग हुन्छ । जस्तै – 'वस्त्रस्य रूपम्' यस उदाहरणमा रूपलाई धर्म मानिएको छ । रूपलाई धारण गर्ने वस्त्रलाई धर्मी मानिएको छ । वस्त्र धर्मी भएकाले यहाँ षष्ठी विभक्तिको प्रयोग भएको छ । अन्य उदाहरण –

पण्डितस्य विद्या – पण्डितको विद्या । फलस्य रसः – फलको रस ।

आचार्यस्य पाण्डित्यम् – आचार्यको विद्वत्ता ।

* उक्त उदाहरणहरूमा विद्या, रस र विद्वत्ता यी सबै धर्मका रूपमा आएका छन् भने तिनलाई धारण गर्ने पण्डित, फल र आचार्य धर्मी मानिएका छन् ।

४) **स्वस्वामिभाव सम्बन्ध**

स्वामी र सेवक आदिको सम्बन्धलाई स्वस्वामिभाव सम्बन्ध भनिन्छ । जस्तै – राज्ञः पुरुषः (राजाको पुरुष) भन्ने यस उदाहरणमा राजा स्वामी हो भने पुरुष त्यसको सेवक हो । यस्तो बुझाउनेलाई स्वस्वामिभाव भनिन्छ । स्वामित्व जनाउने शब्दमा षष्ठी विभक्ति भएको छ । जस्तै –

धनिकस्य वस्त्रम् – साहुको कपडा । रामस्य अश्वः – रामको घोडा । कृष्णस्य सेवकः – कृष्णको सेवक।

* उक्त उदाहरणहरूमा वस्त्र, घोडा र सेवक यिनीहरू स्व हुन् भने तिनका स्वामी धनिक, राम र कृष्ण स्वामी हुन् । दुवैथरिको सम्बन्ध भएकाले स्वस्वामिभाव सम्बन्ध भनिएको हो । यसैले धनिक, राम र कृष्णशब्दमा षष्ठी विभक्तिको प्रयोग भएको छ ।

५) **प्रकृतिविकृतिभाव सम्बन्ध**

प्रकृति भनेको अविकारी तत्त्व हो । अविकारी तत्त्वलाई विकारी बनाई वस्तुहरू तयार गर्दा प्रकृतिको विकृति हुन्छ। यस्तै प्रकृति र विकृतिको सम्बन्ध हुँदा प्रकृतिविकृतिभाव सम्बन्ध बन्न जान्छ । जस्तै – सुवर्णस्य कुण्डलम् – सुनको कुण्डल । यहाँ सुन अविकारी तत्त्व हो भने त्यसबाट बनाइने कुण्डल विकारी तत्त्व हो । दुवैको सम्बन्ध भएका कारण उक्त उदाहरणमा प्रकृतिविकृतिभाव सम्बन्ध र त्यसै आधारमा षष्ठी विभक्तिको प्रयोग भएको छ । जस्तै–

६) **आधाराधेयभाव सम्बनध**

कुनै वस्तुलाई जहाँ राखिन्छ त्यसलाई आधार भनिन्छ । जुन वस्तुलाई राखिन्छ त्यसलाई आधेय भनिन्छ। राखिने आधार र रहने आधेयको सम्बन्धमा आधाराधेयभाव सम्बन्ध हुन्छ । जस्तै – सरोवरस्य जलम् – तलाउको पानी । यस वाक्यमा पानी रहने तलाउ आधार हो भने पानी आधेय हो । यस्ता दुवैको सम्बन्धलाई आधाराधेयभाव सम्बन्ध भनिन्छ र त्यसमा षष्ठी विभक्तिको प्रयोग हुन्छ । जस्तै –

जलस्य पात्रम् – पानीको भाँडो । तैलस्य भाण्डम् – तेलको भाँडो । पशुपतेः मन्दिरम् – पशुपतिको मन्दिर।

फेवायाः नौका – फेवाको डुंगा । नौकायाः जनाः – डुंगाका मानिस।

७) **हेतु आदि सम्बनध**

हेतु आदि शब्दको प्रयोगमा पनि षष्ठी विभक्ति हुन्छ । जस्तै – अन्नस्य हेतोः वसति (अन्नका लागि बस्दछ) यहाँ हेतुशब्दको प्रयोग भएका कारण अन्नमा षष्ठी विभक्ति भएको छ ।

अभ्यास

क) **नेपालीमा अनुवाद गर्नुहोस्**

१. दिनेशस्य जनकः अगच्छत् । यो तपाईंले पढिसक्नुभएको थियो ।
२. निर्मलायाः भगिनी क्रन्दति ।
३. भगवत्याः जननी आगच्छत् ।
४. वध्वाः पतिः गमिष्यति ।
५. हरेः अनुजः कौमुदीं पठति ।
६. भानोः प्रकाशः पृथ्वीम् आगच्छति ।
७. मातुः दुग्धं पिबति ।

ख) **संस्कृतमा अनुवाद गर्नुहोस्**

१. जनकपुरका माछा राम्रा हुन्छन् ।
२. रामले बाण हानेर मृग मार्दछ ।
३. म घरबाट विद्यालय जान्छु ।
४. निर्मलाकी बहिनी बिरामी छिन् ।
५. जुन पार्वतीका छोरा गणेश हुन् तिनैका पतिको नाम शिव हो ।
६. सबै मानिसका मनका कुरा एकैथरिका हुँदैनन् ।
७. जुन फल मीठो हुन्छ त्यो दुर्लभ हुन्छ ।
८. म दुर्गालाई नमस्कार गर्दछु ।
९. रामका पिताको नाम दशरथ हो ।
१०. छात्रहरूको राममा भक्ति छ ।

× संस्कृतजिज्ञासु मित्रहरू तथा विद्यार्थी भाइबहिनीहरू ! तपाईंहरूले पढेका विषयवस्तुहरू राम्रोसँग बुझ्नुभयो अथवा बुझ्नुभएन भन्ने कुरा परीक्षण गर्न अगाडि संपरीक्षण तालिका प्रस्तुत गरिएको छ । उक्त तालिकाका आधारमा तल दिइएका निर्देशनअनुसार सबै वाक्य बनाउने प्रयास गर्नुहोस् । निर्देशनअनुसार सबै वाक्यहरू शुद्ध बनाउन सक्नुभयो भने आफूले राम्रोसँग बुझेर पढेको संज्ञी ढुक्क हुनुहोस् । कहीँ कतै थोरै पनि आफूमा कमी-कमजोरी पाउनुभयो भने पुनः विषयवस्तुको बोध गरी गल्ती सच्याई अगाडि बढ्ने प्रण गर्नुहोस् ।

संपरीक्षण तालिका - २१

		समूह 'क'			समूह 'ख'		समूह 'ग'
प्रथमपुरुष	अपि	सः यः सा या तत् रामः शीला	तौ यौ ते ये ते रामौ शीले	ते ये ताः याः तानि रामाः शीलाः	रामस्य अनुजः / अनुजा शैलजायाः पुत्रः / पुत्री तस्य शिक्षकः / शिक्षिका हरेः गृहम् बाटिका	न	अस्ति स्तः सन्ति आसीत् आस्ताम् आसन्
मध्यमपु.		त्वम्	युवाम्	यूयम्	मम सहयोगी तस्य/तस्याः सहयोगिनी		असि स्थः स्थ आसीः आस्तम् आस्त
उत्तमपु.		अहम्	आवाम्	वयम्	तव पिता, भ्राता मम भगिनी		अस्मि अस्वः अस्मः आसम् आस्व आस्म

१. माथिको तालिकामा 'अपि'शब्द प्रश्नवाचक वाक्य बनाउनका लागि हो भने 'न' अव्यय नकारात्मक वाक्य बनाउनका लागि हो भन्ने कुरा पहिलेका तालिकाहरूबाट तपाईंहरू प्रष्ट भइसक्नुभएको छ । यहाँ उक्त शब्दहरू तपाईंहरूलाई नकारात्मक वाक्य र प्रश्नवाचक वाक्य बनाउनका लागि सजिलो होस् भन्ने हेतुले राखिएका हुन् ।

२. प्रथमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाई समूह 'ख'बाट उपयुक्त शब्द चयन गरी अनेकौं वाक्य बनाउनुहोस्।

३. मध्यमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाई समूह 'ख'बाट उपयुक्त शब्द चयन गरी अनेकौं वाक्य बनाउनुहोस्।

४. उत्तमपुरुषबाट कर्ता र क्रियाको सङ्गति मिलाई समूह 'ख' उपयुक्त शब्द चयन गरी अनेकौं वाक्य बनाउनुहोस् ।

५. तालिकाको प्रयोग गरेर पाँच प्रश्नवाचक र पाँच नकारात्मक वाक्य बनाएर आफ्नो अभ्यास बढाउनुहोस् ।

ॐ

एक्काइसौं दिन
एकविंशः दिवसः

शेषाय नमः

हामीहरूले बीसौं दिनको पाठसम्म षष्ठी विभक्तिसम्मका विभिन्न प्रयोगहरूको अध्ययन गऱ्यौं । षष्ठी विभक्तिका बारेमा अझ बुझ्ने प्रयास गर्नेछौं । अब २१औं दिनको पाठमा अनिवार्यरूपमा पढ्नुपर्ने 'यो' भन्ने अर्थ बुझाउने १२ औं 'इदम्' शब्दका तीनै लिङ्गका रूपायन र प्रयोगविधि पनि अध्ययन गर्दै अगाडि बढौं ।

पुनरावृत्ति

* विभिन्न प्रसङ्गमा षष्ठी विभक्तिका वाक्यहरू बनाउने अभ्यास गरिए तापनि तपाईंको स्मृतिपटलमा षष्ठी विभक्तिमा वाक्य प्रयोग गर्ने विधिलाई दरिलो बनाउन तलका अभ्यासहरूका माध्यमबाट प्रयास गरिंदैछ ।

१.	रामस्य पुस्तकम् अस्ति -	रामको पुस्तक छ ।
२.	विमलायाः जनकः काष्ठमण्डपम् अगच्छत् -	विमलाका बुबा काठमाडौं जानुभयो ।
३.	हरेः पुस्तकम् अत्र अस्ति -	हरिको किताब यहाँ छ ?
४.	नर्मदायाः जलम् स्वच्छम् अस्ति -	नर्मदाको पानी स्वच्छ छ ।
५.	दिनेशस्य जनकः अगच्छत् -	दिनेशको बुबा जानुभयो ।
६.	निर्मलायाः भगिनी क्रन्दति -	निर्मलाकी बहिनी रुन्छिन् ।
७.	हरेः अनुजः कौमुदीं पठति -	हरिको भाइले कौमुदी पढ्छ ।
८.	भगवत्याः जननी आगच्छत् -	भगवतीकी आमा आउनुभयो ।
९.	भानोः प्रकाशः पृथ्वीम् आगच्छति -	सूर्यको प्रकाश पृथ्वीमा आउँछ ।
१०.	भ्राता गृहं गमिष्यति -	बुहारीका भाइ घर जानेछन् ।
११.	शिशुः मातुः दुग्धं पिबति -	बच्चाले आमाको दूध पिउँछ ।
१२.	अपि इदम् पुस्तकम् हरेः अस्ति -	के यो हरिको किताब हो ?
१३.	गोपालः हरेः पुत्रः न अस्ति -	गोपाल हरिको छोरो होइन ।

* तपाईंहरूले माथिका वाक्यहरूलाई प्रश्नवाचक वाक्य र निषेधात्मक वाक्य बनाउनुहोस् ।

अभ्यास

१. 'कवि' शब्दको षष्ठी विभक्तिका रूपहरू लेखी कविशब्दमा षष्ठी विभक्तिको प्रयोग गरेर वाक्य निर्माण गर्नुहोस्।
२. दमयन्तीशब्दको षष्ठी विभक्तिका रूपहरू लेखी 'दमयन्तीको श्रीमान्' भन्ने अर्थमा संस्कृतमा वाक्य बनाउनुहोस्।
३. 'भानुका किरण' भन्ने नेपाली वाक्यलाई संस्कृतमा परिणत गर्नुहोस् ।
४. 'बुहारीका केश राम्रा छन्' नेपाली वाक्यलाई संस्कृतमा परिणत गर्नुहोस् ।

संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! षष्ठी विभक्तिको प्रयोग कहाँ, कुन अर्थमा र कसरी गर्ने भन्ने कुराको जानकारी पाइसकेका छौं । अब संस्कृतमा संवाद र प्रश्नोत्तरमा अत्यन्त आवश्यक हुने तीनै लिङ्गमा 'यो' भन्ने अर्थ बुझाउने 'इदम्' शब्दका तीनै लिङ्गका रूपायनको अभ्यास गर्नु आवश्यक भएकाले तल 'इदम्' शब्दका तीनै लिङ्गका रूपायन प्रस्तुत गरिन्छ । इदम्शब्दका रूपहरूको ज्ञान भएमा संस्कृतमा बोल्न, लेख्न सजिलो हुने हुँदा तपाईंहरूले यो शब्दलाई राम्रोसँग बुझ्नुहोस् र संस्कृतभाषाको ज्ञानमा कुशल बन्नुहोस् ।

नियम - '२५' शब्दरूपायनसम्बन्धी, सर्वनामवाचक पुलिङ्गी इदम् (यो, यी) शब्द

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
प्रथमा	अयम्	इमौ	इमे
द्वितीया	इमम्	इमौ	इमान्
तृतीया	अनेन	आभ्याम्	एभिः
चतुर्थी	अस्मै	आभ्याम्	एभ्यः

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
पञ्चमी	अस्मात्	आभ्याम्	एभ्यः
षष्ठी	अस्य	अनयोः	एषाम्
सप्तमी	अस्मिन्	अनयोः	एषु

* 'इदम्'शब्दका पुलिङ्गका रूपहरू माथिको तालिकाबाट तपाईंहरूले बुझ्नुभयो ।
* पुरुषहरूलाई 'यो' भन्नुपर्दा 'अयम्' हुन्छ । जस्तै - यो मानव भन्नुपर्दा - 'अयं मानवः' हुन्छ । यी दुई मानव भन्नुपर्दा ' इमौ मानवौ' हुन्छ । यसैगरी 'यी सबै मानव' भन्नुपर्दा 'इमे मानवाः' हुन्छ । पुंलिङ्गमा आउने सबै शब्दहरूलाई संकेत गर्दा 'इदम्'शब्दका पुंलिङ्गका रूपहरूको प्रयोग गर्नुपर्छ । विशेषणका रूपमा प्रयुक्त हुने हुनाले मूलशब्दको जुन लिङ्ग, जुन विभक्ति र जुन वचन हुन्छ त्यही लिङ्ग, त्यही विभक्ति र त्यही वचन 'इदम्'शब्दको पनि हुन्छ । जस्तै - 'अयम् बालकः' (यो बालक) भन्दा बालकशब्द पुंलिङ्गी र एक वचनको हुनाले इदम्शब्दमा पनि पुंलिङ्ग र एकवचनको रूप अयं शब्द प्रयोग गरिएको छ ।
* विद्यार्थी भाइ हो ! स्त्रीलिङ्गमा प्रयोग गरिने 'इदम्'शब्द अलिकति भिन्दै प्रकृतिको छ, त्यसकारण त्यसको रूपावली यहाँ प्रस्तुत गरिएको छ ।

इदम्शब्द स्त्रीलिङ्ग

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
प्रथमा	इयम्	इमे	इमाः
द्वितीया	इमाम्	इमे	इमाः
तृतीया	अनया	आभ्याम्	आभिः
चतुर्थी	अस्यै	आभ्याम्	आभ्यः

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
पञ्चमी	अस्याः	आभ्याम्	आभ्यः
षष्ठी	अस्याः	अनयोः	आसाम्
सप्तमी	अस्याम्	अनयोः	आसु

* 'इदम्'शब्दका स्त्रीलिङ्गका रूपहरू माथिको तालिकाबाट तपाईंहरूले बुझ्नुभयो ।
* स्त्रीहरूलाई 'यो' भन्नुपर्दा 'इयम्' हुन्छ । जस्तै - यी नारी भन्नुपर्दा - 'इयं नारी' हुन्छ । यी 'दुई नारी' भन्नुपर्दा 'इमे नार्यौ' हुन्छ । यसैगरी 'यी सबै नारी' भन्नुपर्दा 'इमाः नार्यः' हुन्छ । स्त्रीलिङ्गमा आउने सबै शब्दहरूलाई संकेत गर्दा

'इदम्'शब्दका स्त्रीलिङ्गका रूपहरूको प्रयोग गर्नुपर्छ । जस्तै – 'इयम् बालिका' (यी बालिका) भन्दा बालिकाशब्द स्त्रीलिङ्गी र एक वचनको हुनाले इदम्शब्दमा पनि स्त्रीलिङ्ग र एकवचनको प्रयोग गरिएको छ ।

* अब इदम्शब्दको नपुंसकलिङ्गका रूपायनको विचार गरौं

इदम्शब्द नपुंसकलिङ्गमा

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
प्रथमा	इदम्	इमे	इमानि
द्वितीया	इदम्	इमे	इमानि
तृतीया	अनेन	आभ्याम्	एभिः
चतुर्थी	अस्मै	आभ्याम्	एभ्यः

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
पञ्चमी	अस्मात्	आभ्याम्	एभ्यः
षष्ठी	अस्य	अनयोः	एषाम्
सप्तमी	अस्मिन्	अनयोः	एषु

* तपाईहरूले 'इदम्'शब्दका नपुंसकलिङ्गका रूपहरू माथिको तालिकाबाट बुझ्नुभयो ।
* फललाई 'यो' भन्नुपर्दा 'इदम्' हुन्छ । जस्तै - 'यो फल' भन्नुपर्दा - 'इदं फलम्' हुन्छ । यी दुई फल भन्नुपर्दा 'इमे फले' हुन्छ । यसैगरी 'यी सबै फल' भन्नुपर्दा 'इमानि फलानि' हुन्छ । 'यी रम्रा फूल छन्' भन्नुपर्दा 'इमानि मनोहराणि पुष्पाणि सन्ति' हुन्छ । नपुंसकलिङ्गमा आउने सबै शब्दहरूलाई संकेत गर्दा 'इदम्'शब्दका नपुंसकलिङ्गका रूपहरूको प्रयोग गर्नुपर्छ । विशेषणका रूपमा प्रयुक्त हुने हुनाले मूलशब्दको जुन लिङ्ग, जुन विभक्ति र जुन वचन हुन्छ त्यही लिङ्ग, त्यही वचन, त्यही विभक्ति र त्यही 'इदम्'शब्दको पनि हुन्छ । जस्तै – 'इदम् फलम्' (यो फल) भन्दा फलशब्द नपुंसकलिङ्गी र एक वचनको हुनाले इदम्शब्दमा पनि प्रथमा विभक्ति, नपुंसकलिङ्ग र एकवचनको प्रयोग गरिएको छ ।
* 'इदम्'शब्दको पुंलिङ्ग र नपुंसकलिङ्गका तृतीयादेखि सप्तमीसम्मका रूपहरू समान हुन्छन् ।
* भाइबहिनी हो ! बोलचाल गर्न र लेख्नका लागि इदम्शब्दका तीनै लिङ्गका रूपहरू अति आवश्यक छन् । अब आउनुहोस् प्रयोगतिर ध्यान दिऊँ –

प्रथमा विभक्तिको प्रयोग

१. अयम् बालकः क्रीडति । (पुंलिङ्ग) यो बालक खेल्छ ।
२. इयम् बालिका नृत्यति । (स्त्रीलिङ्ग) यी बालिका खेल्छिन् ।
३. इदम् पुस्तकम् अस्ति । (नपुंसकलिङ्ग) यो किताब हो ।

माथिका उदाहरणमा रेखाङ्कित शब्दहरूको रहस्य बुझ्नुभयो ?

द्वितीया विभक्तिको प्रयोग

१. दिनेशः इमां बालिकां पश्यतु – दिनेशले यी बालिकालाई हेरोस् ।
२. उमेशः इदं पुष्पं चिनोतु – उमेशले यो फूल टिपोस् ।
३. सरिता - इमं पुरुषं पश्यति – सरिताले यो केटोलाई हेर्छिन् ।

माथिका उदाहरणमा इदम्शब्दको सबै लिङ्गको द्वितीया विभक्तिको प्रयोग भएको छ ।

तृतीया विभक्तिको प्रयोग

१. गोपालः अनेन बसयानेन विराटनगरम् गमिष्यति - गोपाल यो बसबाट विराटनगर जानेछ ।
२. निर्मला अनया लेखन्या पत्रम् अलिखत् - निर्मलाले यस कलमले पत्र लेखिन् ।
३. त्वम् अनेन दण्डेन गर्दभं ताडयसि - तिमीले यो लठ्ठीले गधा कुट्छौ ।

चतुर्थी विभक्तिको प्रयोग

१. त्वम् अस्मै बालकाय पारितोषिकम् प्रयच्छ - तिमी यो बालकलाई पुरस्कार देऊ ।
२. विमला अस्यै बालिकायै शाटिकां यच्छति - विमला यिनी बालिकालाई साडी दिन्छिन् ।

पञ्चमी विभक्तिको प्रयोग

१. दिनेशः अस्मात् ग्रामात् हरिद्वारम् अगच्छत् - दिनेश यो गाउँबाट हरिद्वार गयो ।
२. विमला अस्याः वाराणस्याः अयोध्याम् अगच्छत् - विमला यस वाराणसीबाट अयोध्या गइन् ।

षष्ठी विभक्तिको प्रयोग

१. अस्य बालकस्य पितुः नाम हरिश्चन्द्रः अस्ति - यो केटाको बाबुको नाम हरिश्चन्द्र हो ।
२. अस्याः बालिकायाः मातुः नाम पार्वती अस्ति - यी बालिकाकी आमाको नाम पार्वती हो ।

सप्तमी विभक्तिको प्रयोग

१. दिनेशः अस्मिन् विद्यालये पठति - दिनेश यो विद्यालयमा पढ्छ ।
२. त्वम् अस्याम् वाटिकायाम् क्रीड - तिमी यो बगैंचामा खेल ।

* संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! तपाईंहरूलाई मैले के के कुरा बताएँ ती राम्रोसँग बुझ्नुहोस् । रामशब्दको मात्रै भए पनि सबै रूपको प्रयोग गर्न जान्नुभयो भने सबै शब्दका सबै रूप प्रयोग गर्न त्यसैले सिकाउँछ । तसर्थ यो पाणिनीय व्याकरण सबै व्याकरणभन्दा सजिलो छ भन्ने कुरा भगवान् पतञ्जलिको भनाइ हो। ईश्वरको लीला बुझिसक्नु छैन, संस्कृतमा लेखिएको अपूर्व ग्रन्थ ब्रह्मसूत्रको व्याख्या गर्न भगवान् शङ्कर आफै शङ्कराचार्य बनेर आउनुभयो । महामुनि पाणिनिको अष्टाध्यायीको व्याख्या गर्न स्वयं शेषनाग पतञ्जलि बनेर आउनुभयो । संस्कृतको महत्त्वलाई महापुरुषहरूमात्र होइन अवतारपुरुषहरूले पनि बुझ्नुभएको हुनाले यो भाषा लौकिक र पारमार्थिक दुवै दृष्टिबाट मानवमात्रका लागि उपयोगी छ । यसको ज्ञानबाट मानिसहरूले उत्तम मानवधर्मको ज्ञान गर्दछन् । त्यसकारण तपाईंहरूले श्रद्धापूर्वक गुरुका समक्ष रही यसको अध्ययन गर्नुभयो भने तपाईं पनि उत्तम मानवका रूपमा संसारमा बाँचेर उत्तम कर्म गरी अजर-अमर हुनुहुनेछ ।

अभ्यास

क) **नेपालीमा अनुवाद गर्नुहोस्**

१. विद्यालयस्य पुस्तकालयः विशालः अस्ति ।
२. विश्वविद्यालयस्य प्राध्यापकाः सुयोग्याः सन्ति ।
३. नेपालसंस्कृतविश्वविद्यालयस्य केन्द्रीयकार्यालयः दाङजनपदे वर्तते ।
४. जनता-विद्यापीठस्य स्थापना २००८ तमे वैक्रमाब्दे अभवत् ।
५. नेपालसंस्कृतविश्वविद्यालयस्य शिक्षाध्यक्ष-कार्यालये दश कर्मकराः सन्ति ।
९. अर्जुनस्य भगिनी सुन्दरं लिखति ।
१०. नर्मदायाः जलम् स्वच्छम् (निर्मलम्) अस्ति ।

६. नेपालस्य सर्वोच्चहिमशिखरं सगरमाथाशिखरनाम्ना संसारे विख्यातम् अस्ति ।
७. हिमालयपर्वत: नेपालस्य रक्षक: वर्तते ।
८. गोसाईंकुण्डम् नेपालस्य रसुवाजनपदे विराजते ।

ख) संस्कृतमा अनुवाद गर्नुहोस्

१. विधाताले पनि पुरुषको भाग्य जान्दैनन् ।
२. वृक्षका फूलहरू राम्रा छन् ।
३. म गुरुलाई प्रणाम गर्दछु ।
४. राममा भक्ति होस् ।
५. पतिव्रता नारीको चरित्र पवित्र हुन्छ ।
६. कृषकहरू गाउँबाट बाहिर जान्छन् ।
७. मुकुन्दको घरमा राम्रो पुस्तकालय छ ।

* संस्कृतजिज्ञासु मित्रहरू तथा विद्यार्थी भाइबहिनीहरू ! तपाईंहरूले पढेका विषयवस्तुहरू राम्रोसँग बुझ्नुभयो अथवा बुझ्नुभएन भन्ने कुरा परीक्षण गर्न अगाडि संपरीक्षण तालिका प्रस्तुत गरिएको छ । उक्त तालिकाका आधारमा तल दिइएका निर्देशनअनुसार सबै वाक्य बनाउने प्रयास गर्नुहोस् । निर्देशनअनुसार सबै वाक्यहरू शुद्ध बनाउन सक्नुभयो भने आफूले राम्रोसँग बुझेर पढेको संझी ढुक्क हुनुहोस् । कहीं कतै थोरै पनि आफूमा कमी-कमजोरी पाउनुभयो भने पुन: विषयवस्तुको बोध गरी गल्ती सच्याई अगाडि बढ्ने प्रण गर्नुहोस् ।

संपरीक्षण तालिका - २२

		समूह 'क'			स. 'ख'				समूह 'ग'		
प्रथमपुरुष	अपि	अयम्	इमौ	इमे	रामस्य	पुत्र:	पुत्रौ	पुत्रा:	न	अस्ति	स्त:	सन्ति
		इयम्	इमे	इमा:	भगवत्या:	पुत्री	पुत्र्यौ	पुत्र्य:		आसीत्	आस्ताम्	आसन्
		इदम्	इमे	इमानि	पितु:	गृहं	गृहे	गृहाणि				
मध्यमपु.		त्वम्	युवाम्	यूयम्	तस्य	शिक्षक:	शिक्षकौ	शिक्षका:		असि	स्थ:	स्थ
					तस्या:	शिक्षिका	शिक्षिके	शिक्षिका:		आसी	आस्तम्	आस्त
उत्तमपु.		अहम्	आवाम्	वयम्	तस्य	आचार्य:	आचार्यौ	आचार्या:		अस्मि	अस्व:	अस्म:
					तस्या:	माता	मातरौ	मातर:		आसम्	आस्व	आस्म

१. माथिको तालिकामा 'अपि'शब्द प्रश्नवाचक वाक्य बनाउनका लागि हो भने 'न' अव्यय नकारात्मक वाक्य बनाउनका लागि हो भन्ने कुरा पहिलेका तालिकाहरूबाट तपाईंहरू प्रष्ट भइसक्नुभएको छ । यहाँ उक्त शब्दहरू तपाईंहरूलाई नकारात्मक वाक्य र प्रश्नवाचक वाक्य बनाउनका लागि सजिलो होस् भन्ने हेतुले राखिएका हुन् ।
२. प्रथमपुरुषबाट कर्ता समूह 'क' र क्रिया समूह 'ग'को सङ्गति मिलाई समूह 'ख' प्रयोग गरी खाली कोठाबाट उपयुक्त शब्द छानी अनेकौं वाक्य बनाउनुहोस्।
३. मध्यमपुरुषबाट कर्ता समूह 'क' र क्रिया समूह 'ग'को सङ्गति मिलाई समूह 'ख' प्रयोग गरी खाली कोठाबाट उपयुक्त शब्द छानी अनेकौं वाक्य बनाउनुहोस्।
४. उत्तमपुरुषबाट कर्ता समूह 'क' र क्रिया समूह 'ग'को सङ्गति मिलाई समूह 'ख' प्रयोग गरी खाली कोठाबाट उपयुक्त शब्द छानी अनेकौं वाक्य बनाउनुहोस्।
५. तालिकाको प्रयोग गरेर दश प्रश्नवाचक र दश नकारात्मक वाक्य बनाएर आफ्नो अभ्यास बढाउनुहोस् ।

बाइसौं दिन
द्वाविंशः दिवसः

शेषाय नमः

संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! अब हामी एक्काइसौं दिनसम्म प्रस्तुत विषय बुझेर बाइसौं दिनमा प्रवेश गर्दैछौं । आज सप्तमी विभक्ति अथवा रूपायनको सातौं पङ्क्तिको प्रयोग विधि सिक्न गइरहेका छौं। आजसम्म लगभग धेरै कुरा सिकिसकेका छौं । कुनै पनि शब्दको सप्तमी विभक्तिको रूप प्रयोग गर्न सिकौं। सप्तमी विभक्तिको अर्थ नेपालीमा 'मा, माथि' हुन्छ भने अंग्रेजीमा 'In, on, at' हुन्छ । आउनुहोस् अब छिटोभन्दा छिटो सप्तमी विभक्तिका वाक्यहरूको अभ्यास गर्न अगाडि बढौं ।

सप्तमी विभक्तिको प्रयोग

लिङ्ग	एकवचन	द्विवचन	बहुवचन	
अकारान्त पुंलिङ्ग	रामे	रामयोः	रामेषु	(राम जस्तै श्याम आदिको पनि सातौं लाइन बुझौं।)
अकारान्त पुंलिङ्ग	सर्वस्मिन्	सर्वयोः	सर्वेषु	(सर्व जस्तै क आदिको पनि सातौं लाइन बुझौं।)
आकारान्त स्त्रीलिङ्ग	रमायाम्	रमयोः	रमासु	(रमा जस्तै कृष्णा आदिको पनि सातौं लाइन बुझौं।)
आकारान्त स्त्रीलिङ्ग	सर्वस्याम्	सर्वयोः	सर्वासु	(सर्वा जस्तै का आदिको पनि सातौं लाइन बुझौं।)
इकारान्त पुंलिङ्ग	हरौ	हर्योः	हरिषु	(हरिजस्तै कपि आदिको पनि सातौं लाइन बुझौं।)
ईकारान्त स्त्रीलिङ्ग	भगवत्याम्	भगवत्योः	भगवतीषु	(भगवतीजस्तै पार्वती आदिको पनि सातौं लाइन बुझौं।)
ह्रस्व उकारान्त पुंलिङ्ग	भानौ	भान्वोः	भानुषु	(भानुजस्तै शम्भु आदिको पनि सातौं लाइन बुझौं।)
दीर्घ ऊकारान्त स्त्रीलिङ्ग	वध्वाम्	वध्वोः	वधूषु	(वधूजस्तै चमू आदिको पनि सातौं लाइन बुझौं।)
ऋकारान्त स्त्रीलिङ्ग	मातरि	मात्रोः	मातृषु	(मातृजस्तै दुहितृ आदिको पनि सातौं लाइन बुझौं।)
ऋकारान्त पुंलिङ्ग	पितरि	पित्रोः	पितृषु	(पिताजस्तै जामाता आदिको पनि सातौं लाइन बुझौं।)
ऋकारान्त पुंलिङ्ग	कर्तुः	कर्तृभ्याम्	कर्तृभ्यः	(कर्ता जस्तै भर्ता आदिको पनि सातौं लाइन बुझौं।)
तत् पुलिङ्ग-नपुंसक	तस्मिन्	तयोः	तेषु	(तत्को सातौं लाइन बुझौं ।)
यत् पुलिङ्ग-नपुंसकलिङ्ग	यस्मिन्	ययोः	येषु	(यत्को सातौं लाइन बुझौं ।)
तत् स्त्रीलिङ्ग	तस्याम्	तयोः	तासु	(तत्को सातौं लाइन बुझौं ।)
यत् स्त्रीलिङ्ग	यस्याम्	ययोः	यासु	(यत्को सातौं लाइन बुझौं ।)
इदम् स्त्रीलिङ्ग	अस्याम्	अनयोः	आसु	(तत्को सातौं लाइन बुझौं ।)
इदम् पुंलिङ्ग-नपुंसकलिङ्ग	अस्मिन्	अनयोः	एषु	(यत्को सातौं लाइन बुझौं ।)

नियम - '२६' वाक्यरचनासम्बन्धी, कुनै काम गर्ने आधारलाई अधिकरण भनिन्छ । अधिकरणमा सप्तमी विभक्ति हुन्छ ।

* संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! देश, काल, विषय आदि सँग सम्बद्ध क्रियाको आधार अधिकरण हो र अधिकरणमा सप्तमी विभक्ति हुन्छ । नेपालीमा - मा, विषयमा, समयमा आदि । चतुर्थीलाई

सम्प्रदान, पञ्चमीलाई अपादान भनिएजस्तै सप्तमीलाई अधिकरण भनिन्छ । अधिकरणको अर्थ आधार हो । वस्तु जुन आधारमा रहन्छ त्यसमा सप्तमी विभक्तिको प्रयोग हुन्छ । तलका रेखाङ्कित उदाहरणहरूबाट तपाईंहरूले अधिकरण अर्थात् सप्तमीको विषयक्षेत्रलाई बुझ्नुहुनेछ ।

१.	गोपालः गृहे न अस्ति –	गोपाल घरमा छैन ।
२.	गोविन्दः पुस्तकालये तिष्ठति –	गोविन्द पुस्तकालयमा बस्छ ।
३.	दिनेशः प्रातःकाले आगमिष्यति –	दिनेश बिहानीको समयमा आउनेछ ।
४.	नर्मदा रात्रौ पतिगृहम् अगच्छत् –	नर्मदा रातमा आफ्ना पतिको घर गइन् ।
५.	त्वम् सर्वाणि पुस्तकानि मञ्जूषायां स्थापय–	तिमीले सबै पुस्तकहरूलाई बाकसमा राख ।
६.	सूर्योदये हरिः मन्दिरम् अगच्छत् –	सूर्योदयको समयमा हरि मन्दिरमा गयो ।
७.	कविषु लक्ष्मीप्रसादः श्रेष्ठः कविः अस्ति –	कविहरूमा लक्ष्मीप्रसाद श्रेष्ठ कवि हुन् ।
८.	गङ्गाधरः पठने निपुणः अस्ति –	गङ्गाधर पढाइमा चतुर छ ।
९.	भक्तस्य मोक्षे इच्छा भवति –	भक्तको मोक्षमा इच्छा हुन्छ ।
१०.	रामस्य सीतायां स्नेहः (आसीत्) –	रामको सीतामा प्रेम थियो ।

क) वाक्यको संरचना

कर्ता	अधिकरण	कर्म	क्रिया
रामः	विद्यालये	संस्कृतम्	पठति

* माथिका उदाहरणहरूमा पुंलिङ्ग र स्त्रीलिङ्गका शब्दहरूमा सप्तमी विभक्तिको प्रयोग भएको छ । ती सबै अधिकरण हुन् । जस्तै - घर, पुस्तकालय आदि । तपाईंहरूले वाक्य बनाउँदा यसै आधारमा सप्तमीको प्रयोग गर्नुभयो भने तपाई संस्कृत भाषामा निपुण हुनुहुनेछ ।

सप्तमी विभक्तिको वाक्यात्मक प्रयोग

* सप्तमी विभक्ति सिकाउनका निमित्त कर्तापद र क्रियापदमात्र भएको वाक्य, कर्ता, कर्म र क्रियासमेत भएको वाक्य र कर्ता, कर्म, क्रिया र अधिकरणसमेत भएको वाक्यका माध्यमबाट विद्यार्थीहरूको सप्तमी प्रयोगमा दक्षता बढाउन अभ्यास गराइदैछ । अभ्यासका क्रममा जतिसुकै लामा वाक्य आए पनि तपाईंले सप्तमी प्रयोग गरिएका शब्दहरूमा मात्र ध्यान दिनुभयो भने अर्थ खुल्नेछ र अनुवाद गर्न सक्नुहुनेछ, तसर्थ तपाईं लामा वाक्य देखेर नडराउनुहोस् ।

कर्ता र क्रियाको प्रयोग	कर्ता, क्रिया र कर्मको प्रयोग	कर्ता, क्रिया, कर्म र अधिकरणको प्रयोग
१. छात्रः पठति – विद्यार्थी पढ्छ ।	छात्रः संस्कृतं पठति – विद्यार्थी संस्कृत पढ्छ ।	छात्रः विद्यापीठे संस्कृतं पठति – विद्यार्थी विद्यापीठमा संस्कृत पढ्छ ।
२. भक्ताः ध्यायन्ति – ध्यान गर्छन् ।	भक्ताः ईश्वरं ध्यायन्ति – भक्तहरू ईश्वरको ध्यान गर्छन् ।	भक्ताः हृदये ईश्वरं ध्यायन्ति – भक्तहरूले हृदयमा ईश्वरको ध्यान गर्छन्।
३. छात्रः लिखति – छात्र लेख्दछ ।	छात्रः निबन्धम् लिखति – छात्र निबन्ध लेख्दछ ।	छात्रः अभ्यासपुस्तिकायाम् निबन्धम् लिखति- छात्र अभ्यासपुस्तिकामा निबन्ध लेख्दछ ।

अभ्यास

क) नेपालीमा अनुवाद गर्नुहोस्

१. वृषभाः गोष्ठे वसन्ति ।

२. छात्राः विद्यापीठे पठन्ति ।

३. कृषकाः दिवसे क्षेत्रेषु कार्यम् कुर्वन्ति ।
४. महापुरुषाः हृदये ईश्वरम् ध्यायन्ति ।
५. नार्यः पतिगृहे निवसन्ति ।

ख) संस्कृतमा अनुवाद गर्नुहोस्

१. सिंहहरू वनमा रहन्छन् ।
२. विद्यापीठमा पुस्तकहरू छन् ।
३. काठमाडौंमा पशुपतिनाथको मन्दिर छ ।
४. के विद्यार्थीहरू विद्यापीठमा छन् ?
५. गोविन्दकी आमा मन्दिरमा बस्नुहुन्छ ?
६. छात्रहरूमा श्याम सबभन्दा चतुर छ ।
७. पन्ध्र गते म आउनेछु ।
८. चैत्रमा शकुन्तला जाने छिन् ।
९. श्याम पढ्नमा राम्रो छ ।
१०. खुट्टामा चोट छ ।

* माथिका प्रसङ्गहरूबाट जे कुरा तपाईंहरूले पढ्नुभयो, जान्नुभयो, त्यसको यथेष्ट प्रयोग गरौं । जबसम्म संकोचवश मैले संस्कृतमा वाक्य बोल्दा, लेख्दा, भाषण गर्दा बिराएँ भने मेरा साथीहरूले गिज्याउँछन् कि ? मेरा गुरुहरूले गाली गर्नुहुन्छ कि ? भनी तपाईंहरू बोल्न र लेख्न जाँगर गर्नुहुन्न तबसम्म तपाईंहरूले केही पनि सिक्न सक्नुहुन्न। विद्यार्थी अवस्थामा बिराइन्छ, गल्ती हुन्छन्, तिनलाई गुरुहरूले सच्याइदिनुहुन्छ भन्ने भावना लिएर तपाईंले जाँगर गर्नुहोस् । संकोच र लाजले जेलिनुभयो भने तपाईंले संस्कृतमात्र होइन संसारमा केही पनि सिक्नु हुन्न । जस्तै मोटर-साइकल चलाउन सुरु गर्दा अनेकौं गल्ती हुन्छन् । कहिले गियर डाउन नगरीकन ब्रेक लगाइन्छ, जसबाट गाडी पल्टिन सक्छ। त्यस्तै हो संस्कृत सिक्ने प्रक्रिया पनि । तपाईंहरूले बोलचालको सामग्री प्रशस्त पढिसक्नुभएको छ । अब नयाँ नयाँ कुरा सिक्दै र सिकेका कुरा प्रयोग गर्दै अगाडि बढौं । सप्तमी विभक्तिसम्मका वाक्यहरूका विभिन्न प्रयोग सिक्यौं ।

* संस्कृतजिज्ञासु मित्रहरू तथा विद्यार्थी भाइबहिनीहरू ! तपाईंहरूले पढेका विषयवस्तुहरू राम्रोसँग बुझ्नुभयो अथवा बुझ्नुभएन भन्ने कुरा परीक्षण गर्न अगाडि संपरीक्षण तालिका प्रस्तुत गरिएको छ । उक्त तालिकाका आधारमा तल दिइएका निर्देशनअनुसार सबै वाक्य बनाउने प्रयास गर्नुहोस् । निर्देशनअनुसार सबै वाक्यहरू शुद्ध बनाउन सक्नुभयो भने आफूले राम्रोसँग बुझेर पढेको संझी ढुक्क हुनुहोस् । कहीं कतै थोरै पनि आफूमा कमी-कमजोरी पाउनुभयो भने पुनः विषयवस्तुको बोध गरी गल्ती सच्याई अगाडि बढ्ने प्रण गर्नुहोस् ।

संपरीक्षण तालिका - २३

		समूह 'क'			समूह 'ख'		समूह 'ग'		
प्रथमपुरुष	अपि	सः	तौ	ते	विद्यापीठे	न	अस्ति	स्तः	सन्ति
		सा	ते	ताः	गृहे				
		तत्	ते	तानि	मञ्जूषायां				
		अयम्	इमौ	इमे	देवालये				
		इयम्	इमे	इमाः	तस्य गृहे				
		इदम्	इमे	इमानि	तस्मिन् हिमालये				
मध्यमपु.		त्वम्	युवाम्	यूयम्	तस्यां बाटिकायां		असि	स्थः	स्थ
					अस्मिन् गृहे				
उ.पु.		अहम्	आवाम्	वयम्	जनकपुरे		अस्मि	अस्वः	अस्मः

१. माथिको तालिकामा 'अपि'शब्द प्रश्नवाचक वाक्य बनाउनका लागि हो भने 'न' अव्यय नकारात्मक वाक्य बनाउनका लागि हो भन्ने कुरा पहिलेका तालिकाहरूबाट तपाईंहरू प्रष्ट भइसक्नुभएको छ । यहाँ उक्त शब्दहरू तपाईंहरूलाई नकारात्मक वाक्य र प्रश्नवाचक वाक्य बनाउनका लागि सजिलो होस् भन्ने हेतुले राखिएका हुन् ।

२. प्रथमपुरुषबाट कर्ता समूह 'क' र क्रिया समूह 'ग'को सङ्गति मिलाई समूह 'ख'बाट उपयुक्त शब्द चयन गरी अनेकौं वाक्य बनाउनुहोस्।

३. मध्यमपुरुषबाट कर्ता समूह 'क' र क्रिया समूह 'ग'को सङ्गति मिलाई समूह 'ख'बाट उपयुक्त शब्द चयन गरी अनेकौं वाक्य बनाउनुहोस्।

४. उत्तमपुरुषबाट कर्ता समूह 'क' र क्रिया समूह 'ग'को सङ्गति मिलाई समूह 'ख' उपयुक्त शब्द चयन गरी अनेकौं वाक्य बनाउनुहोस् ।

५. तालिकाको प्रयोग गरेर पाँच प्रश्नवाचक र पाँच नकारात्मक वाक्य बनाएर आफ्नो अभ्यास बढाउनुहोस् ।

अतिरिक्त ज्ञान

* सप्तमी विभक्ति प्रयोग हुने केही स्थानहरू पनि जानिराखौं ।

१. साधु र असाधुशब्दको प्रयोग भएमा सप्तमी विभक्ति हुन्छ । जस्तै –

कृष्णः मातरि साधुः अस्ति –	कृष्ण आमाको लागि सज्जन छ ।
कृष्णः मातुले असाधुः अस्ति –	कृष्ण मामाको लागि खराब छ ।

२. आयुक्त, कुशल, निपुण, दक्ष आदि शब्दका योगमा पनि सप्तमी विभक्ति हुन्छ । जस्तै –

सः कर्मणि कुशलः अस्ति –	त्यो काममा चतुर छ ।
देवदत्तः शास्त्रे निपुणः अस्ति –	देवदत्त शास्त्रमा निपुण छ ।
गोविन्दः अध्यापने दक्षः अस्ति –	गोविन्द पढाउनमा दक्ष छ ।

३. जब कुनै वस्तु वा व्यक्तिलाई समुदायदेखि अतिशयबोधक विशेषण प्रयोग गरेर विशिष्ट व्यक्ति वा स्थान भन्ने निर्धारण गरिन्छ त्यस्तो समुदायवाचक शब्दमा सप्तमी हुन्छ । जस्तै –

हिमशृङ्गेषु सगरमाथाशृङ्गम् उच्चतमम् अस्ति –
हिमशिखरहरूमा सगरमाथा शिखर सबभन्दा अग्लो छ ।

४. जुन फल प्राप्तिका लागि केही काम गरिन्छ भने यदि त्यो फल त्यस क्रियाको कर्मसँग सम्बन्धित भएको शब्दमा सप्तमी विभक्ति हुन्छ । जस्तै –

व्याधः चर्मणि द्वीपिनं हन्ति –	शिकारीले छालाको लागि बाघ मार्छ ।
गोपालः दन्तयोः कुञ्जरं हन्ति –	गोपालले दाँतको लागि हात्ती मार्छ ।

कुनै पनि व्यक्तिलाई आफूतर्फ आकर्षित गर्नु पर्‍यो भने सम्बोधनको प्रयोग गरिन्छ । हामीले सजिलोका लागि सम्बोधन विभक्तिलाई आठौं पङ्क्ति भनेर व्यवहार गर्दै आएका छौं । सम्बोधन वास्तवमा प्रथमा विभक्ति नै हो । 'हे' अथवा 'भोः' लगाएर प्रयोग गरिने हुँदा र यसको कर्ता मध्यम पुरुषमात्र हुने हुँदा यसको छुट्टै पहिचान भएको हो ।

सम्बोधनको प्रयोग

लिङ्ग	एकवचन	द्विवचन	बहुवचन	
अकारान्त पुंलिङ्ग	हे राम !	हे रामौ !	हे रामा !	- राम जस्तै श्याम आदिको आठौं लाइन बुझौं।
अकारान्त पुंलिङ्ग	हे सर्व!	हे सर्वौ!	हे सर्वाः !	- सर्व जस्तै क आदिको आठौं लाइन बुझौं ।
आकारान्त स्त्रीलिङ्ग	हे रमे!	हे रमे!	हे रमाः!	- रमा जस्तै कृष्णा आदिको आठौं लाइन बुझौं ।
आकारान्त स्त्रीलिङ्ग	हे सर्वे !	हे सर्वे !	हे सर्वाः !	- सर्वा जस्तै का आदिको आठौं लाइन बुझौं ।
इकारान्त पुंलिङ्ग	हे हरे !	हे हरी !	हे हरयः!	- हरिजस्तै कपि आदिको आठौं लाइन बुझौं ।
ईकारान्त स्त्रीलिङ्ग	हे भगवति!	हे भगवत्यौ!	हे भगवत्यः!	- भगवतीजस्तै पार्वती आदिको आठौं लाइन बुझौं ।
ह्रस्व उकारान्त पुंलिङ्ग	हे भानो!	हे भानू!	हे भानवः!	- भानुजस्तै शम्भु आदिको आठौं लाइन बुझौं ।
दीर्घ ऊकारान्त स्त्रीलिङ्ग	हे वधु!	हे वध्वौ!	हे वध्वः!	- वधूजस्तै चमू आदिको आठौं लाइन बुझौं ।
ऋकारान्त स्त्रीलिङ्ग	हे मातः!	हे मातरौ!	हे मातरः!	- मातृजस्तै दुहितृ आदिको आठौं लाइन बुझौं ।
ऋकारान्त पुंलिङ्ग	हे पितः!	हे पितरौ!	हे पितरः!	- पिताजस्तै जामाता आदिको आठौं लाइन बुझौं ।

* कुनै पनि व्यक्तिलाई आफूतिर आकर्षित गर्दा सम्बोधनको प्रयोग हुने कुरा तपाईंहरूले बुझिसक्नुभएको छ । यहाँ सम्बोधनसम्बन्धी केही वाक्यहरू प्रस्तुत गरिन्छ –

१. राम! अत्र आगच्छ – राम ! यहाँ आऊ ।
२. सीते ! गृहम् गच्छ – सीता ! घर जाऊ ।
३. हरे ! पुस्तकम् आनय – हरि ! पुस्तक ल्याऊ ।
४. गौरि ! गृहकार्यम् कुरु – गौरी ! घरको काम गर ।

* सम्बोधनको प्रयोग प्रार्थना, आज्ञा, विधि आदिमा गरिन्छ । जस्तै –

१. भगवति ! मां रक्ष – भगवती मेरो रक्षा गर्नुहोस् ।
२. हरे ! त्वम् गच्छ – हरि तिमी जाऊ ।
३. शैलजे ! त्वम् कुत्र गच्छसि – शैलजा तिमी कहाँ जान्छ्यौ ?
४. पितः ! मह्यम् धन प्रेषय – बुबा मलाई पैसा पठाइदिनुहोस् ।
५. शेखर ! त्वम् ध्यानेन पठ – शेखर तिमी ध्यान दिएर पढ ।

* रेखाङ्कित सबै शब्दहरू सम्बोधनका हुन् ।

आठ विभक्तिको संयुक्त प्रयोगको नमूना

* संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! तपाईंहरूले विभिन्न वाक्यहरूका माध्यमबाट सम्बोधनसहित आठ विभक्तिका रूपहरूको प्रयोग गर्ने विधि सिकिसक्नुभएको छ । पुराना विद्वान्हरूले सूत्रात्मकरूपमा एउटै पद्यमा आठै विभक्तिको प्रयोग कसरी गरेका छन् हेरौं –

रामो राजमणिः सदा विजयते रामं रमेशं भजे
रामेणाऽभिहता निशाचरचमू रामाय तस्मै नमः ।
रामान्नास्ति परायणं परतरं रामस्य दासोऽस्म्यहम्
रामे चित्तलयः सदा भवतु मे भो राम ! मामुद्धर ।।

१. राजमणिः रामः सदा विजयते –
राजाहरूमा उत्तम राजा राम सदा विजयी छन् ।

२. (अहं) रमेशं रामं भजे –
मैले लक्ष्मीका पति रामको भजन गर्छु ।

३. रामेण निशाचरचमूः अभिहता –
श्रीरामले राक्षसको सेनालाई मार्नुभएको थियो ।

४. तस्मै रामाय नमः –
ती रामलाई नमस्कार गर्दछु ।

५. रामात् परतरम् परायणम् न अस्ति –
रामभन्दा पर कुनै पनि गन्तव्य छैन ।

६. अहम् रामस्य दासः अस्मि –
म रामको दास हुँ ।

७. सदा रामे मे चित्तलयः भवतु –
सर्वदा मेरो चित्त राममा लागिरहोस् ।

८. भो राम ! माम् उद्धर –
हे राम ! मेरो उद्धार गर्नुहोस् ।

* माथिका वाक्यहरूमा क्रमशः आठै विभक्तिको प्रयोग भएको छ । तपाईंहरूले पनि यसै रीतिबाट वाक्यहरू बनाई प्रयोग गर्नुहोस् । श्रीराममा आधारित पद्यजस्तै श्रीगणेशमा आधारित आठै विभक्ति भएको पद्य पनि छ । त्यसको पनि अभ्यास गरौं –

गणेशो वः पायात् प्रणमत गणेशं जगदिदम्
गणेशेन त्रातं नम इह गणेशाय महते ।
गणेशान्नास्त्यन्यत् त्रिजगति गणेशस्य महिमा
गणेशे मच्चित्तं प्रभवतु गणेश! त्वमव माम् ।।

१. गणेशः वः पायात् –
श्रीगणेशले तिमीहरूको रक्षा गरून् ।

२. गणेशं प्रणमत –
तिमीहरूले श्रीगणेशलाई प्रणाम गर ।

३. इदम् जगत् गणेशेन त्रातम् –
गणेशले सम्पूर्ण संसारको रक्षा गर्नुभएको छ ।

४. इह महते गणेशाय नमः –
म यहाँ रही श्रीगणेशलाई नमस्कार गर्दछु ।

५. गणेशात् अन्यत् न अस्ति –
गणेशभन्दा अरू केही पनि छैन ।

६. त्रिजगति गणेशस्य महिमा (अस्ति) –
तीनै लोकमा श्रीगणेशको महिमा फैलिएको छ ।

७. मच्चित्तं गणेशे प्रभवतु –
मेरो चित्त श्रीगणेशमा लागिरहोस् ।

८. गणेश ! त्वम् माम् अव –
हे गणेश ! तपाईंले मेरो रक्षा गर्नुहोस् ।

नोट – पद्यमा रहेका वाक्य र व्याख्यामा उतारिएका वाक्यमा केही भिन्नता देखिएको छ । सन्धिका नियमहरू पढेपछि तपाईंहरूले त्यो भिन्नताको तात्पर्य बुझ्नुहुनेछ ।

अभ्यास

क) तलका वाक्यहरूको नेपालीमा अनुवाद गर्नुहोस्

१. हे शङ्कर! माम् रक्ष ।
२. हे नार्यः ! संस्कृतम् पठत ।
३. हे हरे ! दानवम् नाशय ।
४. हे मातः ! भोजनम् यच्छ ।
५. हे छात्राः ! गृहम् गच्छत ।
६. हे गोपाल ! वाटिकायाम् क्रीड ।
७. हे पितः ! धनम् यच्छ ।

ख) तलका वाक्यहरूको संस्कृतमा अनुवाद गर्नुहोस्

१. हे गणेश ! मेरो रक्षा गर्नुहोस् ।
२. हे आमा ! भोजन दिनुहोस् ।
३. हे शशिशेखर ! दुःखीहरूको उद्धार गर्नुहोस् ।
४. हे पार्वती ! विद्या दिनुहोस् ।
५. हे गरुडध्वज ! संसारको रक्षा गर्नुहोस् ।

प्यारा विद्यार्थी भाइबहिनी हो ! बाइसौं दिनसम्मको अध्ययनबाट हामीले विभक्तिहरूको सामान्य परिचय पाइसकेका छौं । विभक्तिहरूको अध्ययन गर्दा विभिन्न उपपद विभक्तिहरूको प्रयोग गर्ने विधि पनि जान्नु पर्दछ । विभिन्न उपपदका योगमा खास विभक्तिको प्रयोग गर्नुपर्ने नियम व्याकरणशास्त्रले बताएको छ । ती उपपदमध्ये केही उपपदको उपयोग गरी विभिन्न विभक्तिमा आधारित वाक्य निर्माण गर्ने विधि सिकौं ।

उपपद विभक्तिको प्रयोग

अ) प्रथमा विभक्ति

१. प्रत्येक पदको अर्थमात्र बुझिएमा कर्ता आदि विभिन्न अर्थमा प्रथमा विभक्ति हुन्छ । जस्तै –
   क) शिशुः गच्छति – बालक जान्छ । ख) दिनेशः पठति – दिनेश पढ्छ ।
२. कर्मवाच्यको कर्ममा प्रथमा हुन्छ । जस्तै –
   क) वटुभिः पठ्यते वेदः – वटुहरूद्वारा वेद पढिन्छ
   ख) पशुभिः पीयते जलम् – पशुहरूद्वारा पानी खाइन्छ ।
३. सम्बोधनमा प्रथमा हुन्छ । जस्तै –
   भो अध्यापक ! पाठय – हे गुरु ! पढाउनुहोस् ।
४. इति आदि अव्ययका योगमा प्रथमा हुन्छ । जस्तै –
   अशोकः इति विख्यातः राजा सर्वजनप्रियः – अशोकको नामबाट प्रसिद्ध लोकप्रिय राजा भए ।
५. नामको योगमा प्रथमा हुन्छ । जस्तै –
   आसीद् राजा विक्रमादित्यो नाम – विक्रमादित्य नामबाट प्रसिद्ध राजा थिए ।

आ) द्वितीया विभक्ति

मुख्य कर्ममा द्वितीया हुन्छ । जस्तै – दिनेशः पत्रम् लिखति – दिनेश चिठी लेख्छ ।

* संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! 'उपपद' विभक्तिको योगमा जहाँ जहाँ द्वितीया हुन्छ, त्यस्ता

उपपदहरूको विषयमा म तपाईहरूलाई केही बताउन चाहन्छु । द्वितीयाको अर्थ कर्म हो । उपपदबाट द्वितीया हुँदा जहाँ द्वितीया हुन्छ तौ कर्म बन्दछन् । उपपदको अर्थ नजिकको पद हो । जस्तै - 'रामको दुवैतिर' भन्दा अर्थको हिसाबले षष्ठी विभक्ति हुनुपर्ने थियो तर व्याकरणशास्त्रले उभयतः आदि शब्दको प्रयोगमा द्वितीया हुन्छ भनेकाले षष्ठीको अर्थमा यहाँ द्वितीया हुने भयो । जस्तै- ' रामम् उभयतः' । 'रामस्य उभयतः' भएन । यो कुरा तपाईहरूले राम्ररी बुझ्नुपर्छ । यस्ता अनेकन शब्दहरू छन् जसका योगमा - कहीं द्वितीया, कहीं तृतीया, कहीं पञ्चमी आदि हुन्छन् । छात्रछात्राहरूलाई अलमल नहोस् भनेर पाणिनिले कारकप्रकरणमा ती सबै उपपदविभक्तिहरूको उचित समावेश गर्ने विषयमा सूत्रहरूको माध्यमबाट निर्देश गरेका छन्। उक्त उपपदहरूको प्रयोग नहुँदा कारकको सामान्य नियमअनुसार कहाँ के हुनुपर्छ भन्ने कुरा हामीले अघिल्लो पाठमा बताइसकेका छौं । उपपद विभक्तिको प्रयोग किन ? भन्ने प्रश्न गर्नुहोला। यसको उत्तरमा म तपाईंहरूलाई भन्छु कि - 'ग्रामस्य समीपे नदी अस्ति' भन्नुभन्दा 'ग्रामम् समया नदी अस्ति' भन्नु मीठो हुन्छ । त्यसकारण हाम्रा प्राचीन कवि र विद्वान्हरूले उपपद विभक्तिको प्रयोग गरेर संस्कृतमा मिठास भरेका छन् । वास्तवमा संस्कृतभाषा सत्यम्, शिवम् र सुन्दरम् को व्यञ्जक संसारको अपूर्व भाषा हो ।

उपपदको योगमा हुने द्वितीया विभक्तिका उदाहरणहरू

१. ऋते, अन्तरेण, विना, नाना आदि शब्दका योगमा पनि द्वितीया हुन्छ । जस्तै - धनम् विना वयम् नैव जीवामः ।
२. अभितः, शब्दका योगमा पनि द्वितीया हुन्छ । जस्तै - विश्वविद्यालयम् (अभितः = चारैतिर) काननम् अस्ति।
३. परितः र सर्वतःको योगमा पनि द्वितीया हुन्छ । जस्तै - ग्रामम् परितः, ग्रामं सर्वतः वृक्षाः सन्ति ।
४. अन्तरा र अन्तरेणको योगमा द्वितीया हुन्छ । जस्तै - गङ्गाम् यमुनाम् च अन्तरा प्रयागराजः अस्ति । गङ्गाम् यमुनाम् च अन्तरेण प्रयागराजः अस्ति ।
५. समया, निकषा (नजीक) को योगमा द्वितीया हुन्छ । जस्तै - ग्रामम् समया नदी अस्ति । ग्रामम् निकषा नदी अस्ति ।
६. कालवाची शब्दका योगमा द्वितीया हुन्छ । जस्तै - सः चत्वारि वर्षाणि व्याकरणम् अपठत् ।
७. अनुका योगमा द्वितीया हुन्छ । जस्तै - छात्राः गुरुम् अनुगच्छन्ति ।
८. प्रतिका योगमा द्वितीया हुन्छ । जस्तै - दीनम् प्रति दयाम् कुरु ।
९. धिक्का योगमा द्वितीया हुन्छ । जस्तै - धिक् त्वाम् पापिनम् ।
१०. अधि उपसर्गपूर्वक शीङ, स्था र आस् धातुको प्रयोगमा अधिकरण वा आधारमा द्वितीया हुन्छ । जस्तै - सभामुखः आसनम् अधितिष्ठति । सभामुखः आसनम् अध्यास्ते ।
११. उपपूर्वक, आपूर्वक र उप आपूर्वक वस धातुको योगमा आधारमा द्वितीया हुन्छ । जस्तै - सिंहः वनम् उपवसति। सिंहः वनम् आवसति । सिंहः वनम् उपावसति ।
१२. अभि, नि पूर्वक विश धातुको योगमा द्वितीया हुन्छ । जस्तै - छात्राः मनः अध्ययनम् अभिनिविशध्वम् ।
१३. क्रियाविशेषणमा द्वितीया हुन्छ । जस्तै - मृगः सत्वरम् धावति । बालिका अस्पष्टं वदति ।

३) तृतीया विभक्ति

करण, कर्मवाच्य एवं भाववाच्यको कर्तामा तृतीया विभक्ति हुन्छ ।

१. करणमा तृतीया विभक्ति हुन्छ । जस्तै -

क) सः जलेन मुखम् प्रक्षालयति । ख) सः बसयानेन काष्ठमण्डपम् अगच्छत् ।

२. कर्मवाच्यको कर्तामा तृतीया हुन्छ । जस्तै - रामेण रावणः हतः ।

३. सह, साकम्, सार्द्धम् आदि उपपदका योगमा तृतीया हुन्छ । जस्तै -

क) शशिना सह कौमुदी याति । ख) मेघेन सह तडित् प्रलीयते ।

४. सदृश अर्थको योगमा तृतीया हुन्छ । जस्तै - महीतले धर्मेण सदृशः बन्धुः नास्ति ।

५. स्वभाव आदि अर्थमा तृतीया हुन्छ । जस्तै -

क) रामः प्रकृत्या साधुः । ख) नाम्ना गोपालः अयम् ।

६. हेतुशब्दको योग र अर्थमा तृतीया हुन्छ । जस्तै - त्वम् केन हेतुना अत्र वससि ?

७. हीनको योगमा तृतीया हुन्छ । जस्तै - विद्यया हि विहीनस्य किम् वृथा जीवितेन च ।

८. विनाको योगमा तृतीया हुन्छ । जस्तै - श्रमेण हि विना विद्या लभ्यते न कथञ्चन ।

९. अलंको योगमा तृतीया हुन्छ । जस्तै - अलं महीपाल तव श्रमेण ।

१०. प्रयोजन भन्ने अर्थमा तृतीयाको प्रयोग हुन्छ । जस्तै - धनेन किम् यो न ददाति नाश्नुते ।

११. लक्षणबोधक शब्दमा तृतीया हुन्छ । जस्तै - जटाभिः तापसः अयम् प्रतीयते ।

१२. फलप्राप्ति बोधमा तृतीया हुन्छ । जस्तै - पञ्चभिः वर्षैः न्यायम् अधीतम् ।

१३. जुन अङ्गमा विकार छ त्यस्तो विकृत अङ्गमा तृतीया हुन्छ । जस्तै -

क) मानवः चक्षुषा काणः अस्ति । ख) सः कर्णेन बधिरः अस्ति ।

ग) वृद्धः पादेन खञ्जः अस्ति । घ) पृष्ठेन मन्थरा कुब्जा अस्ति ।

ई) चतुर्थी विभक्ति

१. सम्प्रदानमा चतुर्थी विभक्ति हुन्छ । जस्तै - राजा ब्राह्मणाय धनम् ददाति ।

२. निमित्त अर्थमा चतुर्थी हुन्छ । जस्तै - धनम् सुखाय भवति, विद्या ज्ञानाय भवति ।

३. रुचि अर्थक धातुको योगमा चतुर्थी हुन्छ । जस्तै - शिशवे क्रीडनकम् रोचते ।

४. धारण (कसैसँग ऋणी हुनु अर्थ) को योगमा चतुर्थी हुन्छ । जस्तै - सः मह्यम् शतम् धारयति ।

५. स्पृह धातुका योगमा चतुर्थी हुन्छ । जस्तै - अहम् यशसे स्पृहयामि ।

६. नमः, स्वस्ति, स्वाहा, स्वधा, वषट्, अलम्का योगमा चतुर्थी हुन्छ । जस्तै -

क) गुरवे नमः । ख) नृपाय स्वस्ति ।

ग) अग्नये स्वाहा ।

७. समर्थ अर्थ बताउने अलम्का योगमा चतुर्थी हुन्छ । जस्तै - अयम् मल्लः मल्लाय अलम् ।

८. कल्प धातुका योगमा चतुर्थी हुन्छ । जस्तै - ज्ञानम् सुखाय कल्पते ।

९. तुमुन्को अर्थमा चतुर्थी हुन्छ । जस्तै - ब्राह्मणः स्नानाय याति ।

* तुमुन्को प्रयोगमा 'ब्राह्मणः स्नातुम् याति' हुन्छ । यसै अर्थलाई बुझाउने गरी माथिको वाक्य बनेको छ।

१०. क्रुध, द्रुह, असूय धातुको योगमा चतुर्थी हुन्छ । जस्तै -

क) गुरुः शिष्याय क्रुध्यति । ख) मूर्खः पण्डिताय द्रुह्यति ।

ग) दुर्जनः सज्जनाय असूयति ।

उ) पञ्चमी

अपादान अर्थमा पञ्चमी हुन्छ । अपादानको मुख्य अर्थ छुट्टिनु नै हो ।

१. विभाग अर्थमा पञ्चमी हुन्छ । जस्तै - वृक्षात् फलानि पतन्ति ।

२. भयको अर्थमा पञ्चमी हुन्छ । जस्तै - असज्जनात् कस्य भयम् न जायते ।

३. ग्रहण गर्ने अर्थमा पञ्चमी हुन्छ । जस्तै – कूपात् जलम् गृह्णाति ।

४. पूर्व आदि शब्दको योगमा पञ्चमी हुन्छ । जस्तै –

क) स्नानात् पूर्वम् न खादेत । ख) न धावेत् भोजनात् परम् ।

५. अन्यार्थवाचक शब्दका योगमा पञ्चमी हुन्छ । जस्तै – ईश्वरात् अन्य कः रक्षितुम् समर्थः ।

६. जुन शब्दबाट उत्कर्ष बताइन्छ त्यसैमा पञ्चमी हुन्छ । जस्तै – जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी ।

७. विना, अन्तरेण र पृथक्का योगमा पञ्चमी हुन्छ । जस्तै – परिश्रमात् विना विद्या न भवति ।

८. आरात् (टाढा र समीप) आदिका योगमा पञ्चमी हुन्छ । जस्तै – ग्रामात्–आरात् दूरम् वा वनम् अस्ति ।

९. प्रभृति आदि शब्दका योगमा पञ्चमी हुन्छ । जस्तै – शैशवात् प्रभृति सः अतीव चतुरः ।

१०. तुलनात्मक विशेषणको प्रयोग भएमा पञ्चमी हुन्छ । जस्तै – सः श्यामात् पटुतरः अस्ति ।

ऊ) षष्ठी विभक्ति

१. सम्बन्धमात्र बुझिएमा षष्ठी हुन्छ । जस्तै – मूर्खस्य बहवो दोषाः सताम् च बहवो गुणाः ।

२. कृदन्त कर्ताको योगमा षष्ठी हुन्छ । जस्तै –

क) शिशोः शयनम् । ख) फलस्य पतनम् ।

३. कृदन्त कर्ममा षष्ठी हुन्छ । जस्तै –

क) अन्नस्य पाकः । ख) धर्मस्य दानम् ।

४. स्मरणार्थक धातुका योगमा षष्ठी हुन्छ । जस्तै – सः मातुः स्मरति ।

५. दूर एवं समीपवाची शब्दका साथमा षष्ठी हुन्छ । जस्तै – नगरस्य दूरम्, समीपम् सकाशम् आदि ।

६. कृते, मध्ये, समक्षम्, अन्तरे, अन्तका योगमा षष्ठी हुन्छ । जस्तै –

पठनस्य कृते, आचार्यस्य समक्षम्, गृहस्य अन्तरे, अन्तः वा ।

७. अतस् प्रत्ययान्त शब्दका योगमा षष्ठी हुन्छ । जस्तै – नगरस्य दक्षिणतः, उत्तरतः ।

८. अनादरमा षष्ठी हुन्छ । जस्तै – रुदतः शिशोः माता अगच्छत् ।

९. हेतुशब्दको प्रयोगमा षष्ठी हुन्छ । जस्तै – अन्नस्य हेतोः वसति ।

१०. निर्धारणमा षष्ठी हुन्छ । जस्तै – कवीनाम् कालिदासः श्रेष्ठः ।

ए) सप्तमी विभक्ति

१. अधिकरणमा सप्तमी हुन्छ । जस्तै – गृहे तिष्ठन्ति बालाश्च, आसने शोभते गुरुः ।

२. भावमा सप्तमी हुन्छ । जस्तै – यत्ने कृते यदि न सिद्ध्यति कः अत्र दोषः ।

३. अनादरमा सप्तमी हुन्छ । जस्तै – रुदति शिशौ माता गता ।

४. निर्धारणमा सप्तमी हुन्छ । जस्तै –

क) जीवेषु मानवाः श्रेष्ठाः भवन्ति । ख) मानवेषु च पण्डिताः श्रेष्ठाः भवन्ति ।

५. एउटा काम पछि अर्को काम भएमा पहिलो कामलाई बुझाउँदा सप्तमी हुन्छ । जस्तै –

सूर्ये उदिते कमलम् प्रकाशते ।

६. इच्छा आदि विषय व्यक्त हुँदा र समयबोधक शब्दका योगमा पनि सप्तमी हुन्छ । जस्तै –

क) मोक्षे इच्छास्ति । ख) दिनेशः प्रातः मध्याह्ने, सायम् वा कार्यम् करोति।

७. संलग्न र चतुर भन्ने अर्थ स्पष्ट हुँदा सप्तमी हुन्छ । जस्तै –

क) कार्ये संलग्नः, तत्परः आदि । ख) शास्त्रे निपुणः, प्रवीणः, दक्षः ।

तेइसौं दिन
त्रयोविंशः दिवसः

शेषाय नमः

संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! कुनै पनि भाषा बोल्नका लागि क्रियापदहरूभन्दा शब्दहरू धेरै चाहिन्छन्। त्यस उद्देश्यको प्राप्तिका लागि तपाईंहरूले आजसम्म १२ किसिमका मुख्य-मुख्य शब्दहरू पढ्नुभयो- अकारान्त - राम, आकारान्त - रमा, इकारान्त - हरि, ईकारान्त - भगवती, उकारान्त - भानु र ऊकारान्त- वधू, ऐकारान्त - रै, ओकारान्त - गो, औकारान्त - ग्लौ, सर्वनाम, तत्, यत् र इदम्सहित अनेक किसिमका शब्दका रूप कण्ठ गर्नुभयो र तिनी रूपहरूमध्ये प्रथमा विभक्तिका ३, द्वितीया विभक्तिका ३ र तृतीया विभक्तिका ३ किसिमका रूपहरूको प्रयोग विधि पनि सिक्नुभयो । आज 'तिमी' र 'तपाईं' अर्थ बुझाउने संस्कृतमा अत्यधिक प्रचलित अनिवार्यरूपमा पढ्नुपर्ने 'युष्मत्'शब्द एवं म र हामी अर्थ बुझाउने 'अस्मत्'शब्दको रूपायन र प्रयोगविधि पढौं ।

नियम - '२७' शब्दरूपायनसम्बन्धी, हलन्त युष्मत्शब्द (पुलिङ्ग र स्त्रीलिङ्गमा समान रूप हुने)

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
प्रथमा	त्वम्	युवाम्	यूयम्
द्वितीया	त्वाम्	युवाम्	युष्मान्
तृतीया	त्वया	युवाभ्याम्	युष्माभिः
चतुर्थी	तुभ्यम्	युवाभ्याम्	युष्मभ्यम्

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
पञ्चमी	त्वत्	युवाभ्याम्	युष्मत्
षष्ठी	तव	युवयोः	युष्माकम्
सप्तमी	त्वयि	युवयोः	युष्मासु

* युष्मत्शब्दको पद्यात्मक प्रयोगमा विशेष नियमहरू रहेका छन् । तिनलाई तपाईंहरूले पछि बुझ्दै जानुहुनेछ । युष्मत्शब्दका रूपहरू जस्ताको तस्तै कण्ठ गरी वैदिक संस्कृतदेखि लौकिक संस्कृतसम्मका अनेक ग्रन्थहरूको अर्थ बुझ्नुहोस् । युष्मत्शब्दको प्रयोग गर्दा क्रियापदमा मध्यमपुरुषको मात्र प्रयोग हुने कुरा तपाईंहरूले बुझ्नुभएको छ, यो नबिर्सनुहोला ।

वाक्यात्मक प्रयोग

	युष्मत्शब्द प्रयोग भएका वाक्य		विभक्ति
१	त्वम् छात्रः असि -	तिमी विद्यार्थी ह्यौ ।	प्रथमा
२.	अहम् त्वाम् नमामि -	म तपाईंलाई नमस्कार गर्दछु ।	द्वितीया
३.	मुकुन्दः त्वया सह अगच्छत् -	मुकुन्द तिमीसँग गए ।	तृतीया
४.	प्रधानाध्यापकः तुभ्यम् पारितोषिकं प्रयच्छति -	हेडगुरु तिमीलाई पुरस्कार दिनुहुन्छ ।	चतुर्थी
५.	दिनेशः त्वत् सिद्धान्तकौमुदीं पठति -	दिनेश तिमीसँग कौमुदी पढ्छ ।	पञ्चमी
६.	तव विद्यालयः कुत्र अस्ति -	तिम्रो विद्यालय कहाँ छ ?	षष्ठी
७.	गङ्गा त्वयि अनुरक्ता अस्ति -	गङ्गा तिमीसँग अनुरक्त छिन् ।	सप्तमी

अभ्यास

क) तलका वाक्यहरूको नेपालीमा अनुवाद गर्नुहोस्

१. गुरवः त्वां प्रशंसन्ति ।
२. युष्माकं विश्वविद्यालयः कुत्र आसीत् ?
३. त्वं किमर्थम् अत्र आगच्छसि ?
४. तव भगिनी कस्यां कक्षायां पठति ?
५. प्रमुखः अतिथिः युष्मभ्यं पारितोषिकं प्रयच्छति ।

ख) तलका वाक्यहरूको संस्कृतमा अनुवाद गर्नुहोस्

१. तिम्रो किताब कहाँ छ ?
२. विद्यार्थीहरू तिमीहरू कहाँ गयौ ?
३. जनार्दनले तिमीहरूलाई के दिए ?
४. तिमीहरूका गुरुको नाम के हो ?
५. तिमीहरूका साथमा आएको मानिस को हो ?

नियम - '२८' शब्दरूपायनसम्बन्धी, सर्वनामवाचक अस्मत्शब्द(पुलिङ्ग र स्त्रीलिङ्गमा समान रूप हुने)

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
प्रथमा	अहम्	आवाम्	वयम्
द्वितीया	माम्	आवाम्	अस्मान्
तृतीया	मया	आवाभ्याम्	अस्माभिः
चतुर्थी	मह्यम्	आवाभ्याम्	अस्मभ्यम्

विभक्ति	एकवचन	द्विवचन	बहुवचन
पञ्चमी	मत्	आवाभ्याम्	अस्मत्
षष्ठी	मम	आवयोः	अस्माकम्
सप्तमी	मयि	आवयोः	अस्मासु

* पद्यात्मक प्रयोग गर्दा अस्मत्शब्दका द्वितीया, चतुर्थी आदि विभक्तिहरूमा केही परिवर्तन हुने कुरा व्याकरणशास्त्रमा बताइएको छ । तपाईंहरू भर्खर सिक्दै हुनुहुन्छ, सिकाइमा विघ्न र बोझ नहोस् भन्ने अभिप्रायले ती विशेष प्रयोगहरूको यहाँ उल्लेख गरिएको छैन ।
* युष्मत्शब्दको प्रथमा विभक्तिको एकवचन त्वम् र अस्मत्शब्दको प्रथमा एकवचन अहम्शब्दको प्रायः कुनै शब्दसँग पनि सादृश्य देखिँदैन । तसर्थ यिनीहरूको अर्थ र प्रयोगलाई हामीहरूले जसरी भए पनि बुझ्नु पर्छ । अस्मत्शब्दको अर्थ 'म/हामी' र युष्मत्शब्दको अर्थ 'तिमी/तपाईं' हो । अस्मत् र युष्मत्शब्दका रूपहरूले मूल शब्दसँग आकारगत समानता राख्दैनन् । जस्तै - अस्मत्को अहम् भयो र युष्मत् को त्वम् भयो, यसैबाट तपाईंहरूले सबै विभक्तिका रूपहरूको आकार-प्रकार बुझ्न सक्नुहुनेछ । यसै जटिलतालाई ध्यानमा राखेर भट्टोजिदीक्षितले अरू शब्द पढाइसकेपछि अन्तिममा युष्मत् र अस्मत्शब्द पढाउनुभएको छ । शिक्षाशास्त्रको नियमअनुसार सजिलोबाट शुरु गरी कठिनमा अन्त्य गरेजस्तो लाग्छ । अस्मत्शब्दको प्रयोग गर्दा क्रियापदमा उत्तमपुरुषको मात्र क्रियापद प्रयोग हुने कुरा तपाईंहरूले बुझिसक्नुभएको छ, नबिर्सनुहोला ।

वाक्यमा प्रयोग गरी हेरौं

१.	<u>अहम्</u> छात्रः अस्मि -	म विद्यार्थी हूँ ।	प्रथमा
२.	अहम् <u>त्वाम्</u> नमामि -	म तिमीलाई नमस्कार गर्छु ।	द्वितीया
३.	दिनेशः <u>मया</u> सह गृहम् अगच्छत् -	दिनेश मसित घर गयो ।	तृतीया

४.	त्वम् मह्यम् पुस्तकम् प्रयच्छ –	तिमीले मलाई किताब देऊ ।	चतुर्थी
५.	गङ्गे ! मत् संस्कृतम् पठ –	गङ्गा ! तिमीले मसित संस्कृत पढ ।	पञ्चमी
६.	मम लेखनी कुत्र अस्ति –	मेरो कमल कहाँ छ ?	षष्ठी
७.	तेषाम् मयि विश्वासः नास्ति –	उनीहरूको ममा विश्वास छैन ।	सप्तमी

* उपर्युक्त वाक्यहरूमा रेखाङ्कित शब्दहरू अस्मत्शब्दका हुन्, जुन तपाईंहरूले रूपायनमा पढिसक्नुभएको छ । अब आफैं द्विवचन र बहुवचनको प्रयोग गरेर वाक्य बनाउनुहोस् र ठीक–बेठीक गुरुहरूसँग सोधेर सच्याएर दुक्क बन्नुहोस् ।

अभ्यास

क) संस्कृतमा अनुवाद गर्नुहोस्

१. उमेश कालिका विद्यापीठमा पढ्छ ।
२. विद्यार्थीहरू गुरुलाई नमस्कार गर्छन् ।
३. प्राचार्य हवाइजहाजबाट काठमाडौं जानुभयो ।
४. गोपाल गरिबहरूलाई कपडा देऊ ।
५. काठमाडौंबाट कान्तिपुर पत्रिका आउँछ ।
६. विद्यापीठका पुस्तकहरू राम्रा छन् ।
७. बेलझुण्डीमा नेपाल संस्कृत विश्वविद्यालय छ ।
८. सरिताकी आमा रुग्ण हुनुहुन्छ ।
९. नेपालको राजधानी काठमाडौं हो ।
१०. प्राध्यापकहरू संस्कृत बोल्नुहुन्छ ।

ख) नेपालीमा अनुवाद गर्नुहोस्

१. अस्माकं माता अद्य काष्ठमण्डपम् अगच्छत् ।
२. इयं मम घटिका अतीव मनोहरा अस्ति ।
३. मम झोलिकायां नेपालस्य चित्रम् अस्ति ।
४. युष्माकं मयि विश्वासः नास्ति ।
५. अर्जुनः अस्माकं सहाध्यायी अस्ति ।
६. गोपालः मह्यं शतं प्रयच्छति ।
७. तव पुत्रः मया सह पठनार्थं काष्ठमण्डपं गमिष्यति ।

* संस्कृतजिज्ञासु मित्रहरू तथा विद्यार्थी भाइबहिनीहरू ! तपाईंहरूले पढेका विषयवस्तुहरू राम्रोसँग बुझ्नुभयो अथवा बुझ्नुभएन भन्ने कुरा परीक्षण गर्न अगाडि संपरीक्षण तालिका प्रस्तुत गरिएको छ । उक्त तालिकाका आधारमा तल दिइएका निर्देशनअनुसार सबै वाक्य बनाउने प्रयास गर्नुहोस् । निर्देशनअनुसार सबै वाक्यहरू शुद्ध बनाउन सक्नुभयो भने आफूले राम्रोसँग बुझेर पढेको संझी दुक्क हुनुहोस् । कहीं कतै थोरै पनि आफूमा कमी–कमजोरी पाउनुभयो भने पुनः विषयवस्तुको बोध गरी गल्ती सच्याई अगाडि बढ्ने प्रण गर्नुहोस् ।

संपरीक्षण तालिका - २४

		समूह 'क'			स.'ख'			समूह 'ग'		
प्रथमपुरुष		सः	तौ	ते	त्वाम्	प्रणमन्		अस्ति	स्तः	सन्ति
		सा	ते	ता	माम्	प्रणमन्ती...		पठति	पठतः	पठन्ति
		रामः	रामौ	रामाः	त्वया सह	विद्यालयं..		गच्छति	गच्छतः	गच्छन्ति
		सीता	सीते	सीताः	मया सह					
					तुभ्यम्	घनम्		प्रयच्छति	प्रयच्छतः	प्रयच्छन्ति
					मह्यम्					
मध्यमपुरुष		त्वम्	युवाम्	यूयम्	त्वत्	विद्याम्		पठसि	पठथः	पठथ
	अपि				मत्		न	पठामि	पठावः	पठामः
					तव	भ्राता		असि	स्थः	स्थ
					मम	भगिनी				
उत्तमपु.		अहम्	आवाम्	वयम्	त्वयि	अनुरक्तः		अस्मि	स्वः	अस्मः
					मयि	अनुरक्ता				

उदाहरण - त्वम् विद्यालयात् गृहम् आगच्छसि । त्वम् विद्यालयम् गृहम् न आगच्छसि । अपि त्वम् विद्यालयात् गृहम् आगच्छसि ? अपि त्वम् विद्यालयात् गृहम् न आगच्छसि ?

१. माथिको तालिकामा 'अपि'शब्द प्रश्नवाचक वाक्य बनाउनका लागि हो भने 'न' अव्यय नकारात्मक वाक्य बनाउनका लागि हो भन्ने कुरा पहिलेका तालिकाहरूबाट तपाईंहरू प्रष्ट भइसक्नुभएको छ । यहाँ उक्त शब्दहरू तपाईंहरूलाई नकारात्मक वाक्य र प्रश्नवाचक वाक्य बनाउनका लागि सजिलो होस् भन्ने हेतुले राखिएका हुन् ।

२. प्रथमपुरुषबाट कर्ता समूह 'क' र क्रिया समूह 'ग'को सङ्गति मिलाई द्वितीयान्तबाट उपयुक्त शब्द चयन गरी अनेकौं वाक्य बनाउनुहोस् ।

३. मध्यमपुरुषबाट कर्ता समूह 'क' र क्रिया समूह 'ग'को सङ्गति मिलाई द्वितीयान्तबाट उपयुक्त शब्द चयन गरी अनेकौं वाक्य बनाउनुहोस् ।

४. उत्तमपुरुषबाट कर्ता समूह 'क' र क्रिया समूह 'ग'को सङ्गति मिलाई द्वितीयान्तबाट उपयुक्त शब्द चयन गरी अनेकौं वाक्य बनाउनुहोस् ।

५. तालिकाको प्रयोग गरेर दश प्रश्नवाचक र दश नकारात्मक वाक्य बनाएर आफ्नो अभ्यास बढाउनुहोस् ।

संस्कृतजिज्ञासु मित्र तथा विद्यार्थी भाइबहिनीहरू ! अब हामीहरू सफलताको शिखरमा टेक्न लागिसकेका छौं । तपाईंहरू अब ढुक्क भएर अगाडि बढ्नुहोस् । अस्धातुका रूपहरूको महत्त्व भएझैं एउटा नपढी नहुने 'कृ' धातु पनि महत्त्वपूर्ण छ जसको अर्थ हो 'काम गर्नु' । त्यसका रूप त्यति असजिला छैनन्, तापनि भर्खर संस्कृत सिक्न चाहने जिज्ञासुहरूका निमित्त केही रूपहरू कठिन हुनसक्छन् । आउनुहोस् बोलचालको सरलताका लागि 'कृ' धातुका रूपहरूको अध्ययन गरौं ।

कृ (गर्नु) धातु (लट्लकार, प्रथम अवस्था) को रूपायन

पुरुष	एकवचन	द्विवचन	बहुवचन
प्रथमपुरुष	करोति	कुरुतः	कुर्वन्ति
मध्यमपुरुष	करोषि	कुरुथः	कुरुथ
उत्तमपुरुष	करोमि	कुर्वः	कुर्मः

कर्ता र क्रियाको सङ्गति

१	२	३	४	५	६	७	८	९
सः	तौ	ते	त्वम्	युवाम्	यूयम्	अहम्	आवाम्	वयम्
१	२	३	४	५	६	७	८	९
करोति	कुरुतः	कुर्वन्ति	करोषि	कुरुथः	कुरुथ	करोमि	कुर्वः	कुर्मः

* माथि सुबन्त र तिङन्तका नौ-नौ रूप दिइएका छन् । तीमध्ये १ ले अङ्कित कर्तालाई १ सङ्ख्याले अंकित क्रियासँग जोड्नुहोस् । यसैगरी २ लाई २ सँग, ३ लाई ३ सँग, ४ लाई ४ सँग, ५ लाई ५ सँग, ६ लाई ६ सँग, ७ लाई ७ सँग, ८ लाई ८ सँग र ९ लाई ९ सँग जोड्नुपर्छ । जोडिसकेपछि तपाईंहरू सामु ९ वटा स-साना वाक्यहरू तयार हुनेछन्। क्रम बिगारियो (अर्थात् १ सँग २, ३ सँग १ आदि गरियो) भने अर्थको अनर्थ हुन्छ, वाक्य बिग्रन्छ र त्यो अशुद्ध हुन्छ । यसलाई उदाहरणबाट यसरी बुझ्न सकिन्छ -

सः करोति -	त्यसले गर्छ ।	तौ कुरुत -	ती दुईले गर्छन् ।
ते कुर्वन्ति -	उनीहरूले गर्छन् ।	त्वम् करोषि -	तिमीले गर्छौं ।
युवाम् कुरुथः -	तिमी दुईले गर्छौं ।	यूयम् कुरुथ -	तिमीहरूले गर्छौं ।
अहम् करोमि -	मैले गर्छु ।	आवाम् कुर्वः -	हामी दुईले गर्छौं ।
वयम् कुर्मः -	हामीहरूले गर्छौं ।		

कृ (गर्नु) धातु (लङ्लकार, द्वितीय अवस्था) को रूपायन

पुरुष	एकवचन	द्विवचन	बहुवचन
प्रथमपुरुष	अकरोत्	अकुरुताम्	अकुर्वन्
मध्यमपुरुष	अकरोः	अकुरुतम्	अकुरुत
उत्तमपुरुष	अकरवम्	अकुर्व	अकुर्म

कर्ता र क्रियाको सङ्गति

१	२	३	४	५	६	७	८	९
सः	तौ	ते	त्वम्	युवाम्	यूयम्	अहम्	आवाम्	वयम्
१	२	३	४	५	६	७	८	९
अकरोत्	अकुरुताम्	अकुर्वन्	अकरोः	अकुरुतम्	अकुरुत	अकरवम्	अकुर्व	अकुर्म

* परस्पर सङ्गतिका लागि प्रथम अवस्थाका आधारमा बुझ्नुहोस् ।

सः अकरोत् -	उसले गऱ्यो ।	**तौ अकुरुताम् -**	ती दुईले गरे ।
ते अकुर्वन् -	उनीहरूले गरे ।	**त्वम् अकरोः -**	तिमीले गऱ्यौ ।
युवाम् अकुरुत -	तिमी दुईले गऱ्यौ ।	**यूयम् अकुरुत -**	तिमीहरूले गऱ्यौ ।
अहम् अकरवम् -	मैले गरें ।	**आवाम् अकुर्व -**	हामी दुईले गऱ्यौं ।
वयम् अकुर्म -	हामीहरूले गऱ्यौं ।		

उदाहरण

१.	**सः भ्रमणम् अकरोत् -**	उसले भ्रमण गऱ्यो ।
२.	**तौ दन्तधावनम् अकुरुताम् -**	ती दुईले दाँत माझे ।
३.	**ते शयनम् अकुर्वन् -**	उनीहरू सुते ।
४.	**छात्राः धावनम् अकुर्वन् -**	विद्यार्थीहरू दौडे ।
५.	**वयम् पठनम् अकुर्म -**	हामीहरूले पाठ पढ्यौं ।

कृ (गर्नु) धातु (लृट्लकार, तृतीय अवस्था) को रूपायन

पुरुष	एकवचन	द्विवचन	बहुवचन
प्रथमपुरुष	करिष्यति	करिष्यतः	करिष्यन्ति
मध्यमपुरुष	करिष्यसि	करिष्यथः	करिष्यथ
उत्तमपुरुष	करिष्यामि	करिष्यावः	करिष्यामः

कर्ता र क्रियाको सङ्गति

१	२	३	४	५	६	७	८	९
सः	तौ	ते	त्वम्	युवाम्	यूयम्	अहम्	आवाम्	वयम्
१	२	३	४	५	६	७	८	९
करिष्यति	करिष्यतः	करिष्यन्ति	करिष्यसि	करिष्यथः	करिष्यथ	करिष्यामि	करिष्यावः	करिष्यामः

* परस्पर सङ्गतिका लागि प्रथम अवस्थाका आधारमा बुझ्नुहोस् ।

सः करिष्यति -	उसले गर्नेछ ।	**तौ करिष्यतः -**	ती दुईले गर्नेछन् ।
ते करिष्यन्ति -	तिनीहरूले गर्नेछन् ।	**त्वम् करिष्यसि -**	तिमीले गर्नेछौ ।

युवाम् करिष्यथः - तिमी दुईले गर्नेछौ । यूयम् करिष्यथ - तिमीहरूले गर्नेछौ ।
अहम् करिष्यामि - मैले गर्नेछु । आवाम् करिष्यावः - हामी दुईले गर्नेछौं ।
वयम् करिष्यामः - हामीहरूले गर्नेछौं ।

उदाहरण

१. अध्यापकाः अध्यापनं करिष्यन्ति - अध्यापकहरूले पढाउने छन् ।
२. वयं निबन्धलेखनं करिष्यामः - हामीहरूले निबन्ध लेख्नेछौं ।
३. यूयं तैलमर्दनं करिष्यथः - तिमीहरूले तेल मालिस गर्नेछौ ।
४. अद्य समागताः छात्राः किं करिष्यन्ति ? - आज आएका विद्यार्थीले के गर्नेछन् ?
५. कृषकाः दिवसे क्षेत्रे गोधूमकर्तनं करिष्यन्ति - किसानहरूले दिउँसो खेतमा गहुँ काट्ने छन् ।

कृ (गर्नु) धातु (लोट्लकार, चतुर्थ अवस्था) को रूपायन

पुरुष	एकवचन	द्विवचन	बहुवचन
प्रथमपुरुष	करोतु	कुरुताम्	कुर्वन्तु
मध्यमपुरुष	कुरु	कुरुतम्	कुरुत
उत्तमपुरुष	करवाणि	करवाव	करवाम

कर्ता र क्रियाको सङ्गति

१	२	३
सः	तौ	ते
१	२	३
करोतु	कुरुताम्	कुर्वन्तु

४	५	६
त्वम्	युवाम्	यूयम्
४	५	६
कुरु	कुरुतम्	कुरुत

७	८	९
अहम्	आवाम्	वयम्
७	८	९
करवाणि	करवाव	करवाम

* परस्पर सङ्गतिका लागि प्रथम अवस्थाका आधारमा बुझ्नुहोस् ।

सः करोतु - उसले गरोस् । तौ कुरुताम् - ती दुईले गरून् ।
ते कुर्वन्तु - तिनीहरूले गरून् । त्वम् कुरु - तिमीले गर ।
युवाम् कुरुतम् - तिमी दुईले गर । यूयम् कुरुत - तिमीहरूले गर ।
अहम् करवाणि - म गरूँ ? आवाम् करवाव - हामी दुईले गरौं ?
वयम् करवाम - हामीहरूले गरौं ?

उदाहरण

१. सः स्नानम् करोतु - ऊ स्नान गरोस् ।
२. ते शयनम् कुर्वन्तु - तिनीहरू सुतुन् ।
३. किम् अहम् कार्यम् करवाणि ? - के मैले काम गरूँ ?
४. त्वम् वस्त्रप्रक्षालयनम् कुरु - तिमीले लुगा धोऊ ।